शनिबारको
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
ekantipur.com
कान्तिपुर
सातै प्रदेशबाट एकैसाथ प्रकाशित
वर्ष ३० अंक ३३० | ७ माघ २०७९ शनिबार माघ कृष्णपक्ष औंसी | नेपाल संवत् ११४३ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, January 21, 2023 | पृष्ठ ८+४ | १० रुपैयाँ

# खागले बर्बाद प्रजा परिवार

खाग तस्करी अभियोगमा चितवन कालीखोलाका राजकुमार प्रजा र उनका माइला दाजु बलबहादुर जेलमा छन्, साइँला रामकुमार फरार छन्, तीन दाजुभाइ मात्रै होइन, वन्यजन्तु अपराधसम्बन्धी कडा कानुन र फितलो अनुसन्धानको मारमा उनीहरूका धेरै नातेदारसमेत पिल्सिएका छन्

**तुफान न्यौपाने** (कोराक, चितवन)

नारायणगढ बजारबाट करिब २० किमि पूर्वमा पर्छ, खुरखुरे चोक । त्यहाँबाट उत्तरतर्फ गाडीमा करिब आधा घण्टा यात्रा गरेपछि समिटार पुगिन्छ । समिटारबाट कालोपत्र सडक सकिएपछि पश्चिम-उत्तरतर्फ अर्को करिब तीन किमि पर कालीखोला भेटिन्छ । साबिकको कोराक गाविस (हाल : राप्ती नगरपालिका-१०) मा पर्ने कालीखोलाको पारिपट्टि एउटै आँगन भएका चार घर छन्, ती प्रजा परिवारका हुन् ।

सबैभन्दा दायाँपट्टि राजकुमार प्रजाको घर छ, बाँकी तीन उनका दाजुहरूको हो । गत पुस पहिलो साता राजकुमारको घर पुग्दा उनकी ३६ वर्षीया पत्नी मोतीमाया भर्खरै मकै गोडेर फर्किएकी थिइन् । 'यो ऐलानी जग्गा हो, दुई बाली मकै लगाउँछौं, बर्खामा धान रोप्छौं तर त्यतिले वर्षभरि पनि खान पुग्दैन,' मोतीमायाले भनिन् ।

राजकुमार तिनै व्यक्ति हुन्, जो ०६० देखि ०६७ का बीचमा चितवन राष्ट्रिय निकुञ्जभित्र कम्तीमा २१ वटा गैंडा मारेर त्यसको सिङ (खाग) तस्करी गरेको अभियोगमा सजाय काटिरहेका छन् ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले २०७१ माघ २५ मा काठमाडौं विमानस्थलबाट उनलाई पक्राउ गरेको थियो । उनको साथबाट भक्तराज गिरीको नाममा जारी भएको ०५५०२४०८ नम्बरको राहदानी, बोर्डिङ पास, विदेशी कामदारको सूचना भएको पत्र र नेपाली दूतावास क्वालालम्पुरबाट जारी एकतर्फी ट्राभल डकुमेन्ट बरामद भएको थियो । उनले गोरखा नगरपालिका-४ का कृष्णबहादुर गिरीको छोरा भन्दै भक्तराज गिरीको नाउँमा गोरखाबाट २०६७ जेठ १२ मा नागरिकता (नं.४४१००१/२७४९) लिएका थिए । त्यसैका आधारमा जेठ २० मा ४७२०४६४ नम्बरको राहदानी बनाएर उनी असोज २६ मा वैदेशिक रोजगारीका लागि मलेसिया पुगेका थिए । बाँकी पृष्ठ ६

**राजकुमार प्रजा**



हालसम्म ७ वटा मुद्दामा दोषी ठहर, तीमध्ये ३ वटामा १५/१५ वर्ष कैद र एक/एक लाख जरिवाना, एउटामा १५ वर्ष कैद र बाँकी तीन वटामा १०/१० वर्ष कैद

**मोतीमाया**
**श्रीमती**

**दलबहादुर प्रजा**
**जेठो दाइ**
७ वर्ष जेल बसेर निर्दोष ठहर

**बलबहादुर प्रजा**
**माइलो दाइ**
१२ वर्षको कैद काट्दै

**रामकुमार प्रजा**
**साइँलो दाइ**
फरार

**वीरबल चेपाङ**
**मोतीमायाका भाइ**
१५ वर्ष जेल बसेर रिहा

**लीलाकुमारी प्रजा**
**दलबहादुरकी श्रीमती**
१ महिना थुना र एक वर्षसम्म तारिख

**काजीमान प्रजा**
**लीलाकुमारीका भाइ**
१५ वर्ष कैद र एक लाख जरिवाना, हाल कारागारमा

**दिलमाया प्रजा**
**काजीमानकी श्रीमती**
५ वर्ष जेल भुक्तान र ५० हजार जरिवाना तिरी रिहा



## फेरि दुई गैंडा मारिए



**चितवन राष्ट्रिय निकुञ्जको पश्चिम सेक्टर मध्यबिन्दु–२ सेहरी नजिक नारायणी नदीको भँगालोमा शुक्रबार मृत भेटिएका दुई गैंडा । एउटा माउ पोथी र अर्को सानो भाले हो । सिकारीले माउ गैंडाको खाग काटेर लगेका छन् ।**

**समाचार पृष्ठ ६**

## सांसद कोइरीलाई पक्राउ गर्न निर्देशन



काठमाडौं (कास)- कर्तव्य ज्यान मुद्दाका फरार सांसद लक्ष्मी महतो कोइरीलाई पक्राउ गर्न गृह मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिएको छ । मौखिक आदेश हुँदा पनि पक्राउ नपरेकामा गम्भीर ध्यानाकर्षण भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा कोइरीलाई पक्राउ गरी तत्काल कारबाही प्रक्रिया अगाडि बढाउन शुक्रबार निर्देशन दिइएको हो । एमालेबाट निर्वाचित प्रतिनिधिसभा सांसद कोइरीविरुद्ध प्रेमबहादुर विकले कर्तव्य ज्यान मुद्दा दायर गरेका थिए । 'माननीय उपप्रधानमन्त्री एवं गृहमन्त्रीज्यूबाट पटकपटक मौखिक निर्देशन भएकामा हालसम्म पक्राउ नपरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको छ, निज प्रतिवादीलाई कानुनबमोजिम पक्राउ गरी तत्काल कारबाही अगाडि बढाउन मन्त्रालयले प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरेको व्यहोरा अनुरोध छ,' विज्ञप्तिमा छ । बाँकी पृष्ठ ६

# ती पाइलट, जो जहाज दुर्घटनामै बिलाए



कान्तिपुर

**सुरज कुँवर र विद्या राई** (काठमाडौं)

नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापना हुनुअघि हवाई विभागसँग एउटा मात्रै ट्वीनअटर विमान थियो । त्यही पनि राष्ट्रसंघले खाद्यान्न ओसार्न दिएको । खाद्य संस्थानका लागि कार्गो उडान गर्ने त्यो विमान उडाउन ८ जना पाइलट थिए । तिनले कार्गो उडानबाहेक विमान जाँच र निरीक्षण पनि गर्थे ।

प्राधिकरणबाट अवकाशप्राप्त एक उपमहानिर्देशकका अनुसार तीमध्ये ५ जनाको विभिन्न हवाई दुर्घटनामा निधन भयो । प्राधिकरणका वरिष्ठ पाइलट शिव श्रेष्ठ (५ भदौ २०५५ म्याग्दी), प्रकाश श्रीवास्तव (१२ जेठ २०६१ लामजुरा, सोलुखुम्बु), प्रभुशरण पाठक (१ जेठ २०६९ जोमसोम), प्रभाकर घिमिरे तथा वसन्त लामा (१५ जेठ २०७९, घासा मुस्ताङ) ले ज्यान गुमाए । बाँकी तीन जना यती एयरलाइन्स, प्राधिकरण र नेपाल वायुसेवा निगममा छन् । निगमका एमबी तुम्बाहाम्फे मात्रै हाल सक्रिय उडानमा छन् ।

प्राधिकरणका अनुसार २०१२ सालमा सिमरामा भएको भारतीय विमान दुर्घटनादेखि आइतबार पोखरामा भएको यतीको जहाज दुर्घटनासम्म आइपुग्दा नेपालमा १०५ हवाई दुर्घटना भएका छन्, ९१९ जनाको मृत्यु भएको छ । प्राधिकरणले हरेक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनअनुसार ६८ वर्षयता नेपालमा सुगम तथा दुर्गम रुटमा हुने (फिक्स्ड विङ) तर्फका व्यावसायिक उडानमा ५०, हेलिकोप्टर चार्टरमा ३६, विदेशी वायुसेवा १० र एकल इन्जिन भएका विमानमा ८ गरी १०५ वटा हवाई घटना तथा दुर्घटना भइसकेका छन् ।

तीन दशकदेखि जहाज उडाइरहेका केही वरिष्ठ पाइलटका अनुसार व्यावसायिक उडानका ५०, हेलिकोप्टरका १० र एकल इन्जिनका ८ गरी झन्डै ७० पाइलटले ज्यान गुमाएका छन् । यीमध्ये व्यावसायिक उडानका मात्रै कम्तीमा १० वरिष्ठ प्रशिक्षक पाइलटको मृत्यु भएको छ ।

२०१७ कात्तिकमा भैरहवामा निगमको जहाज दुर्घटना हुँदा बीके श्रेष्ठ, काठमाडौंबाट सिमराका लागि उडेको निगमको जहाज हेटौंडामा २०२६ असारमा दुर्घटना हुँदा क्याप्टेन राम गुरुङले ज्यान गुमाएका थिए भने निगमकै विमान २०५१ पुस ३० गते बौद्धमा दुर्घटना हुँदा रामसिंह गुरुङको पनि मृत्यु भयो । बझाङबाट फर्किंदै गर्दा २०५७ साउन १२ गते डडेलधुरा जोगबुढाको दुर्घटनामा वाङदी लामा, २०५९ साउनमा जुम्लाबाट फर्किंदै गरेको स्काइलाइन एयरलाइन्सको विमानमा क्याप्टेन विजय गिरी, त्यही वर्ष जोमसोमबाट पोखरा आउँदै गर्दा क्याप्टेन विपिन मिश्र, २०६३ जेठमा जुम्लामा भएको दुर्घटनामा प्रशिक्षक पाइलट किरण मल्लले ज्यान गुमाए । २०६७ भदौमा लुक्लामा अवतरण हुन नसकेर फर्किंदा हेटौंडामा दुर्घटना हुँदा अग्नि एयरका प्रशिक्षक पाइलट लक्की शाह, २०७० फागुनमा अर्घाखाँचीको मसिनेलेकमा निगमको जहाज दुर्घटनामा क्याप्टेन शंकर श्रेष्ठ, २०७२ फागुनमा म्याग्दीको दानामा यतीको जहाज दुर्घटनामा प्रशिक्षक पाइलट रोशन मानन्धर रहेनन् । यिनीहरू नेपालका उड्डयनकर्मीले अत्यधिक सम्झिइरहने पाइलट हुन् ।

> व्यावसायिक उडानका ५०, हेलिकोप्टरका १० र एकल इन्जिनका ८ पाइलटले ज्यान गुमाएका छन्, जसमा प्रशिक्षक पाइलट नै १० जना परे

यी प्रशिक्षक पाइलटले उडाएको जहाज दुर्घटनामा कसरी पर्‍यो होला भनेर अहिले पनि नेपाली उड्डयनकर्मी भेला हुँदा आश्चर्य मानिरहन्छन् । किनभने यी अधिकांशले को-पाइलटबाट क्याप्टेन र क्याप्टेनबाट प्रशिक्षक पाइलट बनाएका थुप्रै पाइलट अहिले नेपालको सबैभन्दा ठूलो एयरबस वाइडबडी विमान उडाउनेसम्म भइसकेका छन् । नेपालको लाइसेन्स भएका कम्तीमा एक दर्जन पाइलट विदेशी वायुसेवामा छन् । यसै सूचीमा यस पटक पोखरामा चालकदलसहित ७१ यात्रुको निधन र एक जना बेपत्ता भएको यतीको एटीआर दुर्घटनाका प्रशिक्षक पाइलट कमल केसी परेको घटनाले वायुसेवाकर्मीलाई झट्का दिएको छ । किनभने यो एटीआर हालसम्मै दुर्घटनामा परेको सबैभन्दा आधुनिक विमान थियो ।

भूगोल र जटिलताका आधारमा विमानस्थललाई तीन तहमा वर्गीकरण गरिएको छ । ८ हजार फिटमाथि उचाइमा रहेका हिमाली र रनवेको एकतर्फबाट मात्रै जहाज अवतरण गर्न सकिनेलाई 'सी', ८ हजार फिट उचाइमुनि ५ हजार फिटमाथिका विमानस्थल र रनवेको दुईतर्फबाट अवतरण गर्न सकिने विमानस्थललाई 'बी' र ५ हजार फिटमुनि उचाइ भएका रनवेको दुवैतर्फबाट अवतरण गर्न सकिने विमानस्थललाई 'ए' अर्थात् सजिलोको सूचीमा राखिएको छ । नेपालमा अहिले 'सी' र 'बी' श्रेणीको विमानस्थलका लागि काबिल मानिएका प्रशिक्षक पाइलट र क्याप्टेन उत्पादन सुस्त छ । यी दुई वर्गका विमानस्थलमा साना जहाज मात्रै उड्छन् । यिनमा हेरेर उडान गर्नमात्रै सम्भव हुन्छ । प्रशिक्षक पाइलट र क्याप्टेन अभाव देखिनुमा पर्याप्त जहाज तथा उडान नहुनुलाई व्यवसायीहरू मुख्य कारण भन्छन् ।

नेपालका पाइलटहरूको नियमन गर्ने निकाय फ्लाइट सेफ्टी स्ट्यान्डर्ड विभागका अनुसार हाल हेलिकोप्टरतर्फ ३१ र फिक्स्ड-विङ (जहाज) मा ४ सय १३ गरी ४ सय ४४ पाइलट उडानमा छन् । हेलिकोप्टरबाहेक जहाजका सबै पाइलटले ६/६ महिनामा आ-आफ्ना कम्पनीको जहाजका प्रकार र ती जहाजबारे तालिम दिने विदेशका तालिम केन्द्र अनिवार्य जानैपर्छ । यसरी जाँदा एक पटकमा एक जनाको ६ लाख रुपैयाँ खर्च हुन्छ । ४ सय १३ जनाको हिसाब गर्दा हरेक वर्ष कम्तीमा ५० करोड रुपैयाँ विदेशिन्छ ।

दुर्घटनामा हुने वायुयानको क्षति बिमामार्फत कम्तीमा ७५ प्रतिशत कम्पनीले प्राप्त गर्ने भए पनि समाजले बेहोरिरहेको क्षति अपूरणीय छ । योसँगै नागरिक उड्डयन क्षेत्रले पाइलट जस्तो दक्ष जनशक्तिको अभाव खेप्नुपरेको छ । उड्डयन व्यवसायीका अनुसार कुनै पनि हवाई दुर्घटनामा ज्यान गुमाउने यात्रुको २० हजार डलर बराबरको बिमा अनिवार्य हुने भए पनि मानवीय क्षतिको आर्थिक लेखाजोखा गर्नै सकिँदैन । बाँकी पृष्ठ ६









# मन्त्रीको निर्देशनले पुरिएनन् खाल्डाखुल्डी

**शब्द : विमल खतिवडा**
**तस्बिरहरू : दीपक केसी, इलिट जोशी र केशव थापा**

सरकारमा जिम्मेवारी लिनेबित्तिकै नेताहरू सम्बद्ध मन्त्रालयमा आफ्नो आदेशबाट काम भएको देखाउन पछि पर्दैनन् । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय नेतृत्वको जिम्मेवारी पाएका उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले पनि त्यसै गरे । गत पुस १० मा पदभार ग्रहण गरे, जिम्मेवारीमा रहेका उच्च पदस्थ कर्मचारी र निर्माण व्यवसायीलाई बोलाएर काठमाडौं उपत्यकाका सडकमा रहेका खाल्डाखुल्डी पुर्न १५ दिने समयसीमासहित निर्देशन दिए । उनले पुस १९ मा दिएको समयसीमा माघ ३ मा सकियो । तर, काठमाडौंका सडकमा खाल्डाखुल्डी असरल्ल छन् । मेलम्ची खानेपानी, काठमाडौं उपत्यका खानेपानी लिमिटेड र विद्युत् प्राधिकरणले पाइप र तार भूमिगत गर्दा जथाभावी खनेर छाड्दाका खाल्डाखुल्डी पैदल यात्रुका लागि धराप बनेका छन् । खाल्डाखुल्डी हेर्दा सम्बन्धित निकायले मन्त्रीको निर्देशन अटेर गरेको देखिन्छ ।

मुख्य सडक मात्र होइन, धोबीखोला करिडोरको अवस्था पनि उस्तै छ । जताततै खाल्डैखाल्डा छन् । सडक विभागका महानिर्देशक अर्जुनजंग थापासहितको टोलीलाई मन्त्रालयमा बोलाएर खाल्डाखुल्डी पुर्न मन्त्रीले निर्देशन दिएका थिए । अहिले बढी सवारी चाप हुने शंखमूल, पुरानो तथा नयाँ बानेश्वरको भित्री सडक, कालोपुल, चाबहिल, टेकु, अनामनगर, बालाजु, विजेश्वरी, कपनलगायत क्षेत्रमा खाल्डैखाल्डा छन् । कतै खाल्डो खनेर ढुंगा थुपारिएको छ त कतै खनेर अलपत्र छाडिएको छ । मन्त्री श्रेष्ठले गत बुधबार काठमाडौं, ललितपुर महानगर, विद्युत् प्राधिकरणलगायत सरोकारवाला निकायलाई बोलाएर सडकका खाल्डाखुल्डी पुर्नेबारे छलफल गरेका थिए ।

मन्त्री श्रेष्ठका प्रेस संयोजक कमल गिरीका अनुसार खाल्डाखुल्डी पुर्ने काम भइरहेको छ । जहाँ-जहाँ खाल्डाखुल्डी छन्, ती मेलम्ची खानेपानी र विद्युत् प्राधिकरणका कारण भएका छन् । पुर्न सम्बन्धित निकाय तयार भएको उनको भनाइ छ । तर, मन्त्रीले तोकेको समयमा भने न खाल्डाखुल्डी पुरिए, न त उत्यकामा लामो समयदेखि अलपत्र सडकमा सुधार भएको छ । मन्त्री श्रेष्ठले उपत्यका बाहिरका सडकका खाल्डाखुल्डी पनि पुस १९ देखि १ महिनाभित्र पुरिसक्न निर्देशन दिए । तर, उनले दिएको समय सकिन १२ दिन बाँकी छँदा प्रगति केही छैन । खाल्डाखुल्डी उस्तै छन् ।






## HELVETAS NEPAL

### INVITATION FOR BIDS

Date of first publication: 21 January 2023

1. **Water Resources Management Programme (WARM-P), Helvetas Nepal** invites **Sealed Bid** from the interested and competent suppliers/vendors for the supply and delivery of various construction materials for drinking water supply and sanitation scheme as per following packages:
   - Package-I — Various construction materials (HDPE Pipe, rebar, plain wire, barbed wire, chicken wire mesh, fitting, and tools, etc.) for Dullu, Dungeshwor and Mahabu R/M of Dailekh district.
   - Package-II — Various construction materials (HDPE Pipe, rebar, plain wire, barbed wire, chicken wire mesh, fitting, and tools, etc.) for Panchdewal Binayak & Kamalbazar R/M of Achham district.
   - Package-III — Various construction materials (HDPE Pipe, rebar, plain wire, barbed wire, chicken wire mesh, fitting, and tools, etc.) for Raskot & Shuvkalika R/M of Kalikot district.
2. The eligible bidders may obtain further information about the requirements and clarity on the bid document at office address, phone number or email mentioned below. We will response to such a query during office hours **(9AM to 5PM).**
3. The bidders can download bidding documents from the Helvetas Nepal's website: **www.helvetas.org/en/nepal/who-we-are/follow-us/public-announcements**
4. Date of pre-bid meeting (online): **25 January 2023 at 2PM**. Interested potential bidders can contact to **water.np@helvetas.org** on or before **12:30PM by 25 January 2023** to participate the meeting.
5. Sealed bids must be submitted to the office address as follows:
   **Water Resources Management Programme (WARM-P), Helvetas Nepal**
   **Birendranagar, Surkhet**
6. The last date for submission of sealed bid is on **30 January 2023** latest by **12PM.**
7. The bids will be opened on **30 January 2023**, at **1PM** in the presence of Bidder's representatives who choose to attend.
8. Bid security should be in a form of bank guarantee issued by "A" class commercial bank in favour of **"Water Resources Management Programme (WARM-P), Helvetas Nepal"**, which is convertible into cash in Nepal without any condition (unconditional). The validity of bid security should be minimum **75 days** from the last date of bid submission. The bid security amount is as follows:
   - Package-I **: NRs.600,000/- (in words: six hundred thousand only)**
   - Package-II **: NRs.229,000/- (in words: two hundred twenty-nine thousand only)**
   - Package-III **: NRs.296,000/- (in words: two hundred ninety-six thousand only)**
9. The purchaser reserves the right to accept or reject any bid partially or fully without assigning any reasons whatsoever.

**Water Resources Management Programme (WARM-P), Helvetas Nepal**
**Birendranagar, Surkhet**
**Phone no: 083-521092, 083-521093 Email: water.np@helvetas.org**



## Enhancing Access to Justice through Institutional Reform (A2J) Project II

UNDP

**Request for Proposal (RFP)**
**Date of Publication:** 21 January 2023

**Enhancing Access to Justice through Institutional Reform (A2J) Project II** call proposals (technical and financial) from qualified **Firm/Company** for conducting **to research on "The accusation of witchcraft and behavioral changes of concerned actors, in Nepal"**

**How to submit proposal:**

1. The proposal document softcopies are available in below mentioned web link address through **10:00 hrs on Saturday, 21 January 2023** until **13:00 hrs on Sunday, 05 February 2023**.
   *Contact Address:*
   *Enhancing Access to Justice through Institutional Reform(A2J) Project*
   *Babarmahal, Kathmandu, Nepal Tel:* 977-01-5338303, 01-5338309
   Web link: http://www.np.undp.org/content/nepal/en/home/operations/procurement.html
2. The sealed technical and financial proposal must be prepared in line with the TOR provided and submitted to the above address not later than **17:00 hrs on Sunday, 05 February 2023.**

*Note: A2J Project reserves all rights to ccept or reject the applications for whatsoever reason*


# मलेसियामा बन्धक थप १२ जनाको उद्धार

गोरखा (कास)- मलेसियामा रोजगारदाता कम्पनीबाटै बन्धक बनाइएका थप १२ जना नेपालीको उद्धार भएको छ। २० दिनपछि नेपाल सरकारको पहलमा शुक्रबार उनीहरू स्वदेश फर्किएका छन्। बन्धक बनेका १९ मध्ये ७ जनाको अघिल्लो बुधबार उद्धार भएको थियो। शुक्रबार गोरखाका विष्णुप्रसाद ढकाल, सुजन गोतामे, टीकाराम गोतामे, मकवानपुरका प्रदीप कोइराला र भेषबहादुर सुवेदी, उदयपुरका इन्द्रबहादुर क्षेत्री, सप्तरीका सुनिल अधिकारी, रौतहटका हजारीप्रसाद पटेल, वीरबलराय यादव, हिरालाल राउत, चितवनका सन्तोष परियार र धादिङका सुरज खड्का फर्किएका हुन्।

फर्कदाको हवाई टिकट खर्च भने उनीहरू आफैंले गरेका हुन्। गोरखाका ठाकुर रेग्मी र कमलबाबु श्रेष्ठ, बैतडीका कैलाश लोहार, मकवानपुरका भुवन कोइराला र ईश्वर कोइराला तथा धादिङका बाबुलाल विक भने अघिल्लो बुधबार नेपाल फर्किएका थिए। रोजगारीका लागि मलेसिया पुगेकाहरू पुस १७ बाट केलाङ सहरको एक भवनको तेस्रो तलामा बन्धक थिए। ललितपुर सानेपाको खोजी रिक्वायरमेन्ट मेनपावर कम्पनीबाट गत भदौ २३ मा मलेसियाको हङ टिज चिकेन सप्लायर्समा उनीहरू काम गर्न पुगेका थिए। कम्पनी सञ्चालकले एक कामदारलाई कुटपिट गरेका थिए। अरूले विरोध जनाएसँगै उनीहरू कामबाट निकालिएका हुन्। अब मेनपावरसँग क्षतिपूर्ति माग गर्ने गोरखाका ठाकुर रेग्मीले बताए। 'सहमतिमा दिए ठीक छ, नदिए कानुनी बाटोमा जान्छौं,' उनले भने।

फर्किएकाहरू काठमाडौंस्थित एक होटलमा छन्। नेपाल सरकारको पहलमा नै आफूहरू फर्कन पाएको भोजपुरका बाबुराम बास्तोलाले बताए। 'पहिले सात जना आयौं, अहिले थप १२ जना साथीहरू पनि आइपुग्नुभयो,' उनले भने। गत भदौ २३ मा मलेसिया पुगेदेखि नै यातना भोग्नुपरेको उनले बताए। 'हामी परिवार पाल्नु छ, दुःख गर्नुपर्छ भनेर उतै रोकिएर काम गर्ने कोसिस पनि गरेका हौं,' उनले भने, 'थोरै मिस्टेक भयो, केही चित्त बुझेन भने यातना पाइहाल्थ्यौं। कतिखेर पिटाइ खाइन्छ टुंगो नहुने हर्कतले फर्कनुपरेको हो।'


## REQUEST FOR PROPOSAL (RFP)

### LRPS-2023-9180675 for Quantitative and Qualitative Data Collection for the Date must speak Positive deviance research

UNICEF Nepal is inviting proposals from interested national agencies for Quantitative and Qualitative Data Collection for the Date must speak Positive deviance research. The detailed terms of reference and the bidding documents can be easily accessed at https://www.unicef.org/nepal/procurement

**A VIRTUAL PRE-BID MEETING WILL BE HELD AT 2 PM (NEPALI TIME) ON THE 30 Jan 2023 TO ADDRESS ANY QUERIES/COMMENTS ON THE RPS.**

Team Link

https://teams.microsoft.com/registration/IQFBd-EUuE-QS6sYkgI2Zw,LS9Ra3dKQU-x08UxRBrM3A,H_48P5S4Ukug8InOFTvBOQ,UGrwQ-gpFUWtJ9k8LpYFwQ,iG7EM58nHEedRzyh69GTBA,0BxKQsYbv0WYMCrkTQ5uRA?mode=read&tenantId=77410195-14e1-4fb8-904b-ab1892023667

Register in advance for this meeting.

After registering, you will receive a confirmation email containing information about joining the meeting.

Any queries or requests for information related to this RFP should be sent to nepalsupply@unicef.org and please always quote the respective RFP number in the email subject. The deadline for receipt of any questions is on 72 hrs before the bid closing deadline.

**UNICEF Nepal reserves the right to reject any/all proposals without assigning any reasons whatsoever.**

Only successful bidder(s) will be contacted.

IN ORDER TO FACILITATE THE SUBMISSION OF LRPS THROUGH EMAIL, THE SUBMISSION DULY STAMPED AND SIGNED CAN BE DONE ELECTRONICALLY IN PDF FORMAT AND SENT TO nep-procurement@unicef.org (Bids sent and/or copied to any other email ID will be considered invalid). The submission subject line should have the bid number and name. UNICEF will only accept proposals submitted via email.

**Offers MUST be received before midnight 24:00hrs (Nepal Time) on 9th February 2023.**

unicef | for every child



## पोखरा विश्वविद्यालय
## सेवा आयोगको कार्यालयको

### उप-प्राध्यापक पदको लिखित परीक्षा सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७९/१०/०७**

पोखरा विश्वविद्यालय सेवा आयोगद्वारा मिति २०७८ फागुन १० गते प्रकाशित विज्ञापन अनुसार उप- प्राध्यापक पदको खुल्ला प्रतियोगिताका विभिन्न विज्ञापन अनुसारका विषयमा आवेदन दिई लिखित परीक्षामा सामेल हुन योग्य ठहरिएका उम्मेदवारहरुको लिखित परीक्षा लोक सेवा आयोगको पोखरा कार्यालय, पोखरा, कास्कीमा देहायको मिति, समय र विषय अनुसार हुने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| मिति | समय | पद |
|---|---|---|
| २०७९ माघ २१ गते शनिवार | विहान ११ वजे | फिजियो थेरापी, क्लिनिकल फार्मेसी, पब्लिक हेल्थ, माइक्रोवायोलोजी/मेडिकल माइक्रोवायोलोजी, नेचुरल प्रोडक्ट केमेष्ट्री, सफ्टवयर इञ्जिनियरिङ्ग, सिभिल इञ्जिनियरिङ्ग, डेभलपमेण्ट स्टडिज र अर्थशास्त्र |
| २०७९ माघ २२ गते आईतवार | विहान ११ बजे | कम्प्यूटर इञ्जिनियरिङ्ग, फर्मास्यूटिक्स, एनाटोमी एण्ड फिजियोलोजी, इलेक्ट्रिकल इञ्जिनियरिङ्ग, अग्रेजी र समाजशास्त्र |

द्रटव्य: लिखित परीक्षामा सामेल हुन योग्य ठहरिएका उम्मेदवारहरुको नामावली र प्रवेश पत्र बुझ्ने मिति र स्थान मिति २०७९ माघ १० गते देखि पोखरा विश्वविद्यालय केन्द्रिय कार्यालयवाट वुझ्न सकिनेछ लिखित परीक्षाको लागि योग्य ठहरिएका उम्मेदवारको नाम वेब साइट www.pu.edu.np मा र पोखरा विश्वविद्यालय सेवा आयोगको कार्यालय पोखरा महानगरपालिका ३० खुदी, कास्कीमा पनि हेर्न सकिनेछ ।



# वर्गीकृत डिस्प्ले

**TO-LET**
Godwon for rent available at Ramkot, Sitapaila, Side by Wilson Academy School.
Total Area:
Godwon (1) - 8200 Sq.Ft.
Godwon (2) - 6000 Sq.Ft.
Contact: Mr. Pankaj
9889082593, 9802031315

**के तपाई वैदेशिक रोजगारमा जाँदै हुनुहुन्छ ?**
सुरक्षित वैदेशिक रोजगारका लागि नि:शुल्क परामर्श/जानकारी लिन तलको फोनमा मिस्कल गर्नुहोस् वा फेसबुकमा मेसेज गर्नुहोस् ।
www.fb.com/SAFE.THN
नोट: हामी म्यानपावर कम्पनी चाही होइनौं ।
Email: rammhr515@gmail.com
9818192800, 9845057965

**WANTED**
An ISO Certified Referral Laboratory Is Seeking For Quality, Smart & Skilled Professional For The Post Of: " DELEVERY BOY "
Candidate Must Have 2 Wheeler With Valid License.
ISO प्रमाणित रेफरल ल्याबोरेटरीलाई पेशागत: डेलिभरी पदको लागि योग्य, स्मार्ट र दक्ष २ जना केटाको आवश्यकता परेको हुदा २ पाग्रे सवारी साधनको साथै चालु लाईसेन्स अनिवार्य भएको व्यक्तिले सम्पर्क गर्नुहोला ।
तलव २०,०००/- प्रति महिना
Contact : 9841218279

**सम्पर्क**
गेह्वु आवास क्षेत्र भित्रको ४ कि.मि. सडकको दुवैतर्फ रहेको सर्फेस ड्रेनको ढल सफाइ गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा संस्थाले ७ दिन भित्र समितिमा सम्पर्क राख्न अनुरोध गर्दछौं।
सम्पर्क फोन :०१४९५५२००
मोवाईल नं : ९८४१८६७८७५

**घर बिक्रीमा**
नारानथान मन्दिरभन्दा माथि हाइटमा ४ आना २ पैसा २ दाममा बनेको अहिलेको लेटेस मोडलको साढे दुई तल्लाको नयाँघर ३ वटा एटेच बाथरुम, पार्केटिङ्, पेरिस, फोरसिलिङ्, पश्चिम र उत्तर मोहडा खुल्ला २४ फिटे पक्की बाटोबाट २ कित्ता भित्र १३ फिटेबाटोमा २ वटा गाडी पार्किङ्, मुल्य ४ करोड १५ लाख, (दलालले कष्ट नगर्नुहोला)
सम्पर्क ९८५१०१६२३७

**WANTED**
A reputed school in Baneshwor Kathmandu is looking for following candidate
* Hostel Warden (Ladies)
* Science Teacher (Sec. Level)
* Computer Teacher (Sec. Level)
Contact: 9851337258
Email: fnb.kmc@gmail.com

**Urgently wanted**
- Primary/Lower Sec./Secondary: English Teacher - 2
- Lower Secondary: Math Teacher - 1
- Co-ordinater/In-charge-1
- Cook - 1
- Helper - 1

Salary negotiable according to qualification & experience.
Tarakeshwor -4
Contact no. : 9841203604
9841874718, 01- 4384250

**वर्गीकृत डिस्प्ले**
श्याम स्वेत: रु. ३०००/-*
स्पट कलर: रु. ३५००/-*
मल्टि कलर: रु. ५०००/-*

# मधेसकेन्द्रित दल सरकारसँग रुष्ट

सरकार निर्माणका बेला समर्थन गरेका र विश्वासको मत दिएका जसपा, जनमत र लोसपा सरकारमै सहभागी हुन चाहे पनि 'सम्मानजनक' मन्त्रालय नपाएपछि असन्तुष्ट

**कलेन्द्र सेजुवाल** (काठमाडौं)

माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई पुस १० मा प्रधानमन्त्री बनाउन समर्थन गर्ने सातदलीय मोर्चामा सामेल थिए- जसपा र जनमत पार्टी । पुस २६ मा मधेसकेन्द्रित अर्को दल लोसपा पनि सरकारलाई विश्वासको मत दिएर सत्ताधारी कित्तामा उभियो । तर सत्ता बाँडफाँटलाई लिएर यी तीनै दल सरकारसँग रुष्ट भएका छन् ।

मन्त्रिपरिषद्मा जनमत पार्टीका एक जना मन्त्री भए पनि उनले कार्यभार सम्हालेका छैनन् । सरकारमा जान खुट्टा उचालेका जसपा र लोसपा 'सम्मानजनक' मन्त्रालय नपाएको भन्दै पछि हटेका छन् ।

प्रतिनिधिसभामा जसपाका १२, जनमतका ६ र लोसपाका ४ सांसद छन् । एमाले नेतृत्वको चुनावी गठबन्धनमै सहभागी रहेको जसपा दाहाललाई प्रधानमन्त्री बनाउने प्रस्तावमा सहजै सामेल भएको थियो । पहिलो पटकमै मधेसबाट राष्ट्रिय पार्टीका रूपमा उदाएको जनमत पार्टी भने काठमाडौं पुगेपछि तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सम्पर्कमा पुगेको थियो । उसले कांग्रेसलाई सत्ता समीकरणमा साथ दिने बचन पनि दिएको थियो तर पुस १० मा जसपाकै लाइनमा उभियो । यी दुवै दल अहिले वर्तमान सत्ता गठबन्धनबाट 'धोका' र 'अपमान' भएको महसुस गरिरहेका छन् ।

जसपा अध्यक्ष उपेन्द्र यादवले सत्तामा सामेल दलहरूले मन्त्रालय भागबन्डामा एकलौटी गरेकाले सरकारमा सामेल नभएको बताए । 'उहाँहरूले आफू-आफूमा मन्त्रालय भागबन्डा गरेर हामीलाई सुनाउनुभयो, त्यसरी पनि भागबन्डा हुन्छ ?' उनले भने, 'अहिलेको अवस्थामा हामीले सरकारलाई समर्थन मात्र गरेका हौं, हाम्रो पार्टी कुनै पनि गठबन्धनमा छैन ।'

जसपाले सरकार निर्माणका लागि दाहाललाई समर्थन जनाए पनि नागरिकता विधेयकलगायत मुद्दामा सरकारको धारणा र शक्ति सन्तुलन हेरेर सरकारमा सहभागी हुने बताएको थियो । सत्ता साझेदार दलहरूले सरकारको साझा न्यूनतम कार्यक्रम तयारीका लागि गठन गरेको समितिमा जसपाले रकम चेम्जोङलाई सामेल गराएको थियो ।

एमाले अध्यक्ष केपी शर्मा ओली संयोजकत्वको उच्चस्तरीय राजनीतिक संयन्त्रले प्रधानमन्त्रीलाई बुझाएको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा सरकारले पूर्णता पाएको ६ महिनाभित्र नेपाली नागरिकका सन्तानले नागरिकता नपाउने अवस्था अन्त्य गर्ने र संसद्को अधिवेशनबाट यथाशीघ्र नागरिकतासम्बन्धी अन्य समस्या



उहाँहरूले मन्त्रालय भागबन्डा गरेर हामीलाई सुनाउनुभो, अहिलेको अवस्थामा हामीले सरकारलाई समर्थन मात्र गरेका हौं, कुनै पनि गठबन्धनमा छैनौं

– **उपेन्द्र यादव**, अध्यक्ष, जसपा



हाम्रो मन्त्रीले जिम्मेवारी लिनुभएको छैन, सत्ता गठबन्धनले आफूलाई सच्यायो भने सम्बन्ध अगाडि बढ्ला, नभए सरकारमा बस्नुपर्छ भन्ने केही छैन

– **चन्दनकुमार सिंह**, महासचिव, जनमत



नागरिकता समस्यालगायत मुद्दामा प्रतिबद्धता आएपछि हामीले विश्वासको मत दिएका थियौं, अब हामी कांग्रेस नेतृत्वको मोर्चामा रहन्छौं

– **शरतसिंह भण्डारी**, नेता, लोसपा

समाधान गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । यसका साथै संसद्को पहिलो अधिवेशनबाट नागरिकतासम्बन्धी ऐनसहित एक दर्जन ऐन तर्जुमा वा परिमार्जन गर्ने भनिएको छ । आफूले उठाउँदै आएका महत्त्वपूर्ण मुद्दाको सम्बोधन गर्ने प्रतिबद्धता भए पनि जसपा सरकारमा नजानुमा सत्ता सन्तुलन प्रमुख कारक रहेको छ ।

जसपाले उपराष्ट्रपति र तीन मन्त्रालयमा दाबी गरेको थियो तर सत्ता गठबन्धनले एकमात्र मन्त्रालय दिने गरी भागबन्डा टुंग्याएपछि असन्तुष्टि बढेको हो । 'अहिलेकै अवस्थामा सरकारमा जाँदैनौं, बाहिरै बसेर समर्थन गर्छौं,' अध्यक्ष यादवले भने ।

जनमत पार्टीले पहिलो चरणमै अब्दुल खानलाई दाहालको मन्त्रिपरिषद्मा पठाएको थियो । उसले बिनाविभागीय हैसियतमा रहेका खानलाई महत्त्वपूर्ण मन्त्रालयको जिम्मेवारीसहित अर्को एक मन्त्रालय पनि दाबी गरेको थियो तर बुधबार भएको मत्रिपरिषद् विस्तारमा उसले एकमात्र मन्त्रालय (खानेपानी) पायो । सुरुमै मन्त्रीको शपथ खाएका खान त्यसयता मन्त्रालय गएका छैनन् । जनमत पार्टीका महासचिव चन्दनकुमार सिंहले सातदलीय गठबन्धनबीच भएको समझदारी उल्लंघन भएको बताए । 'मन्त्रालयको संख्या र कार्यविभाजनबारे प्रधानमन्त्रीले जुन वाचा गर्नुभएको थियो, त्यसअनुसार नहुँदा हाम्रो मन्त्रीले जिम्मेवारी पनि लिनुभएको छैन,' उनले भने, 'सत्ता गठबन्धनले आफूलाई सच्यायो भने सम्बन्ध अगाडि बढ्ला । नभए सरकारमा बस्नुपर्छ भन्ने केही छैन, छोड्न पनि सकिन्छ ।'

जनमत पार्टीले सरकारमा जानका लागि नागरिकतासम्बन्धी मुद्दा सम्बोधन गर्नुपर्ने, तराई/मधेसलगायत आन्दोलनका क्रममा सरकार र आन्दोलनकारीबीच भएका सम्झौताअनुरूप मुद्दा खारेज गर्नुपर्ने र अन्यायपूर्ण ढंगले बन्दी बनाइएकालाई कानुनसम्मत रिहाइ गर्ने प्रतिबद्धता मागेको थियो । सरकारले ग्रहण गरेको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा जनमत पार्टीको चासोलाई सम्बोधन गरिएको छ । यद्यपि सत्तामा न्यायोचित र सन्तुलित व्यवहार नहुँदा सरकारमा सहभागी हुने-नहुने अवस्थामा पुगेको महासचिव सिंहले बताए । 'प्रधानमन्त्रीले हाम्रो मागअनुसार मन्त्रालय मिलाउने वाचा गर्नुभएको छ, हेरौं उहाँले के गर्नुहुन्छ,' उनले भने ।

राष्ट्रिय दल हुन नसके पनि मधेसमा स्थापित लोसपाले सरकारमा सहभागी हुनकै लागि दाहाल नेतृत्वको सरकारलाई विश्वासको मत दिएको थियो । लोसपाले नागरिकतासम्बन्धी मुद्दा सम्बोधन गर्ने प्रतिबद्धता भए सरकारमा सहभागी हुने जानकारी सत्ता गठबन्धनलाई दिएको थियो । सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा उक्त मुद्दा सम्बोधन भएपछि लोसपाले नेता शरतसिंह भण्डारीलाई सरकारमा सामेल गराउने तयारी गरेको थियो । तर, सत्ता गठबन्धनले रुचि देखाएन ।

नेता भण्डारीले राष्ट्रिय सहमतिको सरकार बनाउने सर्तमा सरकारलाई विश्वासको मत दिए पनि सत्ताधारी दलहरू त्यसबाट पछि हटेको बताए । 'नागरिकता समस्यालगायत मुद्दामा ठोस प्रतिबद्धता आएपछि हामीले राष्ट्रिय सहमतिको सरकार बनोस् भनेर विश्वासको मत दिएका थियौं,' उनले भने, 'तर सरकारले आफूलाई केही दलमै सीमित गर्न खोजेपछि हामी प्रतिपक्षी भूमिकामा बस्ने भएका छौं ।' प्रतिबद्धताको आधारमा दाहाल नेतृत्वको सरकारलाई विश्वासको मत दिए पनि अब कांग्रेस नेतृत्वको विपक्षी मोर्चामा रहने पार्टीको निर्णय रहेको उनले बताए ।

मन्त्रिपरिषद् विस्तार गर्दा प्रधानमन्त्री दाहालले वन तथा वातावरण र युवा तथा खेलकुद मन्त्रालयमात्र आफूसँग राखेका छन् । अन्य मन्त्रालय एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र, राप्रपा र जसपालाई बाँडफाँट गरेका छन् । जनमत पार्टीले यी दुईमध्ये एक मन्त्रालय मागेको छ । अर्कोतर्फ आफूलाई समर्थन गरेका जसपा र नागरिक उन्मुक्ति पार्टीलाई पनि यी दुई मन्त्रालय दिएर सरकारमा भित्र्याउने प्रधानमन्त्री दाहालको प्रयास छ । यद्यपि दुवै दलले सरकारमा सहभागी नहुने बताइरहेका छन् । 'हाम्रो प्राथमिकता सत्ता होइन, टीकापुर घटनाका राजबन्दीलाई तत्काल रिहाइ गरियोस् भन्ने हो,' नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रन्जिता श्रेष्ठले भनिन्, 'वर्तमान सत्ता गठबन्धनले हामीलाई रिहाइको आश्वासन दिएपछि सरकार निर्माणका लागि समर्थन र विश्वासको मत दिएका हौं ।'

सत्ता गठबन्धन भने सरकार निर्माणका लागि समर्थन दिने जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीबिनै पनि बहुमतमा छ । त्यसैले दाहाल यी दललाई सरकारमा सामेल गराउने दबाबमा छैनन् । प्रतिनिधिसभामा एमालेका ७९, माओवादीका ३२, रास्वपाका २० र राप्रपाका १४ गरी १ सय ४५ सांसद छन् । सरकारलाई बहुमतका लागि १ सय ३८ सांसद भए पुग्छ । 'समर्थन गरेका तीन दलले समर्थन फिर्ता लिएमा केन्द्र सरकारलाई कुनै फरक पर्दैन, प्रदेशतिर असर पर्ने हो,' सत्ताधारी दलका एक नेताले भने, 'केन्द्रदेखि प्रदेशसम्म सत्ता गठबन्धनकै सरकार होस् भन्नका लागि सकभर सबैलाई मिलाएर जाउँ भन्ने हाम्रो आग्रह हो ।'

नागरिक उन्मुक्ति पार्टीले सहयोग नगरेमा सुदूरपश्चिम सरकारमा एमाले, माओवादी र राप्रपाको बहुमत गुम्छ । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा ७ सिट भएको नागरिक उन्मुक्ति पार्टी निर्णायक छ । त्यहाँ सत्ता गठबन्धनको २२ मतमात्र रहेको छ । मधेस प्रदेशमा पनि जसपा, जनमत र नागरिक उन्मुक्तिबिना सत्ता गठबन्धनको सरकार बन्न सक्ने अवस्था छैन । १ सय ७ सदस्यीय मधेस प्रदेशसभामा एमालेको २३, माओवादीको ८ र राप्रपाको १ गरी ३२ सिट छ । अर्कोतर्फ सत्ता गठबन्धनमा रहेका जसपाको १६, जनमतको १३ र नागरिक उन्मुक्तिको १ गरी ३० सिट छ ।

मधेसमा जसपाको नेतृत्वमा सरकार बनेको छ । जसपा अध्यक्ष यादवले सत्ता गठबन्धनको सहयोग नभए पनि मधेसको सत्तामा कुनै असर नपर्ने दाबी गरे । 'मधेसमा कसैले चाहँदैमा जसपा नेतृत्वको सरकार ढल्दैन तर केन्द्रीय सत्तामा तत्काल हामी जाँदैनौं,' उनले भने ।

जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टीले चाहेमा मधेस र सुदूरपश्चिम प्रदेशको सत्ता समीकरण सत्ता गठबन्धनका लागि प्रतिकूल हुने अवस्था रहे पनि उनीहरू तत्काल समर्थन फिर्ता लिने अवस्थामा देखिँदैनन् । तीनवटै दलले अबको केही समय सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा समावेश सरोकार कसरी कार्यान्वयन हुन्छन्, 'पर्ख र हेर' को अवस्थामा बस्नेछन् । 'सरकारमा सामेल नभए पनि हामीले उठाएका मुद्दाको कार्यान्वयन हुन्छ भन्ने विश्वासमा छौं, त्यसैले तत्काल सरकारलाई दिएको समर्थन फिर्ता लिँदैनौं,' जसपा अध्यक्ष यादवले भने ।

## उपसभामुखमा रानामगर र यादवको उम्मेदवारी



इन्दिरा रानामगर



मुक्ताकुमारी यादव

काठमाडौं (कास)- प्रतिनिधिसभाको उपसभामुखमा राष्ट्रिय स्वतन्त्र पार्टीकी इन्दिरा रानामगर र कांग्रेसकी मुक्ताकुमारी यादवले उम्मेदवारी दिएका छन् । सत्ता गठबन्धनका तर्फबाट रास्वपाकी समानुपातिक सांसद रानामगरले उम्मेदवारी दिएकी हुन् । उनको प्रस्तावकमा रास्वपाकी सोविता गौतम र समर्थकमा एमालेका कृष्णगोपाल श्रेष्ठ, माओवादीकी नारायणी शर्मा र राप्रपाका राजेन्द्रप्रसाद लिङ्देन छन् । यादवको प्रस्तावकमा कांग्रेस सांसद बद्रीप्रसाद पाण्डे छन् । एकीकृत समाजवादीका मेटमणि चौधरी, लोकतान्त्रिक समाजवादी पार्टीका सर्वेन्द्रनाथ शुक्ला र कांग्रेसका प्रमुख सचेतक रमेश लेखक समर्थक छन् ।

कांग्रेसले एकीकृत समाजवादी, लोसपा र राष्ट्रिय जनमोर्चासहित मोर्चा बनाएर उपसभामुखमा उम्मेदवारी दिएको हो । रानामगरको पक्षमा एमाले, माओवादी, रास्वपा, राप्रपा, जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी छन् । बिहीबार भएको सभामुखको निर्वाचनमा यही गठबन्धनको समर्थनमा एमालेका देवराज घिमिरे सभामुखमा निर्वाचित भइसकेका छन् । संसद् सचिवालयले उपसभामुखको निर्वाचनको कार्यक्रम शनिबार तय गरेको छ ।

कांग्रेसबाट उम्मेदवारी दिएकी यादव पार्टीकी केन्द्रीय सदस्य हुन् । उनी राष्ट्रिय सभाकी पूर्वसांसदसमेत हुन् । उनी २०७४ मा मधेस प्रदेशबाट दुई वर्षका लागि राष्ट्रिय सभा सदस्यमा चुनिएकी थिइन् । त्यसअघि उनी २०७० मा समानुपातिक सांसद थिइन् ।

शुक्रबार बिहान बसेको रास्वपा संसदीय दलको बैठकले झापाकी रानामगरलाई अघि सारेको हो । उनी सामाजिक क्षेत्रमा स्थापित भइसकेकाले उपसभामुखमा अघि सारेको रास्वपाले जनाएको छ । बन्दी सहायता नेपालकी संस्थापक उनले बाबुआमासँगै जेलमा बस्न बाध्य बालबालिकालाई आश्रय दिने गरेकी छन् ।




# नाका नखुल्दा रित्तिँदै गाउँ

## अधिकांश स्थानीय विदेश पलायन भएपछि गाउँमा युवा भेटिन मुस्किल

**अनिश तिवारी** (सिन्धुपाल्चोक)

उत्तरी तातोपानी नाका सर्वसाधारणका लागि नखोलिएको ७ वर्ष पुग्दा सीमासँग जोडिएका दुई गाउँ रित्तिने क्रममा छन् ।

सीमा बजारमा आवद्ध अधिकांश स्थानीय व्यवसायी र मजदुर नाका ठप्प भएयता पलायन हुन थालेका छन् । भोटेकोसी गाउँपालिका-२ का अध्यक्ष कुमार श्रेष्ठले यहाँको पाँच वडा र बाह्रबिसे नगरपालिकाका दुई वडाका अधिकांश स्थानीय विदेश पलायन भएपछि गाउँमा अहिले युवा भेटिन मुस्किल भएको बताए । यसअघि सीमाक्षेत्र तातोपानी, लिस्तीकोट, दुगुना, फुल्पिङकट्टी र मार्मिङका दुई हजारभन्दा बढी युवा विदेश गएको भोटेकोसी गापाले जनाएको थियो । 'त्यतिबेला नाकामा सानोतिनो व्यापार गरेका प्रायः बिदेसिएको अवस्था छ, नाका नखुल्दा यहाँको स्थानीय र व्यवसायीको बेहाल भएको छ,' वडाध्यक्ष श्रेष्ठले भने । उनका अनुसार विदेश जानेहरू अधिकांश खाडी मुलुक पुगेका छन् ।

भोटेकोसी गापाको जनसंख्या करिब १७ हजार छ । तर यतिबेला आधा गाउँ खाली भइसकेको छ । सर्वसाधारण आउजाउका लागि नाका बन्द भएयता भोटेकोसी क्षेत्रका घर नै खाली गरेर पलायन हुने क्रम दिनहुँ बढिरहेको अवस्था छ । 'नाका नचलेपछि विकल्पको खोजीमा केही बिदेसिए, केही मजदुरी गर्न अन्यत्र पुगे, तातोपानी, लिस्ती, बोक्चेन र फुल्पिङकट्टी गाउँमा युवा भेटिँदैनन्, घर कुरुवा बुढाबुढी मात्रै छन्,' भोटेकोसी-४ का वडासदस्य शुकु शेर्पाले भने ।

भूकम्प र परकम्पपछि नाकाको बेहाल भएयता अत्यधिक बिदेसिनेमा भोटेकोसी-५ मार्मिङका छन् । माइती नेपाल र मार्मिङ महिला सञ्जालको एक अध्ययनअनुसार भूकम्पपछि मार्मिङबाट मात्रै २ सय ४७ जना इराक पुगेका छन् । मार्मिङको छ्यादी, चन्द्रखु, बम्रादेखि गोल्चीसम्मका झन्डै ४ सय ४४ जना बिदेसिएका हुन् । त्यतिखेर नाकामा होटल व्यवसाय र व्यापार गर्ने अधिकांश महिला बिदेसिएको देखिन्छ । नेपाल ट्रक कन्टेनर ढुवानी सेवा लिमिटेडका अध्यक्ष अर्जुन सापकोटाका अनुसार नाका नचलेपछि २० वर्षअघिदेखि चल्दै आएका १ हजार ४ सय मालवाहक कन्टेनर, २८ सय चालक र ५ हजार मजदुर बेरोजगार भएका छन् । कन्टेनरमा ३ हजार बढीले रोजगार पाएका थिए । झोलेपोके व्यापार गर्ने लगभग २ हजार थिए । पर्यटक र व्यापारीको भारी बोक्ने सयौं स्थानीय थिए ।



सिन्धुपाल्चोकको भोटेकोसी-५ को मार्मिङ गाउँ । *तस्बिर : अनिश/कान्तिपुर*

'ती सबै नाकामा निर्भर थिए, अहिले बिखलबन्दनमा परेका छन्, सरकारले नाकाबारे ध्यान नदिनु र कूटनीतिक पहल नगर्नुको परिणाम हो यो,' सापकोटाले भने । उत्तरी नाकाबाट आयात गर्दा ढुवानी भाडा कम पर्ने र सामान छोटो समयमा भित्रने भएकाले व्यवसायी सकभर दक्षिण जान चाहँदैनन् । तर, नाका बन्द हुने र खुल्ने चिनियाँ मनमौजीका कारण बैंकको ब्याज, गोदाम भाडा र कर्मचारी तलब तिर्नै समस्या हुँदा सयौं व्यापारी पेसाबाटै पलायन भएका हुन् । व्यापारी, उद्योग वाणिज्य संघ र नेपाल हिमालय सीमापार वाणिज्य संघले तातोपानी नाका सहज बनाउन माग गर्दै ६/६ महिनामा प्रधानमन्त्री, मन्त्री र कर्मचारीलाई ज्ञापनपत्र बुझाउँदै आएका छन् । 'गाउँमा यस्तो समस्या देखिन थालेको छ, यसबारे सरकार सचेत हुनैपर्छ, नाका खोल्न समयमै पहलकदमी लिन आवश्यक छ,' सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार बस्नेतले भने । केही समयअघि आफूसहित नाका खुलाउन यस क्षेत्रका प्रतिनिधिसभा १ का सांसद माधव सापकोटा सुबोध, २ का सांसद मोहन बस्नेतले प्रधानमन्त्री पुष्पकमल दाहाल र एमाले नेता गणले अर्थमन्त्रीसँग भेटेर छलफल गरेका थिए ।

चिनियाँ इलाका बजारक्षेत्रमा तीन वर्षदेखि जारी ल्हासा लकडाउन हटाइएपछि अहिले ल्हासा प्रशासनले ल्हासा मालवाहक रुट सुरक्षा प्रोटोकल हटाएको छ । कोभिडको पहिलो लहरमा बन्द नाका चीनको खासा र न्यालम क्षेत्रमा थन्किएका डेढ सय कन्टेनरका रेडिमेड र अन्य सामग्री राजधानी पुर्‍याउने लक्ष्य राखेर 'आइसोलेट एरिया' सहित खुलाइएको थियो । नेपालका लागि चीनको ल्हासास्थित महावाणिज्य दूत नवराज अधिकारीका अनुसार चीनले मालवाहक सवारी रुटमा सुरक्षा प्रोटोकल अनिवार्य नगरेर आउजाउ खुकुलो बनाएसँगै निर्यात खुलाउने सम्भावना केही सकारात्मक संकेत भए पनि देखिने प्रगति भने छैन । भूकम्पअघि तातोपानीको बाटो प्रयोग गरेर वार्षिक ५० हजारभन्दा बढी विदेशी पर्यटक आउनेजाने गर्थे । जसमध्ये ४० हजारभन्दा बढी पर्यटक चीनका हुन्थे । तातोपानी नाका बन्द भएपछि उक्त बाटो भएर भारतलगायत मुलुकका तीर्थयात्रीले तिब्बतको कैलाश मानसरोवर भ्रमण गर्न पाएका छैनन् । भूकम्प, भोटेकोसी बाढीपछि बर्सेनि ठूलो संख्यामा तातोपानी धारा नुवाउन आउने आन्तरिक पर्यटकको संख्याको भारी गिरावट अझै पनि पूर्ति हुन सकेको छैन ।

# फुटपाथ खाली गराउन नगरको उर्दी

रामेछाप (कास)- मन्थली बजारको फुटपाथमा व्यावसायिक सामग्री थुपार्ने क्रम बढेपछि नगरपालिकाले त्यसलाई तत्काल हटाएर आवागमन सहज बनाउन व्यवसायीलाई उर्दी जारी गरेको छ ।

बिहीबार मन्थली नगरपालिकाले बजारका सबै व्यवसायीलाई फुटपाथमा राख्दै आएका सामग्री तत्काल हटाउन आग्रह गरेको हो । अटेर गर्नेमाथि कारबाही गरिने चेतावनी पनि नगरपालिकाले दिएको छ । व्यवसायीले पसलभन्दा बाहिर पनि सामग्री थुपार्दा दुर्घटनाको जोखिम बढेकाले त्यस्ता सामग्री हटाउन थालिएको नगरपालिकाले जनाएको छ । यसअघि पनि नगर प्रहरीमार्फत पटक पटक फुटपाथका सामग्री हटाउनका लागि आग्रह गर्दै आए पनि व्यवसायीले टेरेका थिएनन् ।

नगरपालिकाले हटाउन आग्रह गरेकै दिन व्यवसायीले भने नगरविरुद्ध आन्दोलनको चेतावनी दिएका छन् ।

बिहीबार बजारका दर्जनौं व्यवसायीले नगरपालिकाले जारी गरेको सूचनाप्रति आपत्ति जनाउँदै आर्थिक मन्दी भएका बेला सरोकारवालासँग कुनै छलफल नै नगरी गरिएको कार्य स्थगन गर्न आग्रह गरेका छन् । व्यवसायीले नगरपालिका प्रमुख लब श्रेष्ठलाई ध्यानाकर्षण पत्र बुझाउँदै बजारमा सबैतिर फुटपाथ, रेखाङ्कन, पार्किङलगायतका विषय टुंगो लगाएर मात्र अरू व्यवस्थापनको कार्य गर्न सुझाव दिएका हुन् । मन्थली बजारको मुख्य भागमा सानो फुटपाथ भए पनि अधिकांश क्षेत्रमा फुटपाथ निर्माण भएको छैन ।

'हामी नगरपालिकालाई व्यवस्थित सहर बनाउनका लागि सहयोग गर्छौं' स्थानीय व्यवसायी दीपक सापकोटाले भने, 'तर नगरले पनि सबै बजारवासीको भावनाबमोजिमको काम गर्नुपर्छ ।' उनले सबैतिर समान व्यवहार विगतदेखि नै नभएको गुनासो गरे । नगर प्रमुख श्रेष्ठले साँघुरो सडक र फुटपाथलाई व्यवस्थित बनाउँदा नगरपालिकालाई मात्र नभई व्यवसायीकै हित हुने देखेर कदम चालिएको बताए । 'पसलभन्दा बाहिर सामान राख्दैमा व्यवसाय वृद्धि हुने हैन' श्रेष्ठले भने, 'सटरभित्रै राखेर पनि सामान बेच्न सकिन्छ ।' पार्किङको विषयमा नगरपालिका गम्भीर भएको उल्लेख गर्दै आसपासको क्षेत्र खोजी भइरहेको उनले बताए । व्यवसायीलाई कारबाही गर्ने मनसायले भन्दा पनि सुन्दर मन्थली बनाउने असल उद्देश्यले उक्त अभियान सञ्चालन गरेको श्रेष्ठको दाबी छ ।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — ग्यास्ट्रिकको समस्या हुन सक्छ । खानपानमा सजग रहनुपर्ने बेला छ । चिसोबाट बच्न पहिरन र आहारविहारको राम्रो हेक्का राख्नुपर्नेछ ।

**वृष** — कसैले राम्रै हिसाबले बोलेको कुरा पनि नराम्रो लाग्न सक्छ । आफ्नो कुरा मात्र नभई अरूको समस्या पनि बुझ्ने प्रयास गरेमा तपाईंको महत्त्व बढ्नेछ ।

**मिथुन** — आफ्नो सामर्थ्यअनुसारको काम गर्नुपर्ने बेला छ । गरेको काम र अनुभवका आधारमा, कुनै कामका निमित्त तपाईंको कतै सिफारिस हुन सक्छ ।

**कर्कट** — कुनै कुराले मनमा हर्ष बढाउनेछ । कुनै ऐच्छिक कामका लागि समय खर्चिने मौका मिल्न सक्छ । कुनै कामको जिम्मेवारी आइलाग्न सक्छ ।

**सिंह** — यात्रा गर्दा सतर्क रहनुहोला । जता जाँदा पनि मोबाइल, नगद र कार्ड साथमा लिई जानुहोला । कसैले कुनै कुरामा हस्तक्षेप गर्न खोजेमा विचारको प्रयोग गर्नुहोला ।

**कन्या** — कसैले कुनै कुराले भड्काउने, तपाईंको क्षमतालाई तौलिने प्रयास गर्न सक्छन् । आफ्नो योग्यताको कदर गर्दै गोप्यतामा अडिग रहँदै कार्य गर्नु राम्रो हुनेछ ।

**तुला** — आर्थिक प्रयोजनले गरेको कार्य सफल हुनेछ । कुनै कारणले रोकिएको काम अघि बढ्नेछ । आफ्नो काम-कर्तव्यमा मन अग्रसर रहनेछ ।

**वृश्चिक** — गरेको कामको उचित कदर हुनेछ । समाजमा तपाईंले गरेको कामको चर्चा हुन सक्छ । आर्थिक प्रयोजनको काम गर्दा भने राम्ररी विचार गर्नुपर्नेछ ।

**धनु** — सबै कार्य सकिँदै जानेछन् । खानपान र आरामको ख्याल गर्दै काम गर्नुपर्नेछ । परिवारबाट तपाईंको आन्तरिक कुरा बुझ्दै काम गरिने प्रयास हुनेछ ।

**मकर** — खर्च गर्नुअघि विचार पुर्‍याउनुपर्नेछ । के कुरा कतिको जरूरी छ, त्यो मनन गर्नुपर्नेछ । कसैले उक्साउने प्रयास गरे पनि विवेकको प्रयोग गरी तटस्थ रहनु राम्रो हुनेछ ।

**कुम्भ** — आफ्नो अनुकूलता हेरी इच्छानुसारको काम गर्ने मौका जुट्नेछ । कसरी आफ्नो मन खुसी हुन्छ, त्यसैअनुसार काम गर्ने प्रयास हुनेछ ।

**मीन** — सोचेअनुसारको सफलता मिल्नेछ । प्रतिस्पर्धात्मक कार्यमा छनोट हुने प्रबल सम्भावना छ । आफ्नो आत्मविश्वास र सामर्थ्यमा अडिग रहँदै काम गर्नुपर्ने बेला छ ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुर हात्तीवन नगरबिकासको प्लानिङमा ४.५ आनाको बंगलोहरू 9851027364, 9851315556

सांखु पालुवारीमा सस्तो प्लानिंगकोलागि उपयुक्त १३ रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२४७५१९३३

नगरकोटमा सांढे ३ रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२४७५१९३३

काठमाडौं गोलढुंगा घर तुरुन्तै ९८४१६२४३०९

ललितपुर सातदोबाटो हाईटमा 0-5-2-0, 9851027364

सेस्टो घर तीस लाख भक्तपुर ९८५१०९४८४३

काभ्रे धुलिखेल चौरी १५ रोपनी प्रतिरोपनी ११ लाख सम्पर्कः 9851088899

चितवन चित्रसारी सौराहा-जाने ठूलोपिचरोडमा ०-२-१० जग्गा-बिक्रीमा 9803401496

पुतलीसडक मेनबाटो जोडीएको पाँचतल्ले एकआना घर बिक्रीमा २५०,००,०००/- 9851004061

पुतलीसडकमा ०-४-०-०, रातोपुल मेनरोडमा ०-६-२-०, शान्तिनगरमा ०-३-०-०, 9843670264

ब्यक्तिगतकर्जा चाहियो मासिकब्याज घडेरी धितोदिने 9802315101

भैसेपाटी कार्यबिनायकमा जग्गा ०-७-७-३ ९८०११२२४०४

लुभुबजार नजिक ०-५-१-० सस्तोमा ९८४१६३४६११

**पाँचखाल खेत सरल मोल ९८५१०५७८५६**

न्यूप्लाजा, पुतलीसडकमा ०-५-०-२ मा ४ तल्लाको घर राम्रोसँग भाडामा लागेको बिक्रीमा छ केही दिनकोला(गि मात्र जग्गाको मूल्य भन्दा कम रकममा ६,५०,००,०००/- सम्पर्कः ९८०११७२०२०

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रि.गर्नुपरेमा, ९८४९१८८७८२

काठमाडौं नयाँबसपार्क नजिकै ०-३-३-० मा बनेको ४ तल्लेघर सस्तोमा तुरुन्त बिक्रीमा ९८५११८२४६२

ललितपुर लुभु बसपार्कबाट ४०० मिटर पुर्व ०-५-०-० घडेरी बिक्रीमा 9810129106

बागडोल ललितपुर स्थित १ रोपनी जग्गा र ३ तल्ले भवन बिक्रीमा 9841780149, 9851062798

०-४-१-० जग्गा बिक्रीमा मुलपानि चौर नजिकै नागबेलि टोलभित्रः 9841447318

चाँगुनारायण-९ नगरकोटमा प्लटिङ्ग गर्नमिल्ने ७५ आना प्रतिआना ७,५०,०००/- ९८२३०९०१५५

धुलिखेल-१ देवीटारमा पाँचरोपनी देखीमाथि दिनमिल्ने ९०-०-०-० बिक्रीमा प्रतिरोपनी २२,००,०००/- ९८२३०९०१५५

दहचोकमा प्रतिआना १०-लाखकोदरले १७-आनाजग्गा, ०-२-२-०जग्गा २५-लाखको घडेरी र मच्छेगाउंमा प्रतीआना १८.५-लाखको ०-३-१-१को घडेरी बिक्रीमा, 9851183369, 9808246024

विपिराजमार्ग थुम्काहाइवे बाउन्नरोपनी प्रतिरोपनी ६लाख घरजग्गा सट्टापट्टा ९८६१११००८८

बत्तीसपुतली पेट्रोल पम्पबाट भित्र आधुनिक घर समेतको ०-६-१-३ जग्गा बिक्रिमा सम्पर्क ९८१८२९२४४८

ग्राण्डीपछाडी नयाँ चारसटरभएको नयाँघर बिक्रीमा ९८५१०४८३२२, ९८४९४७८५८८

ओमकारेश्वर शान्तिनगरमा ०-६-२-२ बिक्रिमा ९८५१०१९५८६

साँखु जर्सिङ्गपौवामा पिचबाटो बिच तेह्रफुटे बाटोमा ३.५ रोपनी आनाको ३,७५,०००, साँखु पालुवारीमा १ रोपनी तुरुन्त लिनेलाई १,५०,००,००० ९८४१०७२७४७

भिमसेनगोला मेनरोडमा २.५ आना जग्गा तु. बिक्रिमा, 9841622391, 9849510838

बत्तिसपुतली अरनीको मार्ग भित्र ०-५-१-१, ०-४-१-१ र ०-४-१-१ गुठीको जग्गा आनाको ५०,०००,००/- ९८६३७८६८६०

काठमाडौं बोहोराटार बालाजुमा पुर्वमोहडाभएको १४फिटेबाटोमा ०-१४-३-३जग्गा बिक्रिमा प्रतिआना ३८लाख सम्पर्कः ९८१३४५५७६९

दधिकोटमा चारआना सस्तोमा बिक्रीमा 9851332575

बुढानिलकण्ठमा सस्तो १३आना जग्गा बिक्रिमा ९८५१३१५४५६

घरजग्गा किन्नु बेच्नु परेमा ९८५१३४०८७८

## सम्पर्क

बैंकमा Cashdeposit धितोफुकुवा लोनतिर्न ९८५१०४५२१८

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

चलिरहेको ईन्टरनेट कम्पनी बिक्रिमा भए सम्पर्क गर्नहोला। सम्पर्क नं.: 9849698065, 9863476915

धितोफुकुवा, धितोमालोन विद्यार्थीकोलागि Cashdeposit 9808020656

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

सस्तोमा Cashdeposit धितोफुकुवा सेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit डकुमेन्टेसन 9851067787

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

काठमाडौंको एडभेन्चर जिपलाइन, बन्जी DPR सहितको रिसोर्टलाई पार्टनर, ९८१८७२०३०९

विदेश जानेहरूकालागि अंग्रेजी भाषा विशेष-कक्षा 9851209005

## विविध बिक्रीमा

ब्वाइज होस्टलविक्रीमा, बसुन्धारा, मुल्य-१५,५०,०००। 9819088702, 98841252414

सिनामंगलमा चलिरहेको थकाली भान्छाघर बिक्रीमा 9823618724

न्युरोडमा चलिरहेको क्याफे बिक्रीमा, ९८५१३२७९९९

चलिरहेको रेष्टुरेण्टलाई ५०% लगानी गर्नसक्ने पार्टनरचाहियो ९८४९५१९४५४

जाल्पाचोकमा चलिरहेको फेन्सीपसल बिक्रीमा ९८५११८१८६०

डिल्लीबजारको जुत्तापसल बिक्रिमा ९८५१०११७२६, ९८४९८००१४२

गौशालामा चलिरहेको गेष्टहाउस बिक्रिमा ९८४१०५२४१७

कपन वालुवाखानीमा ८०-लाख लगानीगरी संचालनमा रहेको रेस्टुरेण्ट-विक्रीमा, मूल्य ७०-लाख सम्पर्कः ९७४५६७७३६५ ९८४१०१६३८७

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851168926 9844531660

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

जेटमेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट सेफ्टीट्याङ्की सफाई 9851088270, 9861728599

सस्तोमा ढलट्वाइलेट सेफ्टीट्याङ्की सफाई ९८५१०९६२३३

ढलट्वाइलेट मंगाल जामखोल्ने सेफ्टीट्याङ्कीसफाई 9851039094

सेफ्टीट्याङ्की सफाई ठूलोगाडीमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई गाडीमा १५०० 9843768737

ढलट्वाईलेट सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलमंगल, सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9849519040

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

सेफ्टीट्याङ्की सफाई 9841212244, 9841488132, 015182401

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माण, 9851018828, 9841464543

## भाडामा

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590

बखुण्डोलमा अफिसको लागि घर 9841821154

घरजग्गा खरिदबिक्री/भाडामा लिनुदिनुपरेमा ९८५१३३४७९४

अफिसकोलागी फ्ल्याट भाटभटेनी नक्साल 9841312565

त्रिपुरेश्वरमा रंगशाला नजिक अफिस कोठाहरू भाडामा ९८४१५५९७०४

कोटेश्वरमा पार्किङ्ग सुविधा भएको सानो परिवारलाई उपयुक्त फ्ल्याट भाडामा ९८६१०२९८४१

त्रिपुरेश्वर टेकु मिलनमार्गमा एक फ्ल्याट दोश्रो तल्लामा ४ कोठाको गोदाम/ आवासको लागि भाडामा, सम्पर्कः ९८४१२७८६२८

सुन्धारामा अफिसको लागि भाडामा ९८४९९८१७५५

हात्तिसारमा अफिसकोलागि( रेष्टुरेन्टबाहेक) 3200sq.ft मिटिङ्ग-हल, पार्किङ्गसहितको घर भाडामा 9860041227 (10am-5pm) नोदलाल

बालाजु चक्रपथ चोकैमा सटर पसल गोदाम कारखाना ९८४२४५८४२३

## चाहियो

भ.पु. सिभिल गार्डहरू चाहियो 9843748393, 9823477027

घरायसी कामगर्ने महिलाहरू चाहियो रु.१५०००।-, 9818852178

बसुन्धाराचोकमा कर्मचारी 10,500-25,500/- 9846653630, 9808852276

घरको कामगर्ने महिला-१, खानेबस्नेसुविधा 9808644674

**भक्तपुरमा केटा हेल्पर चाहियो, 9851166765**

काठको बट्टाबनाउने केटामान्छे, तलब-१५,०००।- च:मती 9861589564

Lower Secondary Teacher, Imadole 9825689839, 9818892867

Female Primary English Teacher, Bishalnagar, 9841270609

बानेश्वर स्कुलमा कुक र हेल्पर चाहियो, 9851337258

घरेलु कामगर्ने महिला चाहियो 9749878262

झम्सीखेलमा तन्दुरी कुक मसाल्चि खानबस्न सुविधा, 9813475284

स्पेशल थकाली कुकु चाहियो महिलालाई प्राथमिकता 9841533110

बानेश्वर खाजा घरमा स्मार्ट वेटर महिला चाहियो, 9808217825

स्टिक फुड कुक चाहियो, भक्तपुर, 9851143789

वेटर, अलराउण्ड कुक चाहियो बालुवाटार 9808607313

तन्दुरी कुक तुरुन्त चाहियो ९८४१०५२४१७

भ्याली बाहिरकोलागि कुक-२५,०००।- हेल्पर-१२,०००।- ९७४४३७७९८३

म:म कुक-१, डोसा कुक-१, हेल्पर-१ ९८४९१६२०४१

चावहिल नाइट डिस्कोको लागि कुक, हेल्पर, क्यासियर, महिला वेटर, बाउन्सर ९८५१०५९२६९, ९८५१००९८४३

कोटेश्वरमा ड्राईभर बाखा/बंगुरफार्मको लागी कर्मचारी 9851107194

सामाखुशीमा मसाजमा महिला कर्मचारी ९८१८७६७४०४

हुम्ला सिमिकोट होटलकोलागि १बेकरी कुक चाहियो तलब २०देखि ३५हजारसम्म 9851011105

## मर्मत

ढलमंगाल ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङ्कीसफाई 9843999386

ढलट्वाईलेट मंगाल जामखोल्ने 9841881901, 9841256050

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841050858

ढलट्वाईलेट मंगाल जामखोल्ने सेफ्टीट्याङ्कीसफाई 9851024861

ढलमंगाल ट्वाइलेट जामखोल्ने कुमार 9860053516

## भर्ना

प्राईभेट SEE,+2 Bachelor ग्यारेन्टी पास, 9860579477

## तालिम

हाउसवाइरीङ मोटरवाइन्डिङ्ग प्लम्बिङ्ग मोबाईलफ्री 9851177341

उदघोषण भाषणकला सिक्न चाहनुहुन्छ 9841514776

नि:शुल्कमा मोबाइल टेलिभिजन हाउसवायरिङ ९८४५३९८१३६

## उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

## बिहावारी

शाक्यहरू बज्राचार्यहरूमा २५देखी ३८वर्ष BBS/MBA, teacher/Doctor, Engineer विभिन्न पेशाको वरवधुमा बुवामुमाले सम्पर्क, 9865552528

काठमाण्डौ निवासी ३६वर्षिय क्षेत्रीवरलाई स्वजातिय वधुचाहियो सिधासम्पर्क ९८०८९४८३६५

४० वर्ष बाहुन महिलालाई वर चाहियो ९८२०७३७४१३

उमेर अनुसार वरवधु चाहिएमा ९८५११०५२६८

२०देखि ६०उमेरका जुनसुकै जात-जातिका वरवुध चाहियो ९७४५९७८८४२

## कुनै पनि कम्पनीका नयाँ तथा पुरानो गाडीहरू खरिद बिक्री तथा सट्टापट्टाका लागि हामीलाई सम्झनुहोस्

| | | |
|---|---|---|
| Tej & Karan Enterprises, | Teku, | 01-5326158 |
| R.K. Auto Centre | Kalimati | 9802008794 |
| Real Car Centre P. Ltd. | Lalitpur | 015190540 |
| Banglamukhi Auto Mobiles | Bafal | 9841698529 |
| Gadhimai Automobiles P. Ltd. | Lalitpur | 9851041563 |
| यलम्बर रिकन्डिशन हाउस | गुह्येश्वरी | ९८४११६९०१३ |
| Namaste Automobile | Lalitpur | 5909234 |
| International Auto Way | Balaju | 4952497 |
| Patan Car Bazar | Lalitpur | 9851070877 |
| Auto Bazaar Trade | Nayabazar | 9817109205 |
| Shubhayatra Auto P. Ltd. | Kusunti | 9860878905 |
| Hamro Automobiles P. Ltd. | | 9851137242, 9851137240 |
| Nep Garage & Recondition House | | 9851103342 |
| Moto Mart Nepal | Gairidhara | 9808729068 |

For Advertisement Contact 9841503274

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांबसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

# विमान नआउने विमानस्थल

## कालोपत्र धावनमार्गमा गाईगोरु र बिस्कुन

कालीकोटको कोटवाडा विमानस्थल र रुकुम पश्चिमको चौरजहारी विमानस्थल कालोपत्र भएर पनि सञ्चालनमा आउन सकेनन्





आठ वर्षदेखि जहाज नचल्दा सुनसान रुकुम पश्चिमको चौरजहारी विमानस्थलको धावनमार्ग (माथि) र कालीकोटको कोटवाडा विमानस्थल ।

*तस्बिर : हरिहरसिंह र तुलाराम/कान्तिपुर*

**कृष्णप्रसाद गौतम** (सुर्खेत), **तुलाराम पाण्डे** (कालीकोट) **र हरिहरसिंह राठौर** (चौरजहारी)

निर्माण सुरु भएको ३७ वर्षपछि बहुचर्चित कोटवाडा विमानस्थलमा कालोपत्र गरियो । तर ७ वर्षअघि परीक्षण उडान भएको उक्त विमानस्थलमा अहिलेसम्म उडान भएको छैन । अहिलेसम्म कोटवाडा विमानस्थल परीक्षण उडानमै सीमित छ । स्थानीय भने विमानस्थल कालोपत्र भएपछि जहाज आउने आशामा छन् ।

स्थानीय ७५ वर्षीय नरवहादुर विष्ट ३३ वर्षको उमेरदेखि कोटवाडाको पाखो खनेर विमानस्थल निर्माणमा संलग्न थिए । उनी सुरुमा कुल्ली (कामदार) बाट विमानस्थल निर्माणमा खटिएका थिए । पछिल्लो समय मेट (कामदारको नाइके) समेत बने । 'अहिलेजस्तो खन्ने डोजर, ढुंगा, माटो बोक्ने र टिपर भए त उहिल्यै काम सकिन्थ्यो,' उनले भने, 'कोदालो, साबेल, गैंचीले खनेर भैंसीको छालामा माटो बोकेर काम गर्‍यौं ।' ०४२ सालमा निर्माण सुरु भएको विमानस्थलमा उनले सुरुदेखि नै काम गरे भने झन्डै एक महिना श्रमदान पनि गरे ।

जुँगाको रेखी बसेदेखि कोटवाडाको पाखो खन्न थालेका स्थानीय जनक विष्ट विमानस्थल कालोपत्र भएपछि खुसी छन् । उनले पनि अब विमानस्थल कालोपत्र भएसँगै जहाज आउने आशा जागेको बताए । 'रोड (सडक) नभएको बेला एयरपोर्ट बनेको भए त धेरै सहज हुन्थ्यो,' उनले भने, 'अहिले गाउँसम्म सडक पनि पुग्यो, तर जहाज आए जरुरी काम हुँदा सहर जान पाइन्थ्यो ।' कोटवाडा विमानस्थल कालीकोटवासीको सडकभन्दा पनि पुरानो सपना भएको उनको भनाइ छ ।

निर्माण सुरु भएको ३ दशकपछि ०७३ माघमा कोटवाडा विमानस्थलमा तारा एयरले परीक्षण उडान गरे पनि नियमित उडान हुन सकेको छैन । विमानस्थल कालोपत्र सकिएर यही माघ १५ सम्म हवाई प्राधिकरणलाई हस्तान्तरण गर्ने योजना छ । विमानस्थलको टर्मिनल टावर, सुरक्षा भवन, शौचालय, पार्किङलगायत संरचना निर्माण भइसकेका छन् । खानेपानी, बिजुली, धावनमार्गको सुधारलगायत काम भइरहेको विमानस्थल निर्माणमा संलग्न प्राविधिक केदार केसीले बताए । 'ठेक्काको सबै काम माघभित्र सकिन्छ,' उनले भने, 'फागुनबाट विमानस्थलमा विमान अवतरण गर्न सकिने अवस्था छ ।'

विमानस्थल कालोपत्रको ठेक्का पाएको गौरी/पार्वती श्याम एन्ड शंकर जेभीले सम्झौताअनुसारको काम सकेर हस्तान्तरणको तयारी गरेको छ । कम्पनीले विमानस्थल कालोपत्रका लागि १३ करोड ८६ लाख रुपैयाँमा सम्झौता गरेको थियो । विमानस्थल सुधारमा १५ करोड १४ लाख रकम लागेको विमानस्थल कार्यालयले जनाएको छ । ६ सय ४० मिटर लम्बाइ रहेको विमानस्थल मोडिने ठाउँमा ३० मिटर र अन्यत्र २० मिटर कालोपत्र भएको छ । कोटबाडा विमानस्थल कर्णालीका मुगु, डोल्पा र हुम्लाको भन्दा लामो र फराकिलो रहेको हवाई प्राधिकरणको दाबी छ । विमानस्थलको लम्बाइ ६ सय ९० मिटर र चौडाइ ४० देखि ६० मिटर छ । दुवैतिरबाट विमान अवतरण र उडान गर्न सकिने कोटवाडा विमानस्थल नरहरिनाथ, रास्कोट, सान्नीत्रिवेणी, पचालझरना, पलाता, खाडाचक्रसहितका स्थानीय तह र अछामको रामारोसनका समेत बासिन्दाका लागि आवतजावतमा सहज हुने नन्दादेवी माबि कोटवाडाका प्रधानाध्यापक रत्नसिंह साउदले बताए । 'चिलगाडी' चढेर जाने नरहरिनाथका बासिन्दाको वर्षौं पुरानो सपना भएको गाउँपालिका अध्यक्ष नगेन्द्रबहादुर विष्टको भनाइ छ । 'विमानस्थल निर्माण सकियो, अब नियमित उडानका लागि पहल गर्नुपर्ने अवस्था छ,' उनले भने, 'अब अछामको रामारोसन, त्रिवेणी पाटन र बडिमालिका जाने पर्यटकका लागि सहज हुनेछ ।' सडक गाउँमा पुगे पनि बिरामी पर्दा र सुत्केरी हुन नसक्दा जहाजको उपयोग हुने उनी बताउँछन् ।

कोटवाडा विमानस्थल खन्न लागेको ३१ वर्षपछि ०७३ सालमा जहाज आए पनि जहाज पढ्ने धोको अझै पूरा नभएको नरहरिनाथ-१ का वडाध्यक्ष पुर्थी विष्टको गुनासो छ । ०४२ सालमा तत्कालीन जिल्ला पञ्चायत सभापति दीपबहादुर शाहीको पालामा विमानस्थल खन्न ७५ हजार रुपैयाँ बजेटबाट काम सुरु गरिएको थियो । विष्टले पनि विमानस्थलको काम सुरु हुँदा प्रतिदिन ५ रुपैयाँ ज्यालामा काम गरेका थिए । अहिले मजदुरले दैनिक ८ सय रुपैयाँ ज्याला बुझिरहेका छन् । सशस्त्र द्वन्द्वका बेला ०५८ फागुनमा अछाम मंगलसेन आक्रमणका दोषी खोज्दै आएको सेनाले धादिङ जोगिमारा, काभ्रे, सिन्धुली र रामेछापका २८ र ७ स्थानीय गरी ३५ जनाको हत्या गरेपछि अवरुद्ध विमानस्थल निर्माणको काम शान्ति स्थापनापछि पुन: सुरु भएको थियो । कर्णाली राजमार्ग निर्माणसँगै सदरमुकाम मान्मबाट कोटवाडा जान अहिले गाडीमा ३ घण्टा लाग्छ ।

### आठ वर्षपछि विमानस्थल स्तरोन्नति गरिंदै

आठ वर्षदेखि अलपत्र रुकुम पश्चिमको चौरजहारी विमानस्थलको स्तरोन्नति गरी धावनमार्गको विस्तार गर्न थालिएको छ । तर ८ वर्षअघि कालोपत्र गरिएको विमानस्थलमा जहाज चलेका छैनन् । कच्ची धावनमार्ग हुँदासम्म उडान भइरहने विमानस्थल कालोपत्र भएपछि भने ठप्प बनेको हो । अहिले विमानस्थललाई डोल्पा, जुम्ला र जाजरकोटका पर्यटन विकासमा टेवा पुर्‍याउने गरी ७२ सिटे जहाज ओर्लने क्षमता भएको हवाई मैदानमा विस्तार गर्न लागिएको कर्णाली प्रदेशका पूर्वअर्थमन्त्रीसमेत रहेका स्थानीय गोपाल शर्माले बताए । संघीय सरकारको अर्थ मन्त्रालयले त्यसका लागि बजेटसमेत विनियोजन गरिसकेको छ । हवाई मैदानको डीपीआर गर्न र मुआब्जा वितरण गर्न ९ करोड रुपैयाँ विनियोजन गरिएको उनले जनाए ।

नेपाल पर्यटन बोर्डमार्फत विनियोजित बजेटको सदुपयोग गर्न पहल भइरहेको चौरजहारी नगरपालिकाका प्रमुख पुष्प बादीले बताए । अहिले उत्तर-दक्षिण फैलिएको धावनमार्गलाई ७२ सिटे जहाज ओर्लन सक्ने बनाउन नाखिरागाउँसम्मको जग्गा अधिग्रहण गरिनेछ । चौरजहारी विमानस्थल ०७० फागुनदेखि ०७२ भदौसम्मको समय लगाएर कालोपत्र गरिएको थियो । ५ करोड ५९ लाख रुपैयाँ लागतमा विमानस्थलको धावनमार्ग कालोपत्र गरिए पनि त्यसयता एउटै जहाज उडेको छैन । सुरुमा नेपाल वायुसेवा निगमले जहाज नभएको भन्दै उडान बन्द गराएको थियो । अहिले भने यात्रु नभएको कारण देखाउँदै जहाज आउन छाडेका छन् । चौरजहारीस्थित नेपाल वायुसेवा निगमको कार्यालय हटाएकै ६ वर्ष भएको छ । स्थानीय अब कहिल्यै जहाज नआउने हो कि भन्ने चिन्तामा छन् । 'कार्यालय हुँदा जहाज आइहाल्छ कि भन्ने आस हुन्थ्यो,' स्थानीय झुपबहादुर बुढाले भने, 'वायुसेवा निगमले कार्यालय नै हटाएपछि त्यो आस पनि मरेको छ ।'

वायुसेवा निगमले कार्यालय उठाएर नेपालगन्ज लगेपछि त्यहाँ कार्यरत जुनियर सहायक कर्मचारी सुरेन्द्र नेपालीलाई सदरमुकामस्थित सल्ले विमानस्थल पठाइएको छ । विमानस्थलको धावनमार्ग नजिकै नागरिक उड्डयन प्राधिकरणको कार्यालय र टावर छ । तर त्यहाँ लामो एयर ट्राफिक कन्ट्रोलर (एटीसी) छैन । यो टावर पनि वर्षौंदेखि ढोका लगाएकै अवस्थामा छ । विमानस्थल सुरक्षाका लागि प्रहरी चौकी भए पनि बजार गस्तीमै सीमित भएको स्थानीय कमल लामिछानेले बताए । विमानस्थल बन्द भएपछि स्थानीयले काँडेतार हटाएर बिस्कुन सुकाउने र पशुचौपाया चराउने गर्न थालेका छन् । 'जहाज नै नभएपछि विमानस्थलको के काम ?' उनले भने । धावनमार्ग वरिपरि झाडी उम्रिएको छ भने टावरघरमा ताला लागेको छ ।

स्थानीय गाडीबाटै जिल्ला बाहिर जान थालेपछि विमानस्थल थप ओझेलमा परेको स्थानीय अगुवा यदु आचार्यले बताए । 'अब त चौरजहारीमा जहाज आउँछ भन्ने कुरा कथा जस्तै भयो,' उनले भने, 'उडान नहुँदा जरुरी काम हुने र बिरामीलाई जिल्लाबाहिर जान निकै सास्ती छ ।' रुकुम पश्चिम, सल्यान र जाजरकोटलाई लक्ष्य गरी ०२८ सालमा विमानस्थल बनाइएको थियो । विमानस्थल पुन: सुरु नहुनुको कारणबारे आफू अनभिज्ञ रहेको निगमका जुनियर सहायक सुरेन्द्र नेपालीले बताए । 'नियमित जहाज आएपछि यात्रु नपाइने भन्ने हुँदैन,' उनले भने, 'तर किन हो यहाँ जहाज पठाउन निगमलाई मुस्किल भइरहेको छ ।'

# क्रसर बन्दको विरोधमा व्यवसायी

**विमल खतिवडा** (काठमाडौं)

- भन्छन्- 'बाहुबली शैलीमा क्रसर बन्द गर्न पाइन्न'
- १२०१ मध्ये दर्ता र नवीकरण नभएका ८९० क्रसर बन्द

सरकारले पूर्णरूपमा कार्यान्वयन गर्न सक्ने कार्यविधि बनाई बिनात्रास क्रसर उद्योग चलाउने वातावरण बनाउनुपर्नेमा निर्माण व्यवसायीले जोड दिएका छन् । तर बाहुबली रूपमा राजनीतिक दलको संरक्षण प्राप्त व्यक्ति र प्रहरी प्रशासनसँग साँठगाँठ गर्नेले क्रसर उद्योग चलाउने प्रवृत्ति अन्त्य गर्नुपर्ने उनीहरूको भनाइ छ । 'खानीजन्य, निर्माणजन्य व्यवसाय गर्छु भन्नेलाई सहज हिसाबले व्यवसाय गर्ने ऐन-कानुन बनाउन आवश्यक छ,' नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले भने, 'क्रसर उद्योगमा भएका विकृतिलाई पनि सच्याउन जरुरी छ ।'

व्यवसायीले निर्माण अवधिका लागि निर्माण सामग्री उत्पादन गर्न लिएको लाइसेन्सबाहेक अतिरिक्त उत्पादन गरेर क्रसर व्यवसायीलाई समस्या पर्न दिन नहुने उनको भनाइ छ । 'कतिपय ठाउँमा निर्माण उद्योगीले क्रसर राख्न खोज्दा व्यवधान भएको छ,' उनले भने, 'एकअर्काको कार्यक्षेत्रमा कसैले हस्तक्षेप गर्नुभएन ।' क्रसर व्यवसायीले 'बाहुबली रूप' देखाउनु नहुने उनको तर्क छ । अदालतको आदेश पालना गर्ने नाममा गृह मन्त्रालयले त्रासदीपूर्ण वातावरण सिर्जना गरेको सिंहले बताए ।

'पूर्णरूपमा बन्द गरेर उचित समयावधि दिई क्रसर उद्योगलाई व्यवस्थापन गरिनुपर्छ,' उनले भने, 'वातावरणीय प्रभाव मूल्यांकन न्यून हुने किसिमले नेपालभर क्रसर जोन बनाइनुपर्छ ।' गृह मन्त्रालयले गत पुस २० मा ७७ वटै जिल्ला प्रशासनलाई परिपत्र गर्दै अवैध क्रसर बन्द गराउन भनेको थियो । नदी तथा खोलाबाट कानुनविपरीत ढुंगा, गिट्टी, बालुवा उत्खनन र प्रशोधन गर्ने १ हजार २ सय १ क्रसर उद्योगको सूचीमा रहेको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले जनाए । तीमध्ये ८ सय ९० वटा क्रसर बन्द भइसकेका छन् । 'दर्ता र नवीकरण नभएका क्रसर बन्द भएका हुन्,' उनले भने, 'यस सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गरेर हेरिरहेको छ, यसमा केही नीतिगत संशोधन हुनेछ ।'

क्रसर उद्योग बन्द भएपछि यसले देशको अर्थतन्त्रमा ठूलो असर परेको निर्माण व्यवसायी महासंघका अध्यक्ष सिंहको भनाइ छ । 'पूर्वाधार विकासको काम ठप्प भएको छ । ८ खर्बका आयोजना ठप्प छन् । ८ हजारभन्दा बढी आयोजना बन्द भएका छन्,' उनले भने, 'मुलुकको राष्ट्रिय गौरवका आयोजनादेखि सबैको काम रोकिएको छ ।' क्रसर उद्योगमा १ खर्ब रुपैयाँभन्दा बढी लगानी छ । '१ खर्ब ४० अर्ब रुपैयाँ लगानी भएको निर्माण उद्योगलाई पनि यसले ठप्प बनाएको छ,' उनले भने, 'सरकारले समयसापेक्ष निर्णय नगर्दा क्रसर उद्योग बन्द भएका हुन् ।' पुस २० अघिको भन्दा निर्माण सामग्रीको मूल्य तीन दोब्बर बढेको उनको दाबी छ । बढी मूल्य तिरेर पनि ढुंगा, गिट्टी, बालुवा पाउन नसकेको उनले सुनाए ।

'सरकारले वैज्ञानिक एवं व्यावहारिक रूपमा कानुन बनाउनुपर्छ,' सिंहले भने, 'कानुन बनाएर निर्बाध चलिरहेका उद्योगलाई बन्द गराउन अर्को कानुन बनाउनुअघि विवेकपूर्ण रूपमा सोच्न आवश्यक छ । यसले दीर्घकालीन रूपमा कस्तो असर गर्छ, सोच्न जरुरी छ ।' सरकारले बनाएको नीतिनियम अनुसार केही सीमित क्रसर मात्र सञ्चालन हुने उनको भनाइ छ ।

WORLD BANK GROUP
VACANCY ANNOUNCEMENT
**Administrative Officer**
The World Bank Nepal Country Office in Kathmandu seeks to recruit a dynamic professional as an Administrative Officer. This is a three-year term appointment.
The candidate should have Advanced degree, preferably MA/MBA in relevant field with a minimum of 5 years' experience in the Administration, Finance or Operations and at least 3 years in a supervisory capacity acquired in a large international organization or a large national or multinational corporation.
Details (**Job# req20776**) are available in the World Bank Careers website: www.worldbank.org/jobs. All applications **must** be submitted through this website. The World Bank Group is committed to achieving diversity in terms of gender, nationality, culture, and educational background. Individuals with disabilities are equally encouraged to apply.
**Closing date is January 31, 2023.**

VACANCY ANNOUCEMENT
HELEN KELLER INTL
BUSINESS DEVELOPMENT
Helen Keller International is an International non-profit organization (INGO) works to improve the sight and lives of the vulnerable by combatting the causes and consequences of blindness, poor health, and malnutrition through public health approaches, building the capacity of organizations, and contributing to policy changes through systems strengthening and operations research. HKI/ Nepal's nutrition is the largest portfolio. Applications are invited from interested, committed, dynamic team players and experienced Nepali nationals for the following position:

| | |
|---|---|
| **Business Development Consultant - 1 no. (35 days)** | **Summary of Job Purpose:** The Business development consultant is responsible to produce five (5) high quality concept notes from the pool of idea of Helen Keller Intl; to develop comprehensive donor mapping with funding landscape analysis of potential donor prioritizing programs and themes of Helen Keller Intl at present and future. |
| | **Qualifications and experiences:** Individual or organization with at least or more than 7 years of working experience in developing concept notes, proposals, developing donor engagement strategy with excellent ability to write in English; well known the culture of INGO works in Nepal in development and humanitarian sector and knowledge about of relevant opportunities for Nepal in the health and food systems; knowledge about of a range of bilateral, multilateral donors as well as foundation charity including private sector priorities, strategies and funding space in health system, food system and nutrition. Individual or organization proposed team with master's degree or above in public health, social science, agriculture, or related discipline. For detailed Job description and to apply visit hki.org.np/careers by **COB February 1, 2023.** |

**Only short-listed candidates will be contacted for the interview process. HKI reserves the right to close the application before the deadline if a sufficient number of applications have been received and to extend the deadline if needed.**
*Helen Keller International promotes workforce diversity and is an equal opportunity employer*

VACANCY ANNOUNCEMENT
A reputed hydropower company having it's seven operational hydropower projects across Nepal is hiring for various projects and positions as mentioned below:

| SN | Position | Nos. | Requirements |
|---|---|---|---|
| 1. | Senior Electrical Engineer | 2 | 5 years of Experience in Hydropower Sector |
| 2. | Electrical/Civil Engineer | 3 | 2 years of experience in Hydropower Sector |
| 3. | ACCA-Qualified/Semi- Qualified | 2 | 2+years of experience |
| 4. | Surveyor | 2 | 3+ years of experience |
| 5. | Overseer (Electrical/Mechanical/Civil) | 4 | Fresher's can also apply |
| 6. | Sub-Overseer (Electrical) | 8 | Fresher's can also apply |

Salary shall be as per industry standard. Interested and Qualified candidates are requested to apply and submit updated Curriculum -Vitae at careerhpp22@gmail.com before January 30, 2023.

Peace Corps NEPAL
VACANCY ANNOUNCEMENT
(Announcement Number: 23-001)
The United States Peace Corps Nepal seeks experienced and qualified applicants for the full time contracted position of Quality Assurance Specialist, Personal Services Contractor working 40 hours per week.
MINIMUM QUALIFICATIONS REQUIRED:
**Education :** B.S., B.A. or higher degree.
**Prior Work Experience :** Five+ years of professional work experience.
**Language Proficiency :** Professional oral & written English & Nepali proficiency.
**Skills and Abilities :**
- Experience with records management, audit, compliance, project management or Volunteer management.
- Strong background in data standardization, process facilitation and management (organizational development, tracking tasks and processes and ensuring accurate documentation)
- Advanced computer proficiency in MS Office: Windows, Excel, Word.
- Experience working with database management software.
- Demonstrated intercultural competence, diversity, equity, inclusion, and accessibility related skills and experience
- Demonstrated ability to synthetize, interpret, and apply regulations
- Versatility; ability to take initiative to resolve problems
- Detail-oriented and organizational skills
- Demonstrated ability to work effectively in a multi-cultural team
- Strong written and oral communication skills
Experience effectively coordinating complex processes across multiple business units
For the full job advertisement, refer to
**https://np.usembassy.gov/embassy/jobs/**
**TO APPLY:**
Interested candidates should submit their CV, a completed Applicant Questionnaire, and a cover letter in English by email to: **nepaljobs@peacecorps.gov**. Applicants should include salary requirements in the cover letter. Please list "Announcement Number: 23-001, Quality Assurance Specialist" in the subject line of the email. Only complete applications (consisting of a CV and completed Applicant Questionnaire) received by the deadline of **Friday, February 10, 2023 at 5 PM** will be considered.
***The United States Peace Corps is an Equal Opportunity Employer.***

# खागले बर्बाद...

मलेसियामै राहदानी हराएपछि २०६७ चैत ३ मा उनले त्यहाँको नेपाली दूतावासबाट ०५५०२४०८ नम्बरको राहदानी प्राप्त गरी क्वालालम्पुर अन्तर्राष्ट्रिय विमानस्थलबाट उत्तर-पश्चिमको वानतिङस्थित 'हो कु इलेक्ट्रोनिक्स' मा काम गर्दै आएका थिए ।

नेपाल प्रहरीले १० वर्षदेखि खोजिरहेका र इन्टरपोलले समेत रेडकर्नर नोटिस जारी गरेका उनलाई सीआईबीको आग्रहमा मलेसिया प्रहरीले २०७१ माघ १६ मा नक्कली राहदानी प्रयोग गरेको आरोपमा पक्राउ गरी ९ दिनपछि नेपाल फर्काइदिएको थियो । पक्राउ पर्नबाट जोगिन भक्तराज गिरीको नामबाट नक्कली कागजात बनाएर मलेसिया पुगेका राजकुमारलाई नेपाल फर्काएपछि सुरुमा राष्ट्रिय निकुञ्जले हिरासतमा राखेको थियो । ०७२ को संविधान जारी हुनुअघि वन्यजन्तु अपराधका सबै मुद्दाको सुरुआती सुनुवाइ (ट्रायल) निकुञ्जले नै गर्थ्यो तर संविधानले एक वर्षभन्दा बढी कैद हुने कसुरमा सुरुवाती सुनुवाइ जिल्ला अदालतबाट मात्र गर्ने व्यवस्था गरेपछि प्रजाको मुद्दा अदालत पुग्यो । न्यायाधीश टेकनारायण कुँवरले ०७३ मा उनीसहित १० जनालाई १५ वर्ष कैद र एक जनालाई ७ वर्ष कैद हुने फैसला सुनाए ।

फैसलामा 'गैंडा मार्ने योजना बनाउने, बन्दुक-गोलीगट्ठालगायत बन्दोबस्तीका सामान जुटाउने, निकुञ्जमा अवैध रूपमा प्रवेश गरी गैंडा मार्ने, खाग काट्ने, त्यसलाई उसिनेर बिक्रीका लागि तयार पार्ने, बिक्री गर्ने र प्राप्त रकम अन्य व्यक्तिलाई बाँड्ने गरी सुरुदेखि अन्त्यसम्मको आपराधिक कार्यमा प्रजाको प्रत्यक्ष संलग्नता रहेको' उल्लेख छ । यही आरोपमा उनलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले निर्धारण गरेकोमध्ये अधिकतम सजाय तोकिएको थियो । उक्त ऐनमा ५ देखि १५ वर्षसम्म कैद वा ५ लाखदेखि १० लाखसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

फैसलामा प्रजालाई 'गैंडाको चोरी सिकार एवं खागको बिक्री व्यवसायमा संलग्न कुख्यात तस्कर' को रूपमा चित्रण गरिएको छ । उनलाई २१ वटा गैंडाको चोरी-सिकारमा संलग्न भनी फैसलामै किटान गरिए पनि उनले त्यति ठूलो संख्यामा गैंडा मारेको भने प्रमाणित भएको छैन । हालसम्म सात वटा मुद्दामा उनी दोषी पाइएका छन् । जसमध्ये तीन वटामा १५/१५ वर्ष कैद र एक/एक लाख जरिवाना, एउटामा १५ वर्ष कैद मात्र र तीन वटामा १०/१० वर्ष कैदको सजाय हुने फैसला भएको छ ।

चितवनको राप्ती-१० कालीखोलास्थित उनको परिवार भने वर्षौंदेखि चरम गरिबीमा पिल्सिएको र बाँच्नकै लागि रातदिन संघर्ष गरिरहेको छ । राजकुमार जेल परेपछि श्रीमती मोतीमायाको काँधमा वृद्ध सासूसँगै छोरा-बुहारी र तीनवर्षे नातिनीको जिम्मेवारी आइलागेको छ । किशोरावस्थामै रहेका छोरा-बुहारीको कुनै कमाइ छैन । १९ वर्षीय छोराको पढाइ १० कक्षापछि छुट्यो । बालखमै भित्र्याइएकी बुहारीको पढाइ पनि त्यत्तिकै रह्यो ।

'जीवन चलाउनै गाह्रो छ, श्रीमान्लाई जेल हालेका छन्, मजदुरी गरेर पाँच जनाको परिवार पालिरहेकी छु,' मोतीमायाले भनिन्, 'एक पटक जेल बसेर छुटेका गाउँका केटाहरूलाई संस्थाले बाख्रा पालन र अरू कमाउने उद्यममा सहयोग गर्छन् तर जेलमै रहेको मानिसको परिवारलाई भने कसैले नहेर्ने रै'छ ।' उनका अनुसार राजकुमार तीन वर्षदेखि वीरगन्ज कारागारमा छन् । पैसा नभएकै कारण उनले घरबाट करिब १३० किलोमिटर टाढा जेलमा रहेका श्रीमान्लाई भेट्न पाएकी छैनन् । तिहारमा जेलभित्रैबाट राजकुमारले फोन गरेयता कुराकानीसमेत हुन पाएको छैन । 'कुरा गर्न त कत्ति मन लाग्छ नि,' उनी भन्छिन्, 'पैसा नभएर वकिल राख्न सकेनौं । निकुञ्जले जे/जे आरोप लगायो, त्यसैमा फैसला भयो ।'

प्रजालाई जेल पठाउने अदालतको फैसला केलाउँदा उनले आफ्नो प्रतिरक्षाका लागि कोही पनि कानुन व्यवसायी राख्न नसकेको देखिन्छ । उनी दोषी ठहर भएका सातमध्ये केवल एउटा मुद्दामा मात्रै अदालतले नै नियुक्त गरिदिएका वैतनिक वकिल तीर्थराज पोखरेलले प्रजाका तर्फबाट बहस गरेका थिए । वकिल पोखरेलले अदालतको बहसमा प्रजाले सफाइ पाउनुपर्छ जिरह गरेनन् । 'प्रजालाई लगाइएका सबै आरोप उनले स्वीकार गरेर अदालतलाई सहयोग गरेकाले न्यूनतम सजाय होस्' भन्ने मात्र उनको माग थियो । पोखरेलको जिकिरमा अदालत सहमत भएन र उनलाई अधिकतम १५ वर्ष कैद गर्‍यो ।

त्यतिधेरै खाग तस्करी गरी मनग्य पैसा कमाएको आरोप लागेका प्रजाले आफ्नो कानुनी प्रतिरक्षाका लागि वकिल राख्नसमेत किन सकेनन् होला ? कतै उनी वन्यजन्तुका ठूला तस्करहरूले सामान्य रकम दिएर खटाएका भरिया मात्र त थिएनन् ? 'अदालतमा के/के भयो, हामीले थाहै पाएनौं । कति वर्ष जेल बस्नुपर्ने हो ?, कहिले छुटेर आउने हुन् ? आएपछि फेरि अर्को मुद्दामा पक्रिने पो हो कि ? त्यो पनि थाहा छैन,' मोतीमायाले भनिन् ।

**परिवार नै बर्बाद**

राजकुमार प्रजाको परिवार चितवनको शक्तिखोरबाट ४० को दसकमै कोराक सरेको हो । उनका साइँला दाजु रामकुमार पनि गैंडा चोरी-सिकारको आरोप लागेपछि फरार छन् । माइला दाजु बलबहादुर १२ वर्षे सजाय काट्दै छन् ।

गैंडा मारी खाग बेचेको भन्ने सुराकीको सूचनाका आधारमा निकुञ्जको चोरी प्रतिरोध एकाइको संयुक्त गस्ती टोलीले चितवनको साबिक सिद्धि गाविस-२ का सुमन बम्जनलाई ०६७ फागुन ११ मा पक्राउ गरेको थियो । उनले आफूसहित राजकुमार प्रजा, राजकुमारका दाइ बलबहादुर प्रजा, कान्छा भनिने राजकुमार प्रजा (उही नामका अर्कै व्यक्ति), रमेश तामाङ, शेरबहादुर चेपाङ, दिलबहादुर प्रजा र बमे भन्ने बलबहादुर प्रजा (राजकुमारको दाजु नभएर उही नामका अर्को व्यक्ति) लाई पोल गरे । त्यसका आधारमा निकुञ्जले राजकुमारका दाजु बलबहादुरलाई पक्राउ गर्‍यो । उनले अनुसन्धान अधिकृत र इजलाससमक्ष बयान गरे- '०६७ वैशाखमा मसमेत निकुञ्जभित्र गैंडा मार्न गएको र खाग बिक्रीपश्चात् सुमनलाई ५० हजार रुपैयाँ दिएको भनी उनले गरेको बयान झूटो हो । मैले उनलाई चिनेकै छैन । गैंडा मारेको र खाग बिक्री गरेको पनि छैन । किन मलाई पोल गरे थाहा छैन ।'

बम्जनको पोल कति कमजोर थियो भने उनले आफूसँगै ०६७ वैशाख ६ मा गैंडा मार्न र खाग निकाल्न सक्रिय रहेको भनी बयान दिएका ८ जनामध्ये बमे भनिने बलबहादुर प्रजा ०६० साउन १९ मा पक्राउ परी गैंडा मारेको अर्को मुद्दामा कास्की कारागारमा १५ वर्षको जेल सजाय भोगिरहेका थिए । फैसलाको उक्त मिसिल केलाउँदा निकुञ्जले बलबहादुर (राजकुमार प्रजाका माइला दाजु) विरुद्ध बम्जनको पोलबाहेक अन्य कुनै प्रमाण जुटाउन सकेको देखिँदैन । तर पनि चितवन राष्ट्रिय निकुञ्जले ०७२ असार १५ मा फैसला गर्‍यो- 'बलबहादुर प्रजालाई गैंडा मारेको र खाग बिक्री गरेको अभियोगमा १२ वर्ष कैद हुन्छ ।'

०७४ साउनमा उच्च अदालत हेटौंडाले पनि निकुञ्जको फैसलालाई सदर गर्‍यो । ०७१ माघमा पक्राउ परेका बलबहादुर त्यसयता भरतपुर कारागारमा १२ वर्षे कैद सजाय भुक्तान गर्दै छन् । बलबहादुर जेल परेपछि उनकी श्रीमतीले दोस्रो बिहे गरिन् । ६ कक्षा पढ्दै गरेका छोरा आशिषको पढाइ छुट्यो । केही समयपछि आशिषले स्कुल पढ्दाकी सहपाठी कल्पनालाई बिहे गरे । आशिष-कल्पना सानी छोरीका बाउ-आमा बनेका छन् । 'हामीजस्ता गरिबले धेरै पढ्न पाइने रहेनछ । बाँच्नै मुस्किल भएको छ,' बलबहादुरकी बुहारी कल्पनाले भनिन्, 'मेरो बिहेअघिदेखि नै ससुरा जेलमा हुनुहुन्छ । एक्लै घर चलाउन गाह्रो भएर सासूले अर्को बिहे गर्नुभएछ । ससुरा जेलमा कसरी बस्नुभएको छ, थाहा छैन ।'

राजकुमारका जेठा दाजु बलबहादुर गैंडाको खागकै चोरी-सिकारमा संलग्न भएको आरोपमा सात वर्ष जेल बसेपछि निर्दोष साबित भएर छुटेका छन् । उनी वैदेशिक रोजगारीमा साउदी अरब गएर फर्किएका थिए । ०६७ सालको साउन २ मा फेरि साउदी उड्ने तालिका थियो । त्यसअघि असार १४ मा उनी कोराक-९ चिप्लेटी बस्ने ससुरा बिजराम प्रजाको घरमा चर्पी बनाइदिन गए । दलबहादुरका साला काजीमानले बा बिजरामको घरसँगै जोडेर नयाँ घर बनाउँदै थिए । नयाँ घर बनाउन थालेको खुसियालीमा भोज खान उनले दिदी लीलाकुमारी र भिनाजु दलबहादुरलाई पनि बोलाए । खाँदै गर्दा निकुञ्जबाट खटिएका सुरक्षाकर्मीले घर घेरे । काजीमान फुत्किए । दलबहादुर र उनकी श्रीमती लीलासहित जितबहादुर पुन, शक्ति प्रजा, बुद्धिबहादुर प्रजा, दुर्गाबहादुर तामाङ, महेन्द्र गुरुङ, काजीमानकी श्रीमती दिलमायालगायत पक्राउ परे ।

त्यसको दुई साताअघि ०६७ जेठ २८ मा डुमरिया पोस्टदेखि दक्षिणतर्फ गौरमचान नजिक बाँस खोलादेखि करिब २०० मिटर पश्चिम चुरेको घाँच सालघारीमा २० वर्षको भाले गैंडा खाग झिकिएको अवस्थामा मृत भेटिएको थियो । सुराकीका आधारमा सुरक्षाकर्मीले उक्त गैंडालाई जितबहादुर पुन र काजीमानको समूहले मारेको निष्कर्ष निकाले । त्यसैले काजीमानको घरमा छापा हानिएको थियो । काजीमान भागे पनि उनकी श्रीमती दिलमाया, दिदी लीला, भिनाजु दलबहादुर, घर बनाउने मजदुरहरू तामाङ, गुरुङलगायत पक्राउ परे । पछि सुरक्षाकर्मीले पक्राउ परेका व्यक्तिसहित राजकुमार र काजीमानलाई समेत प्रतिवादी बनाएर मुद्दा दायर गर्‍यो । एक महिना हिरासतमा रहेकी लीला निकुञ्जले बोलाएको समयमा हाजिर हुने सर्तमा रिहा भइन् ।

०७० जेठ २९ मा निकुञ्जले फैसला गर्दा करिब तीन वर्ष जेल बसिसकेका दलबहादुर निर्दोष ठहरिए । नेपाल सरकारको पुनरावेदन परेपछि तत्कालीन पुनरावेदन अदालत हेटौंडाले ०७१ माघमा निर्दोष ठहर्‍याएको थियो । (पछि ०७३ चैतमा सर्वोच्च अदालतले पनि उनलाई निर्दोष रहेको ठहर गर्‍यो ।) तर, उनलाई अर्को मुद्दाका प्रतिवादीले पोल गरेको भन्दै तत्कालै पक्राउ गरी निकुञ्जले फेरि १० वर्ष कैद हुने फैसला गर्‍यो । त्यसविरुद्ध उनले उच्च अदालत हेटौंडामा पुनरावेदन गरेकोमा ०७४ को फागुनमा सफाइ पाए । त्यतिन्जेल उनी ०६७ मा पक्राउ परेको मितिबाट सात वर्ष कैद बसिसकेका थिए ।

दलबहादुरका साला काजीमान पछि पक्राउ परे । उनलाई निकुञ्जले ०७० जेठ २९ मा १५ वर्ष कैद र एक लाख जरिवानाको फैसला सुनायो । उनकी श्रीमती दिलमायालाई १० वर्षको कैद र ७५ हजार जरिवाना हुने निकुञ्जको फैसलालाई हेटौंडा उच्च अदालतले ०७१ माघ २७ मा पाँच वर्ष कैद र ५० हजार रुपैयाँमा झारिदियो । काजीमानले पुनरावेदनसमेत नगरी अहिलेसम्म निकुञ्जले तोकेको कैद भुक्तान गरिरहेका छन् ।

'विदेश जान ठिक्क परेको मानिसलाई त्यसै पक्रेर सात वर्ष जेल हालेपछि परिवारको अवस्था चौपट भयो । मलाई पनि एक महिना थुनेर तारेखमा छाडे,' लीलाकुमारी भन्छिन्, 'काजीमान भाइ १५ वर्षका लागि जेलमा छन् । भाइ-बुहारी दिलमाया पनि पाँच वर्ष जेल बसेर छुटिन् । हाम्रो परिवार नै तहसनहस भयो ।'

दलबहादुर जेलमै रहेका बखत उनका कान्छो छोरा ओमप्रकाश बिरामी परे । १० कक्षामा पढ्दै गरेका छोरा सिकिस्त भएपछि लीलाले उपचार गराउन सकिनन् । ०७० असोज ५ मा ओमप्रकाश बिते । 'छोरो उपचार नपाएरै बित्यो । म एक्लैले केही गर्न सकिनँ,' लीलाले भनिन्, 'वकिलले एक पटक बहस गरेको कम्तीमा १५ हजार लिन्थे । बाख्रा बेचेर बल्लतल्ल ५-७ हजार जुटाउँथें । त्यति पैसाले कसरी पुर्‍याउनु ? कहिलेसम्म पुर्‍याउनु ? यहाँबाट हेटौंडा कसरी जानु ? के खानु ? वकिललाई के तिर्नु ? उपचार कसरी गराउनु ? त्यो बेला लिएको ऋण अझै छ ।'

जेल पर्नुअघि वैदेशिक रोजगारीमा गएका दलबहादुर दुई छोरा र एक छोरीलाई पढाउँदै थिए । तर, जेल परेपछि परिवारको आम्दानी ठप्प भयो । सन्तानको पढाइ छुट्यो । छोरीले विवाह गरिन्, जेठो छोरो कुनै काम नगरी हल्लिएर हिँड्छन्, कान्छाको जीवन नै गुम्यो ।

**'शत्रुलाई पनि यस्तो नहोस्'**

वन्यजन्तु अपराधमा नेपालको कानुन अन्य दक्षिण एसियाली देशहरूको भन्दा कडा छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन ०२९ अनुसार पाँचदेखि १५ वर्षसम्म कैद वा पाँच लाखदेखि १० लाखसम्म जरिवाना वा दुवै सजाय हुन्छ । यस्तो कडा कानुनी व्यवस्थाको चर्को मूल्य स्थानीय आदिवासी समुदायले कसरी चुकाइरहेका छन् भन्ने उदाहरण राजकुमार-मोतीमायाको परिवार नै हो । मोतीमायाका श्रीमान् र जेठाजुहरू सबै वन्यजन्तु अपराधसम्बन्धी कडा कानुनको फन्दामा छन् । यसबाट उनको माइती पनि प्रभावित छ ।

मोतीमायाका भाइ वीरबल १५ वर्ष जेल बसेर रिहा भएका हुन् । ०६२ साउन ७ मा पक्राउ पर्दा वीरबल २५ वर्षका थिए । चार छोरा र श्रीमतीसहितको परिवार पाल्न खेती किसानी गर्थे । निकुञ्जमा गैंडा सिकार गर्न जाने समूहलाई बन्दोबस्तीका सामान पुर्‍याउन आफूले सहयोग गरेको उनी स्विकार्छन् । उनले अदालतलाई दिएको बयानमा पनि दुई हजार रुपैयाँ पाउने गरी सिकारीका लागि चाउचाउ, दालमोठ र खाना पकाउने भाँडा बोकेर जंगल गएको तर गैंडा मार्ने र खाग बिक्रीमा संलग्न नरहेको तथा त्यसबापत कुनै लाभ पनि नलिएको बताएका छन् । त्यति गरेका उनलाई १५ वर्ष कैद हुने फैसला भयो । युवा उमेर जेलमै बिताएका उनी सजाय काटेर फर्किंदा परिवार तहसनहस भइसकेको थियो । श्रीमतीले अर्को विवाह गरेकी थिइन् । छोराहरू पढाइ छाडेर बरालिएका थिए । घर नामको सानो छाप्रोको नामोनिसान थिएन ।

'चेपाङले गैंडा मार्‍यो भन्छ, समात्छ, थुन्छ । संकटकालमा पक्राउ परेकाले राम्ररी अनुसन्धान भएन । पाता फर्काएर पिट्थ्यो, सहन नसकेर कबुल गरिन्थ्यो । बाध्यताले कसैको नाम लिइयो भने उनीहरूलाई पनि पक्रन्थ्यो । यस्तो क्रम लामो समय चल्यो,' वीरबल भन्छन्, 'धेरैको घर बिग्रियो, परिवार रहेन, बच्चाको पढाइ छुट्यो । कति उपचार नपाएर मरे ।'

कुनै समय कोराकका धेरै युवा जेलमा थिए । ऊर्जाशील उमेर जेलमै गुमाएका उनीहरू बिस्तारै छुट्दै छन् । वीरबहादुर प्रजा, वीरबल प्रजा, चन्द्रबहादुर प्रजा, मंगलबहादुर प्रजा, दलबहादुर प्रजा, जितबहादुर तामाङ, जितबहादुर बल, दुर्गा रुम्बा, रामचन्द्र प्रजालगायत छुटेका छन् । गाउँका राजकुमार प्रजा, काजीमान प्रजा, रमेश लामा, बलबहादुर प्रजा, शेरबहादुर प्रजा, वीरबहादुर प्रजा, पदमबहादुर प्रजा, जीतबहादुर तामाङ, चन्द्रबहादुर प्रजा, धनलाल प्रजा, दिलमान प्रजा, सहकारी प्रजा, सुकबहादुर प्रजा, देवबहादुर प्रजालगायत कारागारमै छन् ।

'जेल परेकाका परिवार सडकमा पुगेका छन् । कतिका बच्चा दुर्व्यसनमा फसेका छन्, कतिका श्रीमती छैनन् । राजकुमारले त्यत्रा गैंडा मारेर खाग बेचेको हो भने अहिले उसको आर्थिक अवस्था बलियो हुनुपर्ने हैन र ? उसकी श्रीमती मेरी बहिनी हुन् । नुन तेल मागेर खानुपरेको छ । म जाबो भरियालाई १५ वर्ष जेलमा कोच्यो । छुटेर आउँदा घरपरिवारको हालत देखेर क्वाँ क्वाँ रोएको थिएँ,' वीरबल भन्छन्, 'पाँच सय-हजार पाउने आसमा भरिया बनेको मानिसलाई सुध्रने मौकै नदिई त्यत्रो वर्ष थुनेर राज्यले के पायो त ?'

जेलमा पाउने सिदाबापतको दैनिक ४५ रुपैयाँसमेत बचाएर घर पठाउने गरेका वीरबल १५ वर्षे जेल बसाइँपछि घर फर्किंदा परिवार नै थिएन । भन्छन्, 'भाग्यमा यस्तै रहेछ । जेल कट्यो, जीवन पनि कट्यो । शत्रुलाई पनि यस्तो नहोस् ।'

नेपालमा वन्यजन्तु अपराधमा मुछिनेहरू अधिकांश गरिब रहेको र उनीहरूले त्यसको चर्को मूल्य चुकाउनु परिरहेको अधिवक्ता राजु चापागाईं बताउँछन् । 'निकुञ्ज आसपासका आदिवासी समुदायको गरिबीको फाइदा उठाउँदै संगठित तस्करहरूले संरक्षित वन्यजन्तुको सिकार र अंग ओसारपोसारका लागि भरियाका रूपमा प्रयोग गरेका छन्,' उनी भन्छन्, 'वास्तविक अपराधीले उन्मुक्ति पाइरहने यो प्रवृत्तिले नेपालको फौजदारी न्याय प्रणालीलाई गरिबीको कोणबाट समीक्षा गर्नुपर्ने ठाउँमा ल्याइपुर्‍याएको छ ।'

**को–को छन् जेलमा ?**

वन्यजन्तु अपराधमा मुछिएर जेल परेकाहरू को होलान् ? अनुसन्धाता कुमार पौडेलसहित तीन जनाले सन् २०१९ को नोभेम्बरमा एक जर्नलमा प्रकाशित गरेको आलेखमा यो प्रश्नको रोचक जवाफ भेटिन्छ । ३८४ जना कैदीसँगको कुराकानीमा आधारित उक्त आलेखमा जेलपरेकामध्ये ६१ प्रतिशत गैंडाको सिकार र खाग ओसारपोसारको आरोप लागेकाहरू थिए । जसमध्ये आधाभन्दा बढी (५६ प्रतिशत) गरिब थिए, एक तिहाइ (३२ प्रतिशत) निरक्षर थिए, ७५ प्रतिशत ऐतिहासिक रूपमै बहिष्करणमा पारिएका सीमान्तकृत आदिवासी समुदायका थिए । जबकि नेपालको जनसंख्यामा आदिवासी समुदायको हिस्सा एक तिहाइभन्दा कम छ । वन्यजन्तु अपराधमा जेल परेका बहुसंख्यक व्यक्तिले प्रतिनिधित्व गर्ने यस्तो विशिष्ट समूह (गरिब, निरक्षर, आदिवासी) ले वन्यजन्तु अपराधसम्बन्धी नेपालको कडा कानुनको असामन प्रयोगलाई प्रस्ट पारेको छ । जेल परेकामध्ये ६९.८ प्रतिशतले आफूलाई सम्भावित सजायबारे पहिले थाहा नभएको बताएका छन् ।

नेपालका ७४ कारागारमध्ये ३८ वटामा वन्यजन्तु अपराधसँग जोडिएका कैदी पनि छन् । अधिकांश कारागारमा यो अपराधमा मुछिएका व्यक्तिहरूको हिस्सा थोरै (०.१ देखि ३.३ प्रतिशतसम्म) छ । तर, चितवन कारागारमा २१.१, बर्दियामा ९.६ र रसुवामा ६.४ प्रतिशत कैदी वन्यजन्तु अपराधका छन् । उक्त आलेखअनुसार उनीहरूमध्ये अधिकांशले आफू जेल परेपछि 'बच्चाको पढाइ छुटेको, श्रीमतीसँग सम्बन्धविच्छेद, परिवारले पुर्ख्यौली सम्पत्ति बेच्नुपरेको, सामाजिक प्रतिष्ठा गुमेको, परिवारका सदस्यले धर्म परिवर्तन गर्नुपरेको तथा छोराछोरीको बिहे हुन नसकेको' जस्ता समस्या औंल्याएका छन् । तीमध्ये एकले आफू जेल परेपछि परिवारका एकजनाले आत्महत्या गरेको उल्लेख गरेका छन् ।

'संसदीय समिति वा राष्ट्रिय मानवअधिकार आयोगले यसबारे राष्ट्रिय इन्क्वायरी गर्नुपर्ने आवश्यकता देखिन्छ,' अधिवक्ता चापागाईं भन्छन्, 'आवश्यक परेछ भने कानुनमै परिवर्तन गर्नुपर्ने हुन सक्छ ।' वन्यजन्तु अपराधसँग सम्बन्धित चितवन जिल्ला अदालतका ३० वटा फैसला केलाउँदा निकुञ्ज नजिकका आदिवासीलाई वन्यजन्तुको चोरी सिकारमा संलग्न भएको आरोपमा अभियोजन भएको छ र अधिकांश मुद्दामा अधिकतम सजाय दिइएको छ ।

प्रहरीले घरबाटै २० वटा बाघका दाह्रा बरामद गरेको काठमाडौंका लोडु डिमे निष्फिक्री घुमिरहेका छन् । पत्रकारको आवरणमा रहेर नेपालमा दुर्लभ वन्यजन्तुको अंग संकलन गर्दै आएका अमेरिकी नागरिक इयान बेकर कानुनको पन्जा बाहिरै छन् । १६ वर्ष पहिले नेपाल-चीन सीमाक्षेत्रमा भएको अहिलेसम्मकै ठूलो अप्रेसनमा मुछिएका निटुप लामा पनि अहिलेसम्म उम्किएका छन् । संविधानले नै हरेक व्यक्तिलाई आफूमाथि लागेको अभियोगमा रोजेको कानुन व्यवसायीमार्फत अदालतमा प्रतिरक्षा गर्न पाउने अधिकार दिएको छ । तर, राजकुमार प्रजा र उनको परिवार जस्तै अधिकांशले आर्थिक अभावका कारण कानुन व्यवसायीमार्फत प्रतिरक्षा गर्न सकेका छैनन् ।

## सिकारीले मारे २ गैंडा

नवलपुर (कास)- चितवन राष्ट्रिय निकुञ्जको पश्चिम सेक्टरमा शुक्रबार दुइटा गैंडा मृत फेला परेका छन् । दुईमध्ये एउटा माउ गैंडाको खाग काटेर लगिएको अवस्थामा भेटिएको छ । चोरी सिकारीको संगठित समूहले गैंडा मारेर खाग लगेको हुन सक्ने प्रहरीको शंका छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार मध्यबिन्दु-२ सेहरीनजिक नारायणी नदीको भँगालोमा गैंडा मृत भेटिएका हुन् । गैंडा मारिएको स्थानमा विद्युतीय तारसमेत फेला परेकाले करेन्ट लगाएर मारिएको हुन सक्ने एसपी भुवनेश्वर तिवारीले बताए । घटनाबारे निकुञ्जले अनुसन्धान सुरु गरेको जनाएको छ । चितवनको माडी क्षेत्रमा अघिल्लो वर्षको साउन ११ मा सिकारीले एउटा गैंडा मारेका थिए । उक्त गैंडाको पनि यसैगरी खाग काटेर लगिएको थियो । निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार शुक्रबार मारिएको अवस्था फेला परेका गैंडामा एउटा पोथी र अर्को सानो भाले छ । माउ गैंडा अन्दाजी १४ वर्षको र बच्चा ४ वर्षको हुनुपर्ने अनुमान छ । सिकारीले मारेको शंकापछि गैंडाको सुरक्षाबारे चिन्ता सुरु भएको छ । चितवन निकुञ्जमा हाल ६ सय ९४ गैंडा छन् । नेपालभरि ७ सय ५२ गैंडा छन् ।

# ती पाइलट...

आफन्तजन गुम्दा कैयौं परिवार आर्थिक संकटमा धकेलिएका छन् । त्यतिमात्र होइन सामाजिक रूपमा एक्लिएका छन् । प्रत्येक दुर्घटनाले टुहुरा बालबालिका, एक महिला, बुढेसकालमा सहाराविहीन हुनेको संख्या बढाइरहेको देखिन्छ ।

एउटा पाइलट तयार गर्न तालिममा मात्र कम्तीमा डेढदेखि ३ करोड रुपैयाँ खर्च हुन्छ । 'अहिले नेपालका दुर्गम भेगमा उड्ने ट्वीनअटर र डोर्नियरको आईपी (प्रशिक्षक पाइलट) विकास हुनै सकेको छैन,' वायुसेवा सञ्चालक संघका एक सदस्यले भने, 'दुर्गममा उड्ने विमानका लागि प्रशिक्षक पाइलट तयार हुनै वर्षौं लागिरहेको छ । त्यसमाथि न्यूनतम ८ लाख रुपैयाँसम्म तलब प्रस्ताव गर्दा पनि पर्याप्त छैनन् । इन्डस्ट्रीले भएकालाई पनि निरन्तरता दिन सकिरहेको छैन । उनीहरू अत्याधुनिक सुविधा भएका ठूला जहाजतर्फ 'मुभ' भइरहेका छन् ।'

हवाई क्षेत्रमा हुने दुर्घटना न्यूनीकरणमा राज्यको ध्यान केन्द्रित नभए अबको केही वर्षपछि निजी क्षेत्र दुर्गम उडानबाटै पलायन हुन सक्ने खतरा रहेको दुई दशकदेखि आन्तरिक हवाई उडानमा संलग्न एक सीईओले भने । विदेशी वायुसेवाका लागि समेत पाइलट अभाव 'मुख्य समस्या' छ । 'संसारभर सर्वाधिक हवाई गन्तव्य बनाएको अमेरिकाको युनाइटेड एयरलाइन्सले भन्ने गरेको छ- बरु दुर्घटनामा जहाज गुमाउनुपरोस्, पाइलट नपरोस्,' अवकाशप्राप्त पाइलट डीआर निरौलाले भने, 'वायुसेवा कम्पनीमा वर्षौं लगाई हजारौं घण्टा आकाशमा उडिसकेका सिपालु क्याप्टेन तथा प्रशिक्षक पाइलटको महत्त्व कति हुन्छ भनेर युनाइटेडले भन्ने गरेको स्टेटमेन्टले देखाउँछ ।'

नेपालमा विज्ञान विषयमा उच्च शिक्षा सकेपछि कम्तीमा ७५ लाखदेखि १ करोड रुपैयाँ लगानी गरी डेढ वर्ष हाराहारीको तालिम लिन अमेरिका, फिलिपिन्स, दक्षिण अफ्रिकालगायत देश पुग्नुपर्छ । त्यहाँबाट स्वदेश फर्किने जनशक्ति सबैभन्दा पहिले निजी वायुसेवामा व्यावसायिक उडानका लागि भर्ना हुन पुग्छन् । एकल इन्जिन भएको जहाज उडाउने तालिम उत्तीर्ण गरेर आएकालाई यहाँ जहाजको प्रकारअनुसार 'टाइप-रेटिङ' तालिमलगायतमा वायुसेवाले ५० लाख रुपैयाँ हाराहारी खर्च गर्छ । त्यसपछि मात्रै उनीहरू क्याप्टेनसँग उड्न योग्य बन्छन् ।

प्रशिक्षक पाइलटको अनुभवसमेत भएका निरौलाका अनुसार एक जना 'फ्रेस को-पाइलट' तालिम लिई नेपाल फर्किंदा १ करोड रुपैयाँ लगानी भइसकेको हुन्छ । त्यस्ता को-पाइलट क्याप्टेन हुन झन्डै ५ वर्ष लाग्छ । यो अवधिमा उसले कम्तीमा २५ सय घण्टा आकाशमा बिताइसकेको हुनुपर्छ । क्याप्टेन हुँदासम्म व्यक्तिगत तालिम र निजको लगानीमात्रै न्यूनतम अढाई करोड पुग्छ ।

वायुसेवाकै एक चार्टर्ड एकाउन्टेन्टका अनुसार नेपालमा रहेका हरेक वायुसेवाले अरू मुलुकले जस्तै पाइलटलाई ६/६ महिनामा तालिमका लागि विदेश पठाउनैपर्छ, यो अन्तर्राष्ट्रिय नियम छ । अन्तर्राष्ट्रिय उड्डयन संगठनले बनाएको यो बाध्यकारी मापदण्ड हो । यसको पालना भए/नभएको हेर्न हरेक देशको सिभिल एभिएसन प्रणाली हुन्छ । यस्तो तालिममा वर्षमा दुई पटक पठाउँदा एउटा पाइलटका लागि वार्षिक न्यूनतम १२ लाख रुपैयाँसम्म लगानी हुने बुद्ध एयरका प्रबन्ध निर्देशक वीरेन्द्रबहादुर बस्नेतले बताए । वायुसेवाले स्वदेशमा दिने 'सिमुलेटर' तालिम, ककपिट तथा ग्राउन्ड प्रशिक्षण र अन्य तालिम प्राप्त गरेर निश्चित घन्टा उडाइसकेका अनुभवी क्याप्टेन त्यसपछि मात्रै प्रशिक्षक पाइलट हुन्छन् । 'यो श्रेणीमा पुग्न नियमित उडान गर्दै जाँदा एक जनाले कम्तीमा १० वर्ष बिताउनुपर्छ भने तालिममा मात्रै ३ करोड रुपैयाँ लगानी भइसक्छ,' निगमको एयरबसका एक वरिष्ठ पाइलटले भने ।

नेपालमा सर्वाधिक जहाज भएको बुद्ध एयरका प्रबन्ध निर्देशक बस्नेत वायुयान दुर्घटनापछि पाइलटको क्षतिको हिसाबै गर्न नसकिने बताउँछन् । 'पाइलटहरूको क्षतिको हिसाब नै अमूर्त हुन्छ । दुर्घटनामा क्याप्टेन वा प्रशिक्षक पाइलट गुमाउनु भनेको कुनै पनि वायुसेवाले दसौं करोड मूल्यको अनुभव तथा योग्यता गुमाउनुसरह हो,' उनले भने ।

विमान दुर्घटनाले कम्पनीको ब्रान्डमा असर गर्नुका साथै दुर्गम क्षेत्रमा आवश्यक अनुभवी क्याप्टेनको अभाव बढ्दै गएको आन्तरिक वायुसेवाको दुर्गम उडान गर्ने एक क्याप्टेन बताउँछन् । 'ब्रान्डमा असर पर्ने र यात्रुको विश्वसनीयतामा कमी हुने त छँदै छ,' उनले भने, 'दुर्गम तथा हिमाली रुटमा पछिल्ला वर्ष ३० भन्दा बढी विमानस्थल छन्, तर त्यहाँ सेवा दिने चार वायुसेवामा जहाजको संख्या १० पनि छैन । यस हिसाबले अबका केही वर्षपछि दुर्गममा व्यावसायिक उडान नै नहोला कि भन्ने देखिन्छ । त्यसमाथि जहाज उडाउने दक्षता भएका अनुभवी क्याप्टेन र प्रशिक्षक पाइलटको अभाव बढ्दो छ ।'

दुर्घटनापछि गुमेका दक्ष जनशक्तिको अभाव पूर्ति गर्न नेपालको वायुसेवा क्षेत्रलाई वर्षौं लाग्ने अर्का एक पाइलटले बताए । 'तीसको दशकसम्म भारतीय पाइलटको दबदबा थियो, त्यसबाट मुक्त भएर तयार भएको जनशक्ति गुम्दा भएको क्षतिको लेखाजोखा गर्नै सकिन्न,' उनले भने, 'यस्तो जनशक्ति तयार गर्न अब नेपालको वायुसेवा क्षेत्रलाई वर्षौं लाग्नेछ ।'

# सांसद कोइरीलाई...

महोत्तरी-१ बाट निर्वाचित कोइरीले पुस ७ मा प्रतिनिधिसभा सदस्यको शपथ लिएका थिए । कोइरी मधेस आन्दोलनका बेला सशस्त्र प्रहरीका सहायक निरीक्षक थमन विकको हत्यासम्बन्धी मुद्दामा उच्च अदालतबाट थुनामा राख्न आदेश सुनाइएका व्यक्ति हुन् । २०७२ भदौ २५ मा आन्दोलनकारीको कुटाइबाट गम्भीर घाइते भएका विकलाई उपचारका लागि जनकपुर लैजाने क्रममा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको थियो । उक्त घटनामा मुद्दा चलेपछि जिल्ला अदालत महोत्तरीले ०७६ असोज २ मा कोइरीलाई १ लाख रुपैयाँ धरौटीमा छाड्ने आदेश दिएको थियो । जनकपुर उच्च अदालतले ०७७ मंसिर १९ मा जिल्लाको आदेश उल्ट्याएर कोइरीलाई थुनामै राखेर मुद्दा अघि बढाउन आदेश दियो । त्यसयता उनी फरारको सूचीमा छन् ।

प्रतिनिधिसभा सदस्यको शपथग्रहणकै दिन प्रहरी प्रधान कार्यालयले संसद् सचिवालयलाई पत्र लेखेर फरारको सूचीमा रहेका कोइरीलाई संसद्को कामकारबाहीमा संलग्न नगराई सहयोग गरिदिन आग्रह गरेको थियो । प्रहरीको पत्रपछि पनि कोइरी प्रधानमन्त्रीलाई विश्वासको मत दिन बैठकमा सहभागी भएका थिए । यसअघि सांसद कोइरी संसद् बैठकमा उपस्थित भइरहँदा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेले कुनै कारबाही बढाउन नसकेको भन्दै कांग्रेस सांसदहरूले प्रश्न उठाएका थिए ।

इन्द्रै बिन्ती गरुन झुकेर पदमा त्यो बिन्ती सुन्दैन त्यो
आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो

भावपूर्ण श्रद्धाञ्जली

जन्म
२००८ भाद्र २६



स्वर्गारोहण
२०७९ पौष २५

स्व. ई. आनन्द कुमार बाटाजु

यही २०७९ साल पौष २५ गते सोमबारका दिन हाम्रा भाई/दाई/पति/पिता/हजुरबुबा ई. आनन्द कुमार बाटाजुको असामयिक स्वर्गारोहण भएको हुँदा स्वर्गीय आत्माको चीरशान्तिका लागि परमेश्वरसँग प्रार्थना गर्दछौं । साथै यस दुःखद घडीमा समवेदना प्रकट गर्नु हुने सम्पूर्ण मान्यजन, नाता, कुटुम्ब, इष्टमित्र तथा छिमेकीहरुप्रति हार्दिक कृतज्ञता अर्पण गर्न चाहन्छौं ।

श्रीमती
बिन्दु देवी बाटाजु

छोरा/बुहारी
डा. सन्तोष/डा. समा बाटाजु

छोरी/ज्वाँईहरु
कृपा/सरोज प्रधान
कृती/सुधिर श्रेष्ठ

दाजु/भाउजु
डा. बसन्तकुमार/निर्मला बाटाजु

भाइ/बुहारी
भरतकुमार/कमला बाटाजु
प्रदिपकुमार/चम्पा बाटाजु
अर्जुनकुमार/राज्य लक्ष्मी बाटाजु

दिदी/भिनाजु
देबकुमारी राजभण्डारी
कदमकुमारी/रामेश्वर राजभण्डारी

बहिनी/ज्वाँई
रेणुका/रघुनाथ राजभण्डारी

भतिजी/ज्वाँईहरु
डा. अनुपमा बाटाजु
पुजा/उपेन्द्र जोशी
रोजिना/शशिमोहन श्रेष्ठ
सविना/विशाल श्रेष्ठ
अनिशा/मिलन बस्नेत

भतिजा/बुहारीहरु
डा. शिशिर/डा. रुवी बाटाजु
डा. हेमन्त/डा. सुनिती बाटाजु
डा. पुजन/डा. निजा बाटाजु
मनिष/प्रतिजा बाटाजु
ई. अनमोल/हविका बाटाजु
अनिश/बिन्दु बाटाजु

नाति/नातिनीहरु
अभि, स्वेभ, सुमेधा, उज्मा, श्रेय, सौर्य, सोहन, सामर्थ, रिजन, प्रिषा, साचरा, श्रीनिका, प्रिष्टी, अधृत, आयरा, अग्रीमा, दीक्षा, आयुष्टाइन

हार्दिक समवेदना



जन्म:
१९९३/०५/०८

स्वर्गारोहण:
२०७९/०९/२५

स्व. तुलसी राम निरौला

कान्तिपुर पब्लिकेशन्स्को वितरण विभागमा कार्यरत सहकर्मीद्वय प्रलाद निरौला र राम प्रकाश निरौलाका पूजनीय पिता **तुलसी राम निरौला**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

कान्तिपुर पब्लिकेशन्स् लि. परिवार

# कृषि विकास बैंक लिमिटेड ५६ औं वर्षमा प्रवेश

**हामी यस घडीसम्म आइपुग्न आ–आफ्नो क्षेत्रबाट सहयोग पुर्‍याउनुहुने समस्त ग्राहक वर्ग, कर्जाग्राही, शेयरधनी महानुभावहरु, नेपाल सरकार, नेपाल राष्ट्र बैंक एवं नियामक निकायहरु लगायत सबै शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा अझ स्तरीय सेवा दिने प्रण गर्दछौं ।**

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
५६ औं
वार्षिकोत्सव
२०७९

---

प्रधानमन्त्री

काठमाडौं, नेपाल



## शुभकामना

कृषि विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको ५६औं वर्ष प्रवेश गर्न लागेको अवसरमा बैंक परिवार एवम् समस्त ग्राहक, उद्यमी, व्यवसायी लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

देशको बहुसंख्यक जनसंख्या कृषि क्षेत्रमा आबद्ध छन् । कृषि विकास बैंक लिमिटेडले किसान, उद्यमी तथा व्यवसायीहरुलाई सहज रुपमा कर्जा उपलब्ध गराई कृषि क्षेत्रको व्यावसायिक विकास तथा प्रबर्द्धनका लागि गरेका प्रयासहरु प्रशंसनिय छन् । ग्राहकहरुलाई सबै किसिमका बैंकिङ सेवाहरु उपलब्ध गराई तथा देशमा बैंकिङ सेवाको पहुँच ग्रामीणस्तरसम्म विस्तार गरी कृषकहरुको जीवनस्तर सुधार गर्न सहयोग गर्दै आएको यस बैंकले मुलुकको कृषि क्षेत्रको विकासमा आफ्नै विशिष्ट पहिचान राख्न सफल भएको छ ।

बैंकले नेपाल सरकारमार्फत् संचालन भइरहेको वित्तीय क्षेत्रका गरिबी निवारण, ग्रामीण अर्थतन्त्रको विकास एवम् विस्तार, विपन्न वर्गको उत्थान, वित्तीय साक्षरता प्रवर्द्धन, कृषिलगायतका उत्पादनशील क्षेत्रमा सहुलियतपूर्ण कर्जा प्रवाहमा योगदान पुर्‍याउँदै आएको छ । उद्यम व्यवसाय गर्न चाहने युवा वर्गलाई सहज रुपमा आवश्यक कर्जा उपलब्ध गराई उनीहरुको सीप, क्षमता र उद्यमशीलतालाई मुलुकको विकासमा लगाउन उत्प्रेरित गर्ने विषयमा यस बैंकले जोड दिनुपर्दछ ।

कृषि विकास बैंक लिमिटेडले विगत पाँच दशकदेखि मुलुकको ग्रामीण भेगदेखि शहर बजारसम्मका आम जनसमुदायको बचतलाई परिचालन गरी कृषिलगायत उत्पादनशील क्षेत्रमा पूँजी प्रवाह गर्न योगदान पुर्‍याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु । मुलुकको अर्थतन्त्रको महत्वपूर्ण खम्वाको रुपमा रहेको कृषि क्षेत्रको थप आधुनिकीकरण, व्यवसायीकरण र विविधीकरण गर्दै यस क्षेत्रमा आय र रोजगारी प्रवर्द्धन गर्न तथा सेवालाई विस्तार गरी सीमान्तकृत वर्ग र क्षेत्रका किसानलाई लाभान्वित तुल्याउन बैंकले अग्रणी भूमिका निर्वाह गर्ने विश्वास लिएको छु ।

अन्त्यमा कृषि विकास बैंक लिमिटेडलाई आजको प्रतिस्पर्धात्मक युगमा अन्य वाणिज्य बैंकहरुसँगै आफूलाई प्रतिस्पर्धामा खरो उत्रन तथा आधुनिक प्रविधिको माध्यमबाट देशको दूर–दराजसम्म सेवा विस्तार गरी सर्वसाधारण जनताको घर आँगनको बैंकको रुपमा स्थापित हुन सफलता प्राप्त होस् भन्ने शुभेच्छासहित बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

मिति : २०७९ माघ ७

पुष्प कमल दाहाल 'प्रचण्ड'
प्रधानमन्त्री

---

नेपाल सरकार
**अर्थ मन्त्रालय**

मा. विष्णुप्रसाद पौडेल
उपप्रधानमन्त्री तथा अर्थमन्त्री

सिंहदरवार, काठमाडौं
नेपाल



## शुभकामना

कृषि विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको ५६ औं वर्ष प्रवेश गर्न लागेको सुखद अवसरमा समस्त बैंक परिवारलगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ग्रामिण इलाकादेखि शहर बजारसम्म वृहत्तर रुपमा आम–जनसमुदायलाई सम्पूर्ण बैंकिङ सेवा उपलब्ध गराउने लक्ष्यका साथ अग्रसर कृषि विकास बैंक लिमिटेडले बैंकिङ व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुर्‍याउँदै आएको योगदान प्रशंसनिय छ ।

बैंकले नेपाल सरकारद्वारा संचालन भइरहेका आर्थिक गतिविधिको विकास एवं विस्तारका लागि उपलब्ध गराउँदै आएको अनुदानसहितको सहुलियतपूर्ण कर्जालाई आगामी दिनमा पनि उत्पादनशील क्षेत्रमा अझ प्रभावकारी रुपमा प्रवाह गर्दै लैजाने छ भन्ने विश्वास लिएको छु । बैंकले सूचना प्रविधिको माध्यमबाट कृषक तथा कृषि क्षेत्रमा सेवा विस्तार गर्ने कार्यमा अग्रणी भूमिका खेल्नेछ भन्ने कुरामा म विश्वस्त छु ।

अन्त्यमा, आगामी दिनमा बैंकले अझ प्रभावकारी रुपमा निक्षेप परिचालन गर्दै उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गरी गुणस्तरीय एवम् विश्वसनिय सेवा प्रवाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । वित्तिय अनुशासनको पालना गर्दै रोजगारी सिर्जना, गरिबी निवारण र ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा बैंकले सफलता प्राप्त गर्दै जाओस् भन्ने कामना गर्दछु । आफूलाई सर्वसाधारणको घर आँगनको बैंकका रुपमा चिनाउँदै आएको कृषि विकास बैंक लिमिटेडको उत्तरोत्तर प्रगतिको कामना समेत गर्दछु ।

७ माघ, २०७९

उपप्रधानमन्त्री तथा अर्थमन्त्री

---

**नेपाल राष्ट्र बैंक**

गभर्नर
Governor

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं



## शुभकामना

कृषि विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको ५५ वर्ष पूरा गरी ५६ औं वर्ष प्रवेश गरेको सुखद अवसरमा समस्त बैंक परिवारप्रति हार्दिक शुभकामना व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

नेपालको अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको कृषि क्षेत्रमा वित्तीय सेवा प्रवाह गर्ने मुख्य उद्देश्यका साथ स्थापित यस बैंकले कृषिको व्यावसायीकरण, उत्पादन अभिवृद्धि, ग्रामीण रोजगारी सिर्जना, बैंकिङ सेवाको पहुँच विस्तार एवम् गरिबी न्यूनीकरणका क्षेत्रमा पुर्‍याएको योगदान सराहनीय छ । बैंकले कृषि क्षेत्रमा आवश्यक कर्जा लगानीमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आइरहेको छ । कृषकहरुको लागि आवश्यक कर्जा व्यवस्थापनका साथै कृषि तालिममार्फत् कृषकको क्षमता अभिवृद्धि गर्दा कृषि उत्पादकत्व बढ्ने र समग्र अर्थतन्त्रको विकास र विस्तारमा योगदान पुग्ने अपेक्षा गर्न सकिन्छ । यस बैंकले कृषि कर्जा उपयोग गर्न कृषि बण्ड जारी गरेको र किसानलाई सहजै कर्जाको लागि किसान कार्ड जारी गरी सेवा प्रवाह गर्दै आएको छ । नेपाल सरकार र नेपाल राष्ट्र बैंकले परिलक्षित गरेका कार्यक्रमहरुको कार्यान्वयनमा समेत सहयोग पुर्‍याउँदै आएको र भविष्यमा समेत सोमा निरन्तरता हुने विश्वास व्यक्त गर्दछु । आजको प्रतिस्पर्धी वित्तीय बजारमा बैंकले कुशल, प्रतिस्पर्धी, नवीनतम् तथा आधुनिक बैंकिङ सेवा प्रवाह गर्दै तोकिएको उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाहमा प्राथमिकता दिई एक सबल वाणिज्य बैंकको रुपमा उल्लेखनिय भूमिका निर्वाह गर्नेछ भन्ने मलाई विश्वास छ ।

आगामी दिनमा यस बैंकले उपलब्ध प्रविधि, पूर्वाधार, जनशक्ति व्यवस्थापन तथा शाखा सञ्जालको उपयोग गरी सबल वित्तीय स्थिति कायम गर्दै संस्थागत सुशासन एवम् उच्च कार्यदक्षतामार्फत् उत्तरदायित्वपूर्ण वित्तीय सेवा प्रवाह गरी अर्थतन्त्रको विकासमा मार्गदर्शक तथा कृषि क्षेत्रको अगुवा बैंकको भूमिका निर्वाह गर्ने आशाका साथ वार्षिकोत्सवको यस पावन अवसरमा पुनः शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७९ माघ ७

(महा प्रसाद अधिकारी)

---

नेपाल सरकार
**अर्थ मन्त्रालय**

सिंहदरवार, काठमाडौं
नेपाल

पत्र संख्याः
च. नं.



## शुभकामना

कृषि विकास बैंक लिमिटेडले आफ्नो स्थापनाको ५६ औं वर्ष प्रवेश गर्न लागेको सुखद अवसरमा बैंकलाई यस अवस्थासम्म ल्याई पुर्‍याउन महत्वपूर्ण योगदान पुर्‍याउने समस्त बैंक परिवारलगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

कृषि विकास बैंकले ग्रामीण इलाकादेखि शहर बजारसम्म बृहत्तर रुपमा आम–जनसमुदायलाई सम्पूर्ण बैंकिङ सेवा उपलब्ध गराउने लक्ष्य लिएको र सोही अनुसार बैंकिङ व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । नागरिकको घर आँगनको बैंकको रुपमा आफूलाई चिनाउँदै नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुर्‍याएको योगदान प्रशंसनीय छ । बैंकले आफ्नो उद्देश्यअनुसार सर्वसाधारणको निक्षेप अधिकाधिकरुपमा परिचालन गरी कृषि तथा अन्य उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्ने कार्यलाई थप प्रभावकारी रुपमा अगाडि बढाउँदै लैजानेछ भन्ने विश्वास लिएको छु । सूचना प्रविधिको माध्यमबाट सेवा विस्तार गरी आमजनताका लागि वित्तीय पहुँचको सुनिश्चितता गर्ने, वित्तीय सुशासन कायम गर्ने, संस्थागत सुशासन प्रवर्द्धन गर्ने, आफ्नो क्षमता अभिवृद्धि गर्ने र अन्य वाणिज्य बैंकहरुसँग स्वच्छ प्रतिस्पर्धा गरी सबल र सक्षम संस्थाको पहिचान बनाउने छ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, बैंकले आगामी दिनमा वित्तीय अनुशासनको पूर्ण पालना गर्दै बैंकिङ व्यवसायमा विश्वव्यापीरुपमा अवलम्बन भएका/गरिएका उत्कृष्ठ अभ्यास भित्र्याउँदै आधुनिक बैंकिङ प्रणालीमार्फत् वित्तीय पहुँच विस्तार गर्न, कृषिजन्य उत्पादनमा लगानी बढाउन, गुणस्तरीय एवं विश्वसनिय सेवा प्रवाह गर्ने कार्यमा अग्रणी भूमिका खेल्न सक्षम रही आफ्नो लगानी विविधीकरणबाट रोजगारी सिर्जना, गरिबी निवारण तथा ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा सफलता प्राप्त गर्न सकोस् भनी उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

मितिः २०७९ माघ ७

तोयम राया
सचिव

---

नेपाल सरकार
**अर्थ मन्त्रालय**

सिंहदरवार, काठमाडौं
नेपाल

पत्र संख्याः
च. नं.



## शुभकामना

कृषि विकास बैंक लि. ले आफ्नो स्थापनाको ५६ औं वर्ष प्रवेश गर्न लागेको सुखद अवसरमा समस्त बैंक परिवार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ग्रामीण ईलाकादेखि शहर बजारसम्म आम–जनसमुदायलाई बैंकिङ सेवा उपलब्ध गराउने लक्ष्यका साथ अग्रसर कृषि विकास बैंक लि. ले बैंकिङ व्यवसायको माध्यमबाट देशको आन्तरिक स्रोत परिचालन गर्ने कार्यमा अहम् भूमिका निर्वाह गर्दै आएको छ । नेपालको कृषि क्षेत्रको विकासका साथै समग्र वित्तीय क्षेत्रको विस्तारका लागि यस बैंकले पुर्‍याउँदै आएको योगदान प्रशंसनिय छ ।

बैंकले नेपाल सरकारद्वारा उपलब्ध गराउँदै आएको अनुदानसहितको सहुलियतपूर्ण कर्जालाई आगामी दिनमा पनि उत्पादनशील क्षेत्रमा थप प्रभावकारी रुपमा प्रवाह गर्दै लैजाने छ भन्ने विश्वास लिएको छु । खासगरी कृषि क्षेत्रमा अझै पनि जनसंख्याको ठूलो हिस्सा आबद्ध रहेको हुँदा बैंकले आफ्नो मौलिक पहिचान अनुकूल हुने गरी कृषि क्षेत्रमा लगानी विस्तार गरी मुलुकको आर्थिक समृद्धिमा योगदान पुर्‍याउनेछ भन्नेमा म विश्वस्त छु । आम जनताका लागि वित्तीय पहुँचको सुनिश्चितता गर्दै यस बैंकले अन्य वाणिज्य बैंकहरुसँग प्रतिस्पर्धा गरी क्षमता अभिवृद्धि गर्दै सूचना प्रविधिको माध्यमबाट सेवा विस्तार गर्ने कार्यमा अग्रणी भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, आगामी दिनमा बैंकले अझ प्रभावकारी रुपमा निक्षेप परिचालन गर्दै उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह गरी गुणस्तरीय एवं विश्वसनीय सेवा प्रवाह गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु । वित्तीय अनुशासनको पालना गर्दै रोजगारी सिर्जना, गरिबी निवारण र ग्रामीण क्षेत्रका विपन्न वर्गको उत्थान गर्ने कार्यमा बैंकले सफलता प्राप्त गर्दै जाओस् भन्ने कामना गर्दछु । आफूलाई सर्वसाधारणको घर आँगनको बैंकका रुपमा चिनाउँदै आएको कृषि विकास बैंक लि. को उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

मिति : २०७९ माघ ७

डा. राम प्रसाद घिमिरे
सचिव (राजस्व)

---

## सञ्चालक समितिका अध्यक्षको शुभकामना



कृषि विकास बैंक लिमिटेडको ५५ औं वर्ष पूरा गरी ५६औं वर्षमा प्रवेश गर्न लागेको शुभ अवसरमा यस बैंकलाई आ–आफनो तर्फबाट अमूल्य सहयोग गर्नुहुने नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, शेयरधनी तथा ग्राहक महानुभावहरु, कर्मचारी वर्ग तथा शुभेच्छुक सबैमा हार्दिक बधाइसहित शुभकामना व्यक्त गर्न चाहन्छु ।

मुल रुपमा वित्तीय सहयोगको माध्यमबाट कृषि र ग्रामीण क्षेत्रको विकास गर्ने उद्देश्यका लागि वि.सं. २०२४ माघ ७ गते स्थापना भएको यस बैंकले हालसम्म कृषि क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग पुर्‍याउनुका साथै वर्तमान अवस्थामा वाणिज्य बैंकले प्रदान गर्ने सबै किसिमका सेवा सुविधा ग्राहकहरुलाई उपलब्ध गराउँदै आएको छ ।

कृषि विकास बैंक नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको नीति निर्देशन तथा प्राथमिकतालाई समेत मध्यनजर राख्दै निर्दिष्ट जिम्मेवारी बहन गरी प्रतिस्पर्धात्मक बजारमा दक्ष जनशक्ति उच्च प्रविधिका साथ ग्राहकको सन्तुष्टिलाई आफ्नो लक्ष्य बनाई वित्तीय क्षेत्रमा गरिएका सफल अभ्यास र वित्तीय औजारहरुको माध्यमबाट अत्याधुनिक र उन्नत सेवा प्रदान गर्न अग्रसर रहेको छ । यस बैंकले संघ, प्रदेश र स्थानीय निकायमा समेत आफ्नो सेवा विस्तार गरी वित्तीय बजारमा एक प्रतिष्ठित बैंकको रुपमा आफूलाई उभ्याउन सक्षम हुने विश्वास लिएको छु ।

बैंकिङ क्षेत्रमा हालका दिनमा देखा परेको असहज परिस्थितिको सामना गर्न बैंक सक्षम रहेको व्यहोरासमेत अनुरोध गर्न चाहन्छु । बैंकले आफूलाई ग्रामीणस्तरमा शाखा विस्तार गर्दै तथा डिजिटलाइजेशनको माध्यमबाट दूरदराजमा रहेका ग्राहकहरुसँग साक्षात्कार गरी वित्तीय साक्षरता, वित्तीय पहुँच, निक्षेपको संकलन, गुणस्तरीय लगानी तथा Compliance को पालना गर्दै यो बैंक आगामी दिनमा अझैं सशक्त रुपमा अगाडि बढ्ने छ भन्ने मैले आशा लिएको छु ।

अन्त्यमा, सरकारले सञ्चालन गरेको कार्यक्रमहरुमा समेत उल्लेखनीय योगदान पुर्‍याउने विश्वास लिँदै गौरवपूर्ण ५५ वर्ष पूरा गरी सफलतापूर्वक ५६औं वर्ष प्रवेश गरेको आजको यस शुभ दिनमा बैंकलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु ।

मिति : २०७९ माघ ७

रमेश दुवाडी
अध्यक्ष
सञ्चालक समिति
कृषि विकास बैंक लिमिटेड

---

## प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिबद्धता



कृषि विकास बैंक लि. ५५ वर्ष पूरा गरी ५६औं वर्षमा प्रवेश गरेको यस सुखद अवसरमा नेपाल सरकार, बैंक सञ्चालक समिति, बैंकका समस्त ग्राहक वर्ग, शेयरधनी महानुभावहरु, दातृ निकाय, नियमनकारी निकाय, पूर्व कर्मचारी तथा कार्यरत कर्मचारीहरु, सञ्चारकर्मीलगायत सम्पूर्ण शुभचिन्तक संस्था एवम् महानुभावहरुमा हार्दिक आभार एवं शुभकामना व्यक्त गर्दछु ।

वि.सं. २०२४ माघ ७ गतेका दिन देशको कृषि तथा ग्रामीण क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले स्थापना भएको यस बैंकले वि.सं. २०३२ सालमा साना किसान विकास आयोजनाबाट ग्रामीण र गरिबी निवारण कार्यक्रम मार्फत् सीमान्तकृत वर्गको उत्थान गर्ने कार्यक्रम सुरुवात गरेको थियो । यसलाई निश्चित आकार र स्वरुप दिँदै वि.सं. २०५८ सालमा यस बैंकको पहलमा साना किसान विकास बैंक स्थापना गरी कार्यक्रम हस्तान्तरण गरियो । सरकार र दातृ निकायको मात्र भर नपरी आफ्नै पहलमा दीगो र भरपर्दो स्रोत जुटाई लक्षित कार्यक्रमहरु निर्वाध सञ्चालन गर्ने उद्देश्यले सहरी क्षेत्रको निक्षेप संकलन गरी ग्रामीण क्षेत्रसम्म पुर्‍याउन वि.सं. २०४१ सालमा यस बैंकले पनि वाणिज्य बैंकिङ कारोबार सुरुवात गरेको थियो ।

वि.सं. २०६२ सालमा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको वाणिज्य बैंकको इजाजतपत्र प्राप्त गरेर हाल देशको वाणिज्य बैंकको रुपमा कार्य गरिरहेको यस बैंकलाई नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रको अगुवा बैंकका रुपमा तोकेको सन्दर्भमा देशको कृषि क्षेत्रको समग्र विकासमा आवश्यक कर्जा उपलब्ध गराउने, कृषि बन्ड जारी गर्ने, किसान कार्ड, किसान एप उपलब्ध गराउने नेपाल सरकारको सहुलियतपूर्ण कर्जा लक्षित वर्गसम्म पुर्‍याउनेदेखि, विभिन्न प्रदेश सरकारहरुसमक्ष अलग्गै सम्झौता गरेअनुसार सहुलियतपूर्ण कर्जाअन्तर्गतका कार्यक्रमहरुमा समेत बैंकले कार्यहरु गर्दै आइरहेको सन्दर्भमा अत्याधुनिक वाणिज्य बैंकिङ सेवालाई सहरदेखि ग्रामीण क्षेत्रका सर्वसाधारणको घरदैलोसम्म आधुनिक प्रविधिमार्फत् जोड्ने कार्य गरी "सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक" को अनुभूति दिन सधैं क्रियाशील रहेको छ ।

हाम्रा अत्याधुनिक डिजिटल बैंकिङ सेवाहरुः "क्रेडिट कार्डदेखि किसान कार्डसम्म", 'Online 5 in 1 Banking" अन्तर्गत अनलाइनबाटै खाता खोली Demat Account, Meroshare, C-ASBA, Visa Debit Card तथा Internet Banking, किसान एप, सेवा ग्राहकले Online माध्यमबाट आफ्नो अनुकूल स्थानमा नै प्राप्त गर्न सक्छन् । त्यस्तै, Mobile Banking, QR Code, Connect IPS, ECC, ABBS लगायत सम्पूर्ण आधुनिक बैंकिङ सेवाहरु हाम्रा सम्पूर्ण शाखाबाट उपलब्ध छन् । विदेशमा बस्ने नेपाली समेतले अनलाइनबाट विदेशी मुद्रा तथा नेपाली मुद्रामा बचत तथा मुद्दती खाता खोल्न सकिने व्यवस्था लागू गरिएको छ । SWIFT कारोबार तथा ADB Remit मार्फत् विश्वभरबाट तथा नेपालभित्र पनि जुनसुकै ठाउँमा रकम तत्काल पठाउने सुलभ व्यवस्था गरेका छौं । बैंकले एकातर्फ सम्पूर्ण वाणिज्य बैंकिङ सुविधाअन्तर्गत निक्षेप संकलन, उद्योग, व्यापार र वाणिज्य कर्जा, प्रतितपत्र, बैंक जमानत जस्ता गैरकोषीय सेवाहरु उपलब्ध गराउन र अर्कोतर्फ कृषि क्षेत्रको अगुवा (Lead) बैंकको बैंकको रुपमा आफ्लाई स्थापित गर्दै कृषि क्षेत्रको विशिष्टीकृत वित्तीय संस्थाको रुपमा क्रमशः आफ्ना सेवाहरु विस्तार गरेको छ ।

यस ऐतिहासिक घडीमा बैंकले आफ्नो दूरदृष्टि, ध्येय, उद्देश्य एवं दीर्घकालीन लक्ष्यहरु प्राप्त गर्न एवं आवश्यकता अनुरुपका बैंकिङ प्रोडक्ट र बढीभन्दा बढी डिजिटल बजारको मागमा आधारित सेवा सुविधामार्फत् ग्राहकको पूर्ण सन्तुष्टि, बैंकको समग्र व्यवसाय वृद्धिका लागि दिगो स्रोतको परिचालन, कर्जा पोर्टफोलियो वृद्धि एवं कर्जा मिश्रणको व्यवस्थापन, गैरबैंकिङ सम्पत्ति व्यवस्थापन, बजारमैत्री ब्याजदर व्यवस्थापन, संस्थागत सुशासन, आन्तरिक नियन्त्रण तथा बैंकिङ कारोबारमा अन्तर्निहित जोखिम व्यवस्थापन गर्न विवेकशील नियम (Prudential Norms) र अन्तर्राष्ट्रिय उच्चतम् बैंकिङ अभ्यासहरु (International Best Banking Practices) को पालना गर्न बैंक व्यवस्थापन पूर्ण रुपमा कटिबद्ध तथा क्रियाशील छ । आगामी दिनमा हाम्रा बैंकिङ सेवाहरुलाई आधुनिक वित्त बजारसँग थप अद्यावधिक गराउँदै उत्पादनशील अर्थतन्त्र निर्माण गर्न सरकार तथा केन्द्रीय बैंकको लक्ष्य पूरा गर्न हाम्रा तर्फबाट निरन्तर सहकार्य तथा सहयोग रहिरहने प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति : २०७९ माघ ७

प्रताप सुवेदी
नि. प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लिमिटेड

---

## सन्दर्भः कृषि विकास बैंक लिमिटेड ५६ औं वर्षमा प्रवेश

**बैंकको स्थापना र ऐतिहासिक ५६ औं वर्ष प्रवेश :**

नेपालको ग्रामीण तथा कृषि क्षेत्रको विकासमा सहयोग गर्ने प्रमुख उद्देश्यका साथ वि.स. २०२४ साल माघ ७ गते ५ करोड अधिकृत पूँजी सहित कृषि विकास बैंकको स्थापना भएको हो । आजको यस शुभ दिनमा बैंक ५६ औं वर्ष प्रवेश गरी आफ्नो ऐतिहासिक ५६ औं वार्षिक दिवस मनाउँदै छ । यस अवसरमा हामी नेपाल सरकार, राष्ट्र बैंक लगायत नियमनकारी निकाय, शेयरधनी, ग्राहक तथा सम्बद्ध सबैमा हार्दिक आभार एवं शुभकामना व्यक्त गर्दछौ । यस बैंकले स्थापनाकालदेखि सरकारी तथा गैह्र सरकारी निकाय एवं अन्तर्राष्ट्रिय दातृ निकायहरु समेतको सहयोग र समन्वयमा ग्रामीण तथा कृषि क्षेत्रको विकासको लागि कृषि र कृषिमा आधारित उद्योग व्यवसायको विकास एवं कृषिको आधुनिकीकरण, औद्योगीकरण, यान्त्रिकरण र व्यवसायीकरण एवं गैह्र कृषि क्षेत्रमा सरल र सुलभ कर्जा प्रदान गर्दै आएको थियो । हाल सम्पूर्ण बाणिज्य बैंकिङ्ग सेवा प्रदान गर्दै सबैभन्दा ठूलो कार्यसञ्जाल भएको बैंकको रुपमा यसका २८२ वटा कार्यालयबाट विस्तारित, सघन, दिगो एवं सामाजिक अभिमुखीकरण सहितको अत्याधुनिक कम्प्यूटर प्रणालीमा आधारित बाणिज्य बैंकिङ्ग सुविधा सहितको बैंकिङ्ग सेवा उपलब्ध गराउँदै आएको छ । बाणिज्य बैंकिङ्ग, विकास बैंकिङ्ग र लघु वित्त गरी तीन वटा क्षेत्रमा एकसाथ सेवा प्रदान गर्दै वित्तीय साक्षरता एवं वित्तीय समावेशीता सहितको कार्यक्रम एवं पूर्ण बैंकिङ्ग सुविधाबाट सम्पूर्ण नेपाली जनताहरुलाई कुनै न कुनै रुपमा यस बैंकमा जोड्ने र सम्पूर्ण सुविधा सहितको घरआँगनको बैंकको रुपमा स्थापित हुने लक्ष्यका साथ बैंक अगाडी बढिरहेको छ ।

गाउँमा रहेका कृषक एवं गरीब जनताको आर्थिक अवस्थामा अपेक्षित सुधार गरी ग्रामीण बिपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखी नेपाल सरकार तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुको सहयोगमा देशभरका ६५२ वटा गा.वि.स.हरुका करीब २ लाख १० हजार साना किसान परिवार समेटेर यस बैंकले वि.सं.२०३२ बाट शुरु गरेको साना किसान विकास आयोजना कार्यक्रमले कृषि विकास बैंकको ग्रामीण विकासको इकाईको रुपमा रही ग्रामीण क्षेत्रमा साना किसानहरुको आर्थिक तथा सामाजिक विकास गर्ने तथा वित्तीय साधन श्रोतमा उनीहरुको पहुँच बढाउन समेत ठूलो मद्दत पुर्‍याएको थियो । २०५२ साल पछि साना किसान विकास कार्यक्रमलाई सहकारी संस्थाको रुपमा स्थानीयस्तरमा नै हस्तान्त्रण प्रकृया शुरु गरियो र हाल उक्त सहकारी संस्थाहरुको प्रतिनिधि मूलक संस्थाको रुपमा साना किसान लघु वित्त किसान बैंक रहेको छ । बैंक स्थापनाको शुरुका वर्षहरुमा यस बैंकको कार्यक्रम सञ्चालनका लागि नेपाल सरकार र एशियाली विकास बैंक लगायत अन्य दातृ निकायहरु प्रमुख स्रोत र दाता रहेका थिए । सरकारी सहयोग एवं बाह्य स्रोतको आधारमा मात्र बैंकले ग्रामीण क्षेत्रमा गरेको योगदान प्रभावकारी हुन नसक्ने देखेपछि वि.स.२०४१ सालमा यस बैंकले सामान्य बाणिज्य बैंकिङ्ग सेवाको शुरुवात गऱ्यो । नेपालका मुख्य शहरका सीमित शाखाहरुबाट केहि हदसम्म निक्षेप संकलन गर्ने कार्य थालियो । शहरी क्षेत्रमा छरिएर रहेको निक्षेपलाई ग्रामीण क्षेत्रसम्म पुर्‍याउनु श्रोत र साधनको आन्तरिक रुपमा ब्यवस्थापन गर्नु बैंकको तत्कालिन उद्देश्य रहेको थियो र यस कार्यमा बैंक अपेक्षितरुपमै सफल पनि रह्यो । तत्कालीन समयमा अन्य बैंकले अवलम्बन गरेको परम्परागत कार्य प्रणालीको तुलनामा कृषि विकास बैंकको कम्प्यूटरीकृत प्रणाली नै ग्राहकको प्रमुख आकर्षण रहन पुग्यो ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी एकीकृत ऐन लागू भएपश्चात वि.सं. २०६२/३/३१ मा यो बैंक पब्लिक कम्पनीमा रुपान्तरण भै र २०६२/१२/३ मा नेपाल राष्ट्र बैंकबाट "क" वर्गको बाणिज्य बैंकिङ्ग कारोबार ईजाजत प्राप्त पूर्ण बाणिज्य बैंकमा रुपान्तरित भयो । फलस्वरुप वि.सं. २०६४ मा तत्कालीन कृषकका लागि अपनत्व जगाउन १४.१४ प्रतिशत, २०६६ मा सर्बसाधारणका लागि ३० प्रतिशत र २०७० सालमा कर्मचारीहरुका लागि ४.८६ प्रतिशत शेयर निष्काशन भई आफ्नो पूँजी संरचना योजना कार्यान्वयन ल्याएको थियो । यस बैंकको ५१ प्रतिशत शेयर अहिले पनि नेपाल सरकारको स्वामित्वमा रहेको छ भने ४९ प्रतिशत सर्वसाधारणको स्वामित्वमा रहेको छ । आजका दिनसम्म आईपुग्दा बैंकले आफ्नो कार्यक्षेत्रलाई फराकिलो, सुदृढ, प्रविधि मैत्री बनाउँदै ग्राहकहरुलाई अत्याधुनिक बैंकिङ्ग सुविधाहरु उपलब्ध गराउन सफल भएको छ । आजका दिनमा ऐतिहासिक उपलब्धिहरुको स्मरण गर्दै विभिन्न कार्यक्रमहरुका साथ ५६ औं वार्षिक दिवस मनाउन गइरहेका छौं । यस सुखद अवसरमा हामी बैंकको यस अभियानमा साथ र सहयोग पुर्‍याउनु हुने सम्बद्ध सबैप्रति पूनः हार्दिक सम्मान र आभार प्रकट गर्न चाहन्छौं ।

**ऐतिहासिक उपलब्धी र चुनौतीहरु :**

बैंकले देशको आर्थिक एवं सामाजिक विकास र वित्तीय क्षेत्रमा पुर्‍याएको योगदान अत्यन्त महत्वपूर्ण रहेको छ । समग्रमा देशको गरिबी निवारण, साना किसान विकास कार्यक्रम, ग्रामीण र कृषि क्षेत्रको विकास, दुर्गम विपन्न वर्गलाई लघुवित्त सेवा प्रदान, सम्पूर्ण क्षेत्र वर्ग र भूगोलका उद्यमी व्यापारी व्यवसायी एवं सर्वसाधारणहरुलाई आवश्यक बैंकिङ्ग सुविधाहरु उपलब्ध गराउने देखि आफ्नै कर्जाग्राही, कृषकसम्मलाई बैंकको शेयर प्रदान गरी बैंकप्रतिको अपनत्व कायम, एशियाली विकास बैंकसँग पूँजी र सूचना प्रविधिमा सहकार्य, सरकारी कार्यक्रमको निर्वाध संचालन देखि सर्वसाधारणलाई आधुनिक बैंकिङ्ग सुविधा उपलब्ध गराउँदै उच्चतम नाफा आर्जन गर्ने एउटा अग्रणी बाणिज्य बैंकको रुपमा स्थापित हुनु, शेयरधनीहरुलाई प्रतिस्पर्धात्मक प्रतिफल उपलब्ध गराउँदै जानु आदि यस बैंकको ५५ वर्षे यात्राका केही महत्वपूर्ण उपलब्धिहरु हुन् । आगामी दिनमा बैंकले कोषको लागत कम गर्ने, शिरोभार खर्च घटाउने, न्यूनतम संचालन खर्च कायम गर्ने, निस्क्रिय कर्जा अझै घटाउँदै लैजाने, नयाँ र योग्य जनशक्ति बजारबाट भित्र्याउने आन्तरिक हाउस किपिङ्गका बिषयलाई थप व्यवस्थित गर्ने, बैंकका समग्र प्रोडक्ट एवं व्यवसायका सूचनाहरु बढी भन्दा बढी आम सर्वसाधारण एवं ग्राहकसँग पुर्‍याई आफ्ना बैंकिङ्ग गतिविधिहरुलाई प्रभावकारी ढंगबाट अगाडी बढाएको छ । सबै क्षेत्रका सेवाग्राहीहरुलाई सेवा पुर्‍याउने क्रममा बैंक हालसम्म आईपुग्दा करिब १ लाख ६२ हजार कर्जा ग्राहकहरुमा करिब रु. १७८ अर्व कर्जा लगानीमा रहिरहेको छ । त्यसै गरी करिब १८ लाख निक्षेपकर्ताको रु.१७० अर्व निक्षेप परिचालन गरी ग्राहकको चाहना, उपलव्ध पूँजी, प्रविधि र व्यवस्थापकीय कुशलताबाट अधिकतम लाभ हासिल गर्ने सन्दर्भमा बैंकले आफ्नो सेवा तथा कार्यशैलीलाई निखार्दै समयानुकूल सेवाको गुणस्तरमा प्रभावकारिता ल्याईरहेको छ ।

**बैंकको पूँजी योजना र कार्यान्वयनः**

नेपाल राष्ट्र बैंकबाट भएको पूँजी वृद्धिको निर्देशनको पूर्ण पालना गर्दै हालै सम्पन्न पन्ध्रौ वार्षिक साधारणसभाबाट अनुमोदन भै कम्पनी रजिष्ट्रार कार्यालयमा समेत अभिलेख भए अनुसार बैंकको पूँजी संरचनामा क्रमशः कूल अधिकृत पूँजी रु.२५ अर्ब, जारी पूँजी रु. १८ अर्ब ६२ करोड ०६ लाख २७ हजार ७६३ छ । यसमध्ये साधारण चुक्ता पूँजी रु. १३ अर्ब १८ करोड ७९ लाख १५ हजार ७६३ हुनेछ भने ननक्युमिलेटीभ इरीडेमेवल प्रिफरेन्स शेयर रु. ५ अर्ब ४३ करोड २७ लाख १२ हजार रहेको छ । यसमध्ये संस्थापक शेयरधनी नेपाल सरकारको ५१ प्रतिशतले रु. ६ अर्ब ७२ करोड ५८ लाख ३७ हजार ३९ र सर्वसाधारण समूह शेयरधनीको ४९ प्रतिशतले रु. ६ अर्ब ४६ करोड २० लाख ७८ हजार ७२४ कायम हुनेछ । यसैगरी बैंकको पूँजीकोषको अवस्था सुदृढ र मजबुत देखिएको छ । गत वर्ष १५.२७ प्रतिशत रहेको पूँजीकोष अनुपात २०७९ मंसिर सम्ममा १५.३२ प्रतिशत रहेको छ । हाल बैंकको शेयरधनी संख्या करीब ३ लाख रहेको छ र नेपाल राष्ट्र बैंकबाट आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण प्रकाशितका लागि अन्तिम स्वीकृत पश्चात, वार्षिक साधरणसभाबाट अनुमोदन भएपछि कर प्रयोजन समेत गरी ११ प्रतिशत नगद लाभांश र २ प्रतिशत बोनस शेयर शेयरधनी महानुभावहरुलाई वितरण गर्ने घोषणा बैंक संचालक समितिबाट भै सकेको छ ।

**आ.व.२०७४/७५ देखि आ.व.२०७८/७९ सम्मका केही महत्वपूर्ण वित्तीय सूचकांकहरु**

(रकम रु.करोडमा

| विवरण | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|
| खुद ब्याज आम्दानी | ६९९/०१ | ७६१/५० | ६७१/६१ | ६८६/५७ | ८४५/६७ |
| कुल संचालन आम्दानी | ८१६/६१ | ९०२/३२ | ९०२/०० | ९८७/८५ | ९८६/७० |
| सञ्चालन मुनाफा | ४९४/४० | ५३४/१७ | ४३१/८६ | ५०३/७३ | ३९९/७७ |
| खुद मुनाफा | ३६५/३५ | ४१९/१६ | ३३३/१७ | ३५२/७५ | २४४/८४ |
| जगेडा कोषहरु | १,२०२/९६ | १,३९०/४५ | १३४८/१७ | १५०८/२५ | १४९/६३ |
| निक्षेप दायित्व | १०४१७/८९ | ११८८८/४९ | १४३७३/१७ | १६२९९/०३ | १७४५८/९० |
| लगानी | १२१३/८१ | १६९४/४८ | २४७१/२४ | ३९६४/४८ | ४७०६/८३ |
| कर्जा सापट तथा बिल खरिद | १०,०१६/५८ | ११,१७५/०२ | १२३३७/७१ | १५१४७/०७ | १७८३९/४२ |

**कर्जा निक्षेप एवं व्यवसाय :**

बैंकको समग्र कर्जाको अवस्थाको बिश्लेषण गर्दा बैंकले कर्जा निक्षेप एवं व्यवसायलाई पूर्णरुपमा सन्तुलनको अवस्था कायम राख्न कोभिड–१९ को प्रभावका कारण नसकिएता पनि कोभिड–१९ को प्रभाव न्यून हुँदै जाँदा आगामी दिनमा कर्जा निक्षेप एवं व्यवसायलाई सन्तुलनमा राख्न बैंक सक्षम हुनेछ । चालु आर्थिक बर्ष २०७९/८० को अन्त्यसम्ममा कर्जा तथा सापट करिब रु.२ खर्ब १ करोड (१२.६० प्रतिशत) र कुल निक्षेप रु.१ खर्व ८६ अर्ब ४८ करोड निक्षेप (१२. प्रतिशत) वृद्धि मार्फत वैधानिक कर्जा–पूँजी निक्षेप अनुपात ९० प्रतिशत भित्र कायम हुने गरी कार्यगत योजना बनाई अगाडी बढी रहेको छ । हाल बैंकको कूल लगानीमा रहिरहेको रकम करिब रु.१७८ अर्व रहेको छ भने कूल कर्जाग्राही संख्या करिब १ लाख ६२ हजार रहेको छ । यसमा कृषि कर्जाको भार करिब ३५ प्रतिशत रहेको छ । चालु आ.व. २०७९/८० को पौष मसान्तसम्ममा करिब कुल १८ लाख निक्षेपकर्ताको निक्षेप रकम रु.१७० अर्व रहेको छ, भने यो अवधिमा तरलता अनुपात १५.२७ प्रतिशत र निश्क्रिय कर्जा करिब १.६८ प्रतिशत रहेको छ । बैंकले कर्जा, तरलता, ब्याज दर र बजार सम्बन्धी जोखिमहरुलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्नका लागि नीति, नियम, कार्यविधि, परिपत्र, पद्धति, सीमा आदिको समय अनुसार पुनरावलोकन र परिमार्जन गर्दै मुख्य कार्यालय एवं प्रादेशिक स्तरको कार्यालयहरु मार्फत व्यवस्थापन गर्दै आएको छ भने कर्जा व्यवस्थापन गर्ने कार्य पनि केन्द्रीय, प्रादेशिक कार्यालय र शाखास्तरको कार्यालयहरुबाट गर्दै आएको छ । डिजिटाईजेशन सहितको नयाँ बैंकिङ्ग सेवा र सेवाको बजारीकरण गर्ने कार्यलाई विशेष जोड दिईएकोले डिजिटलसेवाको प्रयोगमा अत्याधिक वृद्धि हुन गएको थियो । बैंकले यस प्रकारको उच्च कारोबारलाई महत्वपूर्ण उपलव्धिको रुपमा लिएको छ ।

**नेपाल सरकारद्वारा संचालित सहुलियतपूर्ण कर्जा कार्यक्रमः**

नेपाल सरकारको नीति तथा कार्यक्रमलाई बैंकले प्राथमिकता दिई संचालन गर्ने नीति अनुरुप ब्याज अनुदान सहुलियत कर्जा कार्यक्रमहरु समेत संचालन गर्दै आएको छ । व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा, शिक्षित युवा स्वरोजगार कर्जा, विदेशबाट फर्केका युवाहरुलाई परियोजनामा आधारित सहुलियत कर्जा, महिला उद्यमशील कर्जा, दलित समुदाय व्यवसाय विकास कर्जा, उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षा कर्जा, भूकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा वापत २०७९ मंसिर मसान्तसम्म जम्मा १५६०३ जनाका लागि कूल रु.२२ अर्व रु. ३ करोड रु.९८ लाख कर्जा प्रवाह गरेको छ । जस मध्ये विना धितो ३५०५ जनालाई करिब २ अर्व २ करोड उक्त प्रकृतिको कर्जा प्रवाह गरिसकिएको छ र यसरी प्रवाह गरिएको कर्जाको साँवा व्याज एवं भुक्तानी हुँदै आएको छ । यसैगरी यस बैंकले आफनो शाखा संजाल र सहकारी संस्थाहरु मार्फत् साना किसान तथा लघु उद्यमीहरुलाई कर्जा प्रवाह गर्दै आएको छ । साथै कृषि तथा लघुकर्जा बिस्तारका लागि नेपाल सरकारबाट मान्यता प्राप्त संघ–संस्थाहरुको सहकार्यमा Value chain financing अन्तरगत कर्जा कार्यक्रम समेत संचालन भईरहेको छ ।

**संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धि कार्यक्रमः**

यस बैंकले संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) लाई आफ्नो प्रमुख जिम्मेवारीको रुपमा अंगीकार गर्दै आएको छ । बैंकले बाढी, पहिरो आदिजस्ता प्राकृतिक विपत्तिका समयमा आर्थिक सहयोग, बृद्ध/बृद्धाका लागि लत्ता कपडा तथा खाद्यान्न वितरण, विद्यालयहरूमा कम्प्युटर लगायत भौतिक साधन प्रदान, यात्रु प्रतीक्षालय निर्माण, कृषकहरुलाई कृषि उपकरण खानेपानी व्यवस्थाको लागि आर्थिक सहयोग लगायतका सामाजिक सामुदायिक विकास कार्यमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्दै आएको छ । साथै विभिन्न निकायहरूबाट प्राप्त अनुदान सहयोगमा बैंकले आफ्नो वित्तीय साखलाई कायम राख्दै सामाजिक उत्तरदायित्वलाई समेत बोध गरी केन्द्रीय एवं प्रदेश सरकार संघ/संस्था, क्लब मार्फत स्थानीय समुदायको सहभागितामा संचालित सडक तथा बाटो निर्माण एवं मर्मत, खानेपानी, स्कूल, मन्दिर, ट्राफिक आइल्याण्ड निर्माण, यात्रु प्रतीक्षालय, उद्यान निर्माण, हाटबजार सेड, फोहोर संकलनका लागि डष्टविन, सामुदायिक भवन, चौतारो निर्माण तथा अस्पताल मर्मत, गरिब जेहेन्दारलाई शिक्षा दिने संस्था समता स्कुललाई आर्थिक सहयोग जस्ता कार्यमा प्रादेशिक कार्यालयहरू मार्फत आर्थिक सहयोग प्रदान गर्दै आइरहेको छ । साथै नेपाल सरकार स्थानीय विकास मंत्रालयको समन्वयमा जिल्लाका स्थानीयस्तरमा सामाजिक सुरक्षा भत्ता समेत बितरण गर्दै आएको छ ।

**आधुनिक बैंकिङ्ग सेवा र बजारीकरणः**

चालु आर्थिक वर्ष २०७९/८० को कुल कर्मचारी दरबन्दी संख्या २६७० मध्ये २४४५ जना कार्यरत जनशक्तिले देशभर रहेका बैंकका २८२ वटा कार्यालय संजाल मार्फत देशका सम्पूर्ण जनताहरु माझ आफ्ना सेवाहरु पस्किरहकेका छन् । जस मध्ये २८० वटा कार्यालयहरुबाट अत्याधुनिक कम्प्यूटरीकृत प्रणाली (Core Banking System-CBS) मार्फत online सेवामा समर्पित छन् । कर्जा कारोवार र निक्षेप संकलनको सम्पूर्ण हिस्सा CBS प्रणालीमा आवद्ध भईसकेको छ । बैंकले बैंकिङ्ग व्यवसाय अन्तर्गतका सम्पूर्ण सेवाहरु जस्तै विभिन्न उद्देश्यमा हुने कर्जा कारोवार लगायत सुन कर्जा, सुन खरिद बिक्री, बिदेशी मुद्रा खरिद बिक्री, लकर सेवा, प्रतितपत्र कारोवार, ट्रष्ट रिसिप्ट कर्जा, जमानत कारोवार, शेयरधितोमा कर्जा तथा एटिएम सेवा, एसएमएस अलर्ट सेवा, भिजा कार्ड, मोबाईल बैंकिङ्ग सेवा, एडिबिल रेमिट, आइपिएस सेवा तथा कनेक्ट आईपिएस, अनलाईन बैंकिङ्ग खाता खोल्ने, आरटिजिएस, आस्बा, डिम्याट, इन्टरनेट बैंकिङ्ग सेवा, फाईव ईन वन सेवा, क्युआर टेलर सेवा, मोवाईल बैंकिङ्ग मार्फत युटिलिटी पेमेन्टको व्यवस्था जस्ता सेवाहरु प्रवाह गर्दै आएको छ भने किसान क्रेडिट कार्ड/किसान एप्स सेवाहरु संचालन प्रकृयामा रहेको छ र भविष्यमा ग्राहकको चाहना तथा बजारको माग अनुसार थप सेवाहरु प्रवाह गर्ने छ । बैंकले आफ्नो सेवा सुविधा एवं प्रोडक्टहरुलाई सबै नेपाली माझ पुर्‍याउन सूचना प्रविधि एवं बजारीकरणका माध्यमहरुलाई उच्चतम प्रयोग गर्ने कुरामा विशेष जोड दिँदै देशका दुरदराजहरुमा समेत आधुनिक बैंकिङ्ग सेवाहरु प्रवाह गर्दै आएको छ । हाल बैंकको १२७ स्थानमा एटिएम सेवा, ४३ वटा कार्यालयबाट लकर सेवा, एक्सटेन्सन काउण्टर ३३ वटा, स्थानिय निकाय समेत गरी जम्मा १३० वटा कार्यालयबाट सरकारी कारोबार संचालन गरेको छ र त्यसैगरी डिजीटल बैंकिङ्ग कारोबार अन्तर्गत क्रमश Mobile banking तर्फ ४ लाख ७७ हजार, Internet banking तर्फ १०,१७१, VISA CARD तर्फ १,५६,२२२, Demat तर्फ ८८,१८८, CASBA ८९५४४, MEROSHARE तर्फ ६७७१३, QR Merchant Payment तर्फ १९९५८, QR Based Teller तर्फ ९६, क्रेडिट कार्ड तर्फ ८६२ वितरण गरी सेवा पुर्‍याउन सफल भएको छ ।

**वित्तीय साक्षरता कार्यक्रमः**

वित्तीय साक्षरता कार्यक्रमबाट मात्र आम नेपालीलाई बैंकिङ्ग प्रणालीमा आवद्ध गर्न सकिन्छ भन्ने अभिप्राय स्वरुप नेपाल राष्ट्र बैंकको निर्देशानुसार देशको सम्पूर्ण क्षेत्रका जनताहरुलाई बैंक तथा वित्तीय संस्थाको पहुँच तथा मूल प्रवाह नआएको परिप्रेक्ष्यमा यस बैंकले आफनो बजेट तथा कार्यक्रम अन्तर्गत कार्यक्रम संचालन एवं विस्तार गर्ने नीति अनुरुप कार्य गर्दै आएको छ । खासगरी स्थानीय लक्षित समूह जस्तै स्कूल, कलेज, जेष्ठ नागरिक आदिको पहिचान गरी वित्तीय साक्षरता कार्यक्रम संचालन गरिँदै आएको छ । प्रादेशिक कार्यालय तथा फिल्ड स्थित कार्यालयहरु मार्फत स्थानीय तहमा वित्तीय साक्षरता कार्यक्रम संचालन गर्न निर्देशन समेत दिइएको र चालू आर्थिक वर्षमा पनि निरन्तर रुपमा उल्लेखित कार्यक्रमहरु संचालन गरिदै आएको छ ।

**आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण र संस्थागत सुशासन :**

बैंकको आन्तरिक नियन्त्रण प्रणाली एवं बैंकिङ्ग जोखिम पहिचान गरी न्यूनिकरण गर्ने कार्यलाई समेत थप प्रभावकारी बनाउने अभिप्रायले आन्तरिक लेखापरिक्षण तथा निरीक्षण विभागबाट कारोबारको परिमाणका आधारमा कार्यालयहरुको अनुगमन तथा निरिक्षण गर्ने कार्यलाई कडाईका साथ कार्यान्वयनमा ल्याईसकेको छ । समयमै आन्तरिक तथा बाह्य लेखापरीक्षण कार्य सम्पन्न गर्ने, ग्राहक गुनासोलाई प्राथमिकतामा राखी फर्छ्यौट गर्ने, नियमनकारी निकायको निर्देशनको अनुपालनामा विशेष जोड दिने कार्यहरु सक्रियताका साथ भईरहेका छन् भने बैंकलाई आवश्यक हुने नीति, रणनीति, कार्यविधि, निर्देशिका आदि समेत तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ । सूचना तथा प्रविधि लगायत सम्पूर्ण व्यवसायमा अन्तर्निहित जोखिमलाई व्यवस्थापन गर्न आवश्यक पूर्वाधार एवं संयन्त्रलाई थप व्यवस्थित गर्ने कार्य भएको छ । सूचनाको हक सम्बन्धि ऐन, २०६४ अनुसार whistleblower protection नीति अपनाई ग्राहक तथा कर्मचारीहरुको सामाजिक, आर्थिक, राजनैतिक तथा वातावरणीय क्षति सम्बन्धि गुनासाहरु सुनुवाईको व्यवस्था गरिएको छ । बैंकले संस्थागत सुशासनलाई उच्च महत्व दिँदै असल संस्थागत नागरिकको रुपमा काम गर्दै आएको छ । अन्तर्राष्ट्रिय बैंकिङ्ग अभ्यास तथा विवेकशिल नियमनको परिपालनामा विशेष जोड दिँदै आएको छ ।

**बैंकको रणनीतिक योजना (२०१९–२३)**

बैंकको दूर दृष्टि, ध्येय तथा उद्देश्य अनुसार संस्थागत विकास, व्यवसाय वृद्धि, मुनासिब वित्तीय प्रतिफल तथा दिगो बैंकिङ्ग विकास जस्ता विषयलाई आत्मसात गर्दै दीर्घकालिन योजनाको रणनीतिक योजना (२०१९–२३) तयार भई कार्यान्वयनमा रहिरहेको छ । यसैगरी बैंकको कार्य शैलीलाई चुस्त दुरुस्त तुल्याउदै व्यावसायिक उत्पादकत्व बृद्धि गर्न सक्षम, एवं दक्ष जनशक्ति आपूर्ति गर्ने, सम्पूर्ण कार्यालयमा सिबिएस जडान गरिसकिएको र विद्युतीय बैंकिङ्ग सेवा बिस्तार गरी थप प्रभावकारी बनाउने, ग्राहकहरुलाई अत्याधुनिक प्रविधिमा आधारित बैंकिङ्ग सेवा पुर्‍याउने, निक्षेपकर्ताको संख्या २० लाख ४१ हजार पुर्‍याउने, कर्जाग्राहीको संख्या २ लाख ७५ हजारको हाराहारीमा पुर्‍याउने जस्ता सूचकांकहरु समेटिएको यस पाँच वर्षे रणनीतिक योजनामा आधारित भै बैंकको वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन भईरहेको छ ।

**अन्तमा,**

आज बैंकले आफ्नो ऐतिहासिक ५६ औं वार्षिक दिवस मनाउँदै गर्दा अन्तर्राष्ट्रिय उच्चतम बैंकिङ्ग अभ्यास, बिस्तारित एवं दिगो बैंकिङ्ग, प्रुडेन्ट बैंकिङ्ग एवं सामाजिक अभिमुखीकरण सहितको बैंकिङ्गको माध्यमबाट बैंकिङ्गका आधारभूत सिद्धान्तलाई अंगीकार गर्दै "कृषिलाई नछोडने अरुलाई जोडने" घोषित प्रतिवद्धताका साथ स्वस्थ, सक्षम, सबल एवं अग्रणी बाणिज्य बैंकको रुपमा स्थापित हुने दिशामा बैंक निरन्तर अग्रसर छ । बैंकले आफ्नो उपलब्ध स्रोत, साधन र जनशक्तिको अधिकतम उपयोग र परिचालन गरी "सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक" को रुपमा व्यापक रुपमा सेवा विस्तार गर्दै सम्पूर्ण नेपाली जनतालाई कुनै न कुनै रुपमा बैंकसँग जोड्ने गरी आफ्ना कार्यक्रम अगाडि बढाएको छ । सर्वसाधारण जनता सम्बद्ध सबै पक्ष एवं निकायहरुबाट बैंकले सदैव निरन्तर सहयोग, प्रेरणा र प्रोत्साहन समेत पाईरहेको छ । आगामी दिनमा सबै प्रकारका ग्राहकहरुलाई गुणस्तरयुक्त बैंकिङ्ग सेवा सुविधा उपलब्ध गराउँदै सक्षम एवं थप सुदृढ बैंक बन्ने विश्वास दिलाउँदै हामी हाम्रा आदरणीय ग्राहक, शेयरधनी, सेवाग्राही महानुभावहरु नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकाय, दातृ तथा सहयोगी संस्थाहरु, कर्मचारी एवं सम्बद्ध सबै पक्षमा पुनः एक पटक हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछौं ।

प्रस्तुतकर्ताः हिमलाल पौडेल
प्रवक्ता/कम्पनी सचिव

# फुटबल जलिरहँदा बाँसुरी बजाइरहेको एन्फा

एकपछि अर्को फुटबल खेलाडी विदेश पलायन भइरहेका छन्, अखिल नेपाल फुटबल संघ भने चुपचाप छ । सायद उल्टै मज्जा लिइरहेको छ । तर्क छ आखिरमा विदेश जाने खेलाडीलाई रोक्ने कसरी ?

**हिमेश** (काठमाडौं)



दुई वर्षअघि विश्वकप छनोटमा अस्ट्रेलियाविरुद्ध खेल्नेक्रममा नेपाली खेलाडी । *फाइल तस्बिर : कान्तिपर*

ओहो ! यस्तै विस्मातपूर्ण प्रतिक्रिया त आउँछ, जतिबेला सुन्नुपर्ने हुन्छ, एकपछि अर्को फुटबल खेलाडी विदेश पलायन हुँदै छ भनेर । कतै कुनै दिन सहिद स्मारक लिग 'ए' डिभिजन सुरु हुनेछ । तर, मूल कुरा अर्कै बन्दै छ, त्यही खेलाडी पलायनको । त्यो पनि अधिकांस अस्ट्रेलियातर्फ । कुरा त नेपाल सुपर लिगको पनि छ । तर ती सबै फिक्का हुनेछन् । एकजना होइन, दुईजना होइन, ३० भन्दा बढी खेलाडी पछिल्लो समय परदेश लागेका छन् । अस्ट्रेलिया, अमेरिकाजस्ता मुलुक उनीहरूको गन्तव्य बनेको छ ।

यस्तोमा प्रश्न बन्छ, फुटबल खेल्ने चाहिँ को त ? दशरथ रंगशालाको छेउछाउ हिँडिरहेकालाई टिपेर खेलाउन त सकिन्न नै । ओ यो होइन, ओ यो...हो भन्ने स्थिति पनि आउनेछ । झन् विस्मात्पूर्ण स्थिति बन्छ, जतिबेला थप केही खेलाडी पनि अस्ट्रेलिया वा अन्यत्र मुलुक लाग्नेछन् । हल्लामा सुन्न पाइन्छ, केही खेलाडी उतै जाने सुरसारमा छन् । अस्ट्रेलियातर्फ सुरु-सुरुमा लागेका जगजित श्रेष्ठ भन्छन्, खेलाडीलाई पनि सुखद जीवनका लागि प्रयास गर्ने अधिकार हुन्छ नि ।

किन नहुनु ? हुन्छ । सायद त्यसैले होला अखिल नेपाल फुटबल संघ (एन्फा) पनि चुपचाप छ । सायद उल्टै मज्जा लिइरहेको छ । तिनको तर्क कुनै समय हो नै जस्तो लाग्छ, आखिरमा विदेश जाने खेलाडीलाई रोक्ने कसरी ? त्रिभुवन विमानस्थल गएर फर्काउन त सकिन्न । तर, सबथोक यत्तिकै सजिलो र सामान्य छैन । नेपाल फुटबल धसिँदै छ, गहिरो न गहिरो खाल्डोमा । खेलाडीलाई नेपाली फुटबलप्रति यति धेरै अविश्वास कहिल्यै लागेको थिएन ।

न त खेलाडीले नेपाली फुटबलसँग यति धेरै चित्त कहिल्यै दुखाएका थिए । खेलाडीको पलायनको शृंखलाले नेपाली फुटबलमा यसअघि कहिल्यै नआएको संकट निम्तिन सक्छ । 'ए' डिभिजनमा उक्लेर के-के न गर्नु भनेर उत्साहित चर्च ब्वाइजले दिनेश राजवंशी र तेज तामाङलाई अनुबन्ध गरेर सबैको ध्यान आफूमा तानेको थियो । केही दिन बित्न पाएको थिएन तिनै खेलाडी पनि अस्ट्रेलिया लागे । एक-दुई दिनको फरकमा गौतम श्रेष्ठ, नितिन थापा र रञ्जन विष्ट पनि उतै हान्निए ।

त्यसो त यसअघि पनि फुटबल खेलाडी विदेश नगएका होइनन् । गएकै थिए । पछि जाने रोकिने छैन । तर जसरी जुन मात्रामा अहिले खेलाडी गइरहेका छन्, त्यो भने वास्तवमै निकै चिन्ताजनक स्थिति बनेको छ । सबैभन्दा पहिले एउटा सूची बनाऔं त । तिनै जगजित आफ्नो खेलजीवनको उत्कृष्ट समयमै अस्ट्रेलिया लागे । व्यक्तिगत रूपमा निहुँ खोजिरहने उनको बानी छ । तर, उनी माथिल्लो दर्जाका खेलाडी हुन् । यसमा कसको शंका थियो र ?

जगजितले खनेको बाटो पछ्याउँदै शुलभ मास्के, हेमन गुरुङ, एलान न्यौपाने पनि लागे । पछिल्लो दक्षिण एसियाली खेलकुदमा पुरुषतर्फ फुटबलमा स्वर्ण जित्ने टिमका एक तिहाइभन्दा बढी खेलाडी अस्ट्रेलिया पुगिसके । अभिषेक रिजाल त्यस टिमका एक सदस्य थिए । किन हो उनले पछिल्लो समय हल्का लय त गुमाए । उनी पनि माथिल्लो दर्जाकै खेलाडी हुन् । जगजित जस्तै नेपाली फुटबलमा केही छु भन्ने 'एटिच्युड' थियो ।

सागको त्यस यू-२३ टिमका अभिषेकसँगै दिनेश, सुमन अर्याल, मिक्चेन तामाङ, हेमन्त थापामगर, नितिन थापा, तेज तामाङ र रेजिन सुब्बा पनि अहिले अस्ट्रेलियामै छन् । यो सूचीको लगभग सबैले नेपाली राष्ट्रिय टिमबाट खेले । अझै खेल्न सक्थे । यस्तो सूचीमा सुमन लामा, आशिष लामा, दर्शन गुरुङ, सन्तोष तामाङ र सन्जोक राईको नाम थपे हुन्छ । यसमा थप्ने मिल्ने नाम अरू धेरै छन् । सबैको कामना हो, यसमा थप अरूको नाम जोड्न नपरोस् ।

## गम्भीर असर

यो सबै कुरा सुन्दा अबको राष्ट्रिय टिमबाट कसले पो खेल्छ जस्तो लाग्न सक्छ । किरण लिम्बु, रोहित चन्द, सुजल श्रेष्ठ जस्ता केही नाममात्रले त नेपाली टिम बन्दैन । खासभन्दा यी खेलाडी पलायनको असर पक्कै गम्भीर रहनेछ । अझ यसको असर शृंखलाबद्ध हुनेछ । यसको पछिल्लो उदाहरण त आहा-रारा पोखरा गोल्डकपमै देखियो । त्यसै पनि पोखरालाई फुटबलको सहर भनिन्छ । कुनै दिन थिए, जतिबेला पोखरा रंगशालामा दर्शकको भिड लाग्थ्यो, सम्हाल्नै नसक्ने गरेर ।

भर्खर सकिएको प्रतियोगितामा हातैले दर्शक गन्न सकिने स्थिति थियो । केहीले भन्न सक्छ, प्रतियोगिता पुसको चिसो मौसममा भयो । अझ केहीले भन्न सक्छ, टिकट नै महँगो थियो । यी त क्षणिक कारणमात्र हुन् । सबैभन्दा ठूलो नेपालमा फुटबलको संस्कृति नै मर्दै छ । कोही पनि आफूलाई फुटबल मनपर्छ भनेर रंगशाला पुग्ने गर्दैनन् । यसका लागि फुटबल हेर्ने संस्कृति चाहिन्छ । जतिबेला नेपाली फुटबलमा केही नहुँदा बरू यो संस्कृति थियो, सबथोक छ भनेर दाबी हुँदा त्यही संस्कृति मर्दै छ ।

फुटबल मीठो हुन एक-दुई जना ठूलै स्टार चाहिन्छ । खेल जत्तिकै ठूलो व्यक्तित्व भएको खेलाडी नभई हुन्न । क्लब क्लबबीचको ऐतिहासिक प्रतिद्वन्द्विताले पनि काम गर्न सक्छ । यसअघि के कस्तो भएको थियो, त्यसको इतिहासले पनि ठूलो महत्त्व राख्छ । फुटबलको पनि आफ्नो साहित्य हुन्छ, जसले आम दर्शकलाई यो खेलप्रति जोडिरहने रहर बढाउँछ । यस्तो संस्कृतिका लागि चाहिने भनेकै फुटबलको सर्वोच्च निकायले नियमित प्रतियोगिता गर्न सक्नुपर्छ ।

प्रतियोगिता गरेर मात्र हुन्न, ती व्यवस्थित हुनुपर्छ । त्यसले फुटबलको मौलिक गुण आफूमा समाहित गरेर राखेको हुनुपर्छ । रेलिगेसनविनाको लिग कहिले हुन्छ र ? एन्फाले भन्थ्यो 'हुन्छ' । यस्तै लिग पनि गर्‍यो । हो, यस्तै यस्तै निर्णयले हो, फुटबल सस्तो हुने । फुटबललाई सस्तो बनाउन एन्फाले के कस्तो मात्र काम गरेन । त्यसको सूची बनाए लामै हुन्छ । पछिल्लो समय नेपाली फुटबलमा एकथोक मात्र भएको छ । त्यो हो, राजनीति ।

## फुटबल होइन, राजनीतिमात्रै

त्यो पनि बेकम्मा राजनीति । इतिहासको एक मौलिक सिद्धान्त छ, कुनै घटना हुनु पछाडि एउटा निर्णायक तात्कालिक कारण हुन्छ । त्यसलाई सहयोग गरिररहने अन्य थुप्रै कारण हुन सक्छन् । अहिले खेलाडी पलायन हुनुको कारण तिनले खेलेर भविष्य नदेख्नु नै हो । प्रतियोगिता नै हुन्न, खेल्नै पाइन्न । खेलाडीका लागि योभन्दा ठूलो समस्या अरू के हुनसक्छ । यो स्थिति तयार हुनुमा अन्य कारणले पनि उत्तिकै भूमिका खेलिरहेको हुन्छ ।

यसमध्ये सबैभन्दा ठूलो कारण त नेपाली फुटबलले एक सबल नेतृत्व नपाउनु नै हो । अहिले जति छन्, विश्वास गर्न गाह्रो छ । फुटबलको प्राविधिक ज्ञानमा घनघोर कमजोर छन् । त्यसमाथि सबैको आ-आफ्नै स्वार्थ । एन्फाको व्यवस्थापक पक्ष निकै कमजोर छ । यसको सूची बनाउने हो भने जति खेलाडी अस्ट्रेलिया र अन्य मुलुक पलायन भएका छन्, त्योभन्दा कमजोरीकै सूची झन् लामो हुन्छ । यस्तै सूचीले त हो खेलाडीलाई विदेश पलायन गर्न बाध्य पार्ने ।

इतिहासको एउटा खुबै दोहोर्‍याएर भन्ने भनाइ छ, रोम जलिरहँदा निरो बाँसुरी बजाइरहेका थिए । हाम्रोमा अहिलेको स्थिति भनेको फुटबल जलिरहँदा एन्फा बाँसुरी बजाइरहेको छ । त्यो रोमकै भनाइमा पनि केही के दाबी गर्छन् भने त्यो बेला सन् ६४ तिर रोममा बाँसुरी पुगेकै थिएन, निरोले कसरी त्यो बाजा प्रयोग गर्ने भनेकै छ । यो भनाइको मुख्य कुरा त भाव न हो । निरो इतिहासकै क्रूर शासक थिए, तिनलाई आफ्नो देशको मतलब नै थिएन ।

अहिले खेलाडी विदेश गए त गए, त्यो तिनको अधिकार हो, विमानस्थल गएर रोक्न सकिन्न भनेर चुपचाप रहनु भनेको एन्फालाई नेपाली फुटबलप्रति वास्ता छैन भन्नु नै हो । अहिले जति खेलाडी नेपालमै छन्, तिनीहरू पनि चर्को दबाबबाट गुज्रिइरहेका छन् । वास्तवमै एकपछि अर्को खेलाडी किन विदेश गए, त्यसको कारण खोज्नुपर्छ, सबै दृष्टिकोणले । अन्यथा नेपाली फुटबल एउटा ठूलो दुर्घटनामा पर्न सक्छ, जहाँबाट उम्कन निकै गाह्रो हुनेछ ।

## छोटकरी

### साफ च्याम्पियनसिप बंगलादेशमा

काठमाडौं (कास)- दक्षिण एसियाली फुटबलको सबैभन्दा ठूलो प्रतियोगिता साफ च्याम्पियनसिपको अर्को संस्करण बंगलादेशमा हुने भएको छ । दक्षिण एसियाली फुटबल महासंघले प्रतियोगिता असार ५ देखि १८ सम्म हुने निर्णय गरेको हो । अखिल नेपाल फुटबल संघ (एन्फा) ले शुक्रबार उक्त निर्णय अनुमोदन गरेको हो । अन्य सहभागी देशले यसअघि नै प्रतियोगिताको नयाँ आयोजनास्थल र समयबारे सहमति दिइसकेको थियो । नेपाल माल्दिभ्समा भएको पछिल्लो साफ च्याम्पियनसिप उपविजेता हो । यसबीच भारतमा हुने अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा पनि नेपालले सहभागिता जनाउने छ । यसबारे थप जानकारी आउन बाँकी छ ।

### खुमलटारविरुद्ध फ्रेन्ड्स भिड्ने

काठमाडौं (कास)- सहिद स्मारक लिग 'ए' डिभिजन ०७९ को पहिलो खेलमा फ्रेन्ड्सले नवप्रवेशी खुमलटार युवा क्लबको सामना गर्नेछ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले शुक्रबार नेपाली घरेलु फुटबलको सबैभन्दा ठूलो प्रतियोगिताको पाँच चरणसम्मको खेल तालिका निकालेको हो । प्रतियोगिता डबल राउन्ड रोबिनको आधारमा फागुन १९ देखि सुरु हुँदै छ । पहिलो चरणमा डिफेन्डिङ च्याम्पियन मछिन्द्रले जावलाखेल, पुलिसले चर्च ब्वाइज, एपीएफले थ्रीस्टार, मनाङले हिमालयन शेर्पा, आर्मीले संकटा र एनआरटीले सातदोबाटोको सामना गर्नेछन् । लिगका खेल दशरथ रंगशालासँगै च्यासल र एन्फा मैदानमा हुनेछ ।

### रूपेशको एक्लो अग्रता

काठमाडौं (कास)- अन्नपूर्ण आरसीटी खुला फिडे रेटिङ चेसको तेस्रो दिन सातौं चरण सकिँदा फिडे मास्टर रुपेश जैसवालले एकल अग्रता लिएका छन् । उनको ७ अंक छ । रुपेशले छैटौंमा पूर्व नेपाल च्याम्पियन सुरवीर लामालाई हराए भने सातौंमा सुमन लामामाथि जित निकाले । फिडे मास्टर क्षितिज भण्डारीसँगै ६ अंकमा नेपाल च्याम्पियन पुरुषोत्तम चौलागाईं, भगवतीप्रसाद शर्मा र सरोज महर्जन छन् । क्षितिजले सातौं चरणमा पूर्वनेपाल च्याम्पियन पुण्यमान कर्माचार्य र श्रीकृष्ण श्रेष्ठलाई हराए । सजिन महर्जन, राजीव कार्की र दीपक महर्जन समान ५ अंकमा छन् । महिलातर्फ विनिता कपाली ५ अंक जोडेर शीर्षस्थानमा छन् भने उनको पछाडि सिन्दिरा जोशी ४ अंकमा छन् ।

### राजेन्द्रको जोडी फाइनलमा

काठमाडौं (कास)- नेपाली खेलाडी राजेन्द्र दुलाल र रक्त मानन्धरको जोडी ओमान भइरहेको २० औं विश्व भेट्रान्स च्याम्पियनसिप टेबलटेनिस २०२३ को पुरुष डबल्स ४५ वर्षमाथि समूहमा भारतमाथि ३-२ को जित निकाल्दै फाइनल पुगेको छ । प्रशिक्षक अनिता महर्जनले जानकारी गराएअनुसार उनीहरूको जोडीले भारतीय पीयूष दुवा र महेश चन्द्रलाई ११-६, ६-११, ९-११, ११-९, ११-१ को सेटमा पराजित हराए ।

### सदस्यसचिवसँग सोतोकान टोली

काठमाडौं (कास)- भारतको कोलकातामा भएको ३१ औं खुला अन्तर्राष्ट्रिय सोतो कप कराते प्रतियोगितामा नेपाली टोली च्याम्पियन बन्न भएको छ । नेपाली खेलाडीले २१ स्वर्ण, १२ रजत र ७ कांस्य पदकसहित टिमको ट्रफी उचालेका थिए । उक्त टोलीलाई शुक्रबार राष्ट्रिय खेलकुद परिषदका सदस्य-सचिव टंकलाल घिसिङले भेटेर हौसला बढाएका छन् । नेपाल सोतोकान कराते संघका प्रमुख प्रशिक्षक समेत रहेका महासचिव श्याम शेर्पाले प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश र भुटानका करिब ७ सय खेलाडी प्रतिस्पर्धी थिए ।

बंगबन्धु शेख मुजिब ढाका म्याराथन

# पदकमा पुष्पाको ह्याट्रिक

**ध्रुव तुलाधर** (काठमाडौं)



ढाकामा शुक्रबार बंगबन्धु शेख मुजिव ढाका म्याराथनमा स्वर्ण जितेकी नेपालकी पुष्पा भण्डारी ।

नेपाली धाविका पुष्पा भण्डारीले बंगबन्धु शेख मुजिव ढाका म्याराथनमा लगातार पदक जितेर ह्याट्रिक गरेकी छन् । ढाकामा शुक्रबार भएको ढाका म्याराथन २०२३ मा पुष्पाले स्वर्ण पदक जितेकी छन् । प्रतियोगितामो उनको यो तेस्रो पदक हो । यसअघि सन् २०२१ मा स्वर्ण जितेकी पुष्पाले गत वर्ष २०२२ मा कांस्य जितेकी थिइन् ।

म्याराथनको दक्षिण एसियाली प्रतिस्पर्धामा पुष्पाले २ घण्टा ४८ मिनेट ०२ सेकेन्डबाट स्वर्ण जितेकी हुन् । अघिल्लो दुई संस्करणमा भन्दा उनको यो टाइमिङ धेरै राम्रो हो । यद्यपि उनी आफ्नो टाइमिङप्रति भने खुसी भइनन् । किनकि पुष्पाको लक्ष्य २ घण्टा ४६ मिनेटभित्र दुरी पार गर्ने थियो ।

उनले स्वर्ण जितेपछि ढाकाबाट कान्तिपुरसँग भनिन्, 'स्वर्ण जित्दा एकदमै खुसी छु, त्यो पनि दोस्रोपल्ट जित्न सकें । तर, मेरो लक्ष्य २ घण्टा ४६ मिनेटमै दुरी पार गर्ने थियो । रुट अलि उकालो ओरालो भएकाले लक्ष्य पूरा गर्न सकिनँ ।'

उनले व्यक्तिगत टाइमिङ भने सुधार गरेकी छन् । सन् २०१९ मा १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा म्याराथनबाट रजत पदक जित्दा उनले २ घण्टा ५० मिनेट ११ सेकेन्ड लगाएकी थिइन् । जुन राष्ट्रिय कीर्तिमान पनि हो । त्यसलाई सुधार्दै नयाँ कीर्तिमान राखेकामा भने पुष्पाले खुसी व्यक्त गरिन् । पहिलोपल्ट ढाकामा स्वर्ण जित्दा पुष्पाले २ घण्टा ५७ मिनेट ३५ सेकेन्ड लगाएकी थिइन् ।

एपीएफ क्लबबाट खेल्ने पुष्पाले नवौं राष्ट्रिय खेलकुदमा भने चोटका कारण बीचमै म्याराथन छाडेकी थिइन् । नवौं राष्ट्रियमा स्वर्ण जितेकी विन्द्राधान्के श्रेष्ठ भने ढाकामा कांस्य पदक जित्न सफल भइन् । ३७ वर्षीया धाविका विन्द्राले २ घण्टा ५२ मिनेट ३२ सेकेन्डमा दुरी पार गरेकी थिइन् । उनको यो पहिलो अन्तर्राष्ट्रिय पदक हो । उनीभन्दा अगाडि श्रीलंकाकी मधुमली परेरा २ घण्टा ४८ मिनेट २२ सेकेन्डकी रहिन् ।

पुष्पाले ५ लाख र विन्द्राले ३ लाख बंगलादेशी टाका पुरस्कार पाएका छन् । पुरुषतर्फ सहभागी नेपाली धावक सन्तोषविक्रम विष्ट भने चौथो स्थानमा रहे । दक्षिण एसियाली प्रतिस्पर्धामा भारतीय धावकले वर्चस्व राख्दा सन्तोषले २ घण्टा २४ मिनेट ०३ सेकेन्डमा दुरी पार गरेका थिए । पहिलो भएका भारतीय धावक विक्रम भरतसिं बंगरियाले २ घण्टा १८ मिनेट २८ सेकेन्डको टाइमिङ लिएका थिए । पुरुषतर्फ यसअघि किरणसिंह बोगटीले २०२१ र २०२२ मा प्रतिस्पर्धा गर्दा चौथो र पाँचौं स्थानमै रहेर दूरी टुंग्याएका थिए । यसपालि उनी सातौं स्थानमा पुगे ।

पुरुष हाफ म्याराथनमा नेपालका गोपीचन्द्र पार्कीले कांस्य पदक जितेका छन् । १३ औं सागका स्वर्णधारी गोपीचन्द्रले १ घण्टा ६ मिनेट ४४ सेकेन्डमा दुरी पार गर्दै कांस्य जिते । यस इभेन्टमा भारतका अभिषेक पालले १ घन्टा ५ मिनेट २९ सेकेन्डले स्वर्ण र गुल्भर सिंहले १ घन्टा ५ मिनेट ३३ सेकेन्डबाट रजत जितेका थिए । स्वर्ण र रजत जित्नेको भागमा २ र १ लाख ५० हजार टाका पर्दा गोपीले १ लाख टाँका पुरस्कार जितेका छन् ।

भारतीय खेलाडी हाबी भएको महिला हाफ म्याराथनमा नेपालकी सन्तोषी श्रेष्ठ चौथो भइन् । राजपूरा पछ्याईं पाँचौं र रेखा विष्ट आठौं स्थानमा रहे । ढाका म्याराथन र हाफ म्याराथनमा नेपालबाट यसपालि सबैभन्दा धेरै १० खेलाडीले सहभागिता जनाएका थिए ।

# एपीएफ स्तब्ध

इटहरी (कास)- प्रदेश १ ले शुक्रबार नेपाल एपीएफ क्लबको राजलाई ध्वस्त पार्दै प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा फाइनल सुरक्षित गरेको छ । प्रदेश १ ले ८ विकेटले जित पाएको थियो ।

रुबिना क्षेत्रीको कप्तानीमा रहेको यस प्रदेशले फाइनलमा शनिबार सुदूरपश्चिम प्रदेशसँग प्रतिस्पर्धा गर्नेछ । संगीता राई, एलिसा खडिया र सवनम राईले आपसमा ८ विकेट बाँडेपछि पहिलो ब्याटिङमा आएको एपीएफ १४ ओभर पनि पूरा टिक्न सकेनन् । ४५ रनमै अलआउट हुँदा कप्तान सीता रानामगरको खातामा रहेको १० रन नै ठूलो स्कोर थियो ।

४६ रनको लक्ष्यलाई प्रदेश १ ले ९ ओभरमा २ विकेट गुमाएर पूरा गरेको हो । कप्तान रुबिनाले २३ बलमा ३ चौकासहित अविजित २० रन बनाइन् । नटआउट रहेकी अप्सरी बेगम र काजोल श्रेष्ठले समान ९ रन बनाए । ओपनर काजोललाई नेरी थापाले पेभेलियन पठाइन् ।

अर्को सेमिफाइनलमा सुदूरपश्चिम प्रदेशले मधेस प्रदेशलाई १ सय १४ रनले हराएको थियो । कविता कुँवरको ७० र विन्दु रावलको ६० रन मदतमा सुदूरले २ विकेटमा २ सय ८० रन बनायो । जवाफमा मधेसले ८ विकेट गुमाई ६६ रनमात्र बनाउन सक्यो ।



कविता कुँवर




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया, निर्देशक : स्वस्तिका सिरोहिया, सम्पादक : उमेश चौहान, प्रधान सम्पादक : सुधीर शर्मा

ekantipur.com

कोसेली

कान्तिपुरको साप्ताहिक परिशिष्टांक

शनिबार, ७ माघ २०७९

# एक झिल्कको आगो, एक भव्य सभ्यता

आगो आविष्कार त्यो विशेष घटना थियो, जसले मान्छेको संस्कृति र प्रकृति बदल्यो, सभ्यता जन्मायो, इतिहास रच्यो र युग फेर्‍यो । रहस्य बनिरहेको आगोलाई आदिपुर्खाले नियन्त्रण गरेयता मान्छे पृथ्वीको मालिक बन्यो । आगो र मान्छेको सहयात्रा, आगोमाथि मान्छेको अनुराग, आधुनिक मान्छे र सभ्यताको कहानी हो– आगोको कथा ।



## अग्निको कथा

सुरेश ढकाल

मान्छेको कथाको अहं र अभिन्न कथांश हो- पृथ्वीमा आगोको यात्रा । न्यानो र उज्यालोको भरपर्दो स्रोत आगोले मान्छेको सांस्कृतिक उद्‌विकासमा लाखौं वर्षदेखि आकार दिँदै आएको छ । मान्छेका आदिपुर्खाले कहिलेदेखि आगो प्रयोग गर्न थाले ? कहिलेदेखि आगो बनाउन सिके ? आगो कसरी आविष्कार गरे ? यसको तिथिमिति ठ्याक्कै भन्न त सकिन्न, तर आगोको यात्रा-कथाले मानवजातिको सभ्यता र सांस्कृतिक विकासको महत्त्वपूर्ण कहानी बताउन सक्छ ।

आगो प्रयोगको उत्कर्ष थियो मान्छेले खाना पकाएर खान थाल्नु । आज संसारभरका मान्छेको मुख्य भरपर्दो खाना गहुँ, चामल वा आलु आगोमा पकाएकै कारण खान सम्भव भएको थियो, अन्यथा ती अनाज तिनको प्राकृतिक स्वरूपमै खान सम्भव थिएन । आगोको प्रयोगले नै मानिस र अन्य जनावरबीचको भिन्नताका खाडल झनै फराकिलो बन्दै गएको थियो ।

हाम्रो आफ्नै अनुभवले भन्छ, ठिहिर्‍याउँदो जाडोमा आगो ताप्नुको आनन्दानुभूति कति हुन्छ ! यो चिसो माघमा म सम्झिरहेको छु- हामी हुर्कँदै गर्दाका हिउँदका ती चिसा दिन, जतिबेला हाम्रा लागि आगो ताप्नुको विकल्पै थिएन । आगो ताप्नुजस्तो मज्जा जीवनमा अर्को थिएन । हिमालदेखि तराईसम्मै आगो ताप्नु आनन्दको कर्म हो, कतिपयका निम्ति ज्यान जोगाउने उपाय । यसरी आगो ताप्नुका पछाडि समय-स्थान विशेषका अनगिन्ती कथा हुन्छन्, तिनका सामाजिक आयाम हुन्छन् ।

लोकोक्ति र साहित्यको पनि शक्तिशाली, बहुलअर्थी विम्ब हो– आगो । र, हो आज पनि मानव सभ्यताको अभिन्न अवयव । मान्छे र आगोको अन्तरसम्बन्ध सधैं एकनास रहेन, तर जहिल्यै महत्त्वपूर्ण रह्यो । एक मानवशास्त्रीले भन्न रुचाउने आगोका अनेकन् कथामध्ये केही झिल्का सुनाउने प्रयास यहाँ गरिएको छ ।

### अजम्बरी आगो

तीन दशकअघि । मानवशास्त्र स्नातकोत्तर तहको शोधपत्रका लागि अनुसन्धान गर्न पूर्वी नवलपरासीको पहाडस्थित एक मगर गाउँमा थिएँ म । तनहुँतिरबाट जाँदा कालीगण्डकी तरेर झन्डै एक-डेढ घण्टा उकालो चढेपछि पुगिने त्यो गाउँ त्यतिबेला विकटै थियो । कालीगण्डकी छेउछाउचाहिँ दराई र कुमालका बस्तीहरू थिए । बेलाबखत म स्थानीय साथीहरूको साथ लागेर दराई गाउँ झर्थें । उनीहरू भन्थे- दराईगाउँको जाँड मीठो हुन्छ । जाँडको स्वाद र गुणको परख गर्ने सवालमा मगरहरू आधिकारिक लाग्छन् । दराईहरूको मुना अर्थात् जाँड बनाउने विधि र सीप विशिष्ट हुन्छ । त्यो उनीहरूको सांस्कृतिक पुँजी हो ।

त्यो वैशाख १ गतेको दिन थियो, विद्यालय बिदा थियो । केही शिक्षकका साथ लागेर म झरें दराई गाउँ । उद्देश्य सरल थियो- मीठो जाँड खाएर नयाँ वर्ष मनाउने । तर, त्यस दिन हामीले जाँड खान त पाएनौं नै, उनीहरूका घरको पिँढीमा समेत टेक्न पाएनौं । कारण थियो- उनीहरू कुनै पर्व वा उत्सवको तयारीमा थिए । घर-आँगन लिपपोत गरि सफा र चिटिक्क पारिएको थियो । हिउँदभरि खोजेर जम्मा परिएको दाउरा कलात्मक ढंगले चाङ लगाएर राखिएको थियो आँगनको एक कुनामा । परिवारका सदस्य कुनै न कुनै काममा लागिरहेकै थिए । उनीहरू खासमा नयाँ वर्षमा नयाँ आगो पार्ने उत्सवको तयारी गर्दै थिए ।

दराईहरू नयाँ वर्षका दिन नयाँ आगो बनाउँछन् अर्थात् नयाँ वर्ष नयाँ आगोसँग सुरु गर्नुपर्छ । अघिल्लो दिन नै उनीहरू वर्षैभरि अँगेनोमा जोगाएर राखिएको आगो निभाउँछन् । अँगेना, चुला सफा गर्छन्, घर-आँगन लिपपोत गर्छन् र नयाँ वर्षको दिन नयाँ आगो बनाउँछन् । उनीहरूको मान्यता हुन्छ- अँगेनामा आगो मर्नु हुन्न, त्यो निरन्तर बलिरहनुपर्छ । सोहीअनुरूप दराईहरूका अगेनामा नित्य आगो बलिरहन्छ र त्यसैबाट दैनिक आगो सल्काइन्छ । नयाँ वर्षको पहिलो दिन सल्काइने नयाँ आगो शमीको काठका कप्टेरामा बनाइन्छ । काठको कप्टेरामा अर्को दह्रो काठको झीरले प्वाल पार्न खोजेझैं या मोही पार्दा ठेकीमा मदानी घुमाएझैं घुमाई घुमाई आगोको झिल्का निकालेर उनीहरू आगो सल्काउँछन् । उनीहरूको विश्वास छ- त्यस्तो आगो पवित्र हुन्छ र वर्षैभर त्यो झिल्को मर्नु हुन्न ।

यो एक प्रतिनिधि दृष्टान्त मात्रै हो । नयाँ आगो बनाउने यस्तो संस्कार अन्य संस्कृति र समुदायमा पनि छ, थियो । अँगेनामा आगो निभ्नु हुन्न भन्ने त आम प्रचलनै हो । यो नेपालमा मात्रै होइन संसारका अधिकांश समुदायमा प्रचलनमा छ, थियो । यो प्रचलन आगो जोगाउने आदिम पुर्खाहरूको ज्ञान र व्यवहारको निरन्तरता हो, जसले आगोको प्रयोग र उपयोग त थाहा पाए, तर आगो बनाउन भने जानेका थिएनन् वा आगो बनाउनु उनीहरूका लागि कष्टसाध्य काम थियो ।

### आगो जोगाउनेहरू, आगो बनाउनेहरू

मान्छेका आदिम पुर्खाले जतिबेला आगोसँग साक्षात्कार गरे, त्यतिबेला उनीहरू आगोबारे अनभिज्ञ थिए । आगो के हो ? कसरी बन्छ ? कहाँबाट आउँछ ? यी प्रश्नका कुनै उत्तर थिएनन् हाम्रा पुर्खासँग । उनीहरूका लागि भयंकर रहस्य थियो आगो । आगोसँगको साक्षात्कार र रहस्यका लाखौं वर्षपछि मात्रै हाम्रा पुर्खाले आगोबारे केही भेउ पाए, खासगरी यसको उपयोगिताबारे । आगो बनाउनु वशको विषय थिएन, तर उनीहरूले प्रकृतिमा भएको आगोलाई आफ्नो वशमा पार्ने प्रयास गरे । र, कालान्तरमा सफल भए । यसरी आगो नियन्त्रण गर्न जानेको अरू केही लाख वर्षपछि मात्रै हाम्रा आदिपुर्खाले आगो बनाउने ज्ञान सिकेका थिए । आगो बनाउने तिनै विविध विधि आज पनि विश्वका अनेकन् कुनामा (खासगरी दूरदराजमा बसोबास गरिरहेका समुदायमा) निरन्तर प्रचलनमा छन् ।

गाउँघरतिर आजपर्यन्त केही बूढापाकाले झुरो-चकमकबाट चुरोट, सुल्पा सल्काएको हामीले देखेकै छौं । किट/फलाम वा कडा चट्टानको टुक्रामा केही झुरो, जुट, नरिवल वा कपडाका रेसा राखेर चट्टानको टुक्राले जोडले हानेर आगो पार्ने विधि प्राचीनतममध्ये एक हो ।

यज्ञ-यज्ञादिमा शमीका काठको घर्षणले आगो निकाल्ने चलन आजपर्यन्त छ । प्रायः काठको सुकेको कप्टेरामा अर्को काठले जोडसँग घर्षण गराउने या काठको सुइरोले ड्रिल गरेझैं आगो उत्पन्न गर्ने विधि पनि आम रूपमा प्रचलनमा छ ।

प्रागऐतिहासिककालकै निरन्तरताजस्तो लाग्ने, खेतीपातीको अभ्यासमा समेत नभएका समुदायको मानवशास्त्रीय र पुरातात्त्विक अवशेषको अध्ययनको आधारमा आगो आविष्कारका यस्ता विधिबारे जान्न सकिएको हो । उनीहरूले प्रकृतिमा विभिन्न कारणले सिर्जित आगोलाई नियन्त्रण गर्न जाने र आगो बाल्ने अनेक कोसिस गरिरहे । प्रकृति नै उनीहरूको गुरु थियो ।

प्रकृतिमा अनेक कारण आगो वा डढेलो लागेको हुन सक्थ्यो । डढेलो लागेर बासस्थान वा सिकार गर्ने जंगल मासिँदा कतिपय समयमा हाम्रा पुर्खासमेत आगोले जलेर मरे होलान् । कत्ति भागेर जोगिए । उनीहरूको फिरन्ते सिकारी जीवन अस्तव्यस्त बन्यो । जब उनीहरू सिकार गर्न जंगल जान सकेनन् वा जंगलका जनावर डढेलोमा परेर मरे, बाध्य भएर उनीहरूले जलेका जनावरका मासु खाए । र, त्यो मासु झनै स्वादिलो पाए । त्यसैले पनि आगो नियन्त्रण गर्ने अनेक जुक्ति गरे । जब नियन्त्रण गरे, त्यस दिनदेखि मान्छेको सबैभन्दा भरपर्दो र उपयोगी साथी नै आगो बन्यो ।

> लोकोक्ति र साहित्यको शक्तिशाली, बहुलअर्थी विम्ब हो– आगो । मान्छे र आगोको अन्तरसम्बन्ध सधैं एकनास रहेन, तर जहिल्यै महत्वपूर्ण रह्यो ।

मासु पोलेर खान, क्रमशः पकाएर खान आगो उपयोगी भयो । मानव उद्‌विकासका क्रममा आगोको भूमिका कति महत्त्वपूर्ण थियो भने आगोमा पोलेपछि मासुमा भएका जीवाणु मर्थे र धेरै दिनसम्म पनि मासु जोगाउन सकिन्थ्यो । बासस्थान वरिपरि न्यानो पार्न, राति हिँडडुल गर्न आगो सहयोगी हुन्थ्यो । जंगली जनावरलाई आगोको लप्का देखाएर भगाउन सकिन्थ्यो । नवपाषाणकालीन युगमा आएपछि मान्छेले आगो लगाएर जंगलको जमिनलाई खेतीयोग्य बनाउन थाले । मान्छेको शारीरिक-जैविक र सामाजिक-सांस्कृतिक रूपान्तरण गरेको छ आगोले । ढुंगा, बाँस, धातु तताएर कडा बनाउने, त्यसलाई पिटेर उपयुक्त आकारमा ढाल्ने कला र पोलेर माटाका भाँडा बनाउने सीपले मानव सभ्यताको निर्माण र उद्‌विकासमा अहं भूमिका निर्वाह गरेको थियो । आगोको सहायताले मान्छेले प्रकृतिका कतिपय प्रतिकूलतामाथि विजय हासिल गरेका छन् । आगोकै कारण मान्छेले प्रकृतिलाई समेत कज्याउन सक्ने भए, प्रकृतिलाई बदल्न सक्ने भए ।

आफूलाई न्यानो राख्न र खाने कुरा पकाउन आगोवरिपरि बस्ने प्राचीन परम्परा महत्त्वपूर्ण साबित भएको छ । कालान्तरमा थुप्रै पर्व, उत्सव, संस्कार आगोवरिपरि सम्पन्न गर्न थालियो, जसको जग प्रागइतिहासकालमै बसेको थियो भन्न सकिन्छ ।

पक्कै अद्‌भुत हुँदो हो हिंस्रक जनावरबाट त्रसित मानव पुर्खाले आगोको सहयोगमा तिनै भयंकर जनवरलाई तर्साउँदै, लखट्दै गरेको दृश्य । कति सुन्दर दृश्य निर्माण भएको थियो होला त्यो, जब सिकारी झुन्डहरू आगोको उज्यालोको सहारामा अन्धकार घना जंगलमा यात्रा गरिरहेका हुन्थे । कस्ता रोमाञ्चक थिएन होला सिकार गरेर ल्याएको जनावर आगोमा पोल्दै, आगोवरिपरि नाच्दै, गाउँदै पोलेका मासु खाँदाको दृश्य । जब आगोमाथि हाम्रा आदिम पुर्खाले प्रभुत्व जमाए तब उनीहरूको जिन्दगीमा राप र रोमाञ्चकता थपियो । आगोले मान्छे र प्रकृति, जीवन र जगत्‌प्रतिको सम्बन्ध र दृष्टिकोण पनि फेरिदियो । आगोबाट प्राप्त प्रकाश र ताप सभ्यता अघि बढाउने शक्ति र आधार बन्यो ।

### प्रकृतिमा आगो

यो लेख पढिरहनुभएका तपाईंमध्ये कतिले विद्यालयमा झ्यालबाट छिरेको घामको किरणमार्फत 'आइग्लास' को सहायताले साथीहरूको लुगा वा कपाल डढाउनुभएको थियो होला, साना कागजका टुक्रामा प्रकाश पारेर आगो बाल्नुभएको थियो होला । त्यस्तै घना जंगलहरूमा पातको टुप्पाबाट पानी वा शीतको थोपा चुहिन लाग्दाको समय निश्चित कोणमा घामको किरण पर्दा निश्चित दूरीको सुकेको घाँस, पत्करमा आगो लाग्न सक्छ । जसरी आइग्लास (म्याग्निफाइङ ग्लास, कन्भेक्स लेन्स) ले घामको प्रकाशलाई एकत्रित गरि ताप सिर्जना गर्छ, त्यसैगरी शीतको थोपाले गर्छ ।

तर, प्रकृतिमा आगो लाग्ने प्रमुख कारण अरू नै छन् ।

चट्याङ पर्दा निस्केको आगो फैलिएर प्रकृतिमा आगो अस्तित्वमा आउन सक्थ्यो । प्राकृतिक आगोको प्रमुख कारण थियो- चट्याङ । अध्ययनहरूले भन्छन्- आज पनि विश्वका ठूला जंगलहरूमा लाग्ने डढेलोको प्रमुख कारण चट्याङ नै हो, जुन मान्छेका कारण लाग्ने डढेलोभन्दा धेरै बढी छ ।

त्यस्तै पृथ्वीका अनेकौं स्थानमा नियमित फुट्ने ज्वालामुखी र त्यसबाट निस्कने अत्यधिक तापसहितको लाभाले डढेलो सल्काउने सम्भवाना नियमितजस्तै हुन्थ्यो– प्रकृतिमा आगोको यो अर्को नियमित स्रोत थियो । संयुक्त राज्यको भूभौगर्भिक सर्भेका अनुसार, अहिले पनि १३५० सशक्त सक्रिय ज्वालामुखी अस्तित्वमा छन्, जो कतिपय क्षेत्रमा डढेलोका कारण बन्ने गरेका छन् ।

आगो लाग्नुका केही अन्य कारण पनि छन् । जस्तो सुक्खा याममा हावाहुरी लाग्ने समयमा हुर्केका बाँसहरू एकआपसमा नियमित घर्षण हुँदाको तापले पनि आगो निस्केको हुन सक्छ ।

यसरी प्रकृतिमा विभिन्न कारण अस्तित्वमा आएको आगो संयोगले जुरेको अवसरमा मात्रै मान्छेले प्रयोग गर्न सक्थे, तर उनीहरूलाई आगो बनाउने ज्ञान थिएन । यद्यपि आगोबारे धारणा बनाउन सक्ने सज्ञानात्मक क्षमताले नै प्रकृतिमा उपलब्ध आगोलाई मान्छेले तह लगाए । र, मान्छे बन्यो आगोको आविष्कारक ।

### आगोको आदिम कथा

करिब २० लाख वर्षदेखि मान्छे र आगोले सँगसँगै यात्रा गरेका छन् । आदिम पुर्खाको क्रमिक जैविक एवं सांस्कृतिक विकासको परिर्वतनमा आगोले उल्लेखनीय भूमिका खेलेको छ । ८ घण्टा जागा बस्ने मान्छे अब १६ घण्टासम्म जागा बस्न सक्ने भएको छ । जबकि अन्य आद्य नर-वानर (प्राइमेट) हरू उज्यालोसँगै ब्युँझन्थे र रात परेपछि सुत्थे । मान्छेको सामाजिक गतिविधिको समय बढ्यो, संस्कृतिमा अनेक परिवर्तन सम्भव हुँदै गए । आगोको सहाराले नै मान्छेले आफूलाई प्रकृतिमा अनुकूलन मात्रै गराएन प्रकृतिमाथि नै हावी भयो । मान्छेले घाम, पानी र शत्रुबाट सुरक्षित ठानिने गुफामा बस्ने हिंस्रक जंगली जनावरलाई आगोको सहायताले विस्थापित गर्‍यो, ती ठाउँमाथि कब्जा जमायो ।

पुरातात्त्विक-मानवशास्त्रीका अनुसार, आगो प्रयोगको पहिलो प्रमाण प्राचीन ढुंगेयुग अर्थात् पुरापाषाणकालमा होमो इरेक्टस अर्थात् दुईखुट्टाले सीधा उभिन सक्ने मानवजातिको पहिलो पुर्खाहरूले गरेको भेटिन्छ । मानव गतिविधिसँग सम्बन्धित आगो प्रयोगको हालसम्म प्राप्त प्रथम प्रमाण उत्तरी केन्याको तुर्काना ताल क्षेत्रको ओल्डोवान होमिनिडको अवशेष उत्खनन क्षेत्रमा भेटिएको थियो । उक्त ताल नजिकै अर्को प्राग्‌मानवहरूको बासस्थान भएको कोवी फोराको उत्खनन क्षेत्रमा आगोको असरका प्रमाण भेटिएको थियो, जुन केही पुरातत्त्वविद्‌का अनुसार आगोको नियन्त्रित प्रयोगको निसानी थियो । त्यस्तै मध्यकेन्याको चेसोवान्जाको उत्खनन-स्थलमा पनि आगोलो पोलिएका माटाका चट्टानका टुक्राजस्ता वस्तुहरू छरिएको भेटिएको थियो, जुन चौध लाख वर्ष पुरानो भएको अनुमान छ । त्यस्तै दक्षिण अफ्रिकाको मोन्टागु गुफा, स्वार्तक्रान्स गुफामा डढेका हाडजस्ता प्रमाण भेटिएका थिए, जसले आगोको नियन्त्रित प्रयोगको संकेत गर्थे ।

अन्य केही अफ्रिकी पुरापाषाणकालीन उत्खनन-स्थलहरूमा आगो प्रयोगका केही सम्भावित प्रमाण (डढेको चट्टान, डढेका हाडका टुक्रा र खरानी) भेटिएका छन् । यी प्रमाणले भन्छन्- करिब १५ लाख वर्षअघि आगोको उद्देश्यमूलक प्रयोग भएको हुन सक्थ्यो । अफ्रिकी महादेशभन्दा बाहिर पुरापाषाणकालीन केही अवशेष भेटिएका छन्, जसले आगोको नियन्त्रित प्रयोगको संकेत गर्न सक्थे, जुन अफ्रिकी प्रमाणभन्दा पछिल्ला थिए । जस्तै इजरायलको एक गुफा र उत्खनन-स्थलमा डढेका काठ, वनस्पतिका बीज आदि फेला परेका थिए । ती वस्तु करिब सात लाख ९० हजार वर्ष पुराना थिए भन्ने अनुमान छ ।

यस सम्बन्धमा सबैभन्दा प्रख्यात उत्खनन-स्थल उत्तरी चीनको चाउकोडियन गुफा हो, जहाँ आगोको नियन्त्रित र नियमित प्रयोगका सबैभन्दा स्पष्ट संकेत फेला परेका थिए । पेकिङ मानव भनिने होमो इरेक्टस पेकेनेन्सिसले रजाइँ गरेको थियो त्यस क्षेत्रमा । सन् १९१८ मा प्रथमपटक पुरातात्त्विक उत्खनन भएदेखि नै त्यस क्षेत्र मानवशास्त्री र पुरातत्त्वविद्‌का लागि होमो इरेक्टसको अध्ययन केन्द्र बनेको छ । त्यहाँ प्राप्त आगो प्रयोगका अवशेषहरू करिब सात लाख ७० हजार वर्ष पहिलेको हुन सक्ने अनुमान छ । होमो इरेक्टसमाथिको अध्ययनमा संलग्न चिनियाँ र अमेरिकी अनुसन्धानकर्ताको 'नेचर पत्रिका' (२००९) मा छापिएको एक अनुसन्धानात्मक लेखका अनुसार, अफ्रिकाबाट बसाइँ सरेर चीन पुगेका पहिलो मूलका थिए ती होमो इरेक्टस । त्यति नै पुराना थिए आगोको प्रारम्भिक प्रयोगकर्तामध्येकै ठानिने इन्डोनेसियन प्रायद्वीप, जाभामा भेटिएका जाभा मानव भनिने एन्थ्रोपोपिथेकस इरेक्टस (होमो इरेक्टस) । केही मानवशास्त्री ठान्छन्- आगोको सहायताले नै मान्छेका आदि पुर्खालाई अफ्रिकाबाट बाहिरी संसारमा विचरण गर्न र नयाँ भूभाग आवाद गर्न मद्दत पुगेको थियो ।

पुराना प्रमाण सांकेतिक त हुन् । तर, मानवशास्त्रीहरूको मत छ- करिब चारदेखि तीन लाख वर्षयता मान्छेले आगोको नियमित उपयोग गरे । आगोको नियन्त्रित प्रयोगको अप्रत्यक्ष प्रमाणका आधारमा पनि यस्तो अनुमान गरिएका हुन् । जस्तै तुलनात्मक रूपमा होमो इरेक्टसका मुख र दाँत साना थिए । नियमित वा मौसमी रूपमा चिसो क्षेत्रमा बस्न सक्ने उनीहरूको क्षमता, रातमा पनि जागा बस्नेजस्ता चरित्र पकाएको, नरम र सहजै पच्ने खाना र आगोको प्रयोगबाट मात्रै सम्भव हुन सक्थ्यो । यस्ता अप्रत्यक्ष प्रमाणले पनि आगोको नियमित र नियन्त्रित प्रयोग हुन्थ्यो भन्ने पुष्टि गर्थे । तर, उनीहरू आगोको उपयोगकर्ता मात्रै थिए न कि आगोका आविष्कारक । प्रकृतिमा भएको आगोको नियन्त्रित उपयोग गर्न सक्नु र आगो बाल्न जान्नुलाई मानवशास्त्रीहरू मान्छेको एक महत्त्वपूर्ण आधारभूत आविष्कारै मान्छन् । आगो बनाउन सक्ने ज्ञान यसर्थ पनि जननी आविष्कार थियो । आगोमाथि नियन्त्रण पाइसकेपछि मान्छेले अनेकौं आविष्कार र सफलता हासिल गरेको थियो । आगोले उसलाई अझै उन्नत मात्रै बनाएन कि मानव सभ्यता निर्माणमै निकै महत्त्वपूर्ण भूमिका खेल्यो ।

### पवित्र आगो

मध्यपुरापाषाणकाल (करिब दुई लाखदेखि ४० हजार वर्षको अवधि) का पुरातात्त्विक उत्खननका क्षेत्रहरूमा होमो इरेक्टस, नियान्डरथल र होमो सापियन्सका पुर्खाले निश्चित स्थानमा नियमित आगो बाल्थे भन्ने प्रमाण भेटिएका छन् । खासगरी वरिपरि ढुंगाले घेरेर निश्चित स्थानमा आगो बाल्ने प्रचलनले चुल्हो या अगेनाको प्रारूप दर्साउँछ । अफ्रिका, पश्चिम एसिया, युरोपमा त्यस समयका यस्ता चुल्हा या अगेना धेरै भेटिएका छन् । ४० हजार वर्षयता अर्थात् उत्तर पुरापाषाणकालमा चाहिँ वरिपरि ढुंगाले घेरेका, कतैकतै माटाका डोम संरचनामा चुल्हाहरू बनाइन्थे भन्ने प्रमाण भेटिएका छन् । आगोको नियमित प्रयोग बासस्थान न्यानो राख्न, खानेकुरा पकाउन र कहिलेकाहीं माटाका साना भाँडा वा मूर्तिहरू पोल्न पनि भएको हुन सक्थ्यो । स्थानविशेषमा गरिएको आगोको नियमित प्रयोग वा चुल्हो सभ्यताको विकासले स्थायी बसोबास र परिवार संस्थाको स्थापनामा महत्त्वपूर्ण भूमिका खेलेको छ । आहानै छ- जहाँ चुल्हो त्यहीँ घर । त्यसै समयदेखि चलेको हुनुपर्छ चुल्हो वा अँगेनावरिपरि बसेर सामाजिक अन्तर्क्रिया गर्ने परम्परा । यस्तो परम्परा आजसम्मै गाउँघरमा जीवित छ । यसर्थ आगो बालिने ठाउँ, चुल्हो, अगेना, घुर, अग्निक्रीडा, धुनी, यज्ञ-होम आदि सम्भवतः त्यस्तो प्राचीन सामाजिकस्थल बन्न पुग्यो, जहाँ विभिन्न व्यक्ति जम्मा हुन्थे र अन्तर्क्रिया गर्थे । यस्तो निरन्तरको अन्तर्क्रियाले सामाजिक सम्बन्ध मजबुत बनाउँथ्यो र ज्ञानको पुस्तान्तरण गराउँथ्यो ।

आज पनि घरको शुद्ध वा पवित्र स्थान मानिन्छ- चुल्हो । चुल्होमा पूजासमेत गरिन्छ । अनेकौं संस्कार र अनुष्ठान आगोको महत्त्वलाई स्थापित गर्दै सुरु भएका थिए, जुन आजपर्यन्त निरन्तर छ ।

### आगो, प्रविधि र सभ्यता

मानव पुर्खाको सबैभन्दा पुरानो प्रविधि साबित भयो- आगो । र, आगोको विविध उपयोगले नै मान्छेलाई आजको मान्छे बनायो । मानवशास्त्री र्‍याडक्लिफ ब्राउन लेख्छन्, 'अन्डामन द्वीपका बासिन्दाको विश्वास थियो- आगोको आधिपत्यका कारण नै मान्छे मान्छे बनेको हो र अरू जनावरभन्दा फरक हुन सम्भव भएको हो ।' सम्भवतः विश्वका अन्य समुदायमा पनि त्यस्तो विश्वास परम्परा छँदै छ ।

मानव सभ्यता र सांस्कृतिक उद्‌विकासका क्रममा ३ घटना महत्त्वपूर्ण मानिन्छन्, जो आगोकै कारण सम्भव भएका थिए ।

१. २० हजार वर्षदेखि आगोमा पोलिएका माटाका भाँडाको निर्माण र उपयोग सुरु हुनु, जुन करिब १४ हजार वर्षदेखि व्यापक बन्यो । आगोमा पोलिएको माटाका भाँडाको घरायसी उपयोग मात्रै हुँदैनथ्यो, त्यतिबेलाको राजनीतिक, सामाजिक पहिचानका प्रतीक थिए ती । माटाका भाँडा प्राचीनतम विनिमयका वस्तुमध्ये एक थिए, जसको पुरातात्त्विक अवशेषको सहारामा प्रागऐतिहासिक मान्छेका गतिविधि, बसाइँसराइ र सम्बन्धको फैलावटबारे थाहा लागेका छन् ।

२. १० हजार वर्षअघि खेतीपाती र स्थायी बसोबासको सुरुवात, जसले मानव सभ्यताको पछिल्लो जग खडा गरेको थियो । खोरिया खेती (खेती प्रणालीको आदिम स्वरूप) गर्ने मान्छेले आगोको विवेकपूर्ण प्रयोग र व्यवस्थापन गर्थे । यी केही उदाहरणले पुर्ख्यौली ज्ञानको गहनतातर्फ संकेत गर्छन् । मैले गरेका अनुसन्धानको आधारमा पनि भन्न सकिने केही तथ्य यस्ता छन्- कुन समय खोरिया खेती गर्ने स्थानमा आगो लगाउने ? कुन याममा आगोको गतिविधि वर्जित गर्ने ? खेती गरिने जमिनभन्दा पर डढेलो फैलिन नदिन कसरी अग्निरेखा स्थापना गर्ने ? कसरी एकै दिन र एकै समयमा आगो लगाउने ? खोरिया खेती गर्ने किसानलाई यी सबैको ज्ञान हुन्छ । आगोमा परी कीरा, फट्यांग्रालगायत जीवजन्तु डढेर मरेका हुन सक्ने भएकाले उनीहरू प्रायश्चित्त गर्छन् । र, आगो लगाउनुपूर्व र लगाएपछि क्षमायाचनासहित देवतासँग माफी माग्दै बत्ती बाल्छन् । यसले खेतीपाती र आगोसँग सम्बन्धित पुरातन ज्ञानको सम्बन्ध दर्साउँछ ।

खेतीपाती र पाक परम्पराले खानेकुरा विविधीकरण गर्‍यो । तिनको भौतिक र रासायनिक चरित्र बदलिदियो । अनि मानव स्वास्थ्य र जैविक विकासक्रम नै फेरियो ।

३. पाँच हजार वर्षयता धातु, क्रमशः तामा, काँस र फलामको उपयोगले औद्योगिकीकरणको प्रारम्भिक जग बसालेको थियो । आगोको प्रविधिले नै कुनै धातुको टुक्रालाई उपयोगी हतियार बनाउन सम्भव भयो । हतियार बनाउने प्रविधिको राजनीतिक, सामाजिक र प्राविधिक महत्त्व हुने नै भयो । धातुका हतियारले नै तत्कालीन साम्राज्यहरू खडा गर्न मद्दत पुर्‍याएको थियो । भनिन्छ- रोमन साम्राज्य शक्तिशाली हुनुमा फलामे हतियार र प्रविधि नै मुख्य थियो । धातुका सामानहरू महत्त्वपूर्ण प्रागऐतिहासिक व्यापारका वस्तु थिए । तसर्थ धातुका कालिगडको सामाजिक प्रतिष्ठा पनि सोहीअनुरूप हुने गर्थ्यो । धातु-युगअघि पनि सिकारी-युगका फिरन्तेहरू आगो उपयोग गर्थे- काठको हतियार कडा, तिखो र चोटिलो बनाउन । ग्रीक मिथकअनुसार, हेफिस्थसलाई धातु प्रविधिका ज्ञाता मानिन्छ, जसलाई कालिगडका संरक्षक पनि भनिन्छ । उनलाई आगोको देवता मानिन्छ । हिन्दु धर्मले पञ्चमहाभूत या पञ्चतत्त्व (आकाश, वायु, जल, पृथ्वी र अग्नि) बाट विराट ब्रह्माण्ड सिर्जना भयो भन्छ, त्यहाँ आगोको महत्त्वपूर्ण स्थान हुन्छ । आगोका देवतालाई पुजिन्छ, जो इन्द्रका जुम्ल्याहा भाइ र उनीपछिका महत्त्वपूर्ण देवता मानिन्छन् । आगोसँग सम्बन्धित यस्ता अनेक सर्वलौकिक मिथक अस्तित्वमा छन् ।

आगो शक्तिको त्यो स्रोत थियो, जसले पृथ्वीमा मान्छेको आजसम्मको यात्रामा असाध्यै महत्त्वपूर्ण भूमिका निभायो । तपाई आफैं कल्पना गर्नुहोस् त, के हुन्थ्यो होला– यदि पृथ्वीमा आगो नभइदिएको भए ?



# चुल्होमा आगो जोगाउने चिन्ता

कैयौं वर्ष आमाले चुल्हो बालिन् । आगोको रापताप सहिन् । आज महिलाहरू स्वयं चुल्होभैंm सल्किँदै छन्, धंधोर हुँदै छन् । जब-जब चुल्होमा आगो सल्किँदै गरेको देख्छु, मेरी आमाको संघर्ष सम्झनाको क्षितिजमा उदाउँछ ।



तराईतिर

चन्द्रकिशोर



यस्तै पुस-माघको जाडो याम थियो त्यो । आमा मेरो घाँटीमा गाँती बाँधेर मलाई दलानमा पठाउनुहुन्थ्यो । दलानमा थुप्रै मान्छे घुर तापिरहेका हुन्थे । गाँती चिसोका बेला बच्चाहरूको घाँटीमा बाँध्ने वा ओढ्ने कपडा हो, जसले टाउकोदेखि खुट्टासम्म छोप्छ । गाँती कुनै हाट बजारमा भेटिँदैनथ्यो । केवल यसलाई बाँध्ने कला सिक्नुपर्थ्यो । गाँती बनाउन हजुरबुवाको कुनै पुरानो धोती वा गम्छा, आमाको पुरानो साडी वा सल प्रयोग हुन्थ्यो । टाउकोमा गाँती लपेटिदिएपछि त्यसको दुइटै छोरलाई गर्दनमा बाँधिन्थ्यो र कपडालाई देहको चारैतिर झुन्ड्याइन्थ्यो । बच्चाहरूका लागि गाँती सर्दीबाट जोगिने न्यानो कपडा मात्रै थिएन, त्यसमा आमा, फुपू वा बज्यैको दुलार, बात्सल्य र चिन्ता पनि गुजुमुटिएको हुन्थ्यो ।

त्यही घुर ताप्दै नचारी-पराती, किस्सा कहानी सुन्थ्यौं हामी । बाजेले सुनाएको एउटा लोककथा आजसम्मै सम्झना छ । कुनै रूखमाथि अनेकौं चराचुरुंगी बस्थे । त्यो रूखमा कुनै कारणले आगो लाग्यो । छेउबाट हिँडिरहेका बटुवाले हेरे कि जल्दै गरेको रूखमा चराहरू निश्चिन्त भावले बसिरहेका छन् । तब बटुवाले रूखमा रहेका चराहरूलाई सोधे-

*'आग लागल एहि गाछि के*
*जरे लागल डांढ- पात*
*तू काहे जरै छा, चिरैसभ*
*पांख हवो तोरा साथ ?'*

(रूखमा आगो लागिरहेको छ, पात र हाँगा जल्न थाले । तर, ए चराहरू तिमीहरू किन जल्दै छौ ? प्वाँख तिमीहरूसँग छँदैछ !)

यो प्रश्न सुनेर चराहरूले जवाफ फर्काए-

*'फल खइलि एहि बृक्ष के*
*गंदा कैलि पात*
*ईहे हय धर्म हमर*
*हम जरब एकरे साथ ।'*

(फल खाएँ यही रूखको, फोहोर गरें पातहरू । त्यसैले मेरो धर्म हो कि म जलौं यसैसाथ ।)

मातृभूमिका लागि आत्मोसर्गको भावना यस कथाबाट, जुन सिकाइएको थियो त्यसको अनुगुन्ज अझै पनि पटक-पटक मानस पटलमा सुनिन्छ ।

घुर, जुन जाडो छल्ने एउटा उपक्रम थियो, छरछिमेकीसँग अन्तर्क्रियाको अवसर पनि । संयुक्त परिवारको परिवेशमा विभिन्न पुस्ताबीच घुलमिल हुने, पाका पुस्ताले पालुवा पुस्तालाई ज्ञानगुनका कुरा सुनाउने मौका पनि घुरको सामीप्यमा पाइन्थ्यो । घुर यस्तो सूचना केन्द्र हुन्थ्यो, जहाँ गाउँ-देहातका मात्रै होइन, देश-देशावरका कुरा चल्थे । खेतीकिसानीदेखि अदालतमा चल्दै गरेका मुद्दा मामिलाको सन्दर्भ उठ्थ्यो ।

एक अर्को आगो घरभित्र चुल्होमा बल्थ्यो । चुल्होमा आगो जोगाएर राख्ने आफ्नै पारम्परिक तरिका थियो । आफूकहाँ आगो निभेका बेला छिमेकीबाट मागेर ल्याउनुपर्थ्यो । यस्तै एकपटक मसाहीवाली काकीको घर पुगें । उनले गुइँठामा आगोको डल्लो राखेर ल्याइन् । मैले हत्तपत्त तिनको हातबाट लिन खोजें । उनले हप्काउँदै भनिन्, 'एकरा त आगो लेबेके ढंग न हई (यसलाई आगो लिने ढंग पनि छैन) ।' आगो एक हातबाट अर्को हातमा नदिने चलन छ । दिनेले आगो ल्याएर थपक्क राखिदिन्छ अनि लैजानेले राखेको ठाउँबाट लैजान्छ ।

जब घरमा पहिलोपटक टर्च आयो, बज्यैले एकाबिहानै टर्चबाटै चुल्हो बाल्न खोज्नुभो । जति गरे पनि आखिर बलेन । यो घटना पछिपछिसम्म पनि काकीहरू सुनाउँथे ।

आगोको अर्को भूमिका हुन्थ्यो दूषित वस्तु जलाएर भस्म रूपमा नष्ट गरिदिनु । सारा अवाञ्छित वस्तु डढाएर नष्ट गर्नु पनि आगोको स्वभाव हो । एकपटक आँगनको चुल्हो (जहाँ धान उसिन्ने काम हुँदैथ्यो) छेउ बसेर बज्यैले भनेको सम्झिन्छु, 'तिमीले जानेर वा नजानेर आगो छोयौ भने यसले पोल्छ ।' यसरी मैले आगोको स्वभावबारे थाहा पाएँ । आगो आफैं केही बोल्दैन । चुपचाप आफ्नो काम गर्छ र परिणाम दिन्छ ।

एकपटक बाजे बेलुकाको खाना खान आँगनमा आउनुभो । बाहिर दलानमा किशोरवयको म सुत्न जानुपर्ने । आज पनि मेरा सम्झनाभरि त्यो क्षण लालीगुराँस भएर आउँछ, मेरा आँखाभरि सुनगाभा/सुनाखरी भएर पलाउँछन् । स्मृतिका झिल्कामा राखेर छोप्न चाहन्छु । बाजेले भनेका थिए, 'दलानमा घुरको आगो छ । जहाँ आगो छ त्यहाँ अभय बस्नु ।' उनका यी वचनका थुंगा बटुलबाटुल पारी उनिँदा क्यानभासमा झल्किन्छ, 'आगो एउटा भरोसा हो ।' देहातमा आज पनि त्यस्ता दृश्य देखिन्छन्, जहाँ घुरको आगो बुत्ताइसकेको छ, तर मान्छेहरू एक न्यानोपनको खोजीमा वरिपरि बसिरहन्छन् । कोहीकोही त त्यसकै भरमा रात काट्न तम्सिन्छन् । यसको अर्थ आगो हुनुको बोध मात्रै पनि मान्छेका निमित्त सहारा हो ।

घरमा मैले आगोसँग सबैभन्दा बढी संगत गरेको मेरी आमालाई पाएँ । त्यो जमानामा दाउरा-गुइँठाले खाना पकाइन्थ्यो । कहिले खेसारीको टुक्रा त पटुवाको संठीले पनि । सुकेको पातले पनि काम चल्थ्यो । ओस्सिएको दाउराले चुल्हो बाल्नु भनेको सगरमाथा चढ्नुभन्दा बढी संघर्ष हुन्थ्यो । केही पहिले विश्वनाथप्रसाद तिवारीको एक हिन्दी कविता 'मां और आग' पढेथें । लाग्यो, मेरै आमालाई केन्द्रित गरी लेखिएको हो त्यो कविता । आगोसँगको आमाको दिनचर्या त्यहाँ यसरी प्रकट भएको छ–

*'यह उस समय की बात है*
*जब माचिसका आविष्कार नहीं हुआ था*
*मां थोडी सी आग जलाकर रख देती*
*सबेरे रोटी सेंकने के लिए*
*रात को जब सभी सो जाते*
*मां आग को ऐसे ढंककर छिपाती*
*एक कोने में*
*जैसे कोई रतन हो अमोल*
*जैसे कोई शिशु हो मुलायम*
*जैसे कोई दुल्हन हो लाल- लाल !'*

हो कैयौं वर्षसम्म मेरी आमाले चुल्हो बालिन् । आगोको राप ताप सहिन् । आज पनि समाजको कुनै कुनामा महिलाहरू स्वयं चुल्होझैं सल्किँदै छन्, धंधोर हुँदै छन् । जब-जब चुल्होमा आगो सल्किँदै गरेको देख्छु, मेरी आमाको संघर्ष सम्झनाको क्षितिजमा उदाउँछ । चुल्होको स्वरूप फेरियो, आगो जोगाउने चिन्ता हरायो, तर आज पनि आगोको त्यो श्रेय जोगिएको छ ।

सम्झनामा छ- नवजात शिशुलाई गर्म दूध खुवाउने आगो । जब घुर ताप्दै मेघु भैया भन्थे, 'कड कड दांत बजावति बा हो, थर थर हाड कंपावति बा हो ।' त्यतिखेर मनतातो पानीले जीउ तताउने आगो । ठिठुर्दै गरेको घुटनोलाई स्फूर्ति दिने घुरको आगो ।

मंसिरमा धान काट्न सुरु हुन्थ्यो । धान काटेर खेतमै सुकाइन्थ्यो । पहिले धान पाक्न थालेपछि चोरले काटेर लैजाने डर हुन्थ्यो । यस्तोमा खेतमा मडई (परालको गोलाकार अस्थायी झाप्रो) बनाइन्थ्यो । राति रखवाली गर्न जानेहरू घुर लगाएर रात काट्थे । तीस-चालीसको दशकमा बालेश्वरका भोजपुरी गीतहरू निकै लोकप्रिय थिए । देहाती दुनियाँमा त्यसको नक्कल गर्दै गाउनेहरू देखिन्थे । मडईमा रखवाली गर्दै गरेका कोही चौरको एक कुनामा राग अलाप्थे- 'आज के समाज में दहेज बना रोडा/बिकाई के ए बाबू बीए पास घोडा/बीबी सोलह साल की तो मरदा पचासा/पइसे के आड में बिगड गइले जोडा/बिकाई के ए बाबू बीए पास घोडा ।'

घुरमा दन्दनी बल्दै गरेको आगोछेउ गाउनेको अनुहार चम्किन्थ्यो । यसरी एक जनाले गाएकामा राग मिलाउँदै चौरभरि समवेत आवाज गुन्जिन पुग्थ्यो । घुर ताप्दा रमाइलो त हुन्थ्यो नै, रखवाली गर्नेहरू जागेकै छन् भन्ने सन्देश पनि जान्थ्यो ।

सामा चकेबाको चर्चा गरौं, एक महिला लोक नाट्य हो यो । पारम्परिक रूपमा कात्तिक महिनामा खेलिन्छ । यसमा माटाका कैयौं पात्र बनाएर त्यससँग जोडिएको गीत गाइन्छ । दिदीबहिनीहरू एक खलपात्र चुगिंलालाई लक्षित गीत गाउँथे, 'वृन्दावन में आगि लागल कियो ने मिझावे हे/हम्मर भैया फल्ला भैया दौडक मिझावे हे ।' आशय हो– जंगलमा आगो लाग्दा कसैले निभाएन, तर मेरा भाइहरू दौडेर आए र निभाए । यसले जंगल मास्न आगो लगाउने वा डढेलो लाग्दाको स्थितिमा त्यो निभाउन अग्रसर हुनुपर्ने कार्यप्रति सचेतना गराएको बुझिन्छ । मधेशका भाषाहरूमा आगोसँग जोडिएका अनेकौं अहान छन् । लोकगीत छन् । पुर्खाहरूले आगोलाई बुझेका थिए । जाडोलाई गमेका थिए । यी आहानमा आगोका इन्द्रेणी रूप प्रस्टिन्छ । अनि लाग्छ, आगो पो बोल्दै छन् । आगोको खोजी मान्छेले गर्‍यो । यसको समाजशास्त्रीय अध्ययन पक्कै भएको हुनुपर्ने हो, आखिर पुरुषले खोज्यो कि महिलाले ? आगोमाथिको स्वामित्व हासिल गरेर मान्छले खेती-किसानीदेखि घर परिवार-बस्तीसम्म बसायो । आगो मान्छेको आत्मनिर्भर हुने प्रयोगको साधन बन्यो । यो पशुहरूसँग प्रतिरक्षाको आयुध रह्यो । पछि-पछि यही आगो आपसी श्रेष्ठता एवं वर्चस्व देखाउने माध्यम बन्यो ।

एकपटक मध्यराति हल्ला भयो– फलानोको घरमा आगो लाग्यो । त्यो जग्गा हडप्ने नियतले दुई वृद्ध जोडीको घरमा आगो लगाएर उठीबास लगाउने षड्यन्त्र थियो । त्यसको निकैपछि यस्तै एक रात गाउँबाट बुवाको फोन आयो, 'गोठमा आगो लाग्यो ।' उनको कथनमा सुत्न जाने बेला घुरको आगोलाई निभाइएको थियो । आगलागीमा परेर दुईवटा भैंसी मरे । अनि मलाई लाग्यो, कसैको घरमा लागेको आगोलाई आफैं भित्रैदेखि अनुभव गर्न नसके बुझ्न नसकिँदो रहेछ । अरूको घरमा आगो लाग्दा आफू मल्हार गाउन सजिलो छ ।

मान्छे-प्रकृतिको साहचार्ययुक्त जीवन छ । त्यो संस्कृतिमाथि सुनियोजित र व्यवस्थित रणनीतिका साथ वर्चस्वशाली संस्कृतिले आफ्नो कब्जा जमायो । मधेशी समाजको मूल दार्शनिक तत्त्व तथा यसबाट निसृत विश्वदृष्टि कृषि र आगोमा आधारित छ । यसबारे खासै विमर्श छैन । यस्तै जाडोको एक दिन घुर ताप्दै थिएँ । गुलाबी घाम झुल्किएको थियो । तैपनि गुलाबी जाडो महसुस गर्दै थियौं । त्यहीं मेरो बिहेको छिनोफानो भयो । बिहे गर्न घरबाट निस्किने बेला शुभसाइतका लागि माटोको कचोरा (जसमा आगो राखिएको हुन्छ) मा राई-जुवानो राख्दै घोप्टाइयो र त्यो नाघ्दै अघि बढ्न लगाइयो ।

वाग्मती किनारमा बाजे-बज्यै आगोमा भस्म भएको देखें । आगो आमाजस्तै हुन्, सुख दुःखमा साथ दिने । निरन्तर जीवन्त रहन सिकाउने ।

जसरी आमालाई थाहा छ- कसरी चुल्हो सल्काउने ? कस्तो आगोमा रोटी सेकिन्छ ? कस्तोमा दही जमाइन्छ ? आमालाई यी सबै अनुभवसिद्ध ज्ञान छ । यसैगरी आगो सुख र दुःखमा सघाउन आइपुग्छ, तर आगोलाई जित्ने कला आफूभित्र हुनुपर्छ । आगोमाथिको स्वामित्व आर्जन यति होस कि 'प्रत्येक चुल्होमा आगो रहिरहोस् ।' आगो भरोसा हो, आशा हो ।

# आगो केवल आगो होइन

हिमालका लागि आगो देउता हो । एपी भन्छिन्- चुलोमा आगो नभए घर घरजस्तो लाग्दैन । हिमालीका लागि आगो घरको शोभा बढाउने गेन्छ्या हो ।

हिमालतिर

कुन्साङ





आगो नहुँदो हो त बाह्रै महिना जाडो भइरहने हिमालतिरको जनजीवन कस्तो हुन्थ्यो ? हिउँदका ती पाँच महिना जम्मै जमिन हिउँले टम्म ढाकिएको हुन्छ, त्यहाँ आगो नहुनु कति पीडादायक होला ? हिउँमा बस्नेका लागि आगो नै जीवन हो, जीवन नै आगो । आउनुस् एकछिन हिमाल र आगोका कथा पढौं- हुम्ला, नाम्खाकी एपी र उनको सुनाएको आगोको कथा ।

घाँटीका नशा फुलाउँदै कष्टले आगो फुकिरहेकी एपी (बजै) लाई सोधें, 'एपी, पहिले सलाई र लाइटर नहुँदा कसरी आगो बाल्नुहुन्थ्यो नि ?' आगो फुक्ने मसिनो पाइप समातेकी एपीका व्यस्त हात टक्क रोकिए । फु...फु... रोकिएपछि धूवाँको झुप्पा चुलोबाट बाहिरियो एकदमै रफ्तारमा- घण्टी बज्नेबित्तिकै कुदिहाल्ने स्कुले केटाकेटीजसरी । धूवाँसँगै उडेको सेतो फिलिंगो एपीको सेतो कपालमाथि अवतरण गर्‍यो र हरायो ।

एकछिन रोकिएपछि एपी फेरि आगो फुक्न थालिन् । निक्कैबेर फुकेपछि ह्वात्त बल्यो- आगो । तर, एपी शान्त थिइन्, एकदमै स्तब्ध ! चिसो दाउराबाट निस्केको चाइँचुइँ आवाजले त्यो स्तब्धता चिरिरह्यो । एपीको छामखाङ (गाउँभन्दा पर पूजा गर्न बस्ने ठाउँ) लगभग तीन हजार मिटरको उचाइमा थियो । वरिपरिका हिमाल सधैं हिउँले ढाकिएका हुन्थे । ठूलो ढुङ्गामा टाँसेर एकातिर मात्रै 'भान्ना' (भित्ता) चिनेर एपीको छामखाङ बनाइएको थियो । पूजा गर्दा आगो बाल्न छामखाङको ढोकानेर दाउरा र गोबर जम्मा गरेर राखेकी हुन्थिन् एपीले । उनी उसैगरी चुपचाप बसिरहेकी थिइन्, आगो तापेरै । निक्कैबेर तापेपछि आगो माग्न जाँदाका कथा सुनाउन थालिन् उनले । आगो ताप्दै एपीका कुरा सुन्दा लाग्यो- त्यो समयले कोल्टे फेर्‍यो । उबेला गाउँमा मि (बाजे) को घरमा एपी तामे (कथा) सुन्न जाने चलन थियो । त्यत्तिबेला यसरी नै हामी नानीहरू चुलोवरिपरि बसेर आगो ताप्दै तामे सुन्थ्यौं ।

'उहिल्यै खार्कोङ (ढुङशील/सेतो ढुङ्गा) र मेप्च्याक (ल्वखर) का बीचमा सानो टुक्रा टा (जुलो) राखेर घोट्थ्यौं । खार्कोङ र मेप्च्याक घोट्दा बेलाबेला आगोको सानो-सानो झिल्का निस्किन्थ्यो, ढुङ्गामा ढुङ्गा ठोकिँदा निस्किने आगोजस्तै ! निक्कैबेर घोटेपछि त्यो सानो झिल्काबाटै टा मा आगो सल्किन्छ । अनि त्यही टा लाई चुलोमा राखेर फुक्थ्यौं । टा को आगो दाउरामा सल्किन्थ्यो र बल्थ्यो चुलोमा आगो । हिउँद भन्दा बर्खामा आगो बाल्न निक्कै गाह्रो हुन्थ्यो । ओस्सिएका चिसा दाउरामा सजिलै आगो नसल्किने । बिहान आगो बाल्नै अस्तै समय लाग्थ्यो । त्यत्तिबेला अहिलेको जस्तो राम्रो चुलो पनि हुन्थेन् । कसैकसैको घरमा चारखुट्टे ओदान हुन्थ्यो । बाँकीका घरमा तीनखुट्टे सानो ओदान । आगो फुक्दा-फुक्दै धूवाँले घर भरिन्थ्यो । पिरो धूवाँले रुएझैं बनाउँथ्यो नि,' आगो प्राप्तिका ती दिन सम्झेर एपी मज्जैले हाँसिन् । त्यसरी आगो बल्दा कुहिरोले ढाकिएजस्तै हुन्थ्यो घर ।

एपी यसरी बोलिरहेकी थिइन्, मानौं उनले खार्कोङमा मेप्च्याक घोटेर आगो बालेको हिजै हो । तर, त्यो त उनी सानै छँदाको कथा हो लगभग असी वर्षपहिलेको । उनको अनुहारमा रमाइलोसँगै सम्झनामा संघर्षका भाव आइरहेका थिए/गइरहेका थिए । त्यत्तिबेला आगो माग्न जाने चलन थियो । बिहान उठेपछि थाडामा गएर वरिपरिका घरबाट धूवाँ निस्केको छ कि छैन हेरिन्थ्यो । 'नजिकैको घरबाट धूवाँ आइरहेको छ भने एक मुठो लोइटो बोकेर जान्थ्यौं र आगो सल्काएर ल्याउँथ्यौं । अलि टाढाको घरबाट धूवाँ आइरहेको छ भने क्यो (ढाडु) वा थाल बोकेर जान्थ्यौं । क्योमा अगुल्टो हालेर आगो फुक्दैफुक्दै ल्याउँथ्यौं । क्योमा आगो ल्याउँदा हात पनि पोल्थेन', बुढ्यौलीका रेखाहरूमा हराएको हातको सानो दाग देखाउँदै थपिन् एपीले, 'यी यो दाग आगो माग्न जाँदा लोइटोको खोटो चुहिएर बसेको हो ।'

छार्वा, मेल र ओखरको दाउरा बाल्दा खरानीले छोपेर पनि राखिन्थ्यो आगो । त्यसरी छोपेर राखेको दिन आगो मर्‍यो कि भन्ने निक्कै चिन्ता हुन्थ्यो । राति छोपेको आगो बिहान उठेर खरानी खोस्रिँदा सानो झिल्को मात्रै देख्दा पनि आगो खोस्रिने त्यो अनुहार धपक्कै बल्थ्यो खुसीले । आगो मरेको दिन निभेको अनुहार लिएर फेरि आगो माग्न जानुपर्थ्यो ।

आगोका लागि सबैभन्दा धेरै दुःख हुन्थ्यो खर्क जाँदा । चिसो दाउरामा आगो नसल्किने । लाइटो धेरै नपाइने । आगो माग्न घुँडा-घुँडासम्मै आइपुग्ने हिलो तरेर जानुपर्थ्यो । त्यत्तिबेला न अहिलेजस्तो जुत्ता हुन्थ्यो न छाता नै । कहिलेकाहीँ त ल्याउँदा ल्याउँदै बाटोमै आगो मरिसक्थ्यो । फेरि फर्केर आगो माग्न त्यतै कुद्नुपर्थ्यो । तर, एपीहरू त्यो दैनिकीमा अभ्यस्त भइसकेका थिए ।

सलाई कति बेला गाउँ पस्यो, त्यो त एपीलाई याद छैन । भन्छिन्, 'तर, सलाई आएपछि पनि हाम्रो किनेर बाल्ने हैसियत थिएन । धेरै पछिसम्म पनि मागेरै आगो बाल्यौं ।' सलाई कस्तो हुन्छ ? उत्सुकताले दौडिएर त्यो हेर्न एक जना साथीको घरमा गएको उनलाई याद छ । 'तर, त्यो सलाईको बट्टा कस्तो थियो, बिर्सें अहिले । हामी धेरै जना सँगै गएका थियौं सलाई हेर्न ।'

त्यत्तिबेला कसको घरमा कति अन्न छ ? कसले कति छाक खाना खान्छ ? को कति धनी छ भन्ने त्यो घरबाट निस्किने धूवाँले बताउँथ्यो । धेरै अन्न भएकाहरूले चार छाक खाना पकाउने भए । उनले भनिन्, 'फ्रोदच्या पनि पकाउँथ्यो होला । त्यो घरमा आगो पनि निभ्थेन । सधैं आगो भइरहनु वा धूवाँ आइरहनु भनेको त्यो घरमा टन्नै अन्नबाली भएको मानिन्थ्यो । घरमा अन्न नहुनेको चुलोमा आगो पनि सधैं हुँदैनथ्यो । त्यही भएर त कताकता आगो माग्न गइरहनुपर्थ्यो ।'

'दाल्देर हिक थाप ल मे मेत' (चुलोमा आगो पनि नभएको गरिब) । चुलोमा आगो नहुँदा हाम्रोतिर अहिले पनि यो उखान भन्ने गरिन्छ । सायद त्यत्तिबेलैदेखि भनिँदै आएको हुनुपर्छ यो उखान । एपीका कथा सुनेपछि लाग्यो, धूवाँले पनि समाजमा वर्ग छुट्याउँदो रैछ ।

मुसुक्क हाँसेर एपीले अर्को रमाइलो स्मृति सुनाइन्, 'मेरो एक जना साथीले त आगो माग्न आउने केटासँग भागेर बिहे गरेकी थिई । दिनदिनै आगो माग्न आउने केटा र मेरो साथीले एकअर्कालाई मन पराउन थालेछन् । एक साँझ आगो माग्न आएको केटाले आगोसँगै केटी पनि लिएर गएको थियो । आगो दिन गएकी छोरीलाई निक्कै बेर पर्खिएर बसिरहिन आमा । तर, छोरी आइनन् । बिहान छिमेकी केटो क्यो पुर्‍याउन आउँदा पो आमाले थाहा पाएकी रे, छोरीले आगो माग्न आउने केटोसँगै भागेर बिहे गरेको ।'

•••

हिमालमा आगो जति प्रिय छ, आगोको त्रास पनि उत्तिकै छ । अहिले माघ लागिसक्दा पनि हिउँ नपर्नु हिमालीका लागि चिन्ताको विषय बनेको छ । सुक्खा जमिन, एकअर्कासँग जोडिएका घरहरू । हिउँदका लागि जम्मा गरेर राखिएको घाँस-दाउरा छन् गाउँभरि । र, हिउँ पर्ने समयमा हिउँ नपर्दा आगोको डर पनि बढेकै छ ।

हिमालका मान्छेका लागि न्यानो र खाना पकाउने स्रोत मात्रै होइन आगो । अन्न उत्पादनको स्रोत पनि थियो कुनै बेला । २०/२५ वर्ष पहिलेसम्म पनि हाम्रो गाउँतिर वनमा डढेलो लगाएर फापर खेती गरिन्थ्यो । डढेलो लगाएको ठाउँमा सप्रिने भएरै होला मान्छेहरू फापर लगाउँथे । हिमालीहरूका लागि देउता हो आगो । र, त हिमालमा आगोलाई पुजिन्छ । खाना पस्किनु पहिले त्यो खाना आगोलाई चढाइन्छ ।

एपी भन्नुहुन्छ, 'चुलोमा आगो भएन भने घर घरजस्तो लाग्दैन । चुलोमा टन्न आगो बल्यो भने पो मान्छे बसेको घरजस्तो देखिन्छ त्यो । मान्छे बस्ने घर देखिन पनि चुलोमा आगो बल्नुपर्छ । घरलाई घरजस्तै बनाउन पनि चुलोमा आगो चाहिन्छ ।'

हिमालीका लागि आगो केवल आगो होइन, घरको शोभा बढाउने गेन्छ्या (गहना) हो ।

सोच्नुस् त हिमालमा आगो नहुँदो हो त हिमालीको जीवन कत्ति कस्टसाध्य हुन्थ्यो होला ? हिउँ फाल्दा, गाईगोरुलाई पानी खुवाउँदा, लुगा धुँदा वा हिउँमा हिँड्दा-हिँड्दै हात-खुट्टा कठ्यांग्रिएका बेला आगो नहुँदो त के हुन्थ्यो ? आगो नभए हिमालको जीवन कसरी चल्थ्यो होला ?

केही महिनाअघि छिमेकी बाजे बिते । उनले अन्तिम पटक इसारा गरेर भनेका थिए, 'म मरेपछि पानीमा नफाल्नू, जमिनमा नगाड्नू, आगोमै जलाउनू । म आगोको न्यानोमै हराउन चाहन्छु ।'

आगोसँगै जीवन बिताएका बाजेलाई मर्दा पनि आगै चाहिएको थियो । सोच्नुस् त, हिमाल, हिमाली र आगोको नाता कस्तो होला ? र, त भनिन्छ- आगोसँग हिमालीको सम्बन्ध जीवनसँग मात्र होइन मरणसँग पनि जोडिएको छ ।

## भामहपूर्वको काव्यचिन्तन

किताब

सुधा शर्मा



नेपाली समालोचनामा सङ्कलन-सम्पादनको परम्परा कृष्णचन्द्रसिंह प्रधानद्वारा सम्पादित 'साझा समालोचना' (२०२५) देखि भएको हो । त्यसयताका पाँच दशकमा यस किसिमका समालोचना कृति एक दर्जनभन्दा केही बढी मात्रै प्रकाशित भएका छन् । यस क्षेत्रमा समालोचकद्वय प्रा.राजेन्द्र सुवेदी र प्रा.डा. लक्ष्मणप्रसाद गौतमले बृहत् आकारका तीनवटा यस्ता समालोचना कृति दिएर विशिष्ट योगदान पुऱ्याएका छन् । राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतमद्वारा 'रत्न बृहत् नेपाली समालोचना' (सैद्धान्तिक खण्ड) (२०६८) र 'रत्न बृहत् नेपाली समालोचना' प्रायोगिक खण्ड (२०६८) गरी सम्पादन गरेका दुई ठूला भीमकाय कृति प्रकाशित भइसकेका छन् । करिब एक दशकपछि बृहत् आकारको अर्को समालोचनाकृति 'रत्न बृहत् नेपाली समालोचना' (भाग ३, २०७९) प्रकाशित भएको छ । पाश्चात्य सैद्धान्तिक परम्परालाई सूक्ष्म अध्ययन गरी नेपाली साहित्यमा प्रवेश गराएर सम्पादन गरिएको पछिल्लो समालोचनात्मक किताब 'रत्न बृहत् नेपाली समालोचना' (भाग ३) पनि एउटा गहन र महत्त्वपूर्ण कृति हो । किताब विविध विषयक सात खण्डमा विभाजित छ । समालोचनात्मक आलेखहरू विषयगत विविधता, सिद्धान्तनिष्ठता, अनुसन्धानात्मकता, विषयवस्तुमा नवीनता, पूर्वीय एवम् पाश्चात्य मान्यता, विश्वसाहित्यमा देखिएका नवीन सिद्धान्त एवम् पद्धतिलाई आत्मसात् गरेर लेखिएका छन् । अघिल्ला सङ्ग्रहमा प्रायः नपरेका बत्तीस जना समालोचकका समालोचना यसमा समावेश छन्, जुन यसको ऐतिहासिक पक्ष हो । यस कृतिको पहिलो खण्डमा सम्पादकको भनाइ छ भने दोस्रो खण्डमा 'पूर्वीय वाङ्मय र सौन्दर्यविमर्श' अन्तर्गत भामहपूर्वको काव्यशास्त्रीय चिन्तन, समालोचनामा पौरस्त्य दर्शनका मानदण्ड र नेपालीमा तिनको प्रयोग, वैदिक वाङ्मयको स्वरूप र स्फोटवाद : भाषिक र साहित्यिक अध्ययनको उपजीव्य सिद्धान्त आदि पूर्वीय सैद्धान्तिक मान्यतासँग सम्बद्ध आलेखहरू छन् ।

'पाश्चात्य नवीन सौन्दर्यविमर्श' शीर्षकको तेस्रो खण्डअन्तर्गत पाश्चात्य सैद्धान्तिक मान्यतासँग सम्बद्ध आलेख छन् । यसभित्र विनिर्माणवादी चिन्तन, डायस्पोराको सैद्धान्तिक स्वरूप, विधाविघटन र विधामिश्रण, साहित्यमा मनोविश्लेषणको समकालीन सन्दर्भ, भौगोलिक समालोचनाको सैद्धान्तिक स्वरूप, साइबर समालोचना : मान्यता र प्रारूप, अधिआख्यानको सैद्धान्तिक निरूपण, सङ्केन्द्रीकरणको सैद्धान्तिक पक्ष र कृतिविश्लेषणका आधार आदि पाश्चात्य नवीन सिद्धान्त एवम् मान्यतामा केन्द्रित भई लेखिएका विभिन्न विद्वान्हरूका आलेख छन् ।




चौथो खण्डमा 'अन्तविर्षयक विमर्श' भित्र नेपाली साहित्यमा कुसङ्केतना र अपाङ्गता, सीमान्तीकरणको अवधारणा र भारतीय नेपाली कवितामा यसको प्रयोग, उत्तरवर्ती नेपाली निबन्धको समाजशास्त्रीय पठन, लैङ्गिक समालोचनाका सैद्धान्तिक आधार र विश्लेषण आदि विभिन्न विद्वान्का अन्तर्विषयक समालोचना समावेश छन् । 'लोकसाहित्य विमर्श' खण्डअन्तर्गत लोकसाहित्यसँग सम्बन्धित विभिन्न विद्वान्हरूका लेखहरू समावेश छन् । छैटौं 'विधागत विमर्श' खण्डमा विविध विधासम्बद्ध आलेखहरू छन् । आत्मवृत्तान्तको सैद्धान्तिक स्वरूप, नाटकको रङ्गशिल्प सिद्धान्त, समकालीन नेपाली समालोचना : स्वरूप र प्रयोग, कविताका आधारभूत मानक र तिनको मूल्याङ्कनका प्रमुख आधार, उत्तरवर्ती गीतिनाटकमा मञ्चनीयता, नेपाली आख्यान र कविताको नाट्यायन, जीवनीको सैद्धान्तिक स्वरूप आदि विभिन्न विद्वान्हरूका समालोचना केन्द्रित छन् । अन्तिम 'विविध विमर्श' खण्डमा विभिन्न विद्वान्हरूका सांस्कृतिक चेतना, पाठालोचन सिद्धान्त, अलङ्कार र फिगर अफ स्पिच, पाठनिर्माणका युक्ति : संसक्ति र संयुक्ति, स्वैरकल्पनाको सिद्धान्त, साहित्येतिहास लेखनका सिद्धान्त, आनुभविक विश्लेषण आदि विविध विषयवस्तुसँग सम्बद्ध आलेख समावेश छ ।

नेपाली समालोचना जगत्मा नवीन सैद्धान्तिक एवम् प्रायोगिक सिद्धान्तको यो प्रयोगले एउटा इतिहास थप्ने काम मात्र गरेको छैन, बलियो खम्बाको निर्माण पनि गरेको छ । सम्पादकद्वयको अथक प्रयास र साधनाको प्रतिफलपछि तयार पारिएको यस 'रत्न बृहत् नेपाली समालोचना' (भाग ३, २०७९) नेपाली समालोचनाको विशिष्ट ग्रन्थ बनेको छ । यस ग्रन्थले परम्परागत मान्यता एवम् सिद्धान्तका स्थानमा नवीन मान्यतालाई नेपाली समालोचनामा भित्र्याउन विशिष्ट दृष्टिकोण प्रस्तुत गरेको छ । 'रत्न बृहत् नेपाली समालोचना' (भाग ३) सात सय चवन्न पृष्ठ (करिब चार लाख शब्द) को रहेकाले यो नेपाली समालोचनामा अहिलेसम्मकै बृहत् आकारको ग्रन्थसमेत हुन पुगेको छ ।

# सुनाखरी दुःखान्त

अर्किड्स विज्ञ नै यसका फूल र बोटबाहेक अन्य भाग चिन्दैनन्, विश्वविद्यालयको पाठ्य सामग्रीकै कमजोरी हो यो ।



फूलको कथा

कमल मादेन

अर्किड्सका फूल सुन्दर हुन्छन् । जति सुन्दर हुन्छन्, उत्तिकै बहुमूल्य । जैविक औषधीय रसायन खोजकर्ताले यसका पात, जरा गानो/ट्युबर, काण्ड गानो (सिउडोबल्ब) बाट महत्त्वपूर्ण औषधि बनाएका छन् । त्यसैले अत्यधिक रूपमा संकलन भई यसको अवैद्य व्यापार हुने गरेको छ ।

इन्डोनेसियाको बालीनजिकै लोम्बोक टापुको जंगलमा भान्डा लोम्बोकेन्सिस् भन्ने वनस्पति थियो । लोम्बोकमा मात्रै पाइने यो अत्यन्तै सुन्दर फूल फुल्ने अर्किड्स प्रजातिमा पर्थ्यो । विश्व प्रकृति संरक्षण संघ (आईयूसीएन) का अनुसार, मानव गतिविधि र ज्वालामुखीका कारण सन् २०२० यता यो प्रजाति लोप हुन पुग्यो । सन् २०१९ मा जिम्बाबेबाट एइरान्थस अफ्रिकाना र एइरान्थस पार्केसी पनि हराए । भुटानलगायत पूर्वी हिमालयमा पाइने इयुलोफिया स्टेनोपेटाला र भारतमा मात्रै पाइने पेफियोपेडिलम ड्र्युरी पनि दशकयता लोप भएका छन् ।

यी प्रजाति अति संकटापन्न थिए । करिब ४ दर्जन अति संकटापन्न अवस्थाका अर्किड्स प्रजाति केही दशकयता लोप भएको आशंका छ । हामीकहाँ करिब ५ सय अर्किड्स प्रजाति छन् । तीमध्ये १९ प्रजातिका रैथाने अर्किड्स भएको अभिलेख छ ।

दुर्लभ वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइटिस) ले अर्किड्सलाई संसारैभर संकटापन्न वनस्पति मान्दै अनुसूची १ र २ मा समावेश गरेको छ । राज्यले हामीकहाँ अहिलेसम्म समग्र अर्किड्स प्रजाति कस्ता अवस्थामा छन् भन्ने अध्ययनको चाँजोपाँजो मिलाएको सुनिएको छैन । बरु प्रशस्त मात्रामा अर्किड्स संकलन भई विदेश निर्यात भइरहेको छ ।

सरकारले दुर्लभ तथा संकटापन्न वन्यजीवको अवैद्य व्यापार नियमन र नियन्त्रण गर्न संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन र नियमावली २०७३ र २०७६ मा जारी गरेको छ । यसअनुसार, साइटिस अनुसूची १ मा समावेस वन्यजीवलाई राज्यको साइटिस व्यवस्थापन निकाय र वैज्ञानिक निकायको सिफारिस आधारमा ओसारपसार गर्न मिल्छ । तर, निकासी गर्न चाहनेले इजाजतपत्र लिनुभन्दा पहिले पैठारी गरिने देशले पनि सम्बन्धित देशमा पैठारी गर्न दिएको अनुमतिपत्र प्राप्त गरेको हुनुपर्छ । साइटिस व्यवस्थापन निकाय वन विभाग र वनस्पतिको साइटिस वैज्ञानिक वनस्पति विभाग हो । अनुसूची २ मा समावेश वन्यजीव वैज्ञानिक निकायले त्यस्ता प्रजातिको निकासीबाट अस्तित्वमा खतरा छैन भन्ने सुनिश्चित गरेपछि मात्रै साइटिस व्यवस्थापन निकायबाट निकासी अनुमति दिने प्रावधान छ । नेपाल सरकारले २०७३ यता अर्किड्स संकलन तथा निर्यात अनुमति दिएको छैन ।

अर्किड्सको नेपाली नाम सुनाखरी/सुनगाभा/जीवन्ती/गामाडोल/पाँचऔंले लेखिएको छ । ग्रिनहुड नेपाल नामक एक संस्थाले नेपालमा २०७३ यता अर्किड्स अवैद्य रूपमा ओसारपसार भइरहेको छ, छैन भन्ने अध्ययन ३ वर्षअघि सुरु गरेको थियो ।

अध्ययनका क्रममा काठमाडौंमा औषधिजन्य वनस्पति कारोबार गर्नेहरूबाट अर्किड्सको व्यापार भइरहेको छ भन्ने केही संकेत पाइयो । निकैपटक मकवानपुर आवतजावतपछि एक स्थानीय व्यापारीको घरमा अर्किड्ससहित अन्य औषधिजन्य वनस्पति संग्रह गरेको भेटियो । जे जति देखियो र जानकारी पाइयो, त्यसले अर्किड्सलाई साइटिस सम्बन्धी ऐन तथा नियमावलीमा प्रवेश नगरी कारोवार भइरहेको पाइयो ।

निकै भलाकुसारीपछि व्यापारिक वनस्पति हेर्न पाइयो । ती धैरैजसो अर्किड्स नै थिए । कुनै अर्किड्सका काण्ड, कुनैको जरा गानो (ट्युबर) तथा कुनैको सिउडोबल्ब अर्थात् काण्ड फुलेको भाग । अर्किड्स जाति हो भन्ने स्पष्टै चिनियो, तर प्रजाति छुट्याउन सकिएन । कारण फूल थिएन । फूल नभएपछि प्रजाति अक्सर चिन्न सकिन्न । एक जातिको अर्किड्स भने एकतले घरको छत पूरै ढाकेर आलुका दानाजस्तो सुकाएर राखिएको थियो । नाम शक्तिगुम्बा बताइयो । त्यो अर्किड्सको प्लिउनी जातिअन्तर्गतको हो भन्ने त तुरुन्तै थाहा पाएँ । संयोगले एउटा फूल भेटियो ।

कमल मादेन



एजेन्सी



डेन्ड्रोबियम डेन्सिफ्लोरम र भान्डा लोम्बोकेन्सिस ।

नेपालमा प्लिउनी जातिअन्तर्गत एक रैथानेसहित ५ प्रजाति छन् । फूलचाहिँ प्लिउनी प्राइकोक्स प्रजातिको थियो । सुकाइएका सिउडोबल्ब धैरैजसो प्लिउनी प्राइकोक्सको थियो । अन्य प्लिउनी प्रजाति ठम्याउन सकिएन । प्लिउनी जाति रूखमा, पहरामा उम्रन्छ । यसको जराभन्दा केही माथि सिउडोबल्ब अर्थात् काण्ड गानो हुन्छ । नेपालमा मात्र पाइने प्लिउनी कोरोनारिया हो । यसको पनि व्यापार भइरहेको छ, छैन त्यहाँसम्म गहिरिएर खोज तलास गर्न सकेनौं ।

यो त अर्किड्सजस्तो छ नि ? भन्दा अनकनाउँदै ती व्यापारिले भने, 'अर्किड्स संकलनमा केही वर्षदेखि सरकारबाट बन्देज लगाएको छ । के कानुन बनाएको छ अरे, त्यसअनुसार अर्किड्स किनबेच गर्न पाइन्न भन्छ बनका कर्मचारीहरू र शक्तिगुम्बालाई संकलन गर्न पानी अमलाको नाममा पुर्जी बनाएको छु, सबैले यसरी नै बनाउने गरेका छन् ।' यस्तो जानकारी न कहिल्यै सुनेका थियौं, न कुनै अनुसन्धानकर्ता वा मिडियाकर्मीले नै थाहा पाएका थिए ! यो त स्थानीय संकलकलाई मात्र होइन, नेपाल सरकारलाई पनि अपराध कर्ममा फसाइएको भन्ने लाग्यो ।

पानी अमला उन्यु वर्गको वनस्पति हो । यसको वैज्ञानिक नाम नेप्रोलेपिस कोर्डिफोलिया हो । यसको जरामा ससाना गोला, चिल्ला मट्याङ्ग्राभन्दा केही साना फुस्रा, चिल्ला दाना हुन्छन् । तिर्खा लागेका बेला त्यो चपाएर खाइन्छ । पानी अमलाको निकासी प्रतिकेजी दस्तुर ३ रुपैयाँ हो । सरकारले खटाएका कर्मचारीले शक्तिगुम्बालाई पानी अमलाका नाममा संकलन तथा निर्यात अनुमति दिंदा रहेछन् । वन विभागको महानिर्देशक दीपेशमणि त्रिपाठीले वन विभागले अहिलेसम्म अर्किड्सलाई पानी अमलाको नाममा संकलन अनुमति दिएको कतै जानकारी नभएको बताए । उनले यो अपराध हो, यसलाई कानुनी दायरामा ल्याउनुपर्छ भने । संविधानअनुसार वनजंगलको कामकारबाही डिभिजन वन कार्यालयबाट हुने गरेको छ ।

शक्तिगुम्बा काँचै प्रतिकेजी ३,४ सय रुपैयाँमा खरिद हुने रहेछ । ४ केजी सुकाउँदा निर्यातको निम्ति १ केजीजति बन्दो रहेछ । सुकेको ४,५, हजारदेखि प्रतिकिलो ८ हजारसम्ममा पाइने रहेछ । पहिले एउटै गाउँबाट टनका टन संकलन हुन्थ्यो, हिजोआज धैरै कम भएकाले कैयन ठाउँबाट संकलन गरेपछि मात्रै १ टन पुग्दोरहेछ । अर्का एक व्यापारीले डेन्ड्रोबियम जातिको अर्किड्स, जसको काण्ड मसिनो र आँख्ला छोटो हुन्छ, त्यो प्रतिकेजी केही वर्षअघिसम्म ४० हजारसम्म बेचेको बताए ।

सेटारिया नेपालेन्सिसलाई गामडोल भनिँदो रहेछ । यो भुइँमा हुने सुनाखरी हो । यसको जरामा गानो हुन्छ । यो प्रतिकेजी २, ३ हजार रुपैयाँमा बिक्री हुनेरहेछ । गोर्खाको उच्च हिमाली गाउँहरूमा पाँचऔंलेलगायतका अर्किड्स संकलन गरिएको पाइयो । पूर्वप्रकाशित जानकारी संश्लेषण गर्दा नेपालमा व्यापारसँग जोडिएका अर्किड्स ४९ जाति तथा १४६ प्रजातिको नाम जुटाउन सकियो । तर, स्थलगत रूपमा १ दर्जन जति अर्किड जाति व्यापारमा प्रयोग भएको पाइयो । नेपालमा बुल्बोफाइलम, सिलोगाइन, सिम्बिडियम, डेन्ड्रोबियम, गुडेरिया र ह्याबनेरिया जातिका क्रमशः ४०, २७, १०, ३४, ५ र २० जति प्रजाति सूचीकृत छ । हामीले जुटाएको पूर्वप्रकाशित जानकारीमा नेपालबाट व्यापार भइरहेको बुल्बोफाइलम, सिलोगाइन, सिम्बिडियम, डेन्ड्रोबियम, गुडेरिया, ह्याबेनारिया आदि जातिका क्रमशः ६, १३, ८, २८, ३, ८ प्रजाति छन् । यस्तै, वन नियमावलीमा राजपत्रमा सुनडाँठे गानोको राजस्व दस्तुर प्रतिकिलो १० रुपैयाँ उल्लेख छ । यसको वैज्ञानिक नाम ग्यास्ट्रोडिया इलाटा लेखिएको छ । यसलाई अर्किड्सभन्दा अलग्गै राखिएको छ । तर, यो भुइँमा पलाउने हरितकणविहीन अर्किड्स हो । वन नियमावलीले यसलाई अर्किड्स भनेर चिनेन । चिनेको भए, अर्किड्स भनेर सँगै लेख्थ्यो । यो नेपालबाट अत्यधिक मात्रामा चीन निर्यात हुने गरेको अनुसन्धानात्मक लेखहरूमा पाइन्छ । विडम्बना भन्नुपर्छ नेपाली वनस्पति विज्ञले यसको तस्बिरसम्म खिचेका छैनन् ।

### व्यापारीले मात्रै चिन्छन्

दक्षिण एसियाली सरकारले दक्षिण एसियामा वन्यजीव अपराध नियन्त्रण गर्न साउथ एसिया वाइल्डलाइफ इन्फोर्समेन्ट नेटवर्क (सावेन) स्थापना गरेका छन् । सचिवालय नेपालमा भए पनि यसको भूमिका खासै देखिएको छैन । नेपाल सरकारले वन्यजीव अपराध नियन्त्रण गर्न सबैभन्दा महत्त्वपूर्ण संरचना नेसनल वाइल्डलाइफ क्राइम कन्ट्रोल कोर्डिनेसन कमिटी बनाएको छ । यसको मातहतमा अहिलेसम्म विभिन्न जिल्लामा करिब ३६ वटा वाइल्डलाइफ क्राइम कन्ट्रोल ब्युरो (डब्लूसीसीबी) बनेको छ ।

पंक्तिकार केही महिनाअघि डब्लूसीसीबीको एक बैठकमा आमन्त्रितका रूपमा उपस्थित भएको थियो । छोटो मन्तव्य राख्ने क्रममा नेपालमा अर्किड्स अवैध रूपमा अत्यधिक संकलन तथा ओसारपसार र व्यापार भइरहेको कुरा चर्चा गरियो । उपस्थितमध्ये एक सुरक्षा निकायका प्रमुखले 'अर्किड्स पनि वाइल्डलाइफअन्तर्गत पर्छ भन्ने पहिलोपटक सुनें' भने । अर्का सुरक्षा निकाय सम्बद्ध व्यक्तिले अर्किड्स कस्तो हुन्छ, राम्ररी नचिनेको बताए । एरिया डिभिजन वन कार्यालयका कर्मचारीले अर्किड्स सामान्य चिनेको, तर यो के कति किसिमिको हुन्छ, थाहा नभएको बताए । वन विज्ञान अध्ययन गर्नेमध्ये विशेष रुचि भएका बाहेक अन्यले अर्किड्सबारे खासै जानकारी राख्दैनन् । वनस्पति विभागमा वनस्पति विज्ञान पढ्नेहरूको बाहुल्य छ । यो विभागमा पनि अर्किड्सलाई सामान्य रूपमा चिन्ने मात्रैको बाहुल्य छ । विडम्बना यो विभागको सिनियर कर्मचारी अक्सर वन विज्ञान पढ्ने हुन्छन् । नेपालको साइटिसको व्यवस्थापन निकाय र वैज्ञानिक निकायको अवस्था यस्तो भएपछि डब्लूसीसीबीका प्रतिनिधिहरूले अर्किड्स साइटिस अन्तर्गतका वन्यजीव हो भनेर कसरी थाहा पाउँछन् र चिन्छन् ?

अर्किड्स विज्ञ नै यसका फूल र बोटबाहेक अन्य भाग चिन्दैनन् । यसो हुनु भनेको विश्वविद्यालयको पाठ्य सामग्रीकै कमजोरी हो । विश्वविद्यालयमा अध्यापन गरिने सामग्रीमा अर्किड्स सम्बन्धी जानकारी १, २ सय वर्षअघि लेखिएकै स्वरूपमा छ । जमिनमा हुने अर्किड्सको जरा गानो अर्थात् ट्युबर हुन्छ भन्ने लेखिएका छन् । कुन जातिको जरा गानो कस्तो आकृतिको हुन्छ ? त्यो सुक्दा कस्तो देखिन्छ ? अर्किड्स पिँधेको पाउडर कस्तो रंगको हुन्छ ? कस्तो बास्ना आउँछ ? विश्वविद्यालयका पाठ्य सामग्रीमा कतै लेखिएको छैन ।

अर्किड्समा विद्यावारिधि गर्नेहरू नेपालमा १ दर्जन जति छन । उनीहरू पनि प्राकृतिक र हर्बेरियममा सजाइएका नमुना मात्र चिन्छन् । यस्तो अवस्थामा अर्किड्सको अवैध कारोबार नियमन र नियन्त्रण गर्न सरकारले मलेकुलर लेवल अध्ययन गर्ने औजार व्यवस्थापन गर्नुपर्छ । वन विभागको उपमहानिर्देशक नवराज पुडासैनीले अर्किड्सको अवैद्य कारोबार रोक्न सबै भन्सार नाकाहरूमा वन्यजीवको मलेकुलर तह परीक्षण गर्ने प्रणाली स्थापना गर्न आवश्यक रहेको बताए ।

वन तथा वातावरण मन्त्रालयका छुट्टाछुट्टै ३ विभागले प्रकाशन गरेको पुस्तिकमा अनुसूची अर्किड्सबारे जानकारी लठिभद्र छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (२०७१) ले साइटिस अनुसूचीमा सूचीकृत 'नेपालका दुर्लभ वन्यजन्तु र वनस्पति' शीर्षक पुस्तिकाको अनुसूची १ मा अर्किड्सको पेफिओपेडिलम फेरियनम र पेफिओपेडिलम भेनुस्टम समावेस छ (पृष्ठ १७) । वन विभागले प्रकाशन गरेको 'नेपालमा साइटिस कार्यान्वयन एक परिचय' शीर्षक पुस्तिका (२०७५) को अनुसूची १ मा पेफिओपेडिलम इन्सिज्ने र पेफिओपेडिलम भेनुस्टम समावेश छ । तर, अघिल्लोचाहिँ नेपालमा नपाइने जनाइएको छ । यस्तै, वनस्पति विभागले 'चेकलिस्ट अफ साइटिस लिस्टेड फ्लोरा अफ नेपाल' (सन् २०१७) शीर्षक पुस्तिका प्रकाशन गरेको छ । यो पुस्तकमा अनुसूची १ मा पेफिओपेडिलम भेनुस्टम मात्र समावेश छ । यस्तै, अनुसूची २ मा फरकफरक तथ्यांक संख्या छ ।

वनस्पति विभागले प्रकाशन गरेको पुस्तिकामा त अनुसूची १ समावेशबाहेक अन्य अर्किड्स अनुसूची २ का हुन् भन्ने पनि उल्लेख छैन । उक्त पुस्तिकमा नेपालमा पाइने अर्किड्स प्रजातिमध्ये एकतिहाइ जति मात्र अनुसूची २ मा समावेश छ । जब कि संसारभरका प्राकृतिक बासस्थानमा पाइने अर्किड्स प्रजाति अनुसूची १ र २ मा समावेश छन् । साइटिसले १४ फेब्रुअरी २०२१ मा जारी गरेको जानकारीअनुसार, अर्किड्सका ६ जातिका १, १ प्रजाति, अर्को १ जातिको २ प्रजाति र पेफिओपेडिलम तथा फ्राग्मिपेडिलम जातिका सबै प्रजातिहरू अनुसूची १ मा समावेश छन् । पेफिओपेडिलम र फ्राग्मिपेडिलम जातिका क्रमशः ८२ र २४ प्रजाति छन् । यसअनुसार, साइटिस अनुसूची १ मा आजका दिनसम्म जम्मा ११४ प्रजाति समावेश छन् ।

देशविशेषमा भएका सबै वन्यजीवलाई वातावरण सन्तुलनका निम्ति जोगाउँदै यसको फाइदा राष्ट्रले लिनुपर्छ । तर, नेपालमा साइटिस कार्यान्वयन गराउने निकायले अर्किड्स पहिचान गर्नै नसकेको अवस्था छ । सीमित व्यापारी र विशेष गरि विदेशी व्यापारी मात्रै यसबाट लाभान्वित भइरहेका छन् । सन् १९८० ताका पूर्वी नेपालबाट मात्र करिब १ सय ट्रक अर्किड्स भारततर्फ निकासी हुन्थ्यो । त्यसबेला एउटा ट्रकले ८ टनसम्म बोक्थ्यो । १ सय ट्रक भनेको करिब ८ सय टन जति हो । अब राज्यले के कति अर्किड्स बचेको छ, त्यसको अध्ययन गरी साइटिससम्बन्धी ऐन, कानुन कडाइका साथ कार्यान्वयन गराउनुपर्छ ।

# आमाहरूका कथा खजाना



किताब

यशोदा तिम्सिना

नेपाली समाजमा अझै छोराछोरीबीच विभेद छ । छोरा जन्मिए 'परत्र तर्न सकिन्छ' भन्ने सोच छ । यद्यपि आमाले जन्माउँदा ती छोरा या छोरी हुँदैनन्, केवल सन्तान हुन्छन् । लैङ्गिकताका आधारमा हामी तिनलाई छोरा या छोरी भन्छौं ।

हाम्रो कानुन र नियमले आमालाई बहुत उपेक्षा गरेको छ । आमाका नाममा नागरिकता दिन र अधिकार प्रत्यायोजन गर्न कन्जुस्याइँ गरेको छ । तर, के छोरीहरू आफ्नो कर्तव्य-पथबाट च्युत भएका छन् ? के आमालाई दिनुपर्ने सम्मान र आफू आमा हुँदाको समयलाई नजरअन्दाज गरिरहेका छन् ? के समाजले आमाको काम, कर्तव्य र अधिकारमा ओठेभक्ति प्रदर्शन गरे पनि व्यवहारमा कम आकलन गरेको तथ्य भुलेका छन् ? अनेक प्रश्नका सांगोपांग जवाफ लिएर दर्जन छोरी मैदानमा उत्रिएका छन्- 'छोरीले जन्माएका आमाहरू' किताबमार्फत । आमाहरूका भोगाइलाई एक विशिष्ट पुस्तकको रूप दिन मिहिनेत गरेका छन्- पुस्तकका संयोजक मञ्जु थापा र प्रकाशक अर्चना थापाले ।

लामो समयदेखि अमेरिकामा बसोबास गरिरहेका इन्द्र गुरौ, उमा शर्मा, कमला न्यौपाने, कल्पना तामाङ, डा. कविता घिमिरे, जानु ओझा, तनुजा पोखरेल, निर्मला राई, मीरा बस्नेत, मञ्जु थापा, डा. मोनिका आचार्य, सञ्जीता बराइलीहरूले आफ्ना आमामाथि बुझेको, जानेको र सुनेको अनुभव-कथा किताबको विषय हो ।

पछिल्लो समय दूर-देश पुगेर जीवनप्रतिको आफ्नो दृष्टिकोण बनाउने छोरीको संख्या बढिरहेको छ । झट्ट सुन्दा प्रश्न उठ्छ- छोरीले पनि कतै आमा जन्माउँछन् ? गुमनाम आमाहरूलाई पहिचानसहित पाठकसामु पस्किन सक्ने छोरीहरूको सम्मानका खातिर किताबको नाम 'छोरीले जन्माएका आमाहरू' जुराइएको होला भन्ने अड्कल काट्न सकिन्छ । तर, यो तर्कमाथि विवाद हुन सक्ला । पुस्तकको शीर्षकचाहिँ अलि अमिल्दो नै भयो ।

### आमाका भोगाइ

'बड्की मास्टर्नी' शीर्षकबाट सुरु हुन्छ 'छोरीले जन्माएका आमाहरू' को कथा । नवलपरासीको रैथाने चौधरी समुदायकी शान्तिदेवी गुरौको जीवन-संघर्ष पढ्दा कुनै सिनेमाको रिल घुमेझैं लाग्छ । कसैले अपहत्ते गरेर मन पराएपछि नबुझे, नजानेको मान्छेलाई ज्यान सुम्पेर अघि बढेकी रहिछन् शान्तिदेवी १६ वर्षकै उमेरमा । त्यसरी चलायमान बनेको शान्तिदेवीको जीवनमा सुखान्त सिनेमाको कथाजस्तो सुखभोग लेखिएको रहेछ ।

शान्तिदेवी कमलरीको जीवन लिएर जन्मेकी हुन्छिन् । छोराछोरीसँग अनुभव साट्दा भनेकी छन्, 'जमिनदारकोमा बस्दा कुनै दुर्व्यवहार हुन्थेन, खान पनि तीन छाक नै पाइन्थ्यो । यो त्यसबेलाको समयको कुरा हो । पेटभरि खान पाउनु र गाली नखानुपरेपछि जीवन दौलत भो ।' समय र खसमको साथले उनले ठूलो तरक्की गरिन् । छोराछोरी बढाइन्, पढाइन् । र, शान्तिदेवीकी छोरी इन्द्र अमेरिका पुगिन् । शान्तिदेवीलाई तीनपटक घुम्न बोलाइन् । अन्तिमपटक उनी ७४ वर्षको उमेरमा अमेरिका पुगिन् । शान्तिदेवीले समुद्र देखेपछि भनिन्, 'एक बोतल पानी नेपाल लैजान्छु ।'

अर्की आमा हुन्- राधा कँडेल (रमा मिश्र) । लमजुङमा जन्मेकी राधाको १४ वर्षको उमेरमै बिहे भयो । १७ वर्षमा घर बुहार्तन सम्हालेर आमा भइसकेकी उनको कथा छोरी उमा शर्माले लेखेकी छन् । उमा दुई वर्षकी छँदा आमा फेरि गर्भवती भइन् । सुत्केरी व्यथाले रातभर छटपटाइन् । तर, छेउमा सुतिरहेका श्रीमान्ले त्यो थाहा पाएनन् । उज्यालो हुने बेला रमाले छोरो जन्माइन् । उमा लेख्छिन्, 'अहिले सम्झिँदा पनि मलाई अचम्म लाग्छ, पेटमा सन्तान भएर आज हो कि भोलि भन्ने अवस्थामा रहेकी श्रीमती रातभर व्यथा लागेर छटपटिरहँदासमेत सँगै सुतिरहेको बुबाले कसरी केही पत्तो पाउनुभएन होला ?'



“ छोरा जन्मिए 'परत्र तर्न सकिन्छ' भन्ने सोच छ । यद्यपि आमाले जन्माउँदा ती छोरा या छोरी हुँदैनन्, केवल सन्तान हुन्छन् । लैङ्गिकताका आधारमा हामी तिनलाई छोरा या छोरी भन्छौं ।

उमा अमेरिका पुगिन् । नाम चलेको विश्वविद्यालयमा जागिर खाइन् । आमालाई पनि अमेरिका बोलाइन् घुम्न । 'दुःख नदेखाउने संस्कारबाट आएका कारण जसरी आमाले दुःख लुकाउनुहुन्थ्यो, त्यो मैले सिकें । आमाले हजुरआमाबाट,' उमाको अनुभव छ ।

किताबकी अर्की पात्र हुन्- राधा पौडेल । 'मेरी आमा : छोटो जीवन, लामो सम्झना' लेखमा छोरी कमला न्यौपानेले ३७ वर्षकै उमेरमा बितेकी आमा सम्झेकी छन् । आमा बाँचेकी भए अहिले ७६ वर्ष भइसक्ने थिइन् भन्ने परिकल्पनाबाट लेखनीको सुरुआत गर्छिन् उनी । कमलाले चार पुस्तामा समेटिएका महिला सम्झँदा मात्रै आमाबारेको लेखोट तयार हुने पृष्ठभूमि बताएकी छन् । कमलाको बुझाइमा हजुरआमाले देखाएको मार्ग, आमाले हिँडेको बाटो, आफूले लिएको मोड र आफ्नी छोरीले अघि बढाएका पाइला समेटेपछि मात्रै आलेख तयार हुन्छ ।

आमा कृष्ण-भक्त थिइन्, त्यसैले नाम पाइन्- राधा । केही समुदायमा बारहरूका आधारमा नाम राख्ने चलन थियो उबेला । केहीलाई नामै दिइँदैनथ्यो । बिहेपछि श्रीमान्को नाम या पेसासँग जोडेर महिलाले नाम पाउँथे । कमलाकी आमाको स्वभाव कठोर र दिल नरम थियो । एकल आमाले हुर्काएकी परिवारकी जेठी छोरी हुन् राधा । दार्जिलिङमा जन्मेकी राधा श्रीमान्को जागिरका कारण धैरै ठाउँतिर घुमिरहिन् । पाँच सन्तानकी आमा उनले जीवनको अन्तिम सास भैरहवामा फेरिन् ।

अर्की आमा पात्र हुन्, सरिता तामाङ । उनी ठाँटीभञ्ज्याङ रामेछापमा जन्मिएकी हुन् ६१ वर्षअघि । विविध रोग-व्याधिले भएका सन्तान बित्दै गएकाले र छोरा-मोहले डोरिएर सरिताकी आमाले झन्डै दर्जन सन्तान जन्माइन् । त्यसमा सरिता र उनका एक भाइ भने सकुशल रहे ।

गाउँको हुनेखानेकी छोरी सरिताका बुबाले छोरा नजन्मिएपछि सम्पत्तिको के काम भन्दै त्यो सक्ने प्रयास गरे । सम्पत्ति सकिएन । छोरा नभएको पीरमा अत्यधिक मदिरापान गरे र उनको असमयमै मृत्यु भयो । सम्पत्तिवाल युवा विधवामाथि गाउँकै ठूलाबडाको आँखा पऱ्यो । सम्पत्ति लुटपाटै भयो । यो लेख तयार गर्ने जेठी छोरी कल्पनालगायत सात सन्तानको जायजन्म र लालनपालन गरिन् सरिताले । छोरी कल्पनाले राम्रो पढिन् । जागिर खाइन् । आफ्नो खुट्टामा उभिइन् । तीन वर्षअघि अमेरिका आइपुगिन् ।

'आमाले बाँचेको संघर्षपूर्ण जीवन' शीर्षकमा छोरी मञ्जु थापाले गुल्मीमा जन्मिएकी आमा ईश्वरादेवी थापाको कथा लेखेकी छन् । आमा बाँचेकी भए अहिले ९० वर्षमा हिँड्दै हुन्थिन् । अहिलेको अर्घाखाँची जिल्लाका नामी पण्डित खलकमा पर्ने पन्थीकी छोरी थिइन् ईश्वरा । उनको विवाह ११ वर्षको उमेरमा ३५ वर्षीय ज्ञवाली ब्राह्मणसँग भयो । विवाहको एक वर्षपछि नै ती ब्राह्मणको मृत्यु भयो र ईश्वरा बालविधवा बनिन् । ११ वर्षीया बालिका, जसलाई पतिको अनुहारसमेत याद थिएन, उनै पतिका लागि ४५ दिन सेतो धोतीमा लपेटिएर बरखी बारिन् ।

छोरी मञ्जुको लेखाइमा ईश्वरा जब वर्षदिनको कामपछि माइत गइन्, माइतीले विधवा भन्दै घरभित्र सुत्न दिएनन् । अनि क्षुब्ध भएकी उनले २४ वर्ष तिनै बितेका ब्राह्मणको थातथलो मानकोटमा बिताइन् । फराकिलो सोच र पीडितका पक्षमा बोल्ने ईश्वराले राजनीतिमा चासो दिइन् । समय-परिस्थितिले ईश्वरालाई नेता बनायो ।

बाल विधवा हुनु । एक्लो जीवन जिउनु । जवान हुनु र समाजमा चेतना छर्न अघि सर्नु । अहिलेका महिलालाई त सहज छैन भने उबेला के भन्थे होलान् समाज, छिमेकी, आफन्त र चिनेजानेकाहरूले ? ईश्वराले कुनै कुराको पर्वाह गरिनन् । परिणामस्वरूप, विसं २०१८ मा उनलाई राजनीतिमा लागेबापत पाल्पा कारागारमा ६ महिना थुनियो ।

३५ वर्षे ईश्वराको हात थाप्न आइपुगे आफ्नो घरबार बिग्रिएका केशरबहादुर थापा । ईश्वराका ६ सन्तान जन्मिए । लगातार महिला संगठनमा काम गरेकी ईश्वराले ४१ वर्षको उमेरमा प्राइभेट विद्यार्थीका रूपमा प्रवेशिका परीक्षा दिइन् ।

किताबकी अर्की आमा हुन्, याममाया विश्वकर्मा । 'कार्यबोझ र विभेदमा खारिएकी मेरी आमा' शीर्षकमा सञ्जिता बराइलीले आमामाथि लेखेकी छन् । समाजले ठानेको 'सो कल्ड' दलित समुदायमा हुर्केकी याममायाले जन्मेदेखि नै विभेद सामना गरिन् । २०११ सालमा रामेछापमा जन्मेकी उनको १४ वर्ष लाग्दै गर्दा २३ वर्षीय युवासँग विवाह भएको थियो । याममायाले निकै विभेद भोगिन् । याममायाका सात छोराछोरी भए । तिनिहरू बढे, पढे । छोरा पूर्ण बराइली अमेरिका पुगे । छोरी सञ्जितालाई डीभी पऱ्यो । करिब ६ वर्षअघि याममाया र उनका श्रीमान् पहिलोपटक अमेरिका आए, छोराछोरीको निमन्त्रणामा । त्यसयता तीनपटक अमेरिका ओहोरदोहोर गरिसकेका छन् । ६८ वर्षीया याममाया अहिले सपरिवार काठमाडौं बस्छिन् ।

•••

हरेक मानिससँग भनिन, सुनिनलायक कथा, व्यथा र घटना छन् । तिनलाई ध्यानसँग सुनिएको, लेखिएको छैन । अझ महिलाको जीवनी कमै लेखिएको छ । यस पुस्तकमा समेटिएका १२ आमाका प्रत्येक जीवनकहानी एक पूर्ण पुस्तक बन्नलायक छ ।

महिलासँग भनिनुपर्ने, लेखिनुपर्ने धैरै कथा छन् । तर, पद र प्रतिष्ठा नभएकाहरूको जीवनी लेख्ने चलन छैन । इतिहासै पनि जित्नेहरूको लेखिन्छ । जितमा पनि पुरुषहरूकै नाम आउँछ । यसै पनि पद, प्रतिष्ठामा पुग्ने महिला अत्यन्तै कम छन् । अब वैकल्पिक इतिहास लेखिनुपर्छ । त्यो इतिहास महिलाहरूको हुनेछ जसले घर, समाज र राष्ट्र बनाउन योगदान दिएका थिए ।

आमाहरूको यो संघर्ष-कथाले नेपाली महिलाहरूको जीवन पढ्न सघाउँछ । यी कथा-खजानाका आमाहरू समावेशी तवरबाट जुटाइएका छन् । पुस्तकले तत्कालीन समाजको राजनीतिक, आर्थिक, सामाजिक, स्वास्थ, शिक्षा लगायत तमाम विषयमा बोलेको छ । पुस्तकमा सुधार्नुपर्ने केही विषय छन् । जस्तो- जन्ममिति राखेपछि निधन भएकाहरूको मिति पनि सँगै राखिएको भए पाठकलाई सजिलो हुने थियो । कल्पना तामाङले लेखेको आलेखलाई लेखक-परिचयमा 'आमा कल्पना तामाङ' भएको छ (पृष्ठ. १७९) । यो ठूलो गल्ती होइन, तर नामै गल्ती भएकाले अन्योल हुन सक्छ । सञ्जिताले लेखेको लेखमा '...मेरी आमा हर रात एक घण्टा पनि सुत्न पाउनुहुन्थेन...' भन्ने वाक्य विश्वासयोग्य लाग्दैन ।

पत्रकार जयदेव गौतमले सम्पादन गरेको यो किताबलाई महिलाका दृष्टिकोणबाट समाज चियाउने एक आँखिझ्याल मान्न सकिन्छ । किताब अक्षर क्रिएसन्सले प्रकाशन गरेको हो ।

# लिखित देवनागरीको अलिखित इतिहास



प्राचीन लिपि
माधव प्रसाद पोखरेल



आज देवनागरी लिपि नेपालमा मात्र होइन, भारतमै पनि सबभन्दा प्रचलित लिपि हो। यस लिपिमा नेपाली, हिन्दी, मराठी, कोंकणी र डोगरी जस्ता आर्य भाषा मात्र होइन, अन्य परिवारका भाषा पनि लेखिन्छन्। हाम्रो उपमहाद्वीपमा सबभन्दा धेरै मानिसले यस लिपिमा लेखेको कुरो सजिलै पढ्न सक्छन्। नेपालमा मात्र होइन, भारतमा पनि अलिखित भाषाहरू लेख्न थाल्दा देवनागरीमा लेख्ने चलन छ, खालि विदेशीहरूले चाहिँ रोमन लिपि चलाएको देखिन्छ। आफ्नो छुट्टै लिपि नभएका मातृभाषा लेख्न मात्र होइन, आफ्नो छुट्टै लिपि भएका मैथिली (मिथिलाक्षर), भोजपुरी (कैथी), नेवार (रञ्जना, भुजिमोल, पाचुमोल, गोलमोल, आदि अनेक लेखन शैली), लिम्बु (सिरिजङ्गा, लिपि), गुरुङ, तामाङ र मगर भाषा लेख्न पनि देवनागरी नै बढ्ता चलेको देखिन्छ र ती मातृभाषीहरूमा आफ्नो भनिने लिपि पढ्न सक्ने एक प्रतिशत सख्या पनि पाइँदैन। तिनीहरूमध्ये पनि देवनागरी लिपि मात्र पढ्न सक्ने साक्षरकै बहुमत छ।

नेपाल-भारतमा सबभन्दा प्रचलित देवनागरी लिपि आठौँ शताब्दीतिर महाराष्ट्र (कोल्हापुर, ७५४ इ) मा केही फरक शैलीमा लेखिन्थ्यो अनि त्यसलाई 'नन्दीनागरी' भन्ने चलन थियो। यसैले गर्दा यी दुइटै नाउँबाट अघिल्लो शब्द झिकेर भारतमा यसलाई 'नागरी' लिपि मात्रै भन्ने पनि चलन छ। लिपिका अनुसन्धाताहरू (ओझा, बुह्लर) ले पनि नागरी लिपि मात्र भनेको पाइन्छ। दुइटै नाउँ दशौँ शताब्दी पछि मात्र भेटिन्छन्।

मैले मातृभाषीहरूसँग सामूहिक अन्तरक्रिया गरेर नेपालका ६९ ओटा अलिखित भाषाहरूको वर्णमाला बनाएको छु। वर्ण वैज्ञानिक विश्लेषण गरेर मातृभाषीहरूले दिएका अर्थमा फरक पार्ने उच्चारण भेद छुट्याउने लघुतम युग्म (एक जोडा शब्द) का आधारमा मैले बनाइदिएका मातृभाषाहरूका ती वर्णमालाहरूमा नेपाली उच्चारणसँग मिल्ने वर्णलाई नेपाली जस्तै गरी लेख्ने र नेपाली उच्चारणसँग नमिल्ने उनीहरूको मातृभाषाका वर्णलाई प्राय नजिकको देवनागरी संकेतमा 'तल्थोप्ली' राखेर अथवा सकेसम्म थोरै उपचिन्ह थपेर लेख्ने अनुशासन बनाएको छु। संसारभरका लिपिमा पनि थोप्लो सबभन्दा पहिले रोजिने उपचिन्ह हो (ज्वायस र बोर्ग्वाल्ट, २०१३ इ, 'टाइपोलोजी अफ राइटिङ सिस्टम्ज')। अहिले 'गोरखापत्र' को 'नयाँ नेपाल' स्तम्भमा ठाउँ पाएका झन्डै ४० ओटा मातृभाषामध्ये धेरैजसो मैले वर्ण निर्धारण गरीदिएका भाषाहरू छन्। मैले पुणें विद्यापीठबाट ध्वनि विज्ञान र वर्ण विज्ञानमा विद्यावाचस्पति गरेर (२०४६) फर्केपछि लिम्बु भाषादेखि थालेर आजसम्म ६९ भाषाको वर्णमाला पुऱ्याएको हुँ।

हाम्रो उपमहाद्वीपका लिपिको ऐतिहासिक विकास क्रमबारे पहिलो पुस्तक (१८९४ इ, 'भारतीय लिपिमाला') लेख्ने गौरीशङ्कर ओझा (१९१८ इ, 'प्राचीन भारतीय लिपिमाला') अनुसार, यहाँको पहिलो लिपि त सिन्धु सभ्यताको लिपि (इपू २६००-१९००) नै हो, तर देवनागरी लगायत उपमहाद्वीपका सबै विकसित लिपि चाहिँ ब्राह्मी लिपिकै बचरा हुन्। उपमहाद्वीपको वायव्य कोणमा अशोककै शिलालेख पनि ब्राह्मी लिपिमा मात्र नभएर खरोष्ठी लिपिमा पाइएका छन्। खरोष्ठी लिपि उर्दू र अरबी जस्तो दाहिनेबाट देब्रे तिर पढिन्थ्यो, तर ब्राह्मी चाहिँ प्राय देवनागरी जस्तै देब्रेबाट दाहिने तिर पढिने भए पनि केही अभिलेख चाहिँ दाहिनेबाट देब्रे तिर पढिने पनि भेटिएका छन्। बुह्लर (१८९८ इ, 'अन द ओरिजिन अफ द इन्डियन ब्राह्म अल्फाबेट') ले ब्राह्मी लिपि इपू. आठौँ-सातौँ शताब्दी तिर मेसोपोटामियामा सिरियादेखि प्यालेस्टाइन सम्म चल्ने सेमेटिक आरामाइक लिपि (होल्जर जेला, २०२१ इ, 'आरामाइक') बाट विकसित भएको प्रमाणित गरेका छन् भने, ओझा चाहिँ त्यो मान्न तयार छैनन्।

मेसोपोटामियाको छिमेकका इरानी शासक (मिड, अखामनी, पारसी, पार्थ, सासानी) हरू आरामाइक लिपि नै चलाउँथे। सबभन्दा पहिलो पुरातात्त्विक उल्लेख भएको इरानी जाति चाहिँ 'मिड' हो (इपू ८८१, असिरियाली अभिलेख, रिचार्ड फोल्ज, २०१६ इ, 'इरानियन वर्ल्ड हिस्ट्री')। इपू ६७८-५४९ मा बलियो मिड गणराज्य नै थियो। इपू आठौँ-सातौँ शताब्दीमा मिडहरूले असिरिया नै कब्जा गरे। कसैकसैले इपू १५००-१४०० छेक थोरै समयसम्म कश्यप सागरदेखि भूमध्य सागरसम्म माथिल्लो मेसोपोटामियामा शासन गर्ने घोडा सधाउन सिपालु मितन्नीहरू (चार्ल्स रिभर, सं, 'द किङ्डम अफ मितन्नी') पनि मिडहरू नै हुन् भन्ने ठानेका छन्। मितन्नीहरूले भूमध्य सागरको छेवैछेउ इजिप्ट सम्म पनि आफ्नो प्रभाव जमाएका थिए। उनीहरूका अभिलेखमा मित्र, वरुण, नासत्य र इन्द्र जस्ता चार ओटा वैदिक देउताहरूका नाम पनि पाइन्छन्। ऋग्वेद भन्दा पुरानो संस्कृत भाषाको नमुना (इपू १४००) पनि उनीहरूकै लेखोटमा पाइन्छ।

इपू ५५० मा ती मिडहरूलाई अखामनी सम्राट् साइरसले हराए। त्यसपछि इरानी शासकहरूको शासन मेसोपोटामिया, इरान, आर्मेनिया, मध्य एसिया, अफगानिस्तान र वर्तमान पाकिस्तानको सिन्ध (हिन्द) प्रान्तसम्म झन्डै सातौँ शताब्दी (६५१ इ) सम्म चल्यो। युरेसियाका विस्तृत फाँटमा इरानीहरूका बगालहरू जतातततै छाप्छाप्ती थिए (कुज्मिना, 'द ओरिजिन्ज अफ इन्डो-इरानियन्ज')। छापामार युद्ध गर्न सिपालु ती इरानी बगालहरू आपसमै एकअर्कालाई सिध्याउने होडमा थिए, त्यसैले गर्दा अखामनी सम्राट् साइरस र दारिउसकै अस्तित्वका लागि युक्रेनका शकहरू नै खतरा थिए। ती इरानीहरूको आपसी वैमनस्यले गर्दा नै अलेक्जान्डरलाई इरानीहरूकै माटो जित्न सजिलो भयो अनि ७५१ इ. मा अरबहरूलाई इरान कब्जा गर्न र धेरैजसो इरानीलाई मुसलमान बनाउन पनि सजिलो भयो। आफु मुसलमान भएपछि त अरुलाई व्यापक रूपमा मुसलमान बनाउन इरानीहरू नै लागे। इरानीहरूका माटामा अलेक्जान्डर (इपू चौथो शताब्दी) को दिग्विजयपछि निकै समय ग्रिसेलीहरूको प्रभुत्व रह्यो (कुहुर्त, २००७ इ, 'द पर्सियन एम्पायर')। इरानी शासनमा आरामाइक लिपिकै प्रयोग हुन्थ्यो। पहिले त शासनको भाषा पनि आरामाइक थियो, तर पछि इरानी भाषा लेख्न नै आरामाइक लिपि चलाइयो। अशोक (इपू २७५) का पालादेखि मात्र उपमहाद्वीपमा ब्राह्मी लिपि व्यापक भयो। समयक्रममा कलम नउचाली लेख्नाले (अटुट लेखन) ब्राह्मी (इपू ५००-३०० इ) बाटै क्रमशः गुप्त लिपि (चौथो-पाँचौँ शताब्दी) र कुटिल लिपि (छैटौँ-नवौँ) हुँदै नागरी लिपि बनेको हो। नेपालमा गुप्त लिपिलाई लिच्छवि लिपि भन्ने चलन छ (हेमराज शाक्य, २०२६, 'अभिलेख प्रकाश', २०३०, 'नेपाल लिपि प्रकाश')। कुटिल लिपिलाई नै पूर्वी भारत र पूर्वी एसियामा संभवतः तान्त्रिक प्रभावले गर्दा सिद्धमातृका अथवा सिद्धम् लिपि भनिन्छ।

सिंह (१९९० इ, 'डिभेलप्मेन्ट अफ नागरी स्क्रिप्ट') अनुसार, कुटिल लिपिबाटै तिब्बती लिपि, काश्मीरतिर प्रचलित शारदा लिपि, पूर्वी भारतमा प्रचलित गौडी लिपि र नागरी लिपि विकसित भएका हुन्। शारदा लिपिबाटै गुरुमुखी (पंजाबी) विकसित भएको हो भने गौडी लिपिबाट उडिया, बंगाली, असमिया, नेवारी र मैथिली लिपि विकसित भएका हुन्।

ओझा अनुसार देवनागरी लिपिको बान्की सबभन्दा पहिले छैटौँ शताब्दीका गुप्त राजा यशोवर्मनको 'मन्दसोर अभिलेख' (मध्य प्रदेश, ५२० इ) मा देखापरेको हो। ओझाका लिपिपत्र (२४-२७)

> देवनागरी लिपि ब्राह्मीबाटै विकसित भए पनि पाँचौं शताब्दीदेखि मात्रै अचेलको बान्कीसँग मिल्ने हुँदै आयो। अक्षर कलात्मक बनाएर घुमाउने, सिँगार्ने त्यो लिपिको चलन सातौं शताब्दीपछि आजको बान्कीसँग झन्झन् नजिक भयो ।

अनुसार, देवनागरी लिपि दशौँ शताब्दीदेखि गुजरात (जाइंकदेव, ९०४ इ), राजस्थान (प्रतिहार राजा, ९५९ इ) र नेपालमा प्रचलित रहेछ। प्रतिहार राजाहरू नागभट (बुचकला, ८१५ इ), बाउक (जोधपुर, ८३७ इ) र कक्कुक (घटियाला, ८६१) का अभिलेखमा यशोवर्मनको अभिलेख (छैटौँ शताब्दी) र दशौँ शताब्दीको देवनागरी बिचको स्वरूप पाइन्छ।

सिंह (तेस्रो अध्याय) लेख्छन्, देवनागरी लिपि क्रमशः ब्राह्मीबाटै विकसित भए पनि पाँचौँ शताब्दी (गुप्त काल) देखि अलिक बढ्ता अचेलको बान्की मिल्ने हुँदै आयो। छैटौँ शताब्दीदेखि मन्दसोर (५२० इ, मध्यप्रदेश) देखि बोधगया (५८८ इ, बिहार) मा कुटिल लिपिको बान्की थालियो (ओझा)। अक्षरलाई कलात्मक बनाएर घुमाउने र सिँगार्ने त्यो लिपिको चलन सातौँ शताब्दी पछि झन्झन् आजको बान्कीको नजिक हुँदै आयो। नागरी लिपि आधारभूत रूपमा गुजरात र महाराष्ट्रदेखि उत्तरतिर विकसित भयो र नवौँ शताब्दीको प्रारम्भदेखि यसलाई आजको रूपमा ल्याउन महाराष्ट्र, गुजरात र मालवाका राष्ट्रकूट (राठौड) हरू, बंगालका पालहरू (पूर्व) अनि कन्नौज र उत्तर भारतका प्रतिहारहरू (पश्चिम) को मुख्य भूमिका छ। सामनगढ (महाराष्ट्र) को अभिलेख (दन्तिदुर्ग, कोल्हापुर, ७५४ इ) नै नागरी लिपिको सबभन्दा पुरानो रूप हो (बुह्लर)।

नवौँ शताब्दीको प्रारम्भदेखि नै राठौडहरूले चाहिँ सबैभन्दा पहिले र पछिसम्म अरूलाई जितेर देवनागरीको प्रचारमा मुख्य भूमिका खेले। बंगालका पालहरूले यसलाई पूर्वतिर (बिहार, बंगाल, ओडिसा र असम) फैलाए र प्रतिहारहरूले अलिक व्यापक (उत्तरप्रदेश, मध्यप्रदेश, राजस्थान, गुजरात, उत्तराखण्ड र पन्जाब) बनाए। उत्तराखण्ड, पश्चिम नेपाल र कैलास मानसरोवर क्षेत्रको इतिहासमा पनि दशौँ-एघारौँ शताब्दी तिरयिनै राजाहरूको चक्चकी थियो। कर्नाली प्रदेश नै पुर्ख्यौली हुने पानी पोखरेल लगायत सबै आत्रेय र अत्रि गोत्र हुने छेत्रीबाहुन र चौँतिस ओटा चन्द्रवंशी बाइसी चौबिसी राजाहरूको पुर्ख्यौली पनि कन्नौजका तिनै शासक (राठौड, पाल र प्रतिहार) सँग जोडिएको वंशावली इटालीका पुरातत्त्वविद् टुची (१९५६ इ, 'प्रिलिमिनरी रिपोर्ट अन टु सायन्टिफिक एक्स्पेडिसन्ज अफ नेपाल') ले प्रकाशित गरेका छन्। ती राजाहरूले जारी गरेका अभिलेखहरू मूलतः देवनागरी लिपिमै छन्। टुची (१९६२ इ, 'नेपाल : द डिस्कभरी अफ द मल्ल') ले नै एघारौँदेखि चौधौँ शताब्दीसम्म पश्चिम तिब्बतको मानसरोवर क्षेत्रको ताक्लाकोटमा गर्मीको राजधानी र नेपालको सिँजामा जाडाको राजधानी बनाएर राज्य गर्ने काश्मीरदेखि कर्नाली प्रदेश र तिब्बत सम्म (हिमाचल प्रदेश, गढवाल, कुमाउँ हुँदै) खस मल्ल राजाहरूको पुरातात्त्विक इतिहास फेला पारे।

नेपालमा मल्ल थर भएका राजनीतिक शक्तिहरू इतिहासका तीन चरणमा देखिन्छन् : बुद्धकालमा कुसिनारामा मल्ल गणराज्य, बाह्रौँ शताब्दीमा कर्नाली प्रदेशमा नागवंशी खस राजाहरू र तेह्रौँ शताब्दीदेखि नेपाल उपत्यकामा मिथिलासँग निकट साइनो भएका नेवार राजाहरू, तर तिनीहरू बिचमा कुनै पारिवारिक साइनो पाइँदैन। यिनीहरूमध्ये देवनागरी लिपि पहिले चलाउने चाहिँ कर्नालीका खस मल्लहरू हुन्।

काश्मीरको इतिहास (स्टेइन, १९०० इ. 'कल्हणज रागतरङ्गिणी') मा नाग, मल्ल र खसहरू एउटै वंशमा जोडिन्छन्। त्यहाँ शक सम्राट् कनिष्कलाई पनि एकैचोटि नाग, तुरुष्क (तुखार/तुषार/तोखार) र कुषाणवंशी भनेर चिनाइएको छ। सिजाको इतिहासमा घरज्वाइँ भएर पुण्य पाल पुण्य मल्ल भएजस्तै जयापीडका बाजे ललितादित्य पनि घरज्वाइँ भएर नागवंशी भएका थिए। खस राजा अशोकचल्लसँग अनुप्रास मिल्ने लल्ल, टुल्ल, भुल्ल, सुल्ल र राजल्ल आदि अनेक नाउँ त्यहाँ पाइन्छन्। 'राजतरङ्गिणी' मा खसहरूले अफगानिस्तानदेखि काश्मीर (हुँदै सम्भवतः कालीगण्डकी) सम्मको ठाउँ ओगटेको उल्लेख छ। आठौँ शताब्दीमा कन्नौजदेखि बंगालसम्म जित्ने काश्मीरका राजा जयापीडलाई कालीगण्डकी तिरमा नेपालका राजा अरमुडि (मगर कि खस) ले हराएर बन्दी बनाएका थिए, पछि मन्त्रीले भगाए। अर्थात्, कर्नाली प्रदेशका खस मल्ल राजाहरू चाहिँ कन्नौजबाट खसान छिरेका राठौड र गुर्जर-प्रतिहारवंशी होइन रहेछन्।

योगी नरहरिनाथ (२०१३, 'इतिहासप्रकाश') ले पहिले नै दुल्लुमा भेटेर प्रकाशित गरेको देवनागरी लिपिकै एउटा अभिलेखलाई पूर्णप्रकाश नेपाल यात्री (२०३९, 'राजा गगनिराजको यात्रा') ले नेपाली भाषाको सबभन्दा पुरानो अभिलेख ('दामुपालको शिलालेख', सं १०३८) भन्ने दाबी गरेर प्रकाशित गरे। त्यस अभिलेखको ऐतिहासिक, भाषा वैज्ञानिक र लिपि वैज्ञानिक समीक्षा (२०५६, 'दामुपालको शिलालेखको कालनिर्णय') गरेर मैले त्यो अभिलेख १३ औँ शताब्दीको ठहराएको छु। देवनागरी लिपिमा अक्षर माथि डिको तान्ने चलन चाहिँ दशौँ शताब्दी पछाडि मात्र थालिन्छ। त्यसमा पनि 'प, म, य, ष, स' का दुइटै घोचा जोड्ने चलन त ११ औँ शताब्दी पछि मात्र थालियो (ओझा, ६८-७०)। दामुपालका शिलालेखमा दुइटै घोचा जोडिएकाले त्यो ११ औँ शताब्दी भन्दा अगाडिको हुनै सक्तैन। कान्नानी, लक्कानो र उकार पनि एघारौँ शताब्दी भन्दा अगाडिको जस्तो छैन (बापुराओ नाइक, १९७१ इ, 'टाइपोग्राफी अफ देवनागरी')। भकार र मकारको बान्की चाहिँ १२ औँ शताब्दी भन्दा अगाडिको होइन (ओझा, नाइक)। खस राजा अक्षय मल्ल (१२७० इ) का शिलालेखदेखि मात्र नेपाली अभिलेखमा क्रिया भेटिन्छ। दामुपालको शिलालेखमा चाहिँ 'रेष भइ' भन्ने क्रिया भएकाले यो अभिलेख १३ औँ शताब्दी भन्दा अगाडिको होइन। यस हिसाबले दुल्लुमै भेटिएको बामु खँड्काको ११ औँ शताब्दीको अभिलेख (मोहन प्रसाद खनाल, २०६७, 'नेपाली भाषाका हजार वर्ष') नै अहिलेसम्म फेला परेको नेपाली भाषाको सबभन्दा पुरानो अभिलेख हो र त्यो देवनागरी लिपिमै लेखिएको छ।

हाम्रो उपमहाद्वीपको सबभन्दा पुरानो लिपि त सिन्धु र सरस्वती नदीको बेँसीको लिपि हो। त्यस लिपिलाई पढ्न सकेको दाबी धेरैले गरेका भए पनि भारतीय विद्या शिरोमणि फिनल्यान्डका प्राध्यापक अस्को पर्पोला (१९९४ इ, 'डिसाइफरिङ द इन्डस स्क्रिप्ट') को विश्लेषण, व्याख्या र पठन सबभन्दा पत्यारिलो छ। प्राचीन ग्रिसेली अभिलेख (लिनियर ए र बी) पढ्न माइकल भेन्ट्रिस (१९५१ इ, 'अ प्रिलिमिनरी एनालिसिस अफ लेङ्गवेज कन्टेन्ड इन द माइसेनियन आर्काइभ्ज फ्रम पाइलोस इन मेस्सेनिया') ले अनि मेसोपोटामियाको लिपि र इजिप्टको लिपि पढ्न गेल्ब (१९५२ इ, 'फन्डामेन्टल्ज अफ राइटिङ : द फाउन्डेसन्ज अफ ग्रम्याटोलोजी', १९७५ इ, 'मेथड्ज अफ डिसाइफर्मेन्ट') ले जुन विधि (रिबस प्रिन्सिपुल) को आविष्कार गरे, त्यही विधि अपनाएर पर्पोलाले हडप्पाको लिपि पढ्न प्रयोग गरेका छन्। पर्पोलाको विश्लेषणमा त्यहाँ द्रविड भाषा प्रयोग भएको छ।

श्रीनिवास कल्याणरमण (२०१५ इ, 'सरस्वती-सिन्धु सिभिलिजेसन एन्ड इन्ट्याक्सन्ज इन एन्सिएन्ट नियर इस्ट, युरेसिया एन्ड एन्सिएन्ट फार इस्ट') ले चाहिँ 'सरस्वती सभ्यता' भन्ने एउटा परियोजनाको नेतृत्व गरी रहेका छन्। त्यस परियोजनामा पुरातत्त्वविद्, इतिहासकार, भाषा वैज्ञानिक, वैदिक र पौराणिक साहित्यका पण्डितहरू, संस्कृत, द्रविड र आग्नेय भाषाका पण्डित, मानव शास्त्री, समाजशास्त्री र लोकविद्याका विद्वान्हरू सबै संयुक्त रूपमा मिलेर काम गरिरहेका छन्। पर्पोलाले सिन्धु-सरस्वती बेँसीमा पाइएको भाषालाई द्रविड मात्र ठहराएका छन् भने, 'सरस्वती सभ्यता' परियोजनाले 'रिबस सिद्धान्त' कै आधारमा आएका निष्कर्षमा चाहिँ सिन्धु-सरस्वती सभ्यताले चलाएको लिपिमा अङ्कित भाषा विश्लेषणका आधारमा यस उपमहाद्वीपका आग्नेय, द्रविड र संस्कृत भाषा बोल्ने कलाकार र शिल्पकारहरूको साझे सम्पर्क भाषा भन्ने निकालेको छ। परियोजना अझै चालु छ, तर जे भए पनि सिन्धु-सरस्वती लिपिको देवनागरीको माउ लिपि ब्राह्मीसँग कुनै साइनो गाँसिएको छैन।

लिपिको आविष्कार संसारमा सबभन्दा पहिले मेसोपोटामियामै भयो। पर्पोला (१९९४ इ, पृ. १८) ले संसारका प्राचीन लिपिको तुलनात्मक काल प्रकाशित गरेका छन्, जस अनुसार सुमेरियाली चित्राक्षर (इपू ३३००), इलामे चित्राक्षर (इपू ३१००), इजिप्टेली चित्राक्षर (इपू ३०००), हडप्पा लिपि (इपू २५००), सेमेटिक कखरा (इपू १६००), ग्रिसेली कखरा (इपू ९००) र ब्राह्मी अक्षर (इपू ३००) को क्रम देखिन्छ।

पहिले पहिले युरोपेलीहरूले उनीहरूको जस्तो कखरात्मक लिपिलाई सबभन्दा विकसित लिपि ठहराएका थिए, तर आज वर्ण विज्ञान र स्नायु विज्ञानले चाहिँ अक्षरलाई जुनसुकै भाषाका व्याकरणको आधारभूत एकाइ ठहराएकाले चिनियाँ, जापानी र देवनागरी जस्ता एक मुल्को सासमा एउटा अक्षर उच्चारण गर्न सकिने लिपि नै कखरात्मकभन्दा आदर्श र मौलिक मानिएको छ।

मेसोपोटामियामा सार्गोन (इपू २३००-२२००) ले शासन गरेका बेलामा सिन्धु बेँसी र मेसोपोटामियाका बीचमा सामुद्रिक र स्थल व्यापार भएको पुरातात्त्विक प्रमाण फेला परेको छ, जसमा हडप्पाका केही सर्दाम खाडीदेश र मेसोपोटामियामा र मेसोपोटामियाका सर्दाम सिन्धु बेँसीमा भेटिएका छन्। भगवान् शिव र सिंहवाहिनी भगवतीको साइनो पनि मेसोपोटामियासितै गाँसिने देखिन्छ (ब्ल्याक र ग्रिन, १९९८ इ, 'डिक्सनरी अफ गड्ज, डेमोन्ज एन्ड सिम्बोल्ज अफ मेसोपोटामिया')। मेसोपोटामियामा हडप्पाका मान्छेलाई 'मेलुह्हा' (म्लेच्छ ?) भन्दा रहेछन्। यसरी हडप्पाको लिपि पनि मेसोपोटामियाको लिपिको प्रभावमा विकसित भएको हो कि भन्ने अड्कल गर्न सकिने पनि ठाउँ छ।

# अंग्रेजी ज्ञानको नेपाली राजनीति

**मैले प्रचण्डलाई पाटन कलेजमा शेक्सपियरका कथाबाट अंग्रेजी पढाएको हुँ । तर, मैले पढाएको अंग्रेजीलाई नै माध्यम बनाएर प्रचण्डले ज्ञानको राजनीति गरे भन्नु मनासिब हुँदैन ।**



समय-रेखा
अभि सुवेदी

अंग्रेजी भाषाको ज्ञान राजनीतिसँग जोडिन्छ, शक्तिसँग जोडिन्छ, अभिजात वर्गसँग जोडिन्छ। नेपालमा पनि त्यही लागू हुन्छ भन्ने सिद्धान्त उच्चारण गरिनसक्दै विनिर्माण भइसक्छ। थाहा पाउँछु, त्यो विनिर्माण मबाटै सुरु हुन्छ। तल यसको प्रसङ्ग आउँछ।

फ्रान्सेली दार्शनिक ज्याक डेरिडाले भने, 'अमुक कुराहरूको भनिनसक्दै विनिर्माण भैसकेको हुन्छ।' नेपालमा अंग्रेजी भाषा शक्तिमा आसीन, धनवान् र अभिजात वर्गसँग जोडिन्छ भन्ने मान्यता निकै बलियो थियो र सायद अहिले पनि छ। ०२६ सालतिरको मेरो एउटा संस्मरण वाचाल छ। म कीर्तिपुरको केन्द्रीय अंग्रेजी विभागमा अंग्रेजीको विद्यार्थी थिएँ। विद्यार्थी युनियनले मलाई सांस्कृतिक सचिव बनाएको थियो। मैले त्यसैअन्तर्गत कीर्तिपुर क्याम्पस परिसरको अहिले पनि प्रयोगमा आइरहेको हलमा अनेकौं प्रवचन, साहित्य र संगीतका कार्यक्रम गरें। तिनैमध्ये काठमाडौं आएका अम्बर गुरुङको त्यही हलमा गरिएको संगीत कार्यक्रम महत्त्वपूर्ण थियो। दोस्रो कार्यक्रम प्रवचनको थियो। त्यसमा भर्खर अक्सफोर्ड विश्वविद्यालयबाट अर्थशास्त्रमा ग्र्याजुएट गरेर आएका लक्काजवान पशुपतिशमशेर राणा थिए। उनलाई साथी स्व. गिरिबहादुर केसीको सहयोगले ल्याएँ। डा. केआई सिंहलाई आफैं गएर ल्याएँ। यहाँ प्रसङ्ग अंग्रेजीको छ। पशुपतिशमशेर सहज रूपमा नेपाली बोल्दैनथे। आखिर विश्वविद्यालयको कार्यक्रम हो भनेर उनले अंग्रेजीमा बोले। ब्रिटिसले जस्तै बोले। त्यसपछि केआई सिंको पालो आयो। उनले सुरुमै स्वर तानेर बोले। मलाई प्रस्टै सम्झना छ। उनले भने, 'भाइबहिनी हो, अहिले सुनिहाल्नुभयो। पशुपतिशमशेर राणाले कति रामरी अंग्रेजी बोले। हाम्रा बाबुबाजेले पनि यो देशमा एक सय चार वर्ष एकछत्र शासन गरेका भए हामी पनि त्यसरी नै अंग्रेजी बोल्ने थियौं, हँ !!' केही हाँसो भयो।

अंग्रेजी भाषाबारे केआई सिंहको जस्तो नेपालमा एउटा आमधारणा थियो। त्यो धारणा निकैपछि र कति मात्रामा अहिले पनि छ होला। तर, अंग्रेजी शासन नभएको स्वतन्त्र देश नेपालमा अंग्रेजीको ज्ञान र शिक्षाको राजनीतिलाई अलिक फरक ढंगले हेर्नुपर्छ भन्ने प्रस्ट भइसकेको छ। अहिलेको अवस्था हेर्दा अंग्रेजी भाषाको शिक्षाले दिएको ज्ञानभन्दा स्वतन्त्र रूपले विकसित अंग्रेजी भाषाको प्रयोग व्यापक भएको छ। त्यसमा अंग्रेजी भाषाका मिडिया र अंग्रेजीमा ग्रन्थ लेख्नेका काम पर्छन्। मेरो धारणा छ, ती सबै प्रयोगमा केआई सिंहको जस्तो धारणाले काम गर्दैन। तर, अंग्रेजी शिक्षण गर्नेको अंग्रेजी भाषा ज्ञानको प्रयोग र राजनीतिमा ठूलो सम्बन्ध छ। मेरा आफ्ना केही अनुभव भन्नु उपयुक्त हुन्छ। ती अरू शिक्षकका पनि अनुभव हुन्छन्। मैले ५२ वर्षजति अंग्रेजी भाषा कलेज र उच्च तहमा पढाएँ। कलेजमा अंग्रेजी पढाउँदा शेक्सपियरदेखि अरू लेखकका साहित्यको आधार राखिन्थ्यो। विद्यार्थीहरूलाई त्यसरी नै अंग्रेजी पढाउँथ्यौं।

यी भर्खरै प्रधानमन्त्री भएका प्रचण्डलाई पाटन




कलेजमा शेक्सपियरका कथाबाट अंग्रेजी पढाएको हुँ। ती गुरिल्लाका नेता र कमिनिस्ट दर्शन बोकेका प्रचण्डले मैले पढाएको अंग्रेजीको माध्यम बनाएर ज्ञानको राजनीति गरे भन्ने कुरा सम्भव छैन। यो एउटा वाचाल उदाहरण हो। अरू धेरैलाई अंग्रेजी भाषा त्यसरी नै पढायौं। म अहिले पनि विद्यावारिधि वा एमफिल तहमा केही कक्षाहरू लिँदै छु। अंग्रेजी भाषाको केन्द्रीय विभागमा 'हेड' भएँ। नेपालमा अंग्रेजी भाषाको उच्च तहमा कस्तो पाठ्यक्रम पढाउने भन्ने कुराको नीति र संरचना बनाउने क्रममा संलग्न भएँ। विद्वान् साथीहरूसँग काम गरें। अंग्रेजी विषयको नीति र पठनपाठनको यति लामो समयसम्म काम गर्ने र गरिआएको मेरो अंग्रेजी भाषा र यसको ज्ञान प्रसंगसँग गहिरो सम्बन्ध छ। तर, मूल कुरा अर्को छ। मैले अंग्रेजी कुनै उच्च खर्चिला स्कुलहरूमा पढिनँ। उतै तेह्रथुमका स्कुलहरूमा पढें। स्कुल बिदामा आमाको आदेशले गोठालो हुँदा चरिरहेका भैंसीको ढाडमा बसेर अंग्रेजीका किताब पढ्थें। त्यसरी रूसी उपन्यासकार दोस्तोएभ्स्कीको 'ब्रदर्स कार्माजोभ' भन्ने उपन्यास निकै समय लाएर पढेको स्मृति बलियो छ। पछि अंग्रेजी मेरो सपनासँग जोडियो। त्यही भाषाको माध्यमबाट ज्ञानका ढोका खुले। शक्ति र राजनीतिका आयाम बुझ्ने ढोका खुले। अहिले पनि त्यो क्रम जारी छ। मैले मात्र होइन सँगै काम गरेका र मलाई अंग्रेजी उच्च तहमा पढाउँने गुरुहरू स्व. कमलप्रकाश मल्ल, मोहन लोहनी र स्व. नरसिंहनारायण सिंह अनि 'कलिग' हरू श्रीधर लोहनी, स्व. डीपी भण्डारी, स्व. रामेश्वर अधिकारीहरूको पनि अंग्रेजी भाषाको ज्ञान कुनै अभिजात वर्ग भएर र अंग्रेजी भाषाका स्कुलहरू पढेर भएको होइन। हामीले अंग्रेजीमा एमए पढाएका कोही विद्यार्थीहरू शिक्षण र परराष्ट्र सेवाबाट निवृत्त भएका छन् भने कोही अमेरिकी विश्वविद्यालयहरूमा पढाउँछन्, अंग्रेजीका विद्वान् लेखक भएका छन्। भाषा र ज्ञानको सम्बन्ध वाचाल विषय हो। भाषा जानेर वा त्यसको प्रयोग गरेर शक्ति जन्माउने, त्यसबाट राजनीति गर्ने एउटा सैद्धान्तिक विषय हो।

यसको मीमांसा धेरै भएका छन्। ज्ञानलाई लिएर राजनीति गर्ने विषयमाथि बलियो दर्शन बनाएका फ्रान्सेली मिसेल फुकोसँग पनि यो विषय जोडिन्छ। यस छोटो लेखमा त्यतातिर लाग्न सम्भव भएन। तर, अंग्रेजी भाषाको राजनीतिसँगको सम्बन्ध विषयमा अंग्रेजी उपन्यासकार जर्ज अर्वेलले सन् १९४६ मा लेखेको 'पोलिटिक्स एन्ड द इङ्लिस ल्याङ्ग्वेज' भन्ने निबन्ध युगान्तकारी भएको छ। उनले त्यसमा अंग्रेजी भाषालाई ज्ञानको दुरुपयोग गरेर कसरी प्रयोग गरिँदै आएको छ भन्ने मीमांसा गरेका छन्। 'डिक्टेटर' हरूले कसरी आफ्ना कठोर र प्रतिगामी कामको ढाकछोप गर्न अंग्रेजी भाषालाई बङ्ग्याएका छन् भन्ने उनको तर्क छ। भाषालाई प्रस्ट र सरल किसिमले प्रयोग गर्नुपर्छ, तर छलछाम गर्नेले त्यसरी प्रयोग गर्दैनन्। त्यसलाई भाषा ज्ञानको राजनीति भनिन्छ। यो कुरा जुनसुकै भाषामा पनि प्रयोग हुन्छ। जर्ज अर्वेलले अंग्रेजी मूल कुरा गर्नबाट वञ्चित हुँदै छ भनेको कारण त्यस्तै थियो। भाषामा ज्ञानको राजनीति भन्नेबित्तिकै त्यही कुरा आउँछ। भाषालाई केही भन्न नसक्ने बनाउनु, त्यसको माध्यमबाट अपव्याख्या गर्नु र तथाकथित ज्ञान छर्नु, अनि त्यसो गर्ने भाषाको मूल स्रोत नै आफ्ना कब्जामा लिनु भाषामा ज्ञानको राजनीति गर्नु हो।

नेपालमा अंग्रेजीलाई ज्ञानको स्रोत मान्नेहरूले त्यसको राजनीति खासै गरेनन्। नेपालका साहित्यकारले अंग्रेजीको प्रयोग गर्दा यसको व्यापकतालाई लिए। 'इन्द्रेनी' कविता पत्रिकाको सम्पादकीयमा अंग्रेजी प्रयोगको कारण दिँदै महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखे, 'अंग्रेजीको भारतमा, खासगरी डेकन र एसिया अनि विश्वका विभिन्न भागमा व्यापक प्रयोग भएको कारणले गर्दा यी अनुवादहरू अंग्रेजीमा गरिएका हुन्।' (२०१३, १९५६: १७४)। अंग्रेजी विभागहरू यो भाषाका केन्द्र मानिन्थे, तर त्यहाँ ज्ञानको राजनीति थिएन। कवि मोहन कोइराला दाइले एक दिन मलाई भने, 'भाइ, मलाई टीएस एलिअटजस्तो कवि भन्छन्। ती कवि र तिनका कविताबारे मलाई राम्ररी भन्नुहोस्।' साहित्यकारको यत्ति धारणा साधारण चाहना हो, अंग्रेजी भाषाको ज्ञानको राजनीति होइन। चन्द्रशमशेर अंग्रेजी जान्दथे, पढेका थिए कलकत्तामा। यो भाषालाई राजनीतिमा प्रयोग गर्न उनी सिपालु थिए भन्ने ब्रिटिस पत्रकार, इतिहासकारसँगका उनका सम्बन्धले बुझाउँछन्। इकाइ कावागुचीमाथि किताब लेखिरहेका बेला ती भिक्षुले चन्द्रलाई राजनीति र शासनबारे अंग्रेजीमा लेखेको चिठी कनक दीक्षित भाइको सौजन्यले मौकामा पाएको थिएँ।

हामीले नेपालमा अंग्रेजी साहित्य र भाषाको उच्च तहको पठनपाठनमा पूरै परिवर्तन गऱ्यौं। त्यो केन्द्रीय विभागलाई अंग्रेजीको अन्तर्विषयक 'इन्टरडिसिप्लिनरी' अध्ययनमा परिवर्तन गऱ्यौं। अंग्रेजी विभागका ज्ञानका 'थ्योरी' र 'कल्चरल स्टडिज' जनिन शोधहरू र अध्ययनहरू गरायौं। अहिले हुँदै छन्, तर हामी मूल रूपमा अंग्रेजी विभाग नै हौं। नेपालमा अंग्रेजी ज्ञानको राजनीति भारतमा जस्तो हुँदैन। यहाँ अंग्रेजीका अलग रूपहरू छन् र अहिले समाजमा अनेकौं प्रयोगहरू हुँदै छन्।

# मानव-हात्ती द्वन्द्व घटाउन बिमा

## दुवै प्राणीको सह-अस्तित्व कायम गर्ने गरी बराबरी भूमिका निर्बाह गर्नुपर्ने कर्तव्यबोध

**पर्वत पोर्तेल** (झापा)

मध्यवर्ती क्षेत्र, वन्यजन्तुका जैविक मार्गहरू र बाहुनडाँगीजस्ता प्रभावित क्षेत्रलाई 'विशेष क्षेत्र' घोषणा गरेर धनजन एवं बालीनालीको क्षतिपूर्तिका लागि सरकारले बिमा कार्यक्रम सञ्चालन गर्दा मानव-हात्ती द्वन्द्व न्यूनीकरण हुने सम्भावना औंल्याइएको छ। वर्षौंदेखि जंगली हात्ती प्रभावित झापाको पूर्वोत्तर बाहुनडाँगीमा हालै आयोजित एक छलफलमा विज्ञ तथा सरोकारवालाहरूले ती सुझाव दिएका हुन्। बर्दियाको 'उज्यालो नेपाल' नामको एक गैरसरकारी संस्थाका प्रमुख रमेश थापाले बर्दियाको अभ्यासबाट बाहुनडाँगीले धेरै सिक्न सक्ने जनाए। 'बर्दिया र बाहुनडाँगी समस्या लगभग उस्तै हो,' पूर्ववार्डेन थापाले अनुभव साटे, 'बाहुनडाँगीमा हात्तीले मात्रै दुःख दिइरहेको छ, बर्दियावासी सबै जनावरको आक्रमणबाट पीडित छन्।'

थापाका अनुसार बर्दियाको मध्यवर्ती क्षेत्रका करिब ५ हजार घरधुरीको बिमा भइसकेको छ। यो वर्ष थप २ हजार घरको बिमा गरिने छ। दुई हजार हाराहारीमा बाली बिमा पनि गरिनेछ। उनले यस्तै कार्यक्रम बाहुनडाँगीमा समेत गर्न सक्दा यो सीमावर्ती गाउँले वर्षौंदेखि भोग्दै आएको हात्तीको ताण्डवले हुने क्षतिबाट राहत महसुस गर्ने बताए। 'बिमा कार्यक्रम सञ्चालन गर्ने हो भने किसान हात्तीसँग जुध्न जाँदैनन्,' थापाले थपे, 'जसले मानव-हात्तीबीचको लडाइँ कम हुन्छ।' उनका अनुसार बिमा कार्यक्रमले मानव-हात्ती द्वन्द्व सहअस्तित्वमा रूपान्तरण हुनेछ। 'बिमाले भौतिक या मानवीय क्षति र सुरक्षाको प्रत्याभूति गर्नेछ,' उनले भने, 'हात्तीले पनि स्वतन्त्र रूपमा विचरण गर्न पाउनेछ।'



बाहुनडाँगीमा आएको जंगली हात्ती। तस्बिर : कान्तिपुर

मेचीनगर-४ का वडाध्यक्ष अर्जुनकुमार कार्कीले हात्तीमा आधारित पर्यटन विकासका लागि वडाले काम सुरु गर्न लागेको जनाए। 'हात्तीलाई बोझका रूपमा हैन कि मोजका रूपमा लिएर आम्दानी गर्ने योजनामा छौं', कार्कीले थपे, 'अब पर्यटकलाई हात्ती देखाउँछौं, यसले हात्तीको संरक्षणसँगै पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ।'

संविधानसभा सदस्य रविन कोइरालाले वर्षौंदेखि यो भेगका जनता हात्ती आतंकको ठूलो प्रभावमा परेको र प्रभाव न्यूनीकरण गर्न नसक्दा समस्या थप जटिल बन्दै गएको जनाए। 'मानव-हात्तीको सहअस्तित्व कायम गर्ने गरी काम अघि बढाउनुको विकल्प छैन,' उनले थपे, 'दुवै प्राणीको अस्तित्व बचाउन बराबरी भूमिका निर्बाह गर्नुपर्ने हाम्रो कर्तव्य हो।'

कोरी ब्राउन र लेस्लाई क्याटरउडलगायत तीन जना अमेरिकी चलचित्रकर्मीहरू बाहुनडाँगीको हात्ती समस्याबारे स्थानीयसँग छलफल पनि गरेका थिए। राष्ट्रिय प्रकृति संरक्षण कोषका कार्यक्रम प्रमुख डा. नरेश सुवेदीले मानव-हात्ती समस्याबारे नजिकबाट बुझ्न अमेरिकीहरू आएको जनाए। यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका सांसदहरू इन्दिरा रानामगर र निशा डाँगीले पनि प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गर्दै हात्ती आतंकको दिगो समाधानका लागि पहल गर्ने आश्वासन दिएका थिए। सांसद डाँगीले भनिन्, 'यो समस्या मैले पनि भोग्दै आएकी छु, संसद्मा कुरा उठाउँछु।'



ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकाबाट ल्याएको चिराइतो फुङलिङ-१० फुरुम्बु मित्लुङमा तौलिँदै व्यवसायी। चिराइतो अहिलेसम्मकै बढी एक लाख रुपैयाँ प्रतिक्विन्टलमा भारत निर्यात भइरहेको छ। तस्बिर : आनन्द गौतम/कान्तिपुर

# लागूऔषध नियन्त्रणका लागि अभियान

विराटनगर (कास)- प्रदेश १ का प्रहरी प्रमुख डीआईजी श्यामलाल ज्ञवालीले लागूऔषध नियन्त्रणका लागि अभियान सञ्चालन गरिने बताएका छन्। सञ्चारकर्मीसँगको भेटघाटमा बिहीबार उनले शान्ति सुरक्षाको अवस्था सुदृढ बनाउन अपराध नियन्त्रण, घटित अपराधको सफल अनुसन्धान, पेन्डिङ मुद्दाको फर्स्यौट र फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन जरुरी रहेको बताए।

उत्कृष्ट अनुसन्धान अधिकृतको पहिचान बनाएका ज्ञवालीले बुधबार प्रदेश १ प्रहरी कार्यालयको प्रमुखको पदभार सम्हालेका हुन्। उनको काठमाडौं भोटाहिटीस्थित साइबर ब्युरोबाट यहाँ पदस्थापन गरिएको हो। उनले विशेष गरेर अपराध अनुसन्धान, प्रहरी अपरेसन, कुशल नेतृत्व तथा प्रहरी व्यवस्थापनलगायतमा राम्रो ज्ञान राख्छन्।

ज्ञवालीले देशभरिकै विभिन्न प्रहरी कार्यालयको सफल नेतृत्व गरिसकेका छन्। उनले प्रदेश १ प्रहरी कार्यालयमा उपस्थित भएलगत्तै सहकर्मीहरूलाई समयअनुकूल आचरण एवं व्यवहार गर्दै अपराधरहित समाज निर्माणमा नागरिक समाजसँग सहकार्य गर्न निर्देशन दिएका छन्। नेपाल प्रहरी संगठनभित्र डीआईजी ज्ञवालीलाई पूर्वाञ्चल क्षेत्रका समेत जानकार अधिकृतको रूपमा लिइन्छ। 'करिअरको सुरुवातमा पनि यस क्षेत्रमा काम गरेको हुँ, आफ्नै घर फर्किएर आएजस्तो लाग्छ,' उनले भने, 'यस प्रदेशवासीको ममाथिको विश्वासलाई कायम राख्दै मन जित्ने गरी काम गर्नेछु।' सीमा वारपार अपराध र लागूऔषध कारोबार नियन्त्रणका विज्ञ पूर्वप्रहरी महानिरीक्षक ठाकुरप्रसाद ज्ञवालीका उनी भाइ हुन्। महानिरीक्षक हुनुअगाडि ठाकुरप्रसादले पनि प्रदेश १ प्रहरी प्रमुख भएर काम गरेका थिए।

## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** — ग्यास्ट्रिकको समस्या हुन सक्छ। खानपानमा सजग रहनुपर्ने बेला छ। चिसोबाट बच्न पहिरन र आहारविहारको राम्रो हेक्का राख्नुपर्नेछ।

**वृष** — कसैले राम्रै हिसाबले बोलेको कुरा पनि नराम्रो लाग्न सक्छ। आफ्नो कुरा मात्र नभई अरूको समस्या पनि बुझ्ने प्रयास गरेमा तपाईंको महत्त्व बढ्नेछ।

**मिथुन** — आफ्नो सामर्थ्यअनुसारको काम गर्नुपर्ने बेला छ। गरेको काम र अनुभवका आधारमा, कुनै कामका निमित्त तपाईंको कतै सिफारिस हुन सक्छ।

**कर्कट** — कुनै कुराले मनमा हर्ष बढाउनेछ। कुनै ऐच्छिक कामका लागि समय खर्चिने मौका मिल्न सक्छ। कुनै कामको जिम्मेवारी आइलाग्न सक्छ।

**सिंह** — यात्रा गर्दा सतर्क रहनुहोला। जता जाँदा पनि मोबाइल, नगद र कार्ड साथमा लिई जानुहोला। कसैले कुनै कुरामा हस्तक्षेप गर्न खोजेमा विचारको प्रयोग गर्नुहोला।

**कन्या** — कसैले कुनै कुराले भड्काउने, तपाईंको क्षमतालाई तौलिने प्रयास गर्न सक्छन्। आफ्नो योग्यताको कदर गर्दै गोप्यतामा अडिग रहँदै कार्य गर्नु राम्रो हुनेछ।

**तुला** — आर्थिक प्रयोजनले गरेको कार्य सफल हुनेछ। कुनै कारणले रोकिएको काम अघि बढ्नेछ। आफ्नो काम-कर्तव्यमा मन अग्रसर रहनेछ।

**वृश्चिक** — गरेको कामको उचित कदर हुनेछ। समाजमा तपाईंले गरेको कामको चर्चा हुन सक्छ। आर्थिक प्रयोजनको काम गर्दा भने राम्ररी विचार गर्नुपर्नेछ।

**धनु** — सबै कार्य सकिँदै जानेछन्। खानपान र आरामको ख्याल गर्दै काम गर्नुपर्नेछ। परिवारबाट तपाईंको आन्तरिक कुरा बुझ्दै काम गरिने प्रयास हुनेछ।

**मकर** — खर्च गर्नुअघि विचार पुऱ्याउनुपर्नेछ। के कुरा कतिको जरूरी छ, त्यो मनन गर्नुपर्नेछ। कसैले उक्साउने प्रयास गरे पनि विवेकको प्रयोग गरी तटस्थ रहनु राम्रो हुनेछ।

**कुम्भ** — आफ्नो अनुकूलता हेरी इच्छानुसारको काम गर्ने मौका जुट्नेछ। कसरी आफ्नो मन खुसी हुन्छ, त्यसैअनुसार काम गर्ने प्रयास हुनेछ।

**मीन** — सोचेअनुसारको सफलता मिल्नेछ। प्रतिस्पर्धात्मक कार्यमा छनोट हुने प्रबल सम्भावना छ। आफ्नो आत्मविश्वास र सामर्थ्यमा अडिग रहँदै काम गर्नुपर्ने बेला छ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुर हात्तीवन नगरबिकासको प्लानिङमा ४.५ आनाको बंगलोहरू 9851027364, 9851315556

सांखु पालुवारीमा सस्तो प्लानिंगकोलागि उपयुक्त १३ रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२४७५१९३३

नगरकोटमा सांढे ३ रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२४७५१९३३

काठमाडौं गोलढुंगा घर तुरुन्तै ९८४१६२४३०९

ललितपुर सातदोबाटो हाईटमा 0-5-2-0, 9851027364

सेस्टो घर तीस लाख भक्तपुर ९८५१०९४८४३

काभ्रे धुलिखेल चौरी १५ रोपनी प्रतिरोपनी ११ लाख सम्पर्कः 9851088899

चितवन चित्रसारी सौराहा-जाने ठूलोपिचरोडमा ०-२-१० जग्गा-बिक्रीमा 9803401496

पुतलीसडक मेनबाटो जोडीएको पाँचतल्ले एकआना घर बिक्रीमा २५०,००,०००/- 9851004061

पुतलीसडकमा ०-४-०-०, रातोपुल मेनरोडमा ०-६-२-०, शान्तिनगरमा ०-३-०-०, 9843670264

व्यक्तिगतकर्जा चाहियो मासिकब्याज घडेरी धितोदिने 9802315101

भैसेपाटी कार्यबिनायकमा जग्गा ०-७-७-३ ९८०११२२४०४

लुभुबजार नजिक ०-५-१-० सस्तोमा ९८४१६३४६११

**पाँचखाल खेत सरल मोल ९८५१०५७८५६**

न्यूप्लाजा, पुतलीसडकमा ०-५-०-२ मा ४ तल्लाको घर राम्रोसँग भाडामा लागेको बिक्रीमा छ केही दिनकोलागि मात्र जग्गाको मूल्य भन्दा कम रकममा ६,५०,००,०००/- सम्पर्कः ९८०११७२०२०

ललितपुरको जनसुकै एरियामा घरजग्गा खरिदबिक्रि.गर्नुपरेमा, ९८४९१८८७८२

काठमाडौं नयाँबसपार्क नजिकै ०-३-३-० मा बनेको ४ तल्लेघर सस्तोमा तुरुन्त बिक्रीमा ९८५११८२४६२

ललितपुर लुभु बसपार्कबाट ४०० मिटर पूर्व ०-५-०-० घडेरी बिक्रीमा 9810129106

बागडोल ललितपुर स्थित १ रोपनी जग्गा र ३ तल्ले भवन विक्रीमा 9841780149, 9851062798

०-४-१-० जग्गा विक्रीमा मुलपानि चौर नजिकै नागबेलि टोलभित्र: 9841447318

चाँगुनारायण-९ नगरकोटमा प्लटिङ्ग गर्नमिल्ने ७५ आना प्रतिआना ७,५०,०००/- ९८२३०९०१५५

धुलिखेल-१ देवीटारमा पाँचरोपनी देखीमाथि दिनमिल्ने ९०-०-०-० बिक्रीमा प्रतिरोपनी २२,००,०००/- ९८२३०९०१५५

दहचोकमा प्रतिआना १०-लाखकोदरले १७-आनाजग्गा, ०-२-२-०जग्गा २५-लाखको घडेरी र मच्छेगाउंमा प्रतीआना १८.५-लाखको ०-३-१-१को घडेरी विक्रीमा, 9851183369, 9808246024

विपिराजमार्ग थुम्काहाइवे बाउन्नरोपनी प्रतिरोपनी ६लाख घरजग्गा सट्टापट्टा ९८६१११००८८

बत्तीसपुतली पेट्रोल पम्पबाट भित्र आधुनिक घर समेतको ०-६-१-३ जग्गा बिक्रिमा सम्पर्क ९८१८२९२४४८

ग्राण्डीपछाडी नयाँ चारसटरभएको नयाँघर बिक्रीमा ९८५१०४८३२२, ९८४९४७८५८८

ओमकारेश्वर शान्तिनगरमा ०-६-२-२ बिक्रिमा ९८५१०१९५८६

साँखु जर्सिङ्गपौवामा पिचबाटो बिच तेह्रफुटे बाटोमा ३.५ रोपनी आनाको ३,७५,०००, साँखु पालुवारीमा १ रोपनी तुरुन्त लिनेलाई १,५०,००,००० ९८४१०७२७४७

भिमसेनगोला मेनरोडमा २.५ आना जग्गा तु. बिक्रिमा, 9841622391, 9849510838

बत्तिसपुतली अरनीको मार्ग भित्र ०-५-१-१, ०-४-१-१ र ०-४-१-१ गुठीको जग्गा आनाको ५०,०००,००/- ९८६३७८६८६०

काठमाडौं बोहोराटार बालाजुमा पूर्वमोहडाभएको १४फिटेबाटोमा ०-१४-३-३जग्गा बिक्रिमा प्रतिआना ३८लाख सम्पर्कः ९८१३४५५७६९

दधिकोटमा चारआना सस्तोमा बिक्रीमा 9851332575

बढानिलकण्ठमा सस्तो १३आना जग्गा बिक्रिमा ९८५१३१५४५६

घरजग्गा किन्नु बेच्नु परेमा ९८५१३४०८७८

## सम्पर्क

बैंकमा Cashdeposit धितोफुकुवा लोनतिर्न ९८५१०४५२१८

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

चलिरहेको ईन्टरनेट कम्पनी बिक्रिमा भए सम्पर्क गर्नहोला। सम्पर्क नं.: 9849698065, 9863476915

धितोफुकुवा, धितोमालोन विद्यार्थीकोलागि Cashdeposit 9808020656

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

सस्तोमा Cashdeposit धितोफुकुवा सेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit डकुमेन्टेसन 9851067787

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

काठमाडौंको एडभेन्चर जिपलाइन, बन्जी DPR सहितको रिसोर्टलाई पार्टनर, ९८१८७२०३०९

विदेश जानेहरूकालागि अंग्रेजी भाषा विशेष-कक्षा 9851209005

## विविध विक्रीमा

ब्वाइज होस्टलविक्रीमा, बसुन्धारा, मुल्य-१५,५०,०००। 9819088702, 98841252414

सिनामंगलमा चलिरहेको थकाली भान्छाघर बिक्रीमा 9823618724

न्युरोडमा चलिरहेको क्याफे बिक्रीमा, ९८५१३२७९९९

चलिरहेको रेष्टुरेण्टलाई ५०% लगानी गर्नसक्ने पार्टनरचाहियो ९८४९५१९४५४

जाल्पाचोकमा चलिरहेको फेन्सीपसल बिक्रीमा ९८५११८१८६०

डिल्लीबजारको जुत्तापसल बिक्रिमा ९८५१०११७२६, ९८४९८००१४२

गौशालामा चलिरहेको गेष्टहाउस बिक्रिमा ९८४१०५२४१७

कपन बालुवाखानीमा ८०-लाख लगानीगरी संचालनमा रहेको रेस्टुरेण्ट-विक्रीमा, मुल्य ७०-लाख सम्पर्कः ९७४५६७७३६५ ९८४१०१६३८७

## निर्माण सफाई

ढलमंगाल ट्वाइलेट जामखोल्ने सस्तोमा 9840540700

ढलमंगाल ट्वाइलेट जामखोल्ने 9851168926 9844531660

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

जेटमेसिनबाट सेफ्टीट्यांकी ढलमंगाल जामखोल्ने 9851056662

ढलट्वाइलेट सेफ्टीट्याङ्की सफाई 9851088270, 9861728599

सस्तोमा ढलट्वाइलेट सेफ्टीट्याङ्की सफाई ९८५१०९६२३३

ढलट्वाइलेट मंगाल जामखोल्ने सेफ्टीट्याङ्कीसफाई 9851039094

सेफ्टीट्याङ्की सफाई ठूलोगाडीमा मेशिनबाट 015251092, 9851024364

सेफ्टीट्याङ्की सफाई गाडीमा १५०० 9843768737

ढलट्वाईलेट सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9841634234, 9841176292

ढलमंगल, सेफ्टीट्याङ्की जामखोल्ने सस्तोमा 9849519040

ढलमंगाल जामखोल्ने सस्तोमा 9851183072, 9849759072

सेफ्टीट्याङ्की सफाई 9841212244, 9841488132, 015182401

ढलट्वाइलेट मंगालजामखोल्ने, मर्मतनिर्माण, 9851018828, 9841464543

## भाडामा

ललितपुरमा घरफ्ल्याट भाडामा लिनदिन, 9851071590

बखुण्डोलमा अफिसको लागि घर 9841821154

घरजग्गा खरिदबिक्री/भाडामा लिनुदिनुपरेमा ९८५१३३४७९४

अफिसकोलागी फ्ल्याट भाटभटेनी नक्साल 9841312565

त्रिपुरेश्वरमा रंगशाला नजिक अफिस कोठाहरू भाडामा ९८४१५५९७०४

कोटेश्वरमा पार्किङ्ग सुविधा भएको सानो परिवारलाई उपयुक्त फ्ल्याट भाडामा ९८६१०२९८४१

त्रिपुरेश्वर टेकु मिलनमार्गमा एक फ्ल्याट दोश्रो तल्लामा ४ कोठाको गोदाम/ आवासको लागि भाडामा, सम्पर्कः ९८४१२७८६२८

सुन्धारामा अफिसको लागि भाडामा ९८४९९८१७५५

हात्तिसारमा अफिसकोलागि(रेष्टुरेन्टबाहेक) 3200sq.ft मिटिङ्ग-हल, पार्किङ्गसहितको घर भाडामा 9860041227 (10am-5pm) नोदलाल

बालाजु चक्रपथ चोकैमा सटर पसल गोदाम कारखाना ९८४२४५८४२३

## चाहियो

भू.पु. सिभिल गार्डहरू चाहियो 9843748393, 9823477027

घरायसी कामगर्ने महिलाहरू चाहियो रु.१५०००।-, 9818852178

बसुन्धाराचोकमा कर्मचारी 10,500-25,500/- 9846653630, 9808852276

घरको कामगर्ने महिला-१, खानेबस्नेसुविधा 9808644674

**भक्तपुरमा केटा हेल्पर चाहियो, 9851166765**

काठको बट्टाबनाउने केटामान्छे, तलब-१५,०००।- च:मती 9861589564

Lower Secondary Teacher, Imadole 9825689839, 9818892867

Female Primary English Teacher, Bishalnagar, 9841270609

बानेश्वर स्कुलमा कुक र हेल्पर चाहियो, 9851337258

घरेलु कामगर्ने महिला चाहियो 9749878262

झम्सीखेलमा तन्दुरी कुक मसाल्चि खानबस्न सुविधा, 9813475284

स्पेशल थकाली कुकु चाहियो महिलालाई प्राथमिकता 9841533110

बानेश्वर खाजा घरमा स्मार्ट वेटर महिला चाहियो, 9808217825

स्टिक फुड कुक चाहियो, भक्तपुर, 9851143789

वेटर, अलराउण्ड कुक चाहियो बालुवाटार 9808607313

तन्दुरी कुक तुरुन्त चाहियो ९८४१०५२४१७

भ्याली बाहिरकोलागि कुक-२५,०००।- हेल्पर-१२,०००।- ९७४४३७७९८३

म:म कुक-१, डोसा कुक-१, हेल्पर-१ ९८४९१६२०४१

चावहिल नाइट डिस्कोको लागि कुक, हेल्पर, क्यासियर, महिला वेटर, बाउन्सर ९८५१०५९२६९, ९८५१००९८४३

कोटेश्वरमा ड्राईभर बाख्रा/बंगुरफार्मको लागी कर्मचारी 9851107194

सामाखुशीमा मसाजमा महिला कर्मचारी ९८१८७६७४०४

हुम्ला सिमिकोट होटलकोलागि १बेकरी कुक चाहियो तलब २०देखि ३५हजारसम्म 9851011105

## मर्मत

ढलमंगाल ट्वाईलेट जामखोल्ने सेफ्टीट्याङ्कीसफाई 9843999386

ढलट्वाईलेट मंगाल जामखोल्ने 9841881901, 9841256050

मेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

ढलट्वाइलेट मंगाल जामखोल्ने सस्तोमा 9841050858

ढलट्वाईलेट मंगाल जामखोल्ने सेफ्टीट्याङ्कीसफाई 9851024861

ढलमंगाल ट्वाइलेट जामखोल्ने कुमार 9860053516

## भर्ना

प्राईभेट SEE,+2 Bachelor ग्यारेन्टी पास, 9860579477

## तालिम

हाउसवाईरीङ मोटरवाइन्डिङ्ग प्लम्बिङ्ग मोबाईलफ्री 9851177341

उदघोषण भाषणकला सिक्न चाहनुहुन्छ 9841514776

नि:शुल्कमा मोबाइल टेलिभिजन हाउसवायरिङ ९८४५३९८१३६

## उपचार

यौनशक्ति Extratime साईजबढाउने HerbalSuppliment ९८५११४७८१० Freedelivery

## बिहावारी

शाक्यहरू बज्राचार्यहरूमा २५देखी ३८वर्ष BBS/MBA, teacher/Doctor, Engineer विभिन्न पेशाको वरवधुमा वुवामुमाले सम्पर्क, 9865552528

काठमाण्डौ निवासी ३६बर्षिय क्षेत्रीवरलाई स्वजातिय वधुचाहियो सिधासम्पर्क ९८०८९४८३६५

४० वर्ष बाहुन महिलालाई वर चाहियो ९८२०७३७४१३

उमेर अनुसार वरवधु चाहिएमा ९८५११०५२६८

२०देखि ६०उमेरका जुनसुकै जात-जातिका वरवुध चाहियो ९७४५९७८८४२

## कुनै पनि कम्पनीका नयाँ तथा पुरानो गाडीहरू खरिद बिक्री तथा सट्टापट्टाका लागि हामीलाई सम्झनुहोस्

| | | |
|---|---|---|
| Tej & Karan Enterprises, | Teku, | 01-5326158 |
| R.K. Auto Centre | Kalimati | 9802008794 |
| Real Car Centre P. Ltd. | Lalitpur | 015190540 |
| Banglamukhi Auto Mobiles | Bafal | 9841698529 |
| Gadhimai Automobiles P. Ltd. | Lalitpur | 9851041563 |
| यलम्बर रिकन्डिशन हाउस | गुह्येश्वरी | ९८४११६९७१३ |
| Namaste Automobile | Lalitpur | 5909234 |
| International Auto Way | Balaju | 4952497 |
| Patan Car Bazar | Lalitpur | 9851070877 |
| Auto Bazaar Trade | Nayabazar | 9817109205 |
| Shubhayatra Auto P. Ltd. | Kusunti | 9860878905 |
| Hamro Automobiles P. Ltd. | | 9851137242, 9851137240 |
| Nep Garage & Recondition House | | 9851103342 |
| Moto Mart Nepal | Gairidhara | 9808729068 |

For Advertisement Contact 9841503274

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरु

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४९९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८९९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ल्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

वर्गीकृत विज्ञापन साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- वर्गीकृत डिस्प्ले श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

म.अ.क. बाह्रेक

# 'बादल लागेजस्तो थियो, छ्याङ्ङ भयो'

## ७०-८० वर्षका प्रायः वृद्धवृद्धामा मोतीबिन्दु र जलबिन्दु, महिलामा धेरै आँसु बग्ने समस्या

▌**दीपक परियार** (पोखरा)

अप्ठेरो बाटो लठ्ठीको सहारामा माछापुच्छ्रे गाउँपालिका-१ ढाँडखोलाका ६९ वर्षीय नरबहादुर मगर बुधबार घाचोक आइपुगे। आँखा शिविर भइरहेको माछापुच्छ्रे स्वास्थ्य चौकी आइपुग्न उनलाई एक घण्टा लाग्यो। विशेषज्ञ चिकित्सकले उनलाई मोतीबिन्दु भएकोले शल्यक्रिया गर्नुपर्ने सुझाए। बिहीबार शल्यक्रिया भयो। शुक्रबार बिहान आँखाको पट्टी खोलेपछि उनले भने, 'बादल लागेजस्तो थियो, अहिले छ्याङ्ङ भयो।'

नरबहादुर गाउँमा ९९ वर्षीय आमा र श्रीमतीसँग बस्छन्। पोखरातिर काम गर्ने दुई छोरा सहरमै व्यस्त छन्। वस्तुभाउ पालेका उनले भीरपाखामा पुगेर घाँस काट्नुपर्छ। केही वर्षयता उनका दुवै आँखाले धमिलो देख्न थालेपछि उकालोओरालो गर्न अप्ठेरो भएको थियो। तर उनीसँग आँखा जचाउन जाने न खर्च थियो, न वस्तुभाउ छोडेर जाने फुर्सद नै। नजिकैको गाउँमा निःशुल्क आँखा शिविर आउन लागेको थाहा पाएपछि उनले श्रीमतीलाई घर सम्हाल्न लगाएर घाचोक आइपुगेका थिए। मोतीबिन्दुको शल्यक्रियापछि अब काम गर्न सजिलो हुने उनले ठानेका छन्। 'आँखा कम देख्दा कता भीरबाट खसिन्छु कि भन्ने पीर हुन्थ्यो। धन्न ! अहिलेसम्म खसिएन,' उनले भने, 'अब बाटो हिँड्न सजिलो होला। पाए किताब पनि पढ्छु।'

घाचोक टुसेका ५७ वर्षीय पसबहादुर गुरुङले धमिलो देख्न थालेपछि दाहिने आँखाको शल्यक्रिया ६ वर्षअघि पोखरा आएर गरे। केही वर्षपछि देब्रे आँखाले देख्नै छाड्यो। घर नजिकै आँखा शिविर आएको मौका छोपेर उनले देब्रे आँखाको पनि मोतीबिन्दुको शल्यक्रिया गरे। 'पहिला मोबाइलको नम्बर देख्नै सक्ने थिइनँ,' शल्यक्रियापछि उनले भने, 'अहिले सबै प्रस्ट देख्छु। अब खेती किसानी गर्न पनि सजिलो हुने भयो।'


कास्कीको माछापुच्छ्रे गाउँपालिकाको घाचोकमा मोतीबिन्दुको शल्यक्रियापछि वृद्धवृद्धा। *तस्बिर : दीपक/कान्तिपुर*

माछापुच्छ्रे-३ लस्तीखोलाकी ५४ वर्षीया यामसरा राना मगरको आँखा पोल्ने, चिलाउने गर्थ्यो। हुँदाहुँदै धमिलो देख्न थालिन्। सियोमा धाँगो उन्न सकिनन्। घरमा खानेकुरा खोज्न पनि गाह्रो हुन थाल्यो। आर्थिक अवस्था कमजोर थियो। गाउँमा पहिलोपल्ट आँखा शिविर आएको उनले थाहा पाइन्। यसपल्ट फुर्सद निकालेरै आँखा जचाइन्। मोतीबिन्दुको शल्यक्रिया गरिन्। भनिन्, 'आँखाले छर्लंग देखियो। अब सबै काम गर्न सक्छु।'

घाचोकमा आँखा शिविरको मेसो भूतपूर्व बेलायती सैनिक दुर्गा गुरुङले मिलाएका हुन्। पोखरा-१६ अर्मलाका गुरुङको स्थायी बसोबास लामाचौरमा छ। धेरैजसो समय उनी बेलायतमै हुन्छन्। घाचोक उनको मावली गाउँ हो। गाउँमा आँखा कम देख्ने वृद्धवृद्धाको संख्या धेरै रहेको, आर्थिक अवस्था कमजोर हुँदा उपचारमा जान नसकेको चाल पाए। उनले पोखरा घर भई हाल ललितपुरको कुपण्डोलमा नेत्रधाम आँखा उपचार केन्द्र सञ्चालन गर्ने डा.सन्यम बजिमयसँग सल्लाह गरे। बजिमयले आफ्नो संस्था नेत्रधाम फाउन्डेसनले निःशुल्क आँखा शिविरमा प्राविधिक सहयोग गर्ने वचन दिए। फाउन्डेसनका अध्यक्षसमेत रहेका उनी ६ जनाको टोलीसहित घाचोक पुगे। शिविरलाई हिमालय बैंक लिमिटेडले सहयोग गर्‍यो। माछापुच्छ्रे स्वास्थ्य चौकीका स्वास्थ्यकर्मी पनि खटिए।

शिविरमा बुधबार ३ सय ९० ले आँखा जाँच गराए। स्थानीय २६ जनाले मोतीबिन्दु र जलबिन्दुको शल्यक्रिया गरे। 'प्राय ७०-८० वर्षका वृद्धवृद्धामा एउटा वा दुवै आँखामा मोतीबिन्दु र जलबिन्दु देखियो,' डा.बजिमयले भने, 'महिलामा धेरै आँसु बग्ने समस्या रहेछ।' गुमिसकेको आँखाको ज्योति सामान्यमा आउँदा स्थानीयमा देखिएको खुसीले सन्तुष्टि मिलेको दुर्गा गुरुङले बताए। 'कतिपयलाई कहाँ जाने, कसरी उपचार गर्ने भन्ने पनि अन्योल रहेछ,' उनले भने, 'शिविरमा सोचेभन्दा बढी सहभागिता भयो। यसले जनचेतना फैलाउन पनि सहयोग पुगेको छ।'

# स्थायी ल्यान्डफिल्ड साइट बनेन

बागलुङ (कास)- डेढ दशकसम्म कालीगण्डकी नदीमा फोहोर फालेको बागलुङ नगरपालिकाले अदालतको आदेशपछि ठाउँ फेरेर यहाँको काठेखोला किनारमा फाल्न थालिएको छ। अस्थायी रूपमा फोहोर फाल्न थालेको दशक बित्दा पनि नगरले अझै व्यवस्थित ल्यान्डफिल्ड साइट भने बनाउन सकेको छैन।

पछिल्लो दशकदेखि नगरपालिकाले फेरि कालीगण्डकी करिडोर रहेको वडा १ को खुर्तुकेमा फाल्न थालेको थियो। यो स्थान फोहोर भरिएर दुर्गन्धित भइसकेको छ। तर व्यवस्थित ल्यान्डफिल्ड साइट बनाउने योजना अगाडि बढ्न नसकेको हो। कहिले बजेट अभाव, कहिले स्थानीयको सहमति नभएको बहाना तथा कहिले डीपीआर बनाउने भन्दै काम अगाडि नबढेको हो। फोहोरको दिगो व्यवस्थापनका लागि व्यवस्थित ल्यान्डफिल्ड साइट बनाउने योजना बनाएर पनि कार्यान्वयन नगर्दा सडकमा यात्रा गर्नेले दुर्गन्ध व्यहोरेको गुनासो गरे। हाल फोहोर फालिएको स्थानबाट कालीगण्डकी करिडोर र मालढुंगा कुस्मिसेरा सडकमा नियमित सवारी गुड्छन्। तर हरेक यात्रीले दुर्गन्धको सास्ती खेपेको गुनासो गर्न थालेका छन्।

अहिले पनि बजेट अभावमा त्यो काम अलपत्र भएको नगरपालिकाको भनाइ छ। वरिपरि पर्खाल लगाएर फालिएको फोहोरले भरिएपछि स्थायी ल्यान्डफिल्ड साइटको माग बढेको छ। नगरपालिकाले वार्षिक ५० लाख रुपैयाँमा उक्त फोहोरबाट नकुहिने वस्तुको निकासी ठेक्का लगाउने गरेको छ। स्थायी ल्यान्डफिल निर्माण नहुन्जेलका लागि भन्दै फालिए पनि अर्को व्यवस्था अझै अन्योल भएको हो। दस वर्षअघि नै २ करोड लागतमा बनाउने भनिएको स्थायी ल्यान्डफिल्डको डिजाइन भई सहयोगका लागि स्थानीय विकास मन्त्रालयमा माग भएको थियो।

तत्कालीन फोहोर व्यवस्थापन तथा प्राविधिक सहयोग केन्द्रले रकम उपलब्ध गराउने भनिए पनि स्वीकृत नभएपछि थप काम अगाडि नबढेको हो। स्थानीय सरकार आए पनि योजना अगाडि बढाउन चासो नदिएको स्थानीयको गुनासो छ। 'व्यवस्थित फोहोर व्यवस्थापन र ढल निकासको योजना बनाएका छौं, तर डीपीआरमा फरक परेकाले संशोधनमा गएको छ,' नगरप्रमुख वसन्तकुमार श्रेष्ठले भने, 'सफा नगर बनाउने काममा अगाडि बढेका छौं।' हरेक वर्षको नीति तथा कार्यक्रममा पनि फोहोरको दिगो व्यवस्थापनको कार्यक्रम राखिने गरिएको छ। डिजाइनअनुसारको साइट निर्माण भएमा ११ रोपनीमा फोहोर व्यवस्थापन हुनेछ। २०६६ मा खरिद गरेको जग्गालाई अझै व्यवस्थापन गर्न नसकेको स्थानीयले आरोपसमेत लगाए। फोहोर फालेपछि डढाउने गरिएकाले पटकपटक बागलुङ कालिका भगवती मन्दिर आसपासको जंगलमा आगलागीसमेत भइरहन्छ।

## आजको राशिफल


प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष**: ग्यास्ट्रिकको समस्या हुन सक्छ। खानपानमा सजग रहनुपर्ने बेला छ। चिसोबाट बच्न पहिरन र आहारविहारको राम्रो हेक्का राख्नुपर्नेछ।

**वृष**: कसैले राम्रै हिसाबले बोलेको कुरा पनि नराम्रो लाग्न सक्छ। आफ्नो कुरा मात्र नभई अरूको समस्या पनि बुझ्ने प्रयास गरेमा तपाईंको महत्त्व बढ्नेछ।

**मिथुन**: आफ्नो सामर्थ्यअनुसारको काम गर्नुपर्ने बेला छ। गरेको काम र अनुभवका आधारमा, कुनै कामका निमित्त तपाईंको कतै सिफारिस हुन सक्छ।

**कर्कट**: कुनै कुराले मनमा हर्ष बढाउनेछ। कुनै ऐच्छिक कामका लागि समय खर्चिने मौका मिल्न सक्छ। कुनै कामको जिम्मेवारी आइलाग्न सक्छ।

**सिंह**: यात्रा गर्दा सतर्क रहनुहोला। जता जाँदा पनि मोबाइल, नगद र कार्ड साथमा लिई जानुहोला। कसैले कुनै कुरामा हस्तक्षेप गर्न खोजेमा विचारको प्रयोग गर्नुहोला।

**कन्या**: कसैले कुनै कुराले भड्काउने, तपाईंको क्षमतालाई तौलिने प्रयास गर्न सक्छन्। आफ्नो योग्यताको कदर गर्दै गोप्यतामा अडिग रहँदै कार्य गर्नु राम्रो हुनेछ।

**तुला**: आर्थिक प्रयोजनले गरेको कार्य सफल हुनेछ। कुनै कारणले रोकिएको काम अघि बढ्नेछ। आफ्नो काम-कर्तव्यमा मन अग्रसर रहनेछ।

**वृश्चिक**: गरेको कामको उचित कदर हुनेछ। समाजमा तपाईंले गरेको कामको चर्चा हुन सक्छ। आर्थिक प्रयोजनको काम गर्दा भने राम्ररी विचार गर्नुपर्नेछ।

**धनु**: सबै कार्य सकिँदै जानेछन्। खानपान र आरामको ख्याल गर्दै काम गर्नुपर्नेछ। परिवारबाट तपाईंको आन्तरिक कुरा बुझ्दै काम गरिने प्रयास हुनेछ।

**मकर**: खर्च गर्नुअघि विचार पुर्‍याउनुपर्नेछ। के कुरा कतिको जरूरी छ, त्यो मनन गर्नुपर्नेछ। कसैले उक्साउने प्रयास गरे पनि विवेकको प्रयोग गरी तटस्थ रहनु राम्रो हुनेछ।

**कुम्भ**: आफ्नो अनुकूलता हेरी इच्छानुसारको काम गर्ने मौका जुट्नेछ। कसरी आफ्नो मन खुसी हुन्छ, त्यसैअनुसार काम गर्ने प्रयास हुनेछ।

**मीन**: सोचेअनुसारको सफलता मिल्नेछ। प्रतिस्पर्धात्मक कार्यमा छनोट हुने प्रबल सम्भावना छ। आफ्नो आत्मविश्वास र सामर्थ्यमा अडिग रहँदै काम गर्नुपर्ने बेला छ।


# वर्गीकृत विज्ञापन

## घर जग्गा

ललितपुर हात्तीवन नगरबिकासको प्लानिङमा ४.५ आनाको बंगलोहरू 9851027364, 9851315556

सांखु पालुवारीमा सस्तो प्लानिंगकोलागि उपयुक्त १३ रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२४७५१९३३

नगरकोटमा सांढे ३ रोपनी जग्गाबिक्रीमा ९८५१११२८७८, ९८२४७५१९३३

काठमाडौं गोलढुंगा घर तुरुन्तै ९८४१६२४३०९

ललितपुर सातदोबाटो हाईटमा 0-5-2-0, 9851027364

सेस्टो घर तीस लाख भक्तपुर ९८५१०९४८४३

काभ्रे धुलिखेल चौरी १५ रोपनी प्रतिरोपनी ११ लाख सम्पर्क: 9851088899

चितवन चित्रसारी सौराहा-जाने ठुलोपिचरोडमा ०-२-१० जग्गा-बिक्रीमा 9803401496

पुतलीसडक मेनबाटो जोडीएको पाँचतल्ले एकआना घर बिक्रीमा २५०,००,०००/- 9851004061

पुतलीसडकमा ०-४-०-०, रातोपुल मेनरोडमा ०-६-२-०, शान्तिनगरमा ०-३-०-०, 9843670264

ब्यक्तिगतकर्जा चाहियो मासिकब्याज घडेरी धितोदिने 9802315101

भैसेपाटी कार्यबिनायकमा जग्गा ०-७-७-३ ९८०११२२४०४

लुभुबजार नजिक ०-५-१-० सस्तोमा ९८४१६३४६११

**पाँचखाल खेत सरल मोल ९८५१०५७८५६**

न्यूप्लाजा, पुतलीसडकमा ०-५-०-२ मा ४ तल्लाको घर राम्रोसँग भाडामा लागेको बिक्रीमा छ केही दिनकोला(गि मात्र जग्गाको मूल्य भन्दा कम रकममा ६,५०,००,०००/- सम्पर्क: ९८०११७२०२०

ललितपुरको जुनसुकै एरियामा घरजग्गा खरिदबिक्रि.गर्नुपरेमा, ९८४९१८८७८२

काठमाडौं नयाँबसपार्क नजिकै ०-३-३-० मा बनेको ४ तल्लेघर सस्तोमा तुरुन्त बिक्रीमा ९८५११८२४६२

ललितपुर लुभु बसपार्कबाट ४०० मिटर पुर्व ०-५-०-० घडेरी बिक्रीमा 9810129106

बागडोल ललितपुर स्थित १ रोपनी जग्गा र ३ तल्ले भवन बिक्रीमा 9841780149, 9851062798

०-४-१-० जग्गा बिक्रीमा मुलपानि चौर नजिकै नागबेलि टोलभित्र: 9841447318

चाँगुनारायण-९ नगरकोटमा प्लटिङ्ग गर्नमिल्ने ७५ आना प्रतिआना ७,५०,०००/- ९८२३०९०१५५

धुलिखेल-१ देवीटारमा पाँचरोपनी देखीमाथि दिनमिल्ने ९०-०-०-० बिक्रीमा प्रतिरोपनी २२,००,०००/- ९८२३०९०१५५

दहचोकमा प्रतिआना १०-लाखकोदरले १७-आनाजग्गा, ०-२-२-०जग्गा २५-लाखको घडेरी र मच्छेगाउंमा प्रतीआना १८.५-लाखको ०-३-१-१को घडेरी बिक्रीमा, 9851183369, 9808246024

विपिराजमार्ग थुम्काहाइवे बाउन्नरोपनी प्रतिरोपनी ६लाख घरजग्गा सट्टापट्टा ९८६१११००८८

बत्तीसपुतली पेट्रोल पम्पबाट भित्र आधुनिक घर समेतको ०-६-१-३ जग्गा बिक्रिमा सम्पर्क ९८१८२९२४४८

ग्राण्डीपछाडी नयाँ चारसटरभएको नयाँघर बिक्रीमा ९८५१०४८३२२, ९८४९४७८५८८

ओमकारेश्वर शान्तिनगरमा ०-६-२-२ बिक्रिमा ९८५१०१९५८६

साँखु जर्सिङ्गपौवामा पिचबाटो बिच तेह्रफुटे बाटोमा ३.५ रोपनी आनाको ३,७५,०००, साँखु पालुवारीमा १ रोपनी तुरुन्त लिनेलाई १,५०,००,००० ९८४१०७२७४७

भिमसेनगोला मेनरोडमा २.५ आना जग्गा तु. बिक्रिमा, 9841622391, 9849510838

बत्तिसपुतली अरनीको मार्ग भित्र ०-५-१-१, ०-४-१-१ र ०-४-१-१ गुठीको जग्गा आनाको ५०,०००,००/- ९८६३७८६८६०

काठमाडौं बोहोराटार बालाजुमा पुर्वमोहडाभएको १४फिटेबाटोमा ०-१४-३-३जग्गा बिक्रिमा प्रतिआना ३८लाख सम्पर्क: ९८१३४५५७६९

दधिकोटमा चारआना सस्तोमा बिक्रीमा 9851332575

बुढानिलकण्ठमा सस्तो १३आना जग्गा बिक्रिमा ९८५१३१५४५६

घरजग्गा किन्नु बेच्नु परेमा ९८५१३४०८७८

## सम्पर्क

बैंकमा Cashdeposit धितोफुकुवा लोनतिर्न ९८५१०४५२१८

सस्तोमा धितोफुकुवा Cash deposit 9851277564

चलिरहेको ईन्टरनेट कम्पनी बिक्रिमा भए सम्पर्क गर्नहोला। सम्पर्क नं.: 9849698065, 9863476915

धितोफुकुवा, धितोमालोन विद्यार्थीकोलागि Cashdeposit 9808020656

विद्यार्थीकोलागि सस्तोमा Cash Deposit 9765345999

सस्तोमा Cashdeposit धितोफुकुवा सेयरलगत 9851006688

अतिसस्तोमा धितोफुकुवा Cashdeposit डकुमेन्टेसन 9851067787

बिदेशजान CASH DEPOSITE धितोफुकुवा, 9848933430

काठमाडौंको एडभेन्चर जिपलाइन, बन्जी DPR सहितको रिसोर्टलाई पार्टनर, ९८१८७२०३०९

विदेश जानेहरूकालागि अंग्रेजी भाषा विशेष-कक्षा 9851209005

## विविध विक्रीमा

ब्वाइज होस्टलविक्रीमा, बसुन्धारा, मुल्य-१५,५०,०००। 9819088702, 98841252414

सिनामंगलमा चलिरहेको थकाली भान्छाघर बिक्रीमा 9823618724

न्युरोडमा चलिरहेको क्याफे बिक्रीमा, ९८५१३२७९९९

चलिरहेको रेष्टुरेण्टलाई ५०% लगानी गर्नसक्ने पार्टनरचाहियो ९८४९५१९४५४

जाल्पाचोकमा चलिरहेको फेन्सीपसल बिक्रीमा ९८५११८१८६०

डिल्लीबजारको जुत्तापसल बिक्रिमा ९८५१०११७२६, ९८४९८००१४२

गौशालामा चलिरहेको गेष्टहाउस बिक्रिमा ९८४१०५२४१७

